निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

'निर्वाचन शिक्षा तथा सूचनाको विस्तार'
'स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार'

# राजनीतिमा महिला सहभागिताका क्षेत्रमा विद्यमान चुनौती न्यूनीकरणसम्बन्धी

# प्रशिक्षण सामग्री

# २०७४



निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# विषयसूची

**विषय** | **पृष्ठ**


**पृष्ठभूमि**

**सत्र विभाजन**

सन्दर्भ सामग्री : लैङ्गिकताका अवधारणाहरू १
सन्दर्भ सामग्री : नेपालमा लैङ्गिक हिंसा, विभेद र महिला सशक्तिकरण १८
सन्दर्भ सामग्री : समानता, समता र समावेशीकरण ३४
सन्दर्भ सामग्री : महिलालगायत पिछडिएका वर्गको मूलप्रवाहीकरण ५०
सन्दर्भ सामग्री : लोकतन्त्र र निर्वाचन ६४
सन्दर्भ सामग्री : निर्वाचनका चरणहरूमा समावेशीकरण ७५
सन्दर्भ सामग्री : राजनीति र निर्वाचनमा महिला सहभागिता, वृद्धिका उपाय ९१
सन्दर्भ सामग्री : स्थानीय तहको संरचना र नेतृत्व विकास ११७
सन्दर्भ सामग्री : निर्वाचनका सरोकारवालाहरु र निर्वाचनमा तिनको भूमिका १३५
सन्दर्भ सामग्री : मानवअधिकार, न्यायमा महिलाको पहुँच र दिगो विकासका लक्ष्यहरू १४९
सन्दर्भ सामग्री : स्थानीय तहको निर्वाचन प्रक्रिया, विवाद, निरूपण तथा नमुना मतदान १६३
अनुसूची एकः जिम्मेवारी बाँडफाँड (अभ्यास तालिका) १९२

# पृष्ठभूमि

महिला र पुरुषका बीचमा हुने विभेद वा लैङ्गिक असमानताका लागि सम्बन्धित समाजको मूल्य, मान्यता र सोच प्रमुख जिम्मेवार मानिन्छ । सबै व्यक्ति समान हैसियतमा जन्मन्छन् । जन्मँदाको समयमा व्यक्तिहरूका बीच आधारभूत रूपमा कुनै ठूलो भिन्नता हुँदैन । शरीरमा हुने अङ्गहरू स्वाभाविक, वास्तविक र प्राकृतिक हुन् जसका कारणले मात्र व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा कुनै किसिमको प्रभाव पर्दैन वा फरक पार्दैन । व्यक्तिमा निहित शक्ति र सामर्थ्यको सम्भावनालाई उसको शरीरमा रहेको लिङ्गको कारणले कुनै अन्तरल्याउँदैन । तर सामाजिक रूपमा धारण गरिने लैङ्गिकताप्रतिको दृष्टिकोणका कारणले महिला वा पुरुषहरूप्रति गरिने व्यवहार, दर्शाइने दृष्टिकोण, दिइने जिम्मेवारी र उपलब्ध गराइने अवसरहरूका कारण उनीहरूको समग्र जीवनको वैयक्तिक क्षमता, दक्षता र योग्यता विकासको सम्भावनामा अनुकूल या प्रतिकूल प्रभाव पर्ने गर्दछ । त्यसैले महिला र पुरुषका बीच लैङ्गिकता र जातजातिका आधारमा गरिने व्यवहार न्यायोचित मान्न सकिँदैन ।

महिला र पिछडिएका समुदायको विकासमा पछिल्ला दशकहरूमा निकै उल्लेखनीय सुधारहरू भएका छन् तर उक्त सुधार सुखद र चित्त बुझ्ने खालको भने अझै हुन सकेको छैन । महिलालाई मनुष्य वा पशुमध्ये कुन समुदायभित्र पार्ने भन्ने विषयमा समेत कुनै कालखण्डमा व्यापक बहस हुने गरेको इतिहास भेटिन्छ (राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६८) । विगत ६ दशकको अवधिमा सयुक्त राष्ट्रसंघको अग्रसरतामा मानवअधिकारको क्षेत्रमा सार्वजनिक गरिएका दस्तावेजहरूको पक्षराष्ट्र भएका कारणले नागरिक अधिकारको संरक्षण गर्नु सदस्य राष्ट्रहरूको दायित्व भएकाले विश्वभर महिला तथा पिछडिएका वर्गका नागरिकको हैसियतमा सकारात्मक सुधार आएको हो तर समाजमा विद्यमान सामाजिक, सांस्कृतिक विभेद, अन्धविश्वास, कुप्रथा, कुरीति र कुसंस्कारहरूका कारण महिला तथा पिछडिएका समुदायका नागरिकले अन्य नागरिकसरह अधिकारको उपयोग गर्न सकेका छैनन् । विभिन्न कारणहरूले गर्दा लामो समयदेखि विकासको मूलप्रवाहमा आउन नसकेको वर्ग जस्तैः महिला, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, फरक क्षमता भएका र मधेशीहरूलाई पनि अधिकारको समान उपभोगमा सक्षम बनाउन केवल औपचारिक समानताले मात्र सम्भव नहुने भएकाले व्यावहारिक उपायहरू अवलम्बन गर्नुपर्दछ भन्ने

मान्यता स्थापित हुँदै गयो । तत्पश्चात् समावेशिताको अभ्यास अपनाउनुका साथै लोकतान्त्रिक व्यवस्थामा महिलालगायत पिछडिएका वर्गका नागरिकको राजनीतिक सहभागिता वृद्धि गर्नका लागि लैङ्गिकता तथा समावेशीकरणका उपायहरू अवलम्बन गर्न थालियो । मताधिकार मानव अधिकारकै एक अंश हो । विश्वभर महिला मतदाताकै सङ्ख्या बढी छ तर मतदान प्रक्रियामा तिनकै उपस्थिति कम पाइन्छ । यो समस्या विश्वभर छ र खासगरी अल्पविकसित मुलुकका पिछडिएका समुदायमा व्यापक पाइन्छ । अतः राजनीतिक दलहरू र सामाजिक संस्थाहरूले महिलाको राजनीतिक सहभागिता र निर्वाचन व्यवस्थापनको जिम्मेवार निकायले महिला तथा पिछडिएका वर्गका नागरिकको मतदानमा अधिकाधिक सहभागिताका लागि उपयुक्त वातावरण मिलाउनु पर्दछ ।

नेपालमा पछिल्ला दुई दशकमा भएका राजनीतिक परिवर्तनका कारणले नागरिकहरूमा राजनीतिक चेतना स्तरमा केही सुधार भए पनि त्यो सुधार सबै वर्ग समुदायमा समान खालको छैन । निर्वाचनमा पिछडिएका वर्गजस्तैः महिलाहरूको राजनीतिमा सहभागिताको स्तर कमजोर रहेको छ, त्यस्ता खालका नागरिकहरूको निर्वाचनमा केवल भौतिक संलग्नता मात्र नबढाई उक्त सहभागितालाई सार्थक र प्रभावकारी बनाई स्थानीय लोकतन्त्रलाई सबल बनाउन सहयोग पुर्‍याउनु राज्यको दायित्व भएकाले राजनीतिमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्न राजनीतिमा महिला सहभागिताको क्षेत्रमा विद्यमान चुनौती न्यूनीकरण विषयक तालिममा तपसिलका विषय छलफलका लागि उपयोगी हुने विश्वास गरिन्छ ।

# सत्र विभाजन

| सत्र | विषय |
|---|---|
| १ | लैङ्गिकताका अवधारणाहरू |
| २ | नेपालमा लैङ्गिक हिंसा, विभेद र महिला सशक्तीकरण |
| ३ | समता, समानता र समावेशीकरण |
| ४ | महिला लगायत पिछडिएका वर्गको मूलप्रवाहीकरण |
| ५ | लोकतन्त्र र निर्वाचन |
| ६ | निर्वाचनका चरणहरू र यसमा समावेशीकरण |
| ७ | राजनीति र निर्वाचनमा महिला सहभागिता र वृद्धिका उपाय |
| ८ | स्थानीय तहको संरचना र नेतृत्व विकास |
| ९ | निर्वाचनका सरोकारवालाहरू र तिनको भूमिका |
| १० | मानवअधिकार, महिलाको न्यायमा पहुँच र दिगो विकासका लक्ष्यहरू |
| ११ | स्थानीय तहमा मतदान प्रक्रिया, विवाद निरुपण र नमुना मतदान |

# सत्र १: लैङ्गिकताका अवधारणाहरू

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्यमा सहभागीहरूले -<br>≈ लिङ्ग र लैङ्गिकता भनेको के हो, लैङ्गिक दृष्टिकोण समाजमा कसरी स्थापित हुन गयो भन्ने जानकारिका साथै यी दुई बीचको भिन्नता बताउन सक्नेछन् ।<br>≈ लैङ्गिक आवश्यकता र भूमिका बताउन र पुरुषसरह महिलाहरूको अवसरमा पहुँच र क्षमता विकासमा लैङ्गिक दृष्टिकोण बाधक रहेको कुरामा सहमत हुनेछन् । |
| **समयावधि** | १:०० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन, मस्तिष्क मन्थन<br>≈ छलफल/अन्तरक्रिया<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै: न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङ्गका), ह्वाइटबोर्ड, पावरप्वाईण्ट स्लाइडस् र LCD, Laptop/ Computer को साथै सम्भव भए सम्म लिङ्ग र लैङ्गिकता बुझाउन सजिलो हुने पोष्टरको व्यवस्था ।<br>आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तै: LCD, Laptop/Computer आदिको सत्र सञ्चालन पूर्व परीक्षण ।<br>Transparency बाट प्रस्तुति गर्नुपर्ने भएमा त्यसको क्रम मिलाउने । प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरूको तयारी । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ विभिन्न रङ्गका मार्करहरू<br>≈ LCD<br>≈ Laptop<br>≈ मास्किङ टेप |

| | |
|---|---|
| | ≈ ब्राउनपेपर, मेटाकार्ड, पोष्टरहरू (digital भए पनि हुन्छ)<br>≈ Text मा उल्लेख भए अनुसारका वा यस्तै अन्य तस्विरहरू slide मा देखाउँदा वढि प्रभावकारी हुन सक्छ । स्थान तथा समुदाय अनुसार चित्रहरू हेरफेर गर्दा अझ राम्रो । |
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ लिङ्ग भनेको के हो ? प्रश्न सामूहिक रूपमा छाडी मस्तिष्कमन्थन गराउनुहोस् ।<br>≈ सहभागीहरूको भनाइलाई न्यूजप्रिन्ट वा ह्वाइट बोर्डमा लेख्दै उनीहरूको भनाई लाई कदर गर्नुहोस् ।<br>≈ लिङ्गको परिभाषाका बारेमा केही बेरको छलफलपश्चात् लैङ्गिकताको परिभाषा सहभागीहरूलाई सोध्नुहोस् र धारणाहरूलाई टिप्दै लिङ्ग र लैङ्गिकताका बारेमा व्यक्त धारणाहरूलाई तुलना गर्नुहोस् ।<br>≈ यी दुई सवाल न्यूजप्रिन्ट वा पावरपइन्टबाट प्रदर्शन गर्दै लघु प्रवचनको माध्यमबाट स्प्रस्ट पार्नुहोस् ।<br>≈ शुरुमै परिभाषा बताइहाल्नुभन्दा उपलब्ध भएसम्म लिङ्ग नदेखिने सानो नाङ्गो बच्चाको तस्विर देखाउँदै यो छोरा हो वा छोरी हो छुट्ट्याउनुहोस् भनी सहभागीहरूलाई भन्नुहोस् । छोरा वा छोरी भन्दै सहभागीबाट विभन्न तर्कहरू आउँछन् त्यसबखत किन वा कसरी के आधारमा छोरा भन्नु भयो वा छोरी भन्नु भयो भनेर प्रतिप्रश्न गर्नुहोस् ।<br>≈ त्यसपछिअघिको जस्तै गरी यौनाङ्ग देखिने बच्चाको तस्विर प्रस्तुत गर्नुहोस् र सोध्नुहोस् छोरा वा छोरी क हो भनेर ?<br>≈ कसरी के आधारमा चिन्नु भयो भनेर सोध्नुहोस् ।<br>≈ त्यसपछि लैङ्गिकता के हो भन्दै छलफल अघि बढाउनुहोस्।<br>≈ सहभागीलाई प्रेरित गर्नुहोस, भनाइको कदर गर्नुहोस । |

| | |
|---|---|
| | ≈ सहभागीका केही भनाइ आईसकेपछि दुई वयस्क मान्छेका तस्बिर देखाउनुहोस् अनि सोध्नुहोस् को पुरुष हो र कुन महिला ?<br>≈ सबै सहभागीबाट सहि उत्तर आउँछ ।<br>≈ चलन यस्तै बस्दै आयो समाजले यही सिकायो भन्ने आउँछ प्रायः सबैबाट । त्यसपछि  लैङ्गिकता यही हो भन्दा बुझाउन सजिलो हुन्छ ।<br>≈ यी सवालमा थप प्रस्ट पार्नका लागि उपलब्ध समय तथा सहभागीको उत्सुकताका आधारमा धेरै उदाहरणहरू प्रस्तुत गर्दै कुन लिङ्ग हो र कुन लैङ्गिकता हो भनी सोध्न सकिन्छ । यसमा थप प्रस्ट पार्नका लागि अनुसूचि २ मा भए अनुसार पनि गर्न सकिन्छ ।<br>≈ यस्तै सवाल जवाफको प्रयोग गर्दै यी दुई बीचको भिन्नताका बारेमा छलफलका साथ सहभागीको मूल्याङ्कनपश्चात सत्रको अन्त्य गर्नुहोस् । |

# १. सन्दर्भ सामग्रीः लैङ्गिकता अवधारणाहरू

**लिङ्ग (Sex) :**

महिला र पुरुषबीचको शारीरिक एवं जैविक भिन्नतालाई लिङ्ग भनिन्छ, जसलाई जैविक लिङ्ग भनेर समेत बुझ्ने गरिन्छ । महिलाले गर्भधारण गरी बच्चा जन्माउने, स्तनपान गराउने तथा पुरुषले शुक्रकिट उत्पादन गर्ने जस्ता गुणहरू महिला र पुरुषमा फरक-फरक र स्थायी हुन्छन्, जुन मानिसले परिवर्तन गर्न चाहेर पनि सामान्यत सकिँदैन । महिला र पुरुषलाई छुट्याउन मद्दत गर्ने प्रकृतिद्वारा प्रदान गरिएका अपरिवर्तनीय यस्ता गुण वा विशेषताहरूलाई नै लिङ्ग वा जैविक लिङ्ग भनिन्छ ।

**लैङ्गिकता (Gender) :**

महिला र पुरुषका बीचमा समाजद्वारा सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति र परम्पराका आधारमा उनीहरूले पूरा गर्नुपर्ने भनी निर्धारण गरिएका बेग्ला बेग्लै कार्य वा जिम्मेवारीहरूलाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद (Gender) भनिन्छ । महिला र पुरुषको सामाजिक सम्बन्ध तथा भूमिकाहरू समाजद्वारा निर्मित हुन्छन् । हरेक समाजमा प्रचलित फरक-फरक मूल्य, मान्यता, संस्कार तथा संस्कृतिहरूले महिला वा पुरुषहरूको भूमिकालाई प्रभाव पारेको हुन्छ । लैङ्गिकता समाज अनुसार फरक-फरक हुनुका साथै यो परिवर्तनशील पनि हुन्छ ।

समाजमा विस्तारै विकास हुने र लैङ्गिक भूमिका तथा जिम्मेवार निर्धारण गर्ने भएकोले समाजद्वारा बनाउने भएकाले अस्थायी र परिवर्तन गर्न सकिने प्रकृतिका हुन्छन् । समाजद्वारा सिर्जित सामाजिक लिङ्गभेद विभिन्न जात, धर्म, संस्कृति, स्थान विशेष र कतिपय अवस्थामा समय अनुसार पनि फरक-फरक हुनसक्छन् किनभने सबै स्थानमा एउटै किसिमको चाल-चलन, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज हुँदैनन् । अतः महिला र पुरुषको भूमिका पनि समाज, वर्ग, संस्कृति, स्थान र धर्म अनुसार फरक-फरक हुने गरेको छ तर समाजले बनाएका त्यस्ता भिन्नता सधैं एकनास हुँदैनन् अथवा यिनीहरू परिवर्तन भइरहन्छन् ।

**लिङ्ग र लैङ्गिकताबीचको भिन्नता :**

महिला तथा पुरुषका बीचमा धेरै समानता हुँदाहुँदै पनि ती समानता हामी हतपती सम्भिmदैनौं केवल सामाजिक भिन्नताहरूलाई मात्र सम्झिने गर्दछौं । भिन्नताको कुरा गर्दा तिनीहरूबीच शारीरिक रूपले मात्र नभई प्राकृतिक तथा सामाजिक गरी दुई प्रकृतिका भिन्नता छन् । उनीहरू दुबै मानव र सामाजिक प्राणी भएकाले उनीहरूमा समान इच्छा आकाङ्क्षाहरू हुन्छन् । जब कुनै मानवको जन्म हुन्छ तब तिनीहरूको यौनाङ्गका आधारमा महिला वा पुरुष अथवा छोरा वा छोरीको रूपमा चिनिन्छ । लिङ्ग भएको बच्चालाई छोरा र योनी भएको बच्चालाई छोरी भनी छुट्याउने गरिन्छ तर समाजले उनीहरूलाई आचरण, व्यवहार, भूमिका, काम, गुण र जिम्मेवारीको आधारमा पनि छुट्याइएको हुन्छ, यही नै लैङ्गिकता (Gender) वा सामाजिक लिङ्ग हो ।

**तालिका १: लिङ्ग र लैङ्गिकताबीचको भिन्नता**

| **लिङ्ग (Sex)** | **लैङ्गिकता (Gender)** |
|---|---|
| शारीरिक रूपमा भिन्न हुन्छ अथवा यो प्राकृतिक वा जैविक हो । | यो सामाजिक वा सांस्कृतिक हो । यसलाई समाजले निर्माण वा निर्धारण गरेको हुन्छ । |
| जन्मदेखि नै फरक-फरक गुण र विशेषता लिएर आएको हुन्छ । | यो जन्मजात नभई सामाजिक मूल्य मान्यताको आधारमा फरक-फरक हुन्छ । |
| यो परिवर्तन गर्न सकिन्न वा स्थायी हुन्छ ।<br>- पुरुषको महिनावारी हुन सक्दैन ।<br>- गर्भधारण र स्तनपान महिलाले मात्र गर्न सक्छिन् तर पुरुषले बोत्तलको दूध मात्र खुवाउन सक्छन् ।<br>- शुक्रकिटको उत्पादन पुरुषले मात्र गर्न सक्दछन् । | लैङ्गिकता परिवर्तनशील हुन्छ । एउटै समाजमा पनि समय बित्दै जाँदा सामाजिक मूल्य मान्यता अनि महिला पुरुषका भूमिकामा पनि परिवर्तन भइरहन्छन् ।<br>- दुवै लिङ्गी डाक्टर, वकिल, कार्यालय प्रमुख, अध्यक्ष वा सभापति हुन सक्छन् । |

| | |
|---|---|
| | - दुवैले घर तथा घर बाहिर कामहरू जस्तैः खाना पकाउने, बिरामी, ज्येष्ठ नागरिक तथा बालबच्चाहरूको स्याहार सम्भार, सरसफाइ गर्ने, खेतबारी जोतखन गर्ने, रोप्ने, निर्माणको काम गर्ने घर छाउनेलगायतका कामहरू बाँडेर गर्न सक्दछन् । |
| लिङ्ग संसारभर सबै समय र परि स्थितिमा एकनासको हुन्छ । | सामाजिक लिङ्ग एकनासको हुँदैन अर्थात् समय, परिस्थिति, धर्म, संस्कृति र भौगोलिक अवस्थानुसार फरक-फरक हुन्छ । |

महिला र पुरुषबीचमा अझै पनि अधिकाँश घरपरिवार, समुदाय तथा समाजमा केही विभेद छन् । तिनीहरू सबै स्थान तथा समुदायमा समान छैनन् । त्यस्ता असमानताहरू यसप्रकार अनुभव गर्न सकिन्छ जस्तै :

- निर्णय लिने स्थानमा पुरुष प्राथमिकता पाउँछ । महिलाको बिचार सुन्ने प्रयत्न पनि गरिँदैन ।
- नेपाली समाजमा घरायसी (पुनर्उत्पादक) कामको बोझ महिलालाई बढी छ ।
- महिलाको क्षमता र इमान्दारिताको उचित रूपमा कदर गरिँदैन ।
- कानुनको व्यावहारिक पक्ष महिला सशक्तीकरणको सवालमा पक्षपाती छ ।
- समान काममा पनि पुरुषको तुलनामा महिलालाई ज्याला कम दिइन्छ ।
- पुरुषलाई शक्तिशाली र बलवान ठान्ने तर महिलालाई बिचारा भन्ने प्रवृत्ति ।
- महिलालाई उपभोग्य सामग्री र बिक्रीको माध्यम बनाइन्छ ।
- महिलाको स्वामित्वमा सम्पत्ति भयो भने परिवारमा विखण्डन आउँछ भन्ने विश्वास ।
- महिलालाई घरमा मात्र सीमित राख्ने प्रचलन ।
- महिलाले गरेको कामको मूल्य हुँदैन तर पुरुषले गरेको हरेक कामको कदर गरिन्छ ।
- महिलाको तुलनामा परिवार तथा समाजमा पुरुषको सधैं निर्णायक भूमिका

रहन्छ ।

- नेपाली महिलाहरू काममा सधैँ अगाडि (बिहान ढोका खोल्ने पनि महिला र राति ढोका बन्द गर्ने पनि महिला) रहन्छन् भने खाना खाने बेलामा सबभन्दा पछाडि हुन्छन् ।

## लैङ्गिक दृष्टिकोण (Gender Lens) :

**हामीले जेन्डररूपी चस्मा धारण गरेको विचार गर्नुहोस् । जसरी चस्माले हामीलाई कुनै पनि कुरा स्पष्टसँग देख्न मद्दत गर्दछ, त्यसरी नै जेन्डररूपी चस्मा धारण गरेमा एउटा चस्मा वा लेन्सबाट महि( लाको सहभागिता, आवश्यकता र वास्तविकता देखिन्छ भने अर्को चस्माबाट पुरुषको सहभागिता, आवश्यकता र वास्तविकता देखिन्छ । हाम्रो फरक चस्माले देखिएको फरक लिङ्गको फरक आवश्यकता एवं रुचिलाई स्वीकार गरी सोही अनुसार व्यवहार गर्नु नै जेन्डर दृष्टि हो ।**

लिङ्ग सबै ठाउँ, समुदाय र समाजमा समान हुन्छ तर लिङ्ग अनुसारको विभेद अर्थात् लैङ्गिकता समाज अनुसार फरक फरक हुन्छ । धर्म संस्कृति, रीतिरिवाज, प्रथा तथा परम्परा, जातजाति, भाषाभाषी तथा स्थान विशेष, कुनै कुनै अवस्थामा समय अनुसार पनि महिलाले यो काम गर्ने, पुरुषले यो काम गर्ने अर्थात् समाजमा महिलाको भूमिका यो हुने र पुरुषको यो भूमिका हुने भन्ने कुरा निर्धारण गरिएको हुन्छ । एउटा समाजमा पुरुषले गर्ने काम अर्को समाजका महिलाले गर्ने गर्दछन् । उदाहरणका लागि ब्राह्मण क्षेत्रीको समुदायमा पुरुषले गर्ने घरको व्यवस्थापकीय जिम्मेवारी थकाली तथा शेर्पा समुदायका महिलाले पूरा गर्ने गर्दछन् ।

नेपालका कतिपय उच्च खानदान भनिने परिवारका पुरुषहरूले खेतबारीमा काम गर्दैनन् र त्यसका लागि महिलाहरू बढी जिम्मेवार मानिन्छन् तर ती सम्पन्न मानिने परिवारहरूको तुलनामा गरीब परिवारका पुरुष तथा महिलाहरू आपसमा मिलेर मजदुरी गरी परिवार पाल्ने काम गर्दछन् । नेपालमा महिलाहरूले घर छाउन हुँदैन भनिन्छ तर थाइल्याण्ड, कम्बोडिया, लाओस लगायतका मुलुकमा महिलाहरू घर छाउने मात्र नभई निर्माणसँग सम्बन्धित पुरुष सरह सम्पूर्ण काम गर्दछन् । दक्षिण भारतका केही समुदायमा महिला घरको

प्रमुख हुने, वंश उनीहरूकै नामबाट चल्छ र विवाहपछि दुलाहा दुलहीको घरमा बस्न जाने चलनछ (रिजाल, २००५) । त्यस्ता समाजमा सम्पत्ति छोरीको नाममा हुन्छ । नेपालकै केही समुदाय जस्तैः थकाली तथा शेर्पा समुदायमा छोरीहरूले परिवारको सम्पूर्ण क्रियाकलाप र व्यवसायसमेत चलाउँदछन् उनीहरू छोरी जन्मदा खुशी हुन्छन् तर तराई मधेशमा अझै पनि अधिकाँश परिवारमा छोरी जँन्मदा निराशा व्यक्त गरिन्छ ।

समाज अनुसार महिला तथा पुरुषका लागि बेग्ला बेग्लै मूल्य मान्यता, भूमिका तथा उत्तरदायित्व तोकिएको पाइन्छ। जस्तैः थकाली तथा शेर्पा समुदायमा महिला घरमुलीको रूपमा भूमिका निर्वाह गरी परिवारका सदस्यहरूका कामको खटन पटन गर्ने, आर्थिक कुराहरूमा निर्णयकारी भूमिका खेल्ने, सम्पत्ति तथा आर्थिक स्रोतमा पहुँच र नियन्त्रण रहेको हुन्छ । यस्तो अवस्था अधिकांश गुरुङ्ग परिवारमा पनि देख्न सकिने हुँदा जनजातिको समुदायमा महिलाको अवस्था अलि सशक्त भएको मान्न सकिन्छ भने ब्राह्मण, क्षेत्री अझ खासगरी मुस्लिम समुदायमा महिलाको अवस्था दयनीय छ । परिवारमा बच्चा जन्मिदा फरक-फरक तरिकाले स्वागत गर्ने र प्रतिक्रियाहरू दिने गरिन्छ । छोरीलाई अर्काको घरमा जाने जात तथा छोरालाई कूलको बत्ती र वंश चलाउने व्यक्तिको रूपमा पनि हेरिन्छ । छोरा र छोरीलाई भिन्न व्यवहार, स्याहार, सुसार, खानपान तथा सम्मान आदिमा विभेद गरिन्छ ।

महिला र पुरुषका आवश्यकता धेरै समान भए पनि कतिपय फरक-फरक हुन्छन् । उही महिलालाई पनि समय र परिस्थिति अनुसार फरक किसिमको आवश्यकता पर्दछ, जस्तैः गर्भवती र सुत्केरी महिलालाई सामान्य अवस्थामा भन्दा बढी पौष्टिक आहरा र आरामको आवश्यकता पर्दछ। यस्तो आवश्यकताको महसुसीकरण सबै समुदायमा भएको पाईँदैन । ग्रामीण समुदायमा महिनावारी भएको समयमा दूध खाए, दूध दिने पशु बिग्रिने, फलफूल खान मात्र होइन फल लाग्ने रूख छुन समेत हुन्न भन्ने विश्वास राख्ने घरपरिवारको सङ्ख्या यद्यपि उल्लेख्य छ । जुन समयमा बढी हेरचाहको जरुरी छ सोही समयमा मिठो, पोषिलो खान पनि नहुने र न्यानो सफा कपडा लगाउन पनि नहुने विश्वासले महिलाको स्वास्थ्यमा घातक असर पुऱ्याउने कुरामा हतपत होश पुऱ्याइदैन । कतिपय जानेबुझेकै परिवारमा पनि महिलाको स्वास्थ्यको बारेमा पनि गम्भीर भई परम्परागत लैङ्गिक सोचमा विश्वास गरिरहनु शोभनीय र मानवीय हिसाबले न्यायोचित मानिदैन ।

**लैङ्गिक भिन्नता :**

- समाजले महिला र पुरुषको भूमिका एवं जिम्मेवारी अर्थात् श्रम विभाजन सामाजिकीकरण प्रक्रियाद्वारा निर्धारण गरेको हुन्छ। महिला र पुरुषको निर्धारित भूमिकाको असर स्रोत साधन, सेवा, सूचनामा पहुँच तथा निर्णायक भूमिकामा समेत परेको हुन्छ।
- यसरी महिला र पुरुषका भिन्न भूमिका, भिन्न कार्य तथा सेवा सुविधामा भिन्न स्तरको पहुँच भएका कारण ठाउँ, परिवेश, जात-जाति अनुसार महिला र पुरुषबीच आवश्यकताहरू भिन्न हुन्छन् र अवसरहरू प्रयोग गर्ने क्षमता पनि फरक हुन्छन्।

**लैङ्गिकताको दृष्टिले हेर्दा समाजमा महिला र पुरुषबीच देखिने विभेदलाई तलका कुराहरूका आधारमा पनि विश्लेषण गर्न सकिन्छ :**

**(क) लुगा/पहिरन :**

महिला र पुरुषको पहिरनका आधारमा पनि यी दुई लिङ्गी बीचको सामाजिक भिन्नतालाई आँकलन गर्न वा छुट्याउन सकिन्छ। प्रायः सबैजसो नेपाली समाजमा महिला र पुरुषले लगाउने लुगाहरू भिन्न हुन्छन्। पुरुषहरू दौरा, सुरुवाल, टोपी कमिज, पाइन्ट आदि लगाउँछन् भने महिलाहरूले सारी, चोलो, कुर्ता सुरुवाल तथा सानो उमेरकाले जामा लगाउने गर्दछन् तर पोसाकका आधारको भिन्नता शहरी क्षेत्रमा कम पाइन्छ। शहरी क्षेत्रमा महिलाले (विशेष गरी केटीहरूले) जिन्सको पाइन्ट प्रयोग गर्दछन्। त्यस्तैगरी, केटा-केटीले प्रयोग गर्ने जुत्ता, चप्पल, ब्याग, ज्याकेट् आदिमा पनि भिन्नता पाइन्छ र पसलहरूमा भिन्दा भिन्दै बिक्री कक्षको पनि व्यवस्था गरिएको हुन्छ।

**(ख) गुण र स्वभाव/व्यवहार :**

हरेक समाजले महिला र पुरुषहरूको भिन्दा भिन्दै गुण वा विशेषताको अपेक्षा गरेको देखिन्छ। उदाहरणका लागि छोरालाई बहादुर, निडर, प्रतिस्पर्धा गर्न सक्ने, हक्की स्वभावको, बलियो, नेतृत्व लिन सक्ने, कूटनीतिक चातुर्यता भएको हुनुपर्ने अपेक्षा गरिएको हुन्छ भने छोरीलाई अर्थात् महिलालाई

सहनशील, धैर्यधारण गर्नसक्ने, लजालु, नरम स्वभाव, सुस्त बोल्ने, मुख नलगाउने, आज्ञाकारी, कम बोल्ने हुनुपर्ने भन्ने अपेक्षा गरिन्छ ।

**(ग) जिम्मेवारी :**

छोरा वा छोरीले समाल्नुपर्ने जिम्मेवारीका आधारमा पनि समाजहरूमा लिङ्गभेद गर्ने गरेको पाइन्छ, जस्तैः पुरुषहरू जागिर गर्ने, घरको सम्पत्ति तथा स्रोतहरूमा पहुँच र नियन्त्रण राख्न सक्ने, घरको मुखिया, व्यवसाय गर्ने, राजनीति गर्ने, सभा सम्मेलनमा भाग लिने, देश विदेश घुम्ने र अर्थोपार्जन गर्ने परिवारको नाइकेको रूपमा हेरिन्छ । महिलालाई सन्तान जन्माउने, उनीहरूको पालनपोषण गर्ने, घरायसी काम तथा जिम्मेवारीहरू सम्हाल्ने जस्तैः दाउरा पानी तथा खाद्यान्नहरूको व्यवस्था गर्ने, समयमा खाना तयार गर्ने घरको सरसफाई गर्ने, पाहुनाहरूको स्वागत तथा सम्मान गर्ने, गाईवस्तुहरूको संरक्षण गर्ने, मल बोक्ने, खेतबारी खन्ने, भाँडा माझ्ने तथा कपडाहरू धुने जस्ता आम्दानी नहुने जिम्मेवारीहरू तय गरिएको हुन्छ ।

**(घ) रीतिरिवाज तथा परम्परा :**

महिलाहरू महिनावारी भएको अवस्थामा अरूसँग छोइन नहुने । सुदूरपश्चिम लगायतका कतिपय स्थानहरूमा त त्यस्तो समयमा घरबाट टाढाको असुरक्षित गोठमा बस्नुपर्ने, दूध तथा फलफूल खान तथा छुनसमेत नहुने । माइतीको सम्पत्तिमा हक नलाग्ने तथा बस्ने ठाउँ पनि महिलाको र पुरुषको भनी छुट्याइन्छ । घरभित्र महिलाको, घर बाहिर पुरुषको, घरभित्र पनि बैठक कोठा पुरुषको र भान्छा कोठा महिलाको त्यस्तै, सिनेमा घर, होटल वा रेस्टुरेन्ट, खेल मैदान, क्यासिनो (जुवा तास खेल्ने स्थान) आदि पुरुषको मानिन्छ। पँधेरो तथा मन्दिर महिलाको मानिन्छ। घरका सामानहरू पनि पुरुषको र महिलाको भनी छुट्याइन्छ जस्तैः ठूलो थाल, पलङ्ग, कप आदि बुबाको । त्यस्तैगरी, कतिपय हेला होचो हुने गरी भनिने उखानहरू जस्तैः 'आइमाई रुद्रघण्टी नभएको जात' जस्ता वाक्यांशहरूले पनि महिलाको सामाजिक हैसियत अवमूल्यन गरेको पाइन्छ ।

## लैङ्गिक आवश्यकता (Gender Needs) :

महिला र पुरुष बीच प्राकृतिक रूपमा नै केही न केही कुरामा भिन्नता हुने भएकाले उनीहरूका आवश्यकता पनि फरक फरक हुन्छन् भने सामाजिक

लिङ्गभेद अनुसार पनि उनीहरूका आवश्यकतामा धेरै भिन्नता पाइन्छन् । नेपाली समाजमा पुरुषको तुलनामा महिलाले धेरै समय काम गर्नुपर्ने, असन्तुलित कार्यविभाजन हुनु, स्रोत र साधनमा महिलाको पहुँच र नियन्त्रण न्यूनहुनु, महिलाले गर्ने घरायसी कामले आर्थिक महत्व नपाउने पुरुषको तुलनामा अधिकाँश नेपाली समुदायमा महिलाहरू माथि विभेद भएको छ । यस किसिमको विभेद कायम रहेसम्म समानताका कुरा केवल भनाइमा मात्र सीमित रहने भएकाले यो अवस्थालाई सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

घर परिवार तथा समुदायमा रहेको स्रोत साधनमा महिलाहरूको पहुँच र नियन्त्रणका स्थिति असन्तुलित एवं भेदभावपुर्ण रहेकाले यस्ता लिङ्गभेद सम्बन्धी असमानता हटाउनु आवश्यक देखिन्छ । तसर्थ, लैङ्गिक विश्लेषणका आधारमा देखिएका असमानताका कारक तत्वहरूलाई हटाउने गरी लैङ्गिक आवश्यकताका कार्यक्रमहरू सञ्चालन गर्नु गराउनु पर्दछ । लैङ्गिक आवश्यकतालाई दुई वर्गमा विभाजन गर्न सकिन्छ :

१. व्यावहारिक लैङ्गिक आवश्यकता (Practical Gender Needs)
२. रणनीतिक लैङ्गिक आवश्यकता (Strategic Gender Needs)

**लैङ्गिक आवश्यकतालाई निम्न दुई वर्गमा विभाजन गर्न सकिन्छ :**

### (क) व्यावहारिक लैङ्गिक आवश्यकता (Practical Gender Needs) :

महिलाहरूले वर्तमान अवस्थामा भोगिरहेका समस्याहरूमा सुधार गर्नुपर्ने आवश्यकतालाई व्यावहारिक लैङ्गिक आवश्यकता भनिन्छ । यस आवश्यकता अन्तर्गत आधारभूत आवश्यकताका वस्तुहरूको परिपूर्ति जस्ता कुराहरू पर्दछन् । यसले महिलाको वर्तमान अवस्थामा सुधार ल्याउन साक्षर बनाउने, पिउने पानी र स्वास्थ्य सेवाको व्यवस्था पायक पर्ने स्थानमा मिलाउने, आर्थिक सवलीकरणका लागि आयआर्जनका क्रियाकलापमा सहयोग पुऱ्याउने, सहुलियतपूर्ण ऋणको व्यवस्था, सुधारिएको चुल्होमा सहयोग आदि कुरा सम्बोधन गरिनुपर्दछ ।

### (ख) रणनीतिक लैङ्गिक आवश्यकता :

महिलालाई पुरुषसरहको अवस्थामा पुऱ्याउनका लागि व्यावहारिक

आवश्यकताको परिपूर्ति मात्र पर्याप्त नहुने भएकाले रणनीतिक आवश्यकताको पनि परिपूर्ति हुनुपर्ने जरुरी छ । रणनीतिक आवश्यकताको परिपूर्ति भन्नाले महिला र पुरुषको समान विकासको मार्गमा रहेका कानुनी तथा नीतिगत भिन्नतालाई हटाउने आवश्यकता बुझिन्छ । यसले महिलाको मान, इज्जत, प्रतिष्ठा आदि बढाउने कुरामा जोड दिन्छ । मानिसलाई मानिसको रूपमा जीवनयापन गर्न आवश्यक पर्ने कानुनी, नीतिगत कुराहरूलाई रणनीतिक आवश्यकताभित्र राखिन्छ । यस अन्तर्गत महिला तथा पुरुषबीचको सम्बन्ध तथा श्रम विभाजनलाई न्यायसङ्गत बनाउने प्रयास गरिन्छ । रणनीतिक चाहनाभित्र परम्परागत श्रम विभाजनमा परिवर्तन, स्रोत साधनमा महिलाहरूको पहुँच र नियन्त्रणमा वृद्धि, समान कानुनी अधिकार, घरेलु हिंसामा रोक समान काममा समान ज्यालाको व्यवस्थालाई कार्यान्वयन गरी वर्तमान अवस्थामा परिवर्तन गरी समानता प्राप्त गर्न सहयोग पुऱ्याउँदछ ।

## लैङ्गिक भूमिका (Gender Roles) :

लिङ्गमा आधारित कामको विभाजन भन्नाले महिला र पुरुषलाई समाजद्वारा दिइएको भिन्न भूमिका अन्तर्गत पर्ने क्रियाकलाप, जिम्मेवारी आदिलाई जनाउँदछ । यस्ता खालका भिन्न भूमिकाहरूसँग अधिकार र जिम्मेवारीका साथै सामाजिक मूल्य, मान्यता र शक्ति पनि गाँसिएको हुन्छ, जुन भिन्न भिन्न सामाजिक, सांस्कृतिक परिवेशमा भिन्दा-भिन्दै हुन्छन् । समाजमा महिला र पुरुषले गर्दै आएको भूमिकालाई मुख्य गरी तीन भागमा विभाजन गर्न सकिन्छ :

### (क) उत्पादन भूमिका (Productive Role) :

प्रत्यक्ष आर्थिक लाभसँग सम्बन्धित कामहरू यस भूमिकाअन्तर्गत पर्दछन् । यस्ता कामहरू वस्तु तथा सेवाको उत्पादन, व्यापार अनि आय आर्जनसँग सम्बन्धित हुन्छन् । महिला र पुरुष दुबैले निर्वाह गर्न सक्ने यस भूमिकाअन्तर्गत एउटै कामका लागि पनि पुरुषका तुलनामा महिलालाई कम ज्याला दिइन्छ । यो भूमिकाले गर्दा पुरुषलाई कमाउने र व्यवस्थापकको रूपमा लिइन्छ । कारण पुरुषहरूले जागिर खाएर वा आफ्नै घर परिवारमा उत्पादन भएका वस्तुहरूलाई बजारसम्म पुऱ्याउने र बिक्री गरी नगद आर्जन गर्दछन् । जुन कार्य प्रत्यक्ष रूपमा देखिने हुँदा यसलाई बढी महत्व दिइन्छ । महिला र पुरुष दुबैले निर्वाह गरिरहेका उत्पादनशील भूमिकामा पनि फरक स्थिति रहेको पाइन्छ । ग्रामीण भेगमा महिलाहरूले खेतबारीमा काम गरी

अन्न, सागपात उत्पादन गरी घरायसी उपयोगका लागि प्रयोग गर्दछन् भने शहरी क्षेत्रका महिलाहरू सीपमूलक कार्यहरू गरी आय-आर्जन गर्ने, नोकरी गर्ने, पसल राख्ने, ज्यामी काम गर्ने आदि गर्दछन् ।

**(ख) पारिवारिक र प्रजनन् भूमिका (Reproductive Role) :**

पारिवारिक/प्रजनन् भूमिकाअन्तर्गत दुई किसिमका कामहरू पर्दछन्: १) जैविक काम जस्तैः बच्चा जन्माउने, २) सामाजिक काम जस्तैः बच्चाहरूको स्याहार गर्ने, भान्साको काम, पानी, घाँस, दाउरा सङ्कलन गर्ने, परिवारको स्वास्थ्यको हेरबिचार एवम् अन्य घरायसी कार्यहरू गर्ने जुन कार्यको मान्यता कम हुन्छ र आम्दानी पनि हुँदैन । यस्ता किसिमका कामहरू हातले गर्ने भएकाले बढी श्रम र समय लाग्दछ । नेपाली समाजमा यस्ता खालका कामहरू महिला तथा बालबालिकाहरूले गर्ने गर्दछन् ।

**(ग) सामुदायिक भूमिका (Community Role):**

परिवार तथा समुदायको आवश्यकता परिपूर्ति गर्नका लागि सामुदायिक हितका लागि गरिने कार्यहरू जस्तैः गाउँघरका धारा, कूलो मर्मत सम्भार, प्रजनन् स्याहार, मर्दा-पर्दा तथा बिरामी हुँदा सहयोग गर्ने जस्ता आय-आर्जन नहुने भए पनि समुदायका लागि गरिने भूमिकाहरू यसअन्तर्गत पर्दछन् । यसैगरी, गाउँ छिमेकमा विवाह, व्रतबन्ध आदि सामाजिक रीतिरिवाजका कार्यक्रमहरूमा सहभागी भई सहयोग गर्ने, मन्दिर जाने, धार्मिक पर्वहरूमा सक्रिय भूमिका निर्वाह गर्ने जस्ता कार्यहरूमा महिलाहरूको ठूलो भूमिका रहेको हुन्छ ।

घरमा गरिने दैनिक कामधन्दाहरूमध्ये महिला वा पुरुषमध्ये कसको भूमिका बढी छ भनी पहिचान गर्न अनुसूची २ मा उल्लेख भए अनुसारको भएको अभ्यास गर्न सकिन्छ तर त्यसमा उल्लेख भएका कामहरू समुदाय तथा स्थान अनुसार फरकफरक हुने भएकाले आवश्यकतानुसार हेरफेर गर्नुपर्ने हुन सक्दछ ।

**लिङ्ग र लैङ्गिकता छुट्याउने अभ्यास :**

१. संगीता कुमारी राईले बच्चालाई स्तनपान गराउँछिन् ।
२. सार्वजनिक स्कुलका छात्राहरूले स्कट लगाउनु पर्दछ ।
३. महिला सैनिकले प्राविधिक र कार्यालयसम्बन्धी काम मात्र गर्नु पर्दछ ।

४. महिलाले कपाल काट्नु हुँदैन ।
५. मनिषा वैशाखमा बच्चा जन्माउनेवाला छिन् ।
६. महिलाले लामु लुगा लगाउनु पर्दछ ।
७. छोराले किरिया गरे पितृ स्वर्गमा जान्छन् ।
८. बुहारीले परिवारका सबैले खाएपछि अन्तिममा खानु पर्दछ ।
९. पुरुषका जुँगा हुन्छन् ।
१०. सामान्यतया पुरुषले नर्सिङ्ग विषय पढ्दैनन् ।
११. महिलाको रुद्रघण्टी हुँदैन ।
१२. महिलाले मात्र पढ्ने छुट्टै विद्यालय बनाउनु पर्दछ ।
१३. महिलाको महिनावारी वा रजश्वला हुन्छ ।
१४. महिनावारी हुँदा छोइनु हुँदैन ।
१५. महिलाले हलो जोत्न हुँदैन ।
१६. पुरुष किशोर अवस्थामा पुगेपछि स्वर मोटो हुन्छ ।
१७. महिलाले पञ्चाङ्ग पूजा गर्न हुँदैन ।
१८. महिलाले शङ्ख बजाउन हुँदैन ।
१९. पोथी बासेको सुहाउँदैन ।
२०. महिलाले राजनीति बुझ्दैनन ।
२१. जहाँ बढी चुरा त्यहाँ बढी कुरा ।

**लैङ्गिक मूलप्रवाहीकरण–अवधारणा र महत्व :**

विश्व विकास प्रतिवेदन २०१२ मा विश्व बैंकले उल्लेख गरेको दृष्टान्त तथा विश्व स्तरका सो सँग सम्बन्धित साहित्य (literature) हरूले हाल आएर महिलाहरूको मूलप्रवाहीकरणको मुद्दा (Agenda) लाई ठूलो महत्व दिँदै आएका छन् । सम्पत्तिहरूमा हुने अधिक लैङ्गिक समानता र आर्थिक अवसरहरूमा हुने पहुँचले उच्च उत्पादकत्व, उच्च आम्दानी वृद्धि तथा गरीबी निवारणमा सहयोग पुऱ्याउँछ साथै नयाँ पुस्ताका लागि समेत नयाँ नयाँ अवसरहरूको उपलब्धतामा वृद्धि गराउँदछ र विकाससँग सम्बन्धित निर्णयमा पिछडिएका वर्ग खासगरी महिलाको सहभागिता बिस्तार गर्न सहयोग पुऱ्याउँछ । अतः मूलप्रवाहीकरण भनेको महिला र पुरुषको मात्र नभएर विभिन्न वर्ग र क्षेत्रका नागरिकहरूका आवश्यकता र सरोकारहरू सम्बोधन हुने गरी आयोजनाहरूको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र क्रियाकलापहरूमा समावेश गर्ने, कार्यान्वयन गर्ने र प्राप्त लाभको समानुपातिक वितरण गर्ने कार्य मूलप्रवाहीकरण हो ।

विकासको एक पद्धति (approach) को रूपमा रहेको मूलप्रवाहीकरणको अवधारणाले लैङ्गिक समानताका सवालहरूलाई वृहत् राष्ट्रिय नीतिको केन्द्रमा राख्दछ। अतः लैङ्गिक मूलप्रवाहीकरण अर्थात् लैङ्गिक सशक्तीकरण साध्य नभई समाज विकासको एउटा साधन, विधि वा प्रक्रिया हो। संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले सन १९९७ मा लैङ्गिक मूलप्रवाहीकरणलाई महिला तथा पुरुषका सरोकारका कुराहरू र अनुभवहरूलाई सबै राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका नीति नियम तथा कार्यक्रमहरू तर्जुमामा मात्र भई कार्यान्वयन्, अनुगमन तथा मूल्याङ्कनको एक अभिन्न आयाम बनाउनुपर्दछ। यसबाट दुबै पक्षले समानरूपमा फाइदा पाउने भएकाले समाजमा असमानता रहँदैन भनेको छ (स्थानीय विकास मन्त्रालय, २०६९)। लैङ्गिक मूलप्रवाहीकरणको महत्वहरू यसप्रकार छन्:

**(क) उच्च उत्पादकत्व र आम्दानी वृद्धिमा सहयोग पुऱ्याउँछ :**

व्यक्तिगत घरधुरीको सम्भाव्य विकासका लागि उपलब्ध स्रोत, सीप, दक्षता र साधनहरूको प्रभावकारी उपयोग गर्नु अनिवार्य हुन्छ । जुन मुलुकमा लैङ्गिक विभेद बढी छ त्यहाँको कूल ग्राहस्थ्य उत्पादन कमी हुन्छ। अर्थात् उक्त मुलुकमा आर्थिक गतिविधि अत्यन्त न्यून मात्र हुन्छन्। लैङ्गिक विभेद हुने घरपरिवारमा छोरीको शिक्षाका लागि ठूलो लगानी गरिएको हुँदैन, फलस्वरूप कम योग्यता तथा सीप भएको छोरीले राम्रो रोजगारी पाउन सक्दिनन् । रोजगारी नभएपछि आम्दानी हुँदैन । आम्दानी नहुनेले आफ्नो तथा परिवारको स्वास्थ्य तथा शिक्षामा आवश्यकतानुसारको लगानी गर्न सक्दैनन्। स्वास्थ्य कमजोर भएको व्यक्तिले घरायसी कामसमेत गर्न सक्दैनन्। परिणामस्वरूप यो पुस्तामा भएको लैङ्गिक विभेदले आगामी पुस्ताहरूमा समेत विभेद कायमै रहन्छ । त्यस्तैगरी, स्रोतको पहुँचमा भएको विभेदले उच्च उत्पादकत्व र आम्दानी वृद्धिमा नकारात्मक असर पुऱ्याउँछ । विश्व खाद्य तथा कृषि सङ्गठन (FAO) ले सन् २०१० मा विभिन्न विकासोन्मुख देशहरूमा गरेको अध्ययन अनुसार विकासोन्मुख मुलुकका महिला किसान तथा उद्यमीहरू क्षमताका हिसाबले पुरुषभन्दा कमजोर छैनन् तर स्रोत साधनमाथि उनीहरूको पहुँच र नियन्त्रणको अभावका कारणले उनीहरू अनुत्पादक तथा काम नलाग्ने जनशक्तिको रूपमा रहन बाध्य छन् । यदि महिला तथा पुरुषहरूको स्रोत र साधनमाथिको पहुँच र नियन्त्रणलाई समान

बनाउन सक्ने हो भने ती मुलुकहरूको कृषि क्षेत्रको वृद्धि दर २.५ देखि ४.० प्रतिशतसम्म बढ्ने देखिन्छ ।

**(ख) दोस्रो पुस्ताको जीवनमा पनि सकारात्मक सहयोग पुऱ्याउँछ :**

शिक्षित तथा स्वास्थ्य आमासँग स्वास्थ र शिक्षित सन्तान हुन्छन्भन्ने विश्वास गरिन्छ जसले बच्चाको उज्ज्वल भविष्य सुनिश्चित हुन्छ । त्यस्तै खालको असर जन्मपूर्व नै सुरु हुन्छ, किनभने शिक्षित महिलाहरू आफू गर्भवती हुँदादेखि नै आफ्नो र आफ्नो गर्भमा रहेको शिशुको स्वास्थ्यका बारेमा संवेदनशील हुन्छन् । उदाहरणका लागि २०१० मा टिमोरमा सम्पन्न जनसङ्ख्या तथा स्वास्थ्यसम्बन्धी सर्भेका अनुसार शिक्षित ८८ प्रतिशत महिलाले बच्चा जन्माउँदा स्वास्थ्यकर्मीको सहयोग लिए तर उक्त सेवा लिनेमध्ये धनी महिलाको तुलनामा शिक्षित महिलाको सहभागिता उल्लेख्य थियो । सबै धनी व्यक्तिहरू स्वास्थ्यका बारेमा सचेत नहुन सक्छन् जति शिक्षित व्यक्तिहरू हुन्छन् । के विश्वास गरिन्छ भने शिक्षित महिलाहरू स्वास्थ्य तथा पोषणस्तरमा सचेत हुन्छन् जसको सकारात्मक सम्बन्ध बालबच्चाको शारीरिक स्वास्थ्य तथा मनोवैज्ञानिक विकासमा पर्दछ र यसको दिगो सामाजिक रूपान्तरणमा सकारात्मक सम्बन्ध रहने बताइन्छ ।

महिलाहरूको आम्दानीमूलक उच्च श्रम सहभागिताले नयाँ पुस्ताको जीवनमा पनि सकारात्मक सहयोग पुग्ने विश्वास गरिन्छ । जस्तैः विवाह पूर्व माइतीमा नै घरायसी सम्पत्तिमा पहुँच भएका र बाह्य रोजगारीको अवसर पाएका महिलाहरूले विवाहपश्चात् आफ्नो सन्तान स्वास्थ्यकर्मीको सहयोगमा जन्माउन र आफ्ना आमा बावुको पालन पोषणमा आफ्नो कमाईको उल्लेख्य भाग खर्च गर्ने र पुरुषको तुलनामा पारिवारिक जिम्मेवारीमा बढी संवेदनशील भएको देखिन्छ (Thomas, 2001) । चीनमा गरेको त्यस्तै अध्ययन अनुसार पछिल्ला वर्षहरूमा घरायसी आम्दानीमा महिलाहरूको योगदान १० प्रतिशतले बढिरहँदा बाल बच्चाहरूको विद्यालय भर्नादर तथा औसत विद्यालय समयमा पनि सोही अनुपातमा सुधार आएको पाइन्छ (Qian, 2008) । त्यस्तैगरी, लैङ्गिकतामा आधारित हिंसाले पनि नयाँ पुस्ताको जीवनमा नकारात्मक प्रभाव पार्ने कुरामा विश्वास गर्न सकिन्छ । श्रीमानको निरन्तरको हिंसाबाट पीडित महिलाहरूको बारेमा टिमोरमा गरिएको एउटा

अध्ययनका अनुसार ५६.४ प्रतिशत महिलाका आमाहरू पतीबाट निरन्तर पिटिने गर्दथे (Ministry of Finance, and Macro 2010)।

**(ग) निर्णयहरू लैङ्गिक हिसाबले न्यायपूर्ण हुन्छन् :**

महिला तथा पुरुषहरूले आफ्नो भोगाइ तथा आवश्यकताका आधारमा फरक फरक नीतिमा रुचि राख्दछन् । नीति निर्माण तथा निर्णय लिने प्रक्रियामा हुने समान सहभागिताले लैङ्गिक मुद्दाको त सम्मान गर्छन् नै त्यसको साथमा दैनिक जीवनमा प्रत्यक्ष प्रभाव देखिने निर्णय हुन्छ र प्रभावकारी पनि हुन्छ । भारतमा गरिएको अर्को अध्ययन अनुसार स्थानीय निकायको नेतृत्वमा महिला पुग्ने बित्तिकै बजारमा उपभोग्य सामग्रीहरू सहज रूपमा उपलब्ध हुने गर्दथे (Chhatopadhaya and Dulfo, 2004)। त्यस्तैगरी, भारत तथा नेपालमा गरिएको एउटा अर्को अध्ययन अनुसार प्राकृतिक स्रोत साधनमा आफ्नो पहुँच तथा नियन्त्रण नभएका महिलाहरू जब निर्णय लिने तहमा पुगे तब प्राकृतिक स्रोत साधनको लाभकारी उपयोग तथा व्यवस्थापनमा महिलाको अग्रसरता बढ्यो (Agrabal 2010a, 2010b)। अर्को एउटा अध्ययन अनुसार, १५/२० वर्ष अगाडि विश्वभरबाट कैयौं व्यक्तिहरू हङकङमा श्रमिकको रूपमा पुगे र त्यहीँ रहँदा बस्दा सङ्गठित भई अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका आधारमा राजनीतिक अधिकार माग्न थाले । परिणाम स्वरूप हङकङले श्रम कानुन लागू गर्‍यो । यसबाट के बुझिन्छ भने यदि महिलाका आवाजहरूलाई पनि सशक्तरूपमा अघि बढाइयो वा सशक्तीकरण प्रक्रियालाई निरन्तरता दिइयो भने राज्यका तर्फबाट महिलाको हितमा सकारात्मक निर्णय आउने विश्वास गर्न सकिन्छ।

# सत्र २: नेपालमा लैङ्गिक हिंसा, विभेद र महिला सशक्तिकरण

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अत्यमा सहभागीहरूले -<br>≈ हिँसा भनेको के हो र महिला हिंसाका प्रकारहरू वताउन सक्नेछन् ।<br>≈ महिलाको विद्यमान अवस्थामा सुधार ल्याउनका लागि सशक्तीकरणको आवश्यकता किन भन्ने प्रश्नको जवाफ दिन सक्नेछन् ।<br>≈ निर्वाचनमा महिला विरुद्ध हुने हिंसा बारे जानकारी प्राप्त हुनेछ । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, ह्वाइटबोर्ड, ब्राउन पेपर, पावरपइन्ट स्लाइडस् र LCD, Laptop/Computer को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तैः LCD, Laptop आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस् ।<br>≈ Transparency बाट प्रस्तुति गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस् ।<br>≈ प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस् । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ विभिन्न रङ्गका मार्करहरू<br>≈ LCD, Laptop |

| | |
|---|---|
| | ≈ मास्किङ टेप<br>≈ मेटाकार्ड, ब्राउन पेपर<br>≈ प्रस्तुतिको क्रममा महिलाहरू सशक्त भएर राज्यका मुख्य जिम्मेवारीहरू सम्हालेका स्वदेशी तथा विदेशी उदाहरणहरू राख्न सकिन्छ, त्यस क्रममा उनीहरूको पृष्ठभूमि सहभागीहरूलाई रोचक हुनसक्छ । |
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ हिंसा भनेको के वुझ्नु हुन्छ भनेर विषय प्रवेश गर्नुहोस् । सहभागीहरूबाट आउने प्रतिक्रियाहरूलाई कदर गर्दै सेतो बोर्ड अथवा ब्राउन पेपरमा लेख्दै जानुहोस् । बढीभन्दा बढी सहभागीलाई बोल्न प्रोत्साहित गर्नुहोस ।<br>≈ तपाईको समाजमा अक्सर कस्ता घटनाहरू गर्दछन् तिनको सूचि बनाउनुहोस् भनेर सहभागीबाटै धेरै कुरा आउने गरी प्रयास गर्नुहोस् ।<br>≈ सहभागीहरूबाट आएका हिंसाको परिभाषासम्बन्धी धारणाका बारेमा छलफल गर्दै सर्वप्रथम हिंसा के हो भन्ने कुरा प्रस्ट पार्नुहोस् । आवश्यकतानुसार आफूले तयार गरेको परिभाषा वा धारणा हरू पनि प्रस्तुत गर्नुहोस ।<br>≈ हिंसा के हो भन्ने छलफलपश्चात् हिंसाका प्रकारका बारेमा छलफल चलाउँदै विभिन्न प्रकारका हिंसा र सहभागीहरूको त्यसमा धारणा र अनुभव कस्तो छ पत्ता लगाउने ।<br>≈ अन्त्यमा संक्षिप्त पुनरावलोकन र मूल्याङकन गर्दै सत्रको अन्त्य गर्नुहोस् ।<br>≈ निर्वाचनमा हुने सम्बन्धित हिंसाका बारेमा छलफल गर्नुहोस् ।<br>≈ निर्वाचनमा महिला माथि हुने हिंसाबारे छलफल गर्नुहोस् । |

# २. सन्दर्भ सामग्रीः नेपालमा लैङ्गिक हिंसा, विभेद र महिला सशक्तीकरण

**लैङ्गिक हिसा :**

लिङ्गको आधारमा अर्थात् बालिका वा महिला भएको कारणले घरभित्र वा बाहिर उनीहरूमाथि गरिने मानसिक, शारीरिक, यौनजन्य दुर्व्यवहार आदि लैङ्गिकतामा आधारित हिंसा हो । महिलालाई कुटपिट गर्नु, एसिड खन्याउनु, छोराको चाहनाले स्त्री भ्रुर्णको हत्या, बलात्कार, मानसिक यातना, बालविवाह, बहुविवाह, दाइजोको निहुँमा महिलालाई जलाउने, यौन व्यवसायका लागि महिलाको बेचबिखन, बोक्सीको नाममा दिइने यातना तथा अपमान, छाउपडी तथा घरभित्र वा कार्यस्थलमा हुने दुर्व्यवहार आदि लैङ्गिकतामा आधारित हिंसाका उदाहरणहरू हुन् । यसैगरी, छात्रा तथा किशोरीहरूलाई बाटोमा जिस्काउने, सार्वजनिक सवारी साधन वा सार्वजनिक स्थानमा गरिने दुर्व्यवहार तथा विद्यालयमा बालिकालाई गरिने यौन दुर्व्यवहारलाई पनि यसै श्रेणीमा राख्ने गरिन्छ ।

नेपालको सन्दर्भमा महिलामाथि गरिने शारीरिक मानसिक, सामाजिक, आर्थिक र यौनिक दुर्व्यवहारहरूलाई लैङ्गिकहिंसा भनिन्छ । लैङ्गिक हिंसा भन्ने शव्दले व्यक्तिको इच्छाविरुद्ध महिला र पुरुषको शक्ति असमानताको कारणले हुने कुनै पनि हानिनोक्सानीलाई जनाउँदछ । संसारभरि नै लिङ्गको आधारमा हुने हिंसा महिलाको विरुद्धमा हुने हिंसा बुझाए पनि केही पुरुषहरूसमेत लैङ्गिक हिंसामा परेको पाइन्छ ।

**लैङ्गिक हिंसाका प्रकारहरू :**

हिंसा विभिन्न तहमा हुने गर्दछः परिवार, समाज र राज्य स्तरमा । लैङ्गिक हिंसालाई विभिन्न आयामबाट विश्लेषण गरी धेरै किसिममा विभाजन गर्ने गरेको पाइन्छ । संयुक्तराष्ट्र संघको महिलाविरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र,१९९३ [UN Declaration on the Elimination of Violence Against Women, 1993 (DeVAW) Art.2]का अनुसार यसलाई तीन प्रकारमा विभाजन गरिएको छ :

**(क) शारीरिक हिंसा :**

अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, शरीरमा चोटपटक पुर्‍याउने, विना आराम अत्यधिक काममा लगाउने, गर्भावस्थामा पिटाई आदि किसिमका हिंसाहरू यसमा पर्दछन् ।

**(ख) मानसिक हिंसा :**

डर धम्की देखाउने, गाली गलौज गर्ने, झुठो आरोप लगाउने, होच्याएर बोल्ने, घरपरिवार छिमेक तथा साथीहरूसँग भेटघाट गर्न वञ्चित गर्ने, मानसिक चोट पुर्‍याउने आदि ।

**(ग) आर्थिक हिंसा :**

आयआर्जनको काम गर्न नदिने, कमाएको पैसा पनि सबै परिवारको अन्य व्यक्तिलाई राख्न दिनुपर्ने, परिवारको आर्थिक स्रोतको पहुँचबाट टाढा राख्ने, निजी सम्पत्ति पनि जबरजस्ती खोस्ने आदि ।

**(घ) यौनजन्य हिंसा :**


अस्वाभाविक वा क्रूर तरिकाले यौन सम्बन्ध कायम गर्ने, प्रजनन् स्वास्थ्य हकको घोर अपमान गर्ने, सुरक्षित यौन स्वास्थ्यप्रति वेवास्ता गर्ने, वैवाहिक बलात्कार आदि ।

**(ङ) अन्य :**

भ्रुण हत्या, बालहत्या, स्वास्थ्योपचार प्रति वेवास्ता, बालविवाह, दाइजो आदि ।

नेपालमा महिलाविरुद्ध हुने हिंसाको जीवनचक्रलाई चित्रमा दिए अनुसार पनि प्रस्तुत गर्न सकिन्छ ।

## चित्र १: महिलाविरुद्ध हुने हिंसाको जीवनचक्र




**लैङ्गिक हिंसा वा विभेदका कारणहरू :**

(१) पितृसत्तात्मक समाज (शक्ति सम्बन्ध र नियन्त्रण) अर्थात् असन्तुलित शक्ति सम्बन्ध र नियन्त्रण
(२) भेदभावपूर्ण कानून
(३) सामाजिक रीतिरिवाज र व्यवहार
(४) आर्थिक परनिर्भरता
(५) संस्कृति, धर्म र प्रचलन
(६) चेतनाको अभाव

**लैङ्गिक हिंसा वा विभेदका असर एवम् प्रभावहरू :**

लैङ्गिक विभेद जन्मजात नभई मानव समाजमा स्वयम् मानवीय व्यवहारले सिर्जना गरेको कृत्रिम अवस्था हो । त्यसैले यो देश, समाज, समय र स्थान अनुसार फरकफरक हुन सक्दछ । मानव समुदायको सामाजिक संरचना, रहनसहन, शिक्षादीक्षा, नागरिकको चेतनाको स्तर, उनीहरूको धार्मिक मान्यता, रीतिरिवाज र प्रथा परम्पराका आधारमा समाज अनुसार लैङ्गिक विभेदको अवस्था, स्वरूप र प्रकारहरू फरक-फरक हुन सक्दछन् । समाज सञ्चालनका गतिशील आधारका रूपमा स्थापित भएका र वर्षौंदेखि समाजमा निरन्तर चलिरहेका शास्त्रीय परम्परा र मान्यताले पनि सामाजिक विभेदको अवस्थालाई निरन्तरता प्रदान गरेको पाइन्छ ।

अरूलाई असल कुरा सिकाउने धर्म आफैंमा नराम्रो हुन सक्दैन तर त्यसलाई बुझ्ने बुझाउनेले सहिरूपमा नबुझाउँदा वा सही व्यवहार ग्रहण नगर्दा त्यही धर्मका नाममा गलत अभ्यासहरू हुन जान्छन् । समयको क्रममा हाल अस्तित्वमा नरहे पनि कुनै बेलाको सति प्रथा धर्मकै नामको कलङ्क र ज्यादै अमानवीय व्यवहार थियो । जसले महिलालाई उसको पतिको निधनपछि एक्लै बाँच्नका लागि पनि योग्य मान्दैनथ्यो । रजश्वला हुनु अगावै कुमारी अवस्थामै छोरीको विवाह गर्नुपर्ने र पतिलाई परमेश्वरको रूपमा पूजा गर्दै स्त्रीलाई दासीको रूपमा चित्रण गर्ने हिन्दु समाजको धार्मिक र शास्त्रीय परम्पराले महिलालाई स्वतन्त्र व्यक्ति र अलग्गै अस्तित्वको रूपमा कहिल्यै स्वीकार गरेको पाइएन । पुरुष माथिको निर्भरतामा नै महिलाको अस्तित्व देख्ने खालको सामाजिक सोच वा दोषपूर्ण दृष्टिकोणबाट महिलाको जीवनमा पर्ने असर र प्रभावहरूयस प्रकार छन् :

**(१) व्यक्तित्व विकासमा :**

प्रकृतिले नै महिलाका लागि पुरुषभन्दा बढी झन्झटिला र धेरै समय लाग्ने (बच्चा जन्माउने र हुर्काउने) जिम्मेवारी दिएको छ। त्यसैमा समाजले पनि महिलालाई अनुत्पादक कामको जिम्मेवारीमा रमाउनु पर्ने बाध्यता सिर्जना गरेको छ, जसले गर्दा उनीहरूले आफ्नो क्षमता विकासलगायतका सिर्जनशील काममा समय दिन सकेका छैनन् । त्यही भएर होला विकसित र बढी शिक्षित भनी नामचलेका मुलुकका महिलाहरूले बच्चा नजन्माउने शर्तमा मात्र बिहे गर्न राजी हुने गरेको । अध्ययन गर्न, जागिर खान,

व्यवसाय गर्न, तालिम गोष्ठी, अध्ययन भ्रमणलगायतका क्षमता विकासका कार्यक्रमहरूमा सहभागी हुन, राम्रो विषय पढ्नका लागि घरबाट टाढा रहन अझै पनि महिलालाई गाह्रो छ । चाहेर पनि व्यक्तिगत, आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपमा सक्षम हुन खोज्दा घरपरिवार र समाजबाट अपहेलित हुनुपर्ने विभिन्न कुरा काटी विवाह हुनका लागि पनि कठिन बनाउने जस्ता समस्या अविवाहित महिलाले भोग्नुपर्ने वातावरण छ । एउटा पुरुष देश विदेश जहाँ कहीँ गएर पनि आफ्नो अध्ययन पूरा गर्न सक्दछ, अवसरहरूको उपयोग गरी व्यक्तित्व विकास गर्न सक्दछ तर छोरी/महिलाहरू घरबाहिर जाँदा असुरक्षित हुन्छन् भन्ने सोचाइले क्षमता विकासमा बाधा पुऱ्याउँदछ । छोरीलाई अधिकारभन्दा माया र सहानुभूति बढी चाहिन्छ भन्ने पुरुषप्रधान समाजभित्रको पुरानो अभिभावकीय सोचाइले कमजोरीपनतिर डोऱ्याइरहेको पाइन्छ ।

सीपयुक्त शिक्षा, रोजगारमुखी व्यवसाय, आत्मनिर्भरताको खोजी, साहसको प्रदर्शन गर्ने क्षेत्रहरू सबै पुरुषहरूका लागि मात्र हुन्, महिलाले मायाको आँचल र सहनशील भएर सधैँ पुरुषकै निर्भरतामा बाँच्नुपर्दछ र त्यसका लागि परिवारको धर्म, संस्कार र मर्यादाबुझ्ने पुग्दछ भन्ने सोचाइका कारण उनले आफ्नो क्षमता विकासका लागि आवश्यक पर्ने न्यूनतम उपाय र अवसरहरू पनि उपभोग गर्न पाएका छैनन् । शिक्षाको अवसरबाट बञ्चित महिलाहरू स्वभावैले ज्ञान र चेतनाका दृष्टिले कमजोर हुने हुँदा आफ्नो अधिकार, दायित्व वा कर्तव्यको राम्रो ज्ञान नभएका कारण पुरुषहरूले आफू अनुकूलको व्यवहार गर्ने वस्तु सम्झन्छन् । महिलाले अझै निर्णय प्रक्रियामा पुरुषहरूलाई नै प्राथमिकता दिने र पुरुषले पनि त्यही चाहने, परिवारमा आफैले धेरै मेहेनत गरेर उत्पादन गरेको वस्तु बिक्री गर्दा पनि पुरुषको निर्णयविना गर्न नसक्नु पनि यसको एउटा उदाहरण हो । सम्पत्तिमाथिको नियन्त्रण मात्र नभएर महिलाहरूको आफ्नै शरीर पनि उनीहरूको नियन्त्रणमा हुँदैन, विवाहमा आफ्नो निर्णयलाई प्रभावशाली बनाउन नसक्नु वा नपाउनु, स्वेच्छाले बच्चा जन्माउन नदिइनु, जन्मान्तर र प्रजनन स्वास्थ्यसम्बन्धी आत्मनिर्णय गर्न नपाउनेजस्ता कारणले महिला आफ्नै शरीरका विषयमा पनि आफैँ निर्णय लिन नसक्ने अवस्थामा छन् । यस्तैखाले सोचाई, मान्यता र व्यवहारहरू महिलाको व्यक्तित्व विकासमा देखिएका अवरोधक हुन् ।

**(२) सामाजिक तथा आर्थिक विकासमा :**

हाम्रो समाजमा छोरीलाई घरको इज्जत सम्झने र छोरालाई घरको शान सम्झने प्रवृत्ति छ । तिनै व्यहारहरूले गर्दा छोरालाई बाह्य संसारसँग प्रतिस्पर्धा गर्न सक्ने बनाइएको छ भने छोरीलाई घरभित्रका मूल्य नभएका काममा बढी सीमित गराइने हुँदा महिलाहरू आर्थिक हिसाबमा परनिर्भर भएका हुन् । लैङ्गिक विभेदकै कारण छोरीलाई कमजोर र सङ्कीर्ण भूमिकामा सीमित राख्ने गरिँदा उनीहरूको पर्याप्त शारीरिक र मानसिक विकास हुन सक्दैन । व्यक्तिसँग भएका क्षमताले भन्दा लिङ्गका आधारमा परिवारको प्रमुख पुरुष र पुरुषकै अधीनमा रहने, सहयोगीका रूपमा घरभित्र सीमित हुने महिला भएको सामाजिक संरचनाभित्र महिलाहरू जतिसुकै योग्य भए पनि समानता र पारस्परिकताका आधारमा सन्तुलित व्यवहार पाउन सकेका छैनन् । यही गलत मान्यताका कारण छोरीहरूले चाहेर पनि वा सक्षम भएर पनि उचित शिक्षा लिन वा क्षमता विकासको अवसर नपाउनाले जीवनभर कार्यसम्पादनमा कमजोर ठहरिने अवस्था छ, जसको प्रत्यक्ष असर उनीहरूको आर्थिक जीवनमा पनि पर्ने गरेको छ ।

महिलाहरू भेदभावका कारण समाजमा अवसर पाउने र योगदान गर्ने विषयमा अझ पनि महत्व पाउन सकेका छैनन् । शिक्षा प्राप्तिको सुरुको अवस्थादेखि घरभित्रबाटै लैङ्गिक विभेदको सामना गर्नुपर्ने छोरीले सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा आफ्नो क्षमताको विकास सही रूपमा गर्न गाह्रो छ । छोरीलाई धेरै खर्च गरेर राम्रो विषय पढाउनु, अर्काको बगैँचामा मलजल गरेजस्तै हो भन्ने सामाजिक सोचाइका कारण महिलाको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुनगई पुरुषसँगको निर्भरता बढ्दछ । सदियौंदेखि यसरी नै संरचनागत हिसाबले महिलालाई शारीरिक र मानसिकरूपले कमजोर बनाई अहिले पिछडिएको वर्गको सूचीमा राखी लक्षित वर्ग विकासका कार्यक्रममा समेटिनु लज्जास्पद विषय हो ।

**लैङ्गिक हिंसा :**

१. सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा गरिने सबै प्रकारको हिंसालाई लैङ्गिक हिंसा भनिन्छ ।
२. लैङ्गिक हिंसा महिला, पुरुष वा अन्य लिङ्गी जो सुकै विरुद्ध पनि लक्षित हुन सक्दछ ।

३. तर नेपालको सन्दर्भमा लैङ्गिक हिंसाले मुलतः महिला विरुद्धको हिंसालाई जनाउछ ।
४. लैङ्गिक हिंसाले शारीरिक, मानसिक, यौनजन्य, आर्थिक, सास्कृतिक पक्षलाई समेट्छ ।
५. लैङ्गिक हिंसाले महिला विरुद्ध हुने सबैप्रकारको असमानता भेदभाव बहिस्करण, प्रतिबन्ध र कसुरजन्य क्रियाकलाप समेट्छद्ध ।

**महिला विरुद्धको हिंसा :**

"महिला विरुद्ध हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने संभावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पर्दछ । (सन् १९९३ को संयुक्त राष्ट्र संघको घोषणापत्र)

**निर्वाचनमा लैङ्गिक हिंसा हुने कारणहरू :**

१. निर्वाचन प्रक्रियामा लैङ्गिक सहभागितालाई दुरुत्साहित गर्ने नियोजित घृणित क्रियाकलाप जसले निर्वाचन प्रक्रियालाई नै प्रभाव पार्न सक्दछ ।
२. विशेषगरी निर्वाचनमा हिंसा हुनुका कारणहरू :
   (क) अवसर
   (ख) चयन
   (ग) षडयन्त्र
   (घ) सामाजिक र सांस्कृतिक सोच, आर्थिक अभाव, अशिक्षा, सुरक्षाको कमजोर स्थिति, भौतिक पूर्वाधारको कमी आदि

**निर्वाचनमा लैङ्गिक हिंसा हुने कारणहरु :**

१. नीति निर्माण तहमा महिलाको कम पहुँच हुनु,
२. राजनीतिमा महिलालाई केवल मतदाताका रुपमा हेरिनु,
३. पुरुषको इच्छामा मतदान गर्नुपर्ने अवस्था रहनु,
४. उम्मेदवारी हुनुबाट विविध कारणले बन्चित गरिनु,
५. मतदान स्थलमा उचित शौचालयको अभाव,

६. चुनावको समयमा मतदान केन्द्र वरिपरि र बाटोघाटोमा किशोरी मतदाताहरु माथि हुने हिंसाजन्य व्यवहार र घटना,

७. निर्वाचन हुने बल प्रयोग तथा प्रयास दुष्प्रयासले पनि चुनाव प्रचार प्रसारमा महिला उम्मेदवारहरु पछि पर्नु,

**निर्वाचनमा लैङ्गिक हिंसा हुने कारणहरु :**

(क) सामाजिक एवं सांस्कृतिक विभेद हुनु : छोरीले घरको इज्जत धान्नु पर्ने मान्यता बोकेको समाज तथा महिलाले राजनीतिमा भाग लिन हुँदैन भन्ने सामाजिक मान्यता र बुहारीलाई घरको घेराभित्र राख्ने परिवारको कारण महिला उम्मेदवारलाई स्वतन्त्र भएर निर्वाचनमा खडा हुन अत्यन्त गाह्रो हुन्छ,

(ख) निर्वाचनका क्रममा मतदान गर्न आउने महिला मतदाता विशेषगरी युवतीहरुलाई जिस्काउने, पटक-पटक विभिन्न अनावश्यक प्रश्न सोध्ने आदि ।

(ग) निर्वाचनको समयमा महिला मतदाता माथि प्रभाव पार्न खोज्ने कार्य ।

**निर्वाचनमा हुने लैङ्गिक हिंसा कसरी कम गर्न सकिन्छ :**

१. राजनीति प्रेरित लैङ्गिक हिंसाको प्रवृत्ति बुझ्नु, पहिचान गर्नु र त्यसको विरुद्ध समाजको हरेक तहमा प्रतिक्रिया गर्नु आवश्यक हुन्छ ।

२. राज्यस्तरबाट कानुनी संयन्त्रको निर्माण गरी मानव अधिकारको प्रत्याभुति प्रदान गर्न सक्नु पर्दछ । त्यसको निमित सवै पक्षबाट न्यूनिकरणको प्रयास गर्नु पर्दछ ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको पुनरावलोकन गरी लैङ्गिकमैत्री बनाउँदै उक्त कानुनको प्रभावकारी कार्यान्वयनको वातावरण निर्माण गर्ने ।

४. महिलाको अधिकारको रक्षा तथा प्रवर्द्धन गर्ने नियमनकारी निकायको स्थापना गरी उक्त संस्थाको कार्यक्षमता सुदढ गर्नुपर्दछ ।

५. लैङ्गिक हिंसा न्यूनिकरण गर्नका निम्ति निर्वाचन व्यवस्थापन निकायलाई प्रष्ट निर्देशन गरिनु पर्दछ ।

**निर्वाचनमा हुने लैङ्गिक हिंसा कसरी कम गर्न सकिन्छ :**

(क) निर्वाचन अभियानमा महिलाको राजनीतिक दलमा सहभागिता तथा हुने संभावित हिंसा सम्बन्धी विषयलाई प्राथमिकता दिने ।

(ख) निर्वाचनको चरणलाई लैङ्गिक दृष्टिकोणबाट अनुगमन गर्ने ।
(ग) निर्वाचन पश्चात्का विवाद, उजुरीलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गर्ने ।

**लैङ्गिक हिंसा न्यूनीकरण गर्नका लागि निर्वाचन व्यवस्थापन निकायको भूमिका :**

१. कानुनी संरचना निर्माण :
२. सचेतना अभियान :
३. सुरक्षा संयन्त्र-विशेष प्रावधान :

**१. कानूनी संरचना निर्माण :**

(क) निर्वाचन कानुनमा महिलाको सहभागिता सम्बन्धी प्रावधान अनिवार्य रुपमा समावेश गर्ने ।
(ख) राजनीतिक दललाई अनिवार्य रुपमा महिलाको सहभागिताको कानून तर्जुमा गर्नको लागि प्रष्ट निर्देशन गर्ने ।
(ग) निर्वाचन प्रक्रियामा महिला सहभागिता बढी भन्दा बढी गराउन प्रयास गर्ने ।

**२. सचेतना अभियान :**

(क) लैङ्गिक संवेदनशील वातावरणको निर्माण गर्ने,
(ख) अनुगमन तथा जनजागृत वातावरणको निर्माण,
(ग) पर्याप्त सुरक्षित वातावरणको निर्माण ।

**३. सुरक्षा संयन्त्र-विशेष प्रावधान :**

(क) सुरक्षा निकायलाई लैङ्गिक संवेदनशील हिंसाले मूल्यांकन, अनुगमन तथा प्रतिवेदन तयार गर्न प्रशिक्षण दिने ।
(ख) महिलालाई सुरक्षा संयन्त्र भित्र ल्याउन सुरक्षा निकायलाई प्रशिक्षित गर्ने
(ग) लैङ्गिक हिंसा सम्बधी उजुरीको सुनुवाईको तथा न्यायको उचित पहुँचको निम्ति विशेष निकायको व्यवस्था ।

**महिला सशक्तीकरण :**

सशक्तीकरण भन्नाले व्यक्ति वा समूहमा अन्तर्निहित क्षमता/खुवीको विकासमार्फत उनीहरूसँग भएको स्रोत/पूँजी वा सीपको बहुआयामिक विकास र

उपयोग गरी दैनिक जीवनमा प्रभाव पार्नसक्ने सवालहरूका बारेमा निर्णय लिने तहमा प्रभावकारी भूमिका खेल्न सक्ने बनाउनु तथा जवाफदेहितासमेतको विकास गर्नु भन्ने बुझिन्छ । सशक्तीकरण निरन्तर चलिरहने गतिशील प्रक्रिया हो, यसले लक्षित वर्गले भोग्दै आएका नीतिगत, संरचनागत र व्यावहारिक अवरोधहरूको सामनाद्वारा उनीहरूको क्षमता विकासमा सहयोग पुऱ्याउँछ । सशक्तीकरण प्रक्रिया त्यतिबेला मात्र दिगो र नतिजामूलक हुन्छ जती बेला समाजमा जरा गडेर रहेका विभेदकारी प्रथा, परम्परा तथा मूल्य मान्यता र सोचमा परिवर्तन हुन्छ । सशक्तीकरणको परिणामस्वरूप स्रोत साधनमाथि पिछडिएका वर्ग अर्थात् लक्षित वर्गका नागरिकहरूको पहुँच र नियन्त्रण कायम हुन्छ । सशक्तीकरण मानवीय मूल्य मान्यतासँग गाँसिनुका साथै यसलाई अधिकारमा आधारित विकास प्रक्रियाको रूपमा पनि व्याख्या गर्ने गरेको पाइन्छ ।

महिला सशक्तीकरण भन्नाले महिलाहरूले आफ्नो वैयक्तिक तथा पारिवारिक उन्नति र विकासका निमित्त स्वतन्त्र रूपमा निर्णय लिन सक्ने र त्यसको प्राप्तिका लागि परिस्थितिलाई आफ्नो हितमा उपयोग गर्न सक्ने क्षमता हो । आर्थिक सामाजिक सवलीकरणको माध्यमबाट महिलालाई आत्म सम्मान प्राप्त गर्न सक्षम बनाउँदछ जसले गर्दा महिलाहरूको व्यक्तिगत र सामाजिक छवि विकास हुन्छ । यसका लागि शक्तिका स्रोतहरू जस्तैः भौतिक, आर्थिक, बौद्धिक, मानवीय, सामाजिक र राजनीतिक आदिमा पहुँच र नियन्त्रण वृद्धि गर्ने कार्य गरिन्छ र फलस्वरूप महिला र पुरुषबीचको शक्ति सम्बन्धलाई परिवर्तन गरी समानता कायम गर्न सहयोग गर्दछ । महिला सशक्तीकरणलाई अर्को अर्थमा बुझ्दा उनीहरूको सोचमा परिवर्तनका साथै आफ्नो घरपरिवार तथा सामाजिक हैसियतमा वृद्धि हुनु, स्रोत साधनमाथि पहुँच तथा नियन्त्रणमा वृद्धि हुनुका साथै सामाजिक गतिविधिमा संलग्नताको तहमा पनि उल्लेख्य रूपमा वृद्धि भएको अवस्था भन्ने बुझिन्छ । यसका लागि महिलाले आफूमा अन्तर्निहित क्षमताको पहिचान र विकासको माध्यमबाट सङ्गठनात्मक क्षमताको पनि विकास गर्नुपर्दछ ।

परम्परागत समाजमा प्रचलित सामाजिक, सांस्कृतिक चलन, रुढीवादी, परिवार, समाज, धर्म कानुन आदिले महिला र पुरुषको जिम्मेवारी असमान तरिकाले तोकिदिएको छ जसले लैङ्गिक असमानताको स्थिति सिर्जना भएको छ र महिलाहरूमा कमजोरी रहेको भनी अन्यायपूर्ण तरिकाले व्याख्या र विश्लेषण गर्ने गरिन्छ । सशक्तीकरणको माध्यमबाट महिलाहरूको आर्थिक-सामाजिक

गतिविधिमा संलग्नता, गतिशीलता, वस्तु वा सेवाको खरिद बिक्रीमा निर्णयकारी भूमिका रहने, आफ्नो जीवनमा प्रभाव पार्ने महत्वपूर्ण निर्णय लिने स्थानमा गुणात्मक सहभागिता, कानुनी सचेतना, सङ्गठनात्मक क्षमताको विकासका साथै राजनीतिक सहभागितामा पनि उल्लेख्य रूपमा वृद्धि हुने अपेक्षा गरिन्छ ।

**अतः महिला सशक्तीकरण भन्नाले, महिलाहरूभित्र रहेका आन्तरिक शक्तिलाई महसुस गराई उनीहरूको ज्ञान, सीप र दक्षतालाई अभिवृद्धि गर्नु नै महिला सशक्तीकरण हो । अर्थात्, महिलाहरूको क्षमतालाई अभिवृद्धि गर्दै स्रोत साधनमा पहुँच तथा नियन्त्रण गर्न सक्ने अवस्थामा पुऱ्याउने प्रक्रिया सशक्तीकरण हो । यसले महिलाहरूलाई अरूमाथि भर नपरी बिस्तारै आफ्नै खुट्टामा उभिन प्रेरित गर्दछ । परिवर्तित सन्दर्भमा विभिन्न तह र क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन सशक्तीकरणले महत्वपूर्ण भूमिका खेल्दछ ।**

## सशक्तीकरणका तरिका वा विधि :

सामान्यत सशक्तीकरणलाई तीन तह (आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक) मा विभाजन गरेर विश्लेषण गर्ने गरिन्छ तर यी तीन वटाको सम्बन्ध अन्योन्याश्रित हुन्छ । एउटाको अभावमा अर्को सम्भव छैन । जस्तैः समावेशीकरणको मर्म अनुरूप पिछडिएका वर्गहरूलाई सामाजिक-राजनीतिक संरचनाहरूमा सहभागी गराउँदा पनि आर्थिक कठिनाइका कारण उनीहरूको राजनीतिक जीवन वा सामाजिक सक्रियता संकुचित हुने गरेको छ । पिछडिएका वर्गहरूलाई विभिन्न विषयहरूको जानकारी र समूहमा काम गर्ने शैलीको विकासबाट नै उनीहरूको सशक्तीकरण सम्भव हुन्छ । त्यसैले, महिलाहरूले आफ्नो घरायसी कामबाट समय निकालेर तलका अभ्यासहरू गर्दै सशक्तीकरणको दिशामा अगाडि बढ्न सक्दछन् :

१. समाचार सुन्ने, पत्रपत्रिका एवम् जानकारीमूलक किताबहरू पढ्ने र आफूलाई जानकारी भएको सूचना छरछिमेक तथा साथीहरूलाई जानकारी गराउने,

२. सकभर धेरै राजनीतिक दलका विचारहरू सुन्ने, आफ्ना आवश्यकता वा सवालहरू दिगो समाधानका लागि वकालत गर्ने

३. सबैका विचार सुन्न र प्रश्न राख्न पछि नपर्नुहोस् जसले तपाईंलाई तर्क गर्ने ज्ञान मात्र बढाएर आत्मविश्वास पनि वढाउँदछ,


४. दल वा व्यक्तिहरूलाई आलोचना गर्नुभन्दा पनि सकारात्मक कुराको प्रशंसा गर्ने बानी बसाल्नुहोस जसले सकारात्मक सोचको विकास गराउँदछ,
५. नेतृत्व लिन अग्रसर हुने, सभा बैठकमा भाग लिने, आफूलाई लागेका कुरा स्पष्टसित राख्ने र छलफलमा सक्रिय रूपले सहभागी हुने,
६. कसैबाट कुनै पनि किसिमको नकारात्मक प्रभावमा नपर्नुहोस् अथवा व्यक्तिगत लाभ नलिनुहोस्,
७. व्यक्तिगतभन्दा पनि सामूहिक हित हुने काममा अग्रसर हुने र आफ्नो समूहका सदस्यहरूसँग सल्लाह गरेर मात्र धारणा व्यक्त गर्ने,
८. राम्रो कामलाई प्रशंसा गर्न र नराम्रो कामलाई नराम्रो भन्न नडराउने,
९. निर्वाचनमा उम्मेदवारी दिने र मतदानमा सहभागी हुन अरूलाई पनि प्रोत्साहित गर्ने,
१०. आफ्नो समुदायमा सञ्चालन हुन लागेका विभिन्न विकास आयोजना र कार्यक्रमका बारेमा जानकारी लिने एवम् आफ्नो स्तरबाट सहयोग जुटाउन पहल गर्ने,
११. समाजमा चलेका परम्पराले कसलाई फाइदा पुऱ्यायो र कसलाई दुःख दियो भन्ने कुराको विश्लेषण गरी समसामयिक सुधारका लागि अगुवाइ गर्ने,
१२. आफूलाई समुदायको जानकार, अगुवा र सहयोगी व्यक्तिका रूपमा चिनाउन प्रयास गर्ने,
१३. विकास भनेको परम्परागत सोच, परम्परागत सम्बन्ध, परम्परागत उत्पादन र परम्परागत वितरणको प्रणालीमा परिवर्तन गरेर मात्र सम्भव छ भन्ने कुरालाई नबिर्सनुहोस् र अरूलाई पनि सिकाउनुहोस्, र
१४. स्थानीय स्रोत साधन तथा सार्वजनिक सेवाप्रदायक निकायमा समुदायको पहुँच र नियन्त्रण कायम गराउन सदा प्रयत्नशील रहनुहोस् ।

माथि उल्लेख भएअनुसार अभ्यास गर्दै जाने हो भने सानो समूहमा भाषण गर्न वा विचार राख्न सक्ने पनि  शासन गर्ने तहमा पुग्न सघाउ पुग्दछ । मूलप्रवाहमा आउन नसकेका वर्गका नागरिकहरू समस्यमा त हुन्छन् तर उनीहरूले समस्या के हो वा त्यसको कारक के हो भन्नेसम्म पनि पत्ता पाउन सकेका हुँदैनन् । निरन्तरको प्रयासबाट पीडादायी अवस्थामा भएकाहरू पनि समस्या पहिचान गरी तिनको समाधानका लागि सक्रियता देखाउन सक्दछन् । यही कुरालाई तलको चित्रमा व्यक्त गर्न खोजिएको छ ।

**चित्र २ः सशक्तीकरण प्रक्रिया**



## चित्र ३ : सशक्तीकरणका तहहरू



# सत्र ३: समानता, समता र समावेशीकरण


| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ समता, समानता र समावेशीकरणको परिभाषा बकताउन सक्नेछन् ।<br>≈ नेपालमा लैङ्गिक असमानताका कारणहरू भन्न सक्नेछन् ।<br>≈ नेपालमा समावेशीकरणको क्षेत्रमा भएका प्रयासहरू तथा समावेशीकरणको आवश्यकताका बारेमा भन्न सक्नेछन् ।<br>≈ सशक्तीकरणका प्रकार, तह एवम् यसका विधीहरू बताउन सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop/ Computer को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तैः LCD, Laptop/Computer आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस् ।<br>≈ Transparency बाट प्रस्तुति गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस् ।<br>≈ प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तै चित्र, आदि तयार गर्नुहोस् । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड<br>≈ न्यूजप्रिन्ट<br>≈ मार्कर |

| | |
|---|---|
| | ≈ LCD, Laptop<br>≈ मास्किङ टेप<br>≈ मेटाकार्ड, ब्राउन पेपर<br>≈ आवश्यकता अनुसारको सुविधा उपलब्ध हुनुपर्दछ भन्ने सन्देश दिने खालका तस्बिरहरू राख्न सकिन्छ । |
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ समता र समानतालाई सहभागीले कसरी बुझेका छन् पत्ता लगाउनुहोस् ।<br>≈ यसका लागि एक एक गरेर वा समुहमा सहभागीलाई समता के हो ? समानता के हो ? सोध्ने र प्राप्त प्रतिक्रियाहरूलाई न्यूजप्रिन्टमा टिप्नुहोस् ।<br>≈ सहभागीहरूबाट आएका कुराहरू नपुग भएको भए नपुग भएको विषयको बारेमा प्रस्तुतीकरण तथा छलफल गर्दै जानकारी गराउनुहोस् ।<br>≈ नबुझेका कुरा केही छन भने स्पष्ट पार्नुहोस् ।<br>≈ अन्त्यमा मुख्य बुँदाहरू पुनः दोहोऱ्याउँदै सत्रको अन्त्य गर्नुहोस् । |

# ३. सन्दर्भ सामग्री : समानता, समता र समावेशीकरण

**समानता (Equality) :**

कुनै पनि व्यक्तिलाई जातजाति, भाषाभाषी, लिङ्ग, वर्ण, धर्म, क्षेत्र र वर्गका आधारमा भेदभाव नगरी सबैलाई समान व्यवहार गर्नु वा समान अवसर दिनु समानता हो । समाजमा महिला र पुरुषको समान अस्तित्व, समान पहिचान, समान पहुँच, समान प्रतिनिधित्व हुनुका साथै नीति, कानुन र व्यवहारमा समेत समानता हुनुका साथै  अधिकार, अवसर, जिम्मेवारी र निर्णय प्रक्रिया आदिमा समेत समानता भएको अवस्था नै लैङ्गिक समानता हो । अथवा महिला र पुरुषमा कानुनी र व्यावहारिक कुनै प्रकारको विभेद नभएको अवस्था नै लैङ्गिक समानता हो । समानता भनेको अवसरबाट वञ्चित भएका पुरुष वा महिलाहरू अथवा वर्ग समुदायहरूलाई विशेष व्यवहार नगरी सबैलाई गरिने समान व्यवहार हो ।




**अतः** लैङ्गिक समानता भनेको महिला र पुरुषलाई एउटा समान मानव प्राणी/व्यक्तिका रूपमा समान व्यवहार गर्नु हो । समान ज्याला, समान मताधिकार, समानरूपमा विकास नियोग, समिति, आयोग, निकायमा प्रतिनिधित्वको अवस्था कायम हुनु वा गरिनु भन्ने बुझिन्छ । महिलालगायत पिछडिएका वर्गका सबै नागरिकहरूलाई रोजगारीमा, पदोन्नतिमा, क्षमता विकासमा र जिम्मेवारीमा

समान अवसर प्रदान गर्नुका साथै सम्पत्तिमा पहुँच र नियन्त्रण समानरूपमा उपलब्ध हुने अवस्था समानता हो ।

**समता (Equity) :**

फरक खालको क्षमता वा परिस्थिति भएका वर्ग, क्षेत्र, व्यक्ति वा समुदाय जो तुलनात्मक रूपमा कमजोर अवस्थामा रहेका छन् तिनलाई अरू सरहको समान अवस्थामा पुऱ्याउने अभिप्रयाले गरिने फरक खालको व्यवहार वा सकारात्मक विभेद गरिनुलाई समता भनिन्छ । अर्को शब्दमा भन्दा लैङ्गिक समानताका लागि गरिने सकारात्मक विभेद नै लैङ्गिक समता हो । उदाहरणका लागि बालिका छात्रवृत्ति, महिलाहरूलाई निजामती सेवामा ल्याउन गरिने फरक प्रावधानहरू जस्तैः पदपूर्ति गरिने सङ्ख्यामा आरक्षण, पुरुषको तुलनामा बढी उमेर वा ४० वर्ष सम्म सेवा प्रवेशका लागि योग्य मानिने, पदोन्नतिका लागि पुरुषभन्दा कम अवधिमै योग्य मानिने । शिक्षा आर्जन वा क्षमता विकासका अवसरहरूमा पनि विशेष व्यवस्थाका माध्यमबाट महिलालाई सकेसम्म बढी सहभागी गराउने वातावरण बनाउनु आदि समताका लागि भएका प्रयासहरू हुन् ।

- समता भन्नाले न्यायोचित व्यवहार अपनाउनु हो । महिला र पुरुष तथा सुविधा सम्पन्न र पछाडि परेका वा पारिएका जात-जातिहरूको सामाजिक, आर्थिक स्रोत माथिको पहुँच एकनास हुन नसक्ने हुनाले न्यायोचित दृष्टिकोण र प्रक्रिया अपनाएर अवशर र स्रोत माथिको पहुँच बढाउनु
- समता प्रक्रिया हो र समानता उपलब्धि हो अर्थात् समता समानता हासिल गर्ने माध्यम हो, समानता नतिजा हो ।


नेपालमा पुरुषको तुलनामा महिलाको आर्थिक सामाजिक सशक्तीकरणको तह निम्न स्तरको भएको हुनाले उनीहरूको सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू लागू गरिएको छ । अतः लैङ्गिक समता भन्नाले लैङ्गिकताका हिसाबले पछि परेको वर्ग वा लिङ्ग (नेपालको सन्दर्भमा महिला) लाई गरिने फरक व्यवहार हो । समानताको लक्ष्यमा पुग्ने यो एउटा प्रक्रिया हो जुन विभिन्न तरिका वा माध्यमबाट गरिन्छ । समताले सधैं समानताको लक्ष्य राख्दछ । किनभने

समता भनेको समानतामा पुऱ्याउन गरिने फरक व्यवहार हो । समानता लक्ष्य हो भने समता त्यसको माध्यम अथवा साधन हो जुन छोटो अवधिका लागि गरिन्छ । अतः यी दुवैको बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

महिला र पुरुषको व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिहरूमा पहुँच र नियन्त्रणको अवस्था असमान भएको अवस्थामा प्राप्त लाभहरू दुवै वर्गले समानरूपमा उपभोग गर्न पाउने व्यवस्था मिलाउनका लागि समय र परिस्थिति अनुरूप फरक खालका तर सकारात्मक विभेदका व्यवहारहरू गर्नुपर्ने हुन्छ । त्यसका लागि लगानी वा वितरण पनि यी असमान स्थितिलाई ध्यानमा राखेर भिन्न तरिकाले गर्नुपर्दछ । जस्तैः आर्थिक फाइदा गरीबसम्म पुऱ्याउने उद्देश्यले कुनै कार्यक्रम गरिए त्यसको बढी फाइदा महिलाहरूलाई भन्दा पुरुषलाई पहिला पुग्दछ । अतः यस्तो अवस्थामा समतामा आधारित अवधारणा समुदायमा पछि परेका वर्गको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउनका लागि एउटा महत्वपूर्ण औजार बन्न सक्दछ । यसबाट फाइदा दुवैमा बराबर पुग्ने र समानताको दिशामा अघि बढ्न सघाउ पुऱ्याउँदछ । जस्तैः परिवारमा छोरा वा छोरीमध्ये एउटा पढाइमा तीक्ष्ण तथा अर्को अत्यन्त कमजोर छ भने कमजोर हुनेलाई अतिरिक्त कक्षाको व्यवस्था गर्नु समता हो जसलाई समानतामा पुऱ्याउने माध्यमको रूपमा लिन सकिन्छ ।

लैङ्गिक समानता कायम गर्नका लागि कमजोर स्थितिमा रहेका महिला तथा तिनका समूहहरू, निम्न स्तरमा रहेका विभिन्न समुदायका व्यक्तिहरूलाई सशक्तीकरण गर्दै उनीहरूको सहभागितामा वृद्धि, नेतृत्व विकास, प्रतिफलको न्यायोचित वितरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास गर्नु अपरिहार्य छ । सबै समाजमा महिलाको अवस्था कमजोर छैन यही पनि थकाली, शेर्पा, गुरुङ्ग आदि समुदायका महिलाको अवस्था पुरुषको भन्दा कम छैन अझ राम्रो देख्न सकिन्छ ।नेपाली समाजमा लैङ्गिक अससमानता हुनुका कारणहरू यसप्रकार छन्

# असमानता




## १. आर्थिक परनिर्भरता र मानवीय गरीबी :

महिलालाई आर्थिक लाभ हुने काम गर्ने अवसर नदिने, सामान्य खर्चका लागि पनि उनीहरूले पुरुषको भरपर्नु पर्ने खालको परिपाटीको विकास भएका समुदायमा महिला र पुरुषबीच विभेद हुने र यसले लैङ्गिक असमानतालाई झन फराकिलो बनाउन मलजल गऱ्यो ।

## २. घर–भित्रको असमान श्रम विभाजन :

इज्जत र पैसा दुवै हुने काम पुरुषको र अनुत्पादक कामहरू महिलाको भनेर जसरी परम्परागतरूपमा श्रमविभाजन गरियो त्यहीँबाट असमानता बढ्दै आयो ।


## ३. पितृ सत्तात्मक सोच र दृष्टिकोण :

छोरा कुलको बत्ती हो यसले वंश धान्दछ भनी छोरालाई विभिन्न अवसरहरूमा अग्रसर गराउने तर छोरीलाई घरभित्रै सीमित राख्ने । छोरी मान्छेले धेरै पढ्न हुन्न, एक्लै हिँड्न हुन्न आदि खालका मान्यता स्थापित गरी महिलालाई मनोवैज्ञानिक रूपमै कमजोर बनाउने प्रचलन लैङ्गिक असमानताको अर्को कारण हो ।

## ४. महिला विरोधी धर्म, संस्कृति, मूल्य, मान्यताद्वारा निर्देशित सोच र प्रवृत्ति :

महिनावारी तथा सुत्केरी भएको अवस्थामा गाई भैँसीको दूध, दही खाएमा दुहुनो वस्तु बिग्रिन्छ । फलफूलको रूख छुन र खान पनि हुँदैन । सफा तथा न्यानो कपडा लगाउन हुँदैन भन्ने विश्वास तथा प्रचलनका कारणले महिलाहरू कमजोर बन्न गई असमानता बढाउनमा मलजल पुग्न गयो ।

# समानता





**नेपालमा दलित र संवैधानिक अधिकार :**

नेपाली समाजको इतिहास केलाउँदा जातपात र छुवाछूतको प्रचलन प्रारम्भदेखि नै रहेको देखिँदैन । यो प्रचलन नेपाली समाजको आफ्नो परम्परा र मान्यता नभई सिन्धुगंगा मैदानमा बस्ने कट्टर वैदिक हिन्दुहरूबाट पछि ग्रहण गरिएको व्यवस्था हो । सन् २०० मा किराँतकाल अन्त्य भयो र त्यतिबेलासम्म पनि नेपालमा नेपालमा जातपात र छुवाछूत प्रथाको प्रारम्भ भएको आधार भेटिँदैन । मध्यकालीन समान्ती शासकहरूले छुवाछूत र हिन्दु वर्णाश्रममा आधारित जातपात प्रथालाई विस्तार गरेको पाइन्छ । सन् १७६८ यता शाहका यो प्रथा कानुनतः अरु बढी विस्तार भएको पाइन्छ (राष्ट्रिय दलित आयोगको प्रतिवेदन २०७०/०७१ पृ. ५) ।

नेपाल एक बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक देश हो । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२५ जातजातिको बसोबास रहेको छ । दलित माथि गरिँदै आएको जातीय विभेदले अझै जकड्याइराखेको छ । नेपाली समाज धर्म, संस्कृति, जातीय विभाजन, शासन पद्धति, समान्ती सोच आदि कारणले जातीय दलदलमा फसेको छ ।

विभिन्न प्रकृतिका विभेदको अन्त्य गर्न अन्तर्राष्ट्रिय रूपमा पनि धेरै प्रयास भएका छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, जन्मजस्ता विवध कुराले विभेद गर्न नपाइने उल्लेख छ । सन् १९६३ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघको महासभाले

सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्र पारित गऱ्यो । यस महासन्धिलाई नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो ।

नेपाली समाजमा कलङ्कको रूपमा विद्यमान जातीय भेदभाव र छुवाछूतले राज्यको करिब एक चौथाइ जनसङ्ख्यालाई प्रत्यक्ष असर पारेको छ । आर्थिक शोषण, राजनीतिक बहिष्करण, धार्मिक अपहेलना र सामाजिक समानताको जड यो जातीय भेदभाव र छुवाछूतको व्यवहार अन्त्य गरिनु जरुरी छ । संविधानसभाबाट २०७२ असोज ३ गते जारी 'नेपालको संविधान' मा दलितका अधिकारका सम्बन्धमा विशेष व्यवस्था गरिएको छ । संविधानमा सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने, सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्यले रहेको छ । संविधानले व्यवस्था गरेअनुसार, राजनीतिक प्रतिनिधित्वका लागि दलितका अधिकार यस प्रकार छन् :

१. समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिससभा र प्रदेशसभाको निर्वाचनमा राजनीतिक दलहरुले उम्मेदवारी दिँदा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्ने ।
२. राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट कम्तीमा एकजना दलित निर्वाचित गर्नुपर्ने
३. गाउँ कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुईजना सदस्य रहने
४. नगर कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेको कम्तीमा तीनजना सदस्य रहने
५. जिल्ला समन्वय समितिमा दलित वा अल्पसङ्ख्यकबाट जिल्लासभाले निर्वाचित गरेका कम्तीमा एकजना सदस्य रहने
६. राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू दलित मात्र रहने
७. राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने
८. नेपाली सेनामा दलितसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
९. नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने

१०. संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**सामाजिक बञ्चितीकरण :**

सामाजिक वञ्चितीकरण यस्तो सामाजिक प्रक्रिया हो जसको कारणले समाजमा पछाडि परेका समूहहरू (महिला, दलित, जनजाति, मधेशी एवम् मुस्लिम) समाजको मूलप्रवाहबाट बाहिर पर्दछन् र विकासको प्रतिफलबाट वञ्चित हुन्छन् । सामाजिक वञ्चितीकरण समाजमा रहेका परम्परागत व्यवहार, विश्वास र मूल्य-मान्यताहरूद्वारा उत्पन्न हुन्छ । यस्ता मूल्य-मान्यता र व्यवहारहरू हामीले परम्परा, संस्कृति एवम् परिवार र समुदायबाट प्राप्त गरेका हुन्छौं ।

**सामाजिक बञ्चितीकरणमा :**

- दलित
- थारू
- अपाङ्गता भएका व्यक्ति
- अल्पसङ्ख्यक
- मुस्लिम
- आदिवासी जनजाति
- पिछडा वर्ग
- सीमान्तकृत
- मधेसी
- महिला

**समावेशीकरण :**

विपन्न वर्ग, क्षेत्र र समुदायका नागरिकहरू राज्यबाट पाउने सेवा सुविधाहरूबाट निरन्तररूपमा वञ्चित हुँदा अपेक्षित सन्तुलित विकासको नतिजा प्राप्त गर्न सकिँदैन । स्रोतको बाँडफाँड न्यायोचित नहुँदा राज्यले निरन्तर आफूहरूलाई वेवास्ता गरेको भनी नागरिकमा निराशा र आक्रोशसँगसँगै बढ्न जाने र असन्तुष्टिहरू व्यक्त हुन सक्दछन् । उदाहरणका लागि वि.सं. २०४७ को संयुक्त राष्ट्रिय जनआन्दोलन, २०६२/०६३ को आन्दोलन, मधेश आन्दोलन र १० वर्षको माओवादी विद्रोहलाई लिन सकिन्छ । ती आन्दोलनमा केही हदसम्म वञ्चितीमा परेको आक्रोश पनि देखिएको थियो । यस्तै आन्दोलनहरूबाट विभिन्न वर्ग क्षेत्र समुदायका नागरिकले व्यक्त गरेको भावना अनुरूप समावेशीकरणको अभियानले पनि पछिल्ला वर्षहरूमा गति लिएको छ ।

**सामाजिक समावेशीकरण :**

- सामाजिक समावेशीकरण भन्नाले महिला, दलित, जनजाति, मधेशी एवम् मुस्लिम समूहहरूको स्रोत तथा अवसर हरूमा समतामूलक ढङ्गबाट पहुँच बढाउनलाई अवरोधका रूपमा रहेका आर्थिक, सांस्कृतिक, सामाजिक तथा संस्थागत अप्ठ्याराहरू हटाई उनीहरूका लागि सेवा सुविधा वृद्धि गर्नु ।

- यसका लागि राज्यका विभिन्न तहमा समावेशीमुखी नीतिको विकास तथा सामाजिक मूल्य-मान्यता र व्यवहारमा आवश्यक परिवर्तन ल्याउनुपर्दछ । यसो गर्दा आफ्नो मान, मर्यादा समाजमा स्थापित गराउनका लागि वातावरण बन्दछ । यसको अर्थ हो, वञ्चितिमा परेका समूहप्रतिको व्यवहार र उनीहरूलाई हेरिने दृष्टिकोणमा परिवर्तनलगायत नीति, नियम र सामाजिक अभ्यासमा पनि परिवर्तन हुनु हो ।

**अतः** राज्यका सबै तहमा सबै जातजाति, वर्ग, समुदायको अर्थपूर्ण सहभागिता गराई शासन प्रणालीप्रति अपनत्वबोध गराउने प्रक्रिया नै समावेशीकरण हो । देशभित्रका सबै वर्ग, समुदाय, जातजातिको अवस्था समान वा उस्तै हुँदैन । सामाजिक, आर्थिक र राजनीतिक विकास उस्तै हुँदैन । कोही अवसरबाट वञ्चित भएका हुन्छन्, कोही अवसर हुँदाहुँदै पनि विभिन्न कारणहरूले गर्दा अवसरको उपयोग गर्न नसकेका हुन्छन् । त्यस्तैगरी, विभेद, असमानता, उपेक्षा, हीनता, आक्रोश र ईर्ष्या पनि हुन्छ जसले समाजमा द्वन्द्व र एक आपसमा अविश्वास बढाएको हुन्छ । यस्तो अवस्थालाई अन्त्य गर्दै सबैलाई सहजरूपमा अवसर, स्रोत साधन उत्पादन र नियन्त्रणसम्मको अवस्थामा पुऱ्याउने विधि नै समावेशीकरण हो । यो विधिसम्मत तरिकाले विभेदको अन्त्य गर्ने औजार हो । नागरिकहरूप्रतिको समान संरक्षणको आधार हो । सर्वसहभागिता सुनिश्चित गर्ने माध्यम हो । दबिएका, विभिन्न कारणले पछाडि परेका, सार्वजनिक सुविधाबाट वञ्चित भएका र सीमान्तकृत जातजातिलाई सामाजिक, राजनीतिक र आर्थिक प्रगतिमा सहभागी गराउँदै राष्ट्रिय मूलधारमा लगिने अवधारणा नै समावेशीकरण हो । यसमा शोषित, पीडित एवम् हरकिसिमले अवसरबाट वञ्चित भएका समुदायहरूलाई, माया, प्रोत्साहन, सहभागिता र विशेष हेरचाह गर्ने कार्यसमेत पर्दछ ।

Takis Fotopaulous ले समय सापेक्षरूपमा लोकतन्त्रको परिभाषा दिँदै सहभागितामूलक शासन व्यवस्थाको रूपमा समावेशीकरण शब्दको प्रयोग पहिलो पटक गरेका हुन् । राज्ययन्त्रका हरेक तह र संरचनामा राज्यका सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजातिका नागरिकको सहभागिता हुनुपर्दछ भन्ने मान्यताबाट राजनीति, विकास तथा प्रशासनको क्षेत्रमा समावेशीकरण शब्दको प्रयोग गर्न थालिएको हो । राज्य शक्तिमा समान पहुँच र लाभको वितरणमा समान सहभागिता नै यसको प्रमुख उद्देश्य हो । अल्पमतको कदर हुने, बहिष्करणमा परेका वर्गको सहभागिता हुने र आर्थिक सामाजिक र राजनीतिक रूपमा पछाडि परेको वर्ग र समुदायबाट शासन व्यवस्थाका विभिन्न संरचनामा प्रतिनिधित्व हुने हुँदा यसलाई सभ्य शासन प्रणालीको आवश्यक पूर्वशर्तको रूपमा पनि लिने गरिन्छ ।

समावेशीकरणले राज्यमा भाषा, धर्म, जातीय पहिचान, लिङ्ग, क्षेत्र, आर्थिक विपन्नता आदि कारणले राज्यको मूलधारमा सामेल हुन नसकेका वा राज्यको साधन स्रोतमा पहुँच नभएका नागरिकलाई राज्यको मूलधारमा सामेल गराई वास्तविक रूपमा सार्वभौम बनाउने प्रयास गर्दछ । यसले मानव अधिकारको सम्मान गर्दछ, स्रोत साधन र निर्णय प्रक्रियामा वञ्चितिमा परेका वर्गको पहुँच र नियन्त्रणमा वृद्धि ल्याउनुका साथै अधिकारमा आधारित अवधारणालाई सम्मान गर्दछ । समावेशीकरणको अभियानलाई मूर्तरूप दिनका लागि नीति नियम र व्यवहारमा सुधार गर्नुका साथै समावेशीकरणको सिद्धान्त अनुरूप राज्यका विभिन्न संरचनाहरूमा महिलाहरूलाई सहभागी मात्रै नगराएर उनीहरूको सशक्तीकरण गर्नु पनि उत्तिकै आवश्यक छ ।

समावेशीकरणको अभ्यासले समाजमा भएका सबै वर्ग समुदायका नागरिकले आफू वञ्चितीकरणमा परेको महसुस नगर्ने, राज्यका तर्फबाट उपलब्ध हुने सेवा सुविधाहरू तथा आवश्यक सूचनामा पनि पहुँच हुने भएकाले नागरिकको राज्यप्रतिको दृष्टिकोण सकारात्मक हुन गई समाजमा शान्ति सुव्यवस्था कायम हुनुका साथै, एक आपसमा विश्वासको वातावरण विकास गराउनका लागि सहयोग पुग्दछ । राज्यले आफूहरूप्रति सकारात्मक व्यवहार गरेको अनुभूति नागरिकले जति गर्न सक्दछन् त्यति नै उनीहरू समाज तथा राज्यका लागि खेल्नुपर्ने भूमिका तथा दायित्वप्रति पनि सजग हुने विश्वास गरिन्छ । अतः समावेशीकरणको अभ्यासले मुलुक तथा नागरिकको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक जीवनमा सकारात्मक प्रभाव पार्दछ ।

**सामाजिक समावेशीकरणको आवश्यकता :**

- सबै नागरिकहरुको पहिचान, प्रतिनिधित्व, सहभागिता र अधिकार सुनिश्चित गर्न, सबै वर्गलाई राज्यको विकासको मूलप्रवाहमा ल्याउन र सबैको योगदान प्राप्त गरि सन्तुलित विकास गर्न,
- बञ्चित समूहको आवश्यकतालाई सम्बोधन गर्ने गरी सकारात्मक विभेदको रणनीति ल्याउन,
- आर्थिक तथा सामाजिक लाभमा समानुपातिक अवसरको व्यवस्था मिलाई सबै खाले विभेद तथा द्वन्द्वको अन्त्य गर्न
- मानव अधिकारको सम्मान गर्दै स्रोत साधन र निर्णय प्रक्रियामा वञ्चित वर्गको पहुँच र अपनत्वमा वृद्धि गर्ने आवश्यक

**समावेशीकरणले ल्याउने परिणाम :**

१. विभेदको न्यूनीकरण गर्दछ

२. राज्य सत्ता र स्रोतसाधनमा पहुँचको वृद्धि गर्ने


३. साम्प्रदायिक तथा जातीय द्वन्द्वको न्यूनीकरणमा मद्दत गर्ने

४. विद्यमान विभेद र असमानताका बारेमा सचेतनाको वृद्धि गर्ने

५. नयाँ अवसरको सिर्जना गर्ने

६. आर्थिक र सामाजिक विकासको आधार निमार्णका लागि साझा मञ्च विकासको अवसर प्रदान गर्ने

# समावेशीकरणका आयामहरू




# समावेशीकरण गर्नुपर्ने समूहहरू

| | |
|---|---|
| **आर्थिकरूपले समावेश गर्नुपर्ने** | सबै गरिब<br>• जातजाति<br>• क्षेत्र<br>• लैङ्गिक |

| | | |
|---|---|---|
| • महिला<br>• जनजाति<br>• सीमान्तकृत अल्पसङ्ख्यक<br>• मुसलमान<br>• दुर्गम क्षेत्रका बासिन्दाहरु | • दलित<br>• मधेसी<br>• अपाङ्गता भएका व्यक्ति<br>• ज्येष्ठ नागरिक<br>• तेस्रो लिङ्गी | **समावेशीकरणले समेट्नुपर्ने समूहहरू** |

**सामाजिक समावेशीकरणका लागि गनुपर्ने कार्यहरू :**

**१. वञ्चित समूहको सशक्तीकरण :**

आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक रूपले सशक्त बनाउने, उनीहरूको

सेवामा पहुँच बढाउने र स्रोत तथा साधनमा वृद्धि गर्ने, सेवा प्रदान गर्ने संघसंस्थाका उद्देश्य, कार्यक्षेत्र र सेवाबारे उनीहरूलाई जानकारी गराउन

**२. नीति नियम र व्यवहारमा परिवर्तन :**

(क) सेवा प्रदान गर्ने संघसस्थाहरूले वञ्चित समूहलाई गर्ने व्यवहारमा सुधार ल्याउने,

(ख) नीति नियम र व्यवहारमा परिवर्तन गर्ने

(ग) नीति, नियमको आधारमा कार्यक्रममा रूपान्तरण गर्ने

(घ) वञ्चित समूहप्रति हेर्ने दृष्टिकोणमा सकारात्मकता ल्याउने,

(ङ) उनीहरूलाई प्रदान गरिने सेवा र सुविधा उत्तरदायित्वपूर्ण बनाउने,

(च) नीति नियम सकारात्मक बनाउने र समतामूलक तरिकाले सेवा र सुविधा उपलब्ध गराउने

**समावेशिकरणका क्षेत्रहरू :**

**१. राजनीतिक क्षेत्र**

(क) दलको संयन्त्रका पदहरू

(ख) निर्वाचित हुने पदहरू

(ग) मन्त्रिमण्डल

(घ) सरकारी पदमा हुने राजनीतिक नियुक्ति

**२. सामाजिक क्षेत्र**

(क) शिक्षा

(ख) स्वास्थ्य

(ग) सुरक्षा र संरक्षण

(घ) रोजगार

**३. प्रशासनिक क्षेत्र**

(क) नियुक्तिमा आरक्षण

(ख) उमेरको हदमा सहुलियत

(ग) अध्ययन, तालिममा सहुलियत

(घ) वर्ग विशेषका लागि विशेष व्यवस्था ।

## ४. आर्थिक क्षेत्र

(क) आयोजना वा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिफलमा सहभागिताको सुनिश्चितता

(ख) सहुलियत ऋण तथा ब्याजमा छूट वा मिनाहा ।

(ग) उत्पादनका साधनहरुमा सुविधा

(घ) लघु वित्त

(ङ) लैङ्गिक तथा समावेशी बजेट ।

## ५. भौगोलिक

(क) विकेन्द्रीकृत विकास कार्यक्रम

(ख) क्षेत्रगत विकास कार्यक्रम

(ग) विशेष वर्ग वा क्षेत्र लक्षित कार्यक्रम

(घ) स्थानीय पूर्वाधार विकास कार्यक्रम

(ङ) ग्रामीण स्वावलम्बन कार्यक्रम

# सत्र ४: महिलालगायत पिछडिएका वर्गको मूलप्रवाहीकरण

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ नेपालमा सामाजिक गतिविधि तथा विकास प्रक्रियामा महिलाहरूको सहभागिताको स्तर कस्तो छ भनेर बताउन सक्नेछन् ?<br>≈ राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयासहरू के भए अर्थात लैङ्गिक सहभागिता वा समावेशीकरणको विकासमा योगदान पुऱ्याउने अभियानहरू के रहेछन् बताउन सक्नेछन् ।<br>≈ नेपालको वर्तमान संविधान, निर्वाचन आयोगको रणनीतिक योजना, सो को कार्ययोजना अनि अन्य अन्य महत्वपूर्ण ऐन तथा नीतिमा भएका प्रमुख प्रावधानहरू वताउन सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ प्रस्तुतीकरण, मस्तिष्कमन्थन<br>≈ छलफल, प्रश्नोत्तर<br>≈ अभ्यास/समूह कार्य |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तैः न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न र ङका), ह्वाइटबोर्ड, power point slides र Laptop/ Computer को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक power point slides र विद्युतीय उपकरण जस्तैः LCD, Laptop/Computer आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस्<br>≈ Transparency बाट प्रस्तुति गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस् ।<br>≈ प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस्<br>≈ अभ्यासका लागि आवश्यक पर्ने सामाग्रीहरूको व्यवस्था गर्नुहोस् |

| | |
|---|---|
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ विभिन्न रङ्गमार्कर<br>≈ LCD<br>≈ Laptop, मास्किङ टेप<br>≈ मेटाकार्ड, ब्राउन पेपर आदि । |
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ सर्वप्रथम मूलप्रवाहीकरण भनेको के हो यसलाई कसरी बुझ्नु भएको छ भनी सामूहिक रूपमा प्रश्न राख्नुहोस् ।<br>≈ सबैको भनाइलाई कदर गर्नुहोस् र white board वा newsprint मा लेख्दै गर्नुहोस् ।<br>≈ सहभागीबाट प्राप्त धारणालाई बुझ्ने तरिकाले व्याख्या गरिदिनुहोस् ता कि उनीहरू आफुले भनेको परिभाषा पनि पूर्णरुपमा नमिले पनि आंशिक रूपमा मिलेको छ भन्ने महसूस गरुन र आफूलाई कमजोर नठानून् ।<br>≈ आफूले तयार पारेको मूलप्रवाहीकरणको परिभाषा प्रस्तुत गर्नुहोस । चित्रको माध्यमबाट पनि मूलप्रवाहीकरणलाई बुझाउन सकिन्छ जस्तैः आकाशमा ठूलो समूहमा उडेका चराहरूको बथान र बेला-बेलामा उनीहरूको नाइके फेरिने चित्र बनाउन पनि सकिन्छ ।<br>≈ विकास के हो भन्ने विषयमा प्रवेश गरी अघिकै प्रक्रियामा छलफललाई अघि बढाउनुहोस । मूलप्रवाहीकरणलाई विकासमा जोड्न (link गर्न) नभुल्नुहोला ।<br>≈ विकास प्रक्रियमा महिलाहरूका मुद्दालाई कसरी एकिकृत गरियो भन्दै मूलप्रवाहीकरणका लागि भएका कानुनी नीतिगत प्रयास तथा व्यवस्थाहरूमा छलफल गर्नुहोस् ।<br>≈ महिलाहरूलाई मूलप्रवाहमा ल्याउँदा हुने सकारात्मक प्रभाव वा असरका बारेमा छलफल पश्चात् पुनरावलोकनका लागि केही प्रश्नहरू गर्दै सत्रलाई अन्त्य गर्नुहोस् । |

# ४. सन्दर्भ सामग्रीः महिलालगायत पिछडिएका वर्गको मूलप्रवाहीकरण

महिलाहरूको आर्थिक, सामाजिक, विकास र सशक्तीकरणका लागि नेपालको संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । सरकारको विविध प्रयासका कारण महिला घरमूली २५.७ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७ प्रतिशत, महिला साक्षरता ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत पुगेको छ । लैङ्गिक असमानता, सूचक ०.४८९, महिलाको मानव विकास सूचक ०.५२१ र संसद्मा सहभागिता २९.९ प्रतिशत पुगेको छ । यसैगरी, सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७२/७३ मा २२.३ प्रतिशत पुगेको छ । तथापि अहिले पनि लैङ्गिक हिंसा २६ प्रतिशत र बालविवाह २९ प्रतिशत रहेको लज्जाजनक अवस्था हुनु महिला विकासको बाधकको  रूपमा रहेको छ (चौधौं योजनाको आधार पत्र, २०७३) ।

यसका लागि लैङ्गिकताले सिर्जना गरेका खाडलहरू पुर्दै समानता कायम गर्नका लागि अन्य व्यक्तिसरह महिला तथा पिछडिएका वर्गलाई विकास, प्रशासन तथा राजनीतिको मूल प्रवाहमा ल्याउन जरुरी हुन्छ । अतः पिछडिएका वर्गलाई अन्यसरहको अवस्थामा ल्याउने प्रक्रिया नै मूल प्रवाहीकरण हो । महिला तथा पुरुषका सरोकारका विषय र अनुभवलाई सबै राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका नीति-नियम तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको एक अभिन्न आयाम बनाउने रणनीति मूलप्रवाहीकरण हो; जसबाट महिला तथा पुरुषले समानरूपमा फाइदा प्राप्त गर्दछन् र असमानता विस्तारै कम हुँदै जाने विश्वास गरिन्छ (UN-ECOSOC, 1997) ।

**लैङ्गिकता र विकास अवधारणाको उत्पत्ति :**

पुरुषसरह महिलाको पनि राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिकजस्ता अधिकारको व्यवस्थाका लागि पहिलो पटक सन् १९१० मा सङ्गठित भएका चीन, अमेरिका तथा ब्राजिल आदि देशका महिलाको सङ्गठित आवाजको परिणाम स्वरूप सन् १९४५ मा महिलाका मुद्दालाई सम्बोधन गर्न संयुक्त

राष्ट्रसंघीय समितिको गठनपछि लैङ्गिकताको बहसले विश्वभर मान्यता पायो । त्यस्तैगरी, सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणाले महिला र पुरुषलाई समान अधिकारको प्रत्याभूति गऱ्यो । फलस्वरूप त्यसपछिका अन्तर र्राष्ट्रिय विकासका मुद्दामा लैङ्गिकताको मुद्दालाई सम्बोधन गर्नका लागि निम्न विकास अवधारणाहरू प्रयोगमा आए :

(क) विकासमा महिला (Women in Development)

(ख) विकास र महिला (Women and Development)

(ग) लैङ्गिकता र विकास (Gender and Development)

लैङ्गिकता र विकास अवधारणाले लैङ्गिकताका आधारमा पछि परेका वर्गहरूलाई सशक्त अर्थात् शक्तिसहितको वा अर्को अर्थमा सामार्थ्यवान् बनाउनुपर्दछ भन्ने मान्यता राख्दछ । यसले महिला वा पुरुष भनी एक अर्कालाई अलग्याएर विकास सम्भव छैन समाज विकासमा दुबैको समान भूमिका र महत्व छ भन्ने कुरालाई स्वीकार गर्दछ । पुरुष वा महिला जो पछि परेको छ उसका मुद्दालाई प्राथमिकता दिनु पर्दछ तब मात्र विकास न्यायोचित हुन्छ भन्ने विश्वास राख्दछ । यसै मान्यताको आधारमा समकालीन विकास प्रक्रियामा समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरण शब्दको प्रयोग अधिकरूपमा हुने गरेको छ ।

**लैङ्गिक मूलप्रवाहीकरणका लागि भएका अन्तर्राष्ट्रिय प्रयासहरू :**

१. प्रथम अन्तर्राष्ट्रिय महिला सम्मेलन १९७५, मेक्सिको-जसले समानता, विकास र शान्तिका उद्देश्यसहित अन्तर्राष्ट्रिय नारी दशक (१९७५–१९८५) को घोषणा गऱ्यो ।

२. महिलाविरुद्धका सबै भेदभाव, उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Form of Discrimination Against Women (CEDAW), १९७९र आलेख १९९९ - यो महिलाहरूको मानवअधिकार संरक्षणको अन्तराष्ट्रिय दस्तावेजको रूपमा रहेको अन्तर्राष्ट्रिय महासन्धि हो । भियनामा सम्पन्न यो महासन्धिलाई नेपालले सन् १९९१ मा अनुमोदन गरेको हो । CEDAW को कार्यान्वयनकालागि राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन भइरहेको छ ।

३. दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन १९८०, कोपन्हेगन-प्रथम महिला सम्मेलनको अनुगमन

४. तेस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन १९८५, केन्या- अन्तर्राष्ट्रिय नारी दशकको विश्लेषण र लेखाजोखा । अन्तर्राष्ट्रिय नारी दशकमा समानता, विकास र शान्तिजस्ता उद्देश्यहरू शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता विषयमा भरपर्ने महसुस गरी सशक्तीकरणको अवधारणा विकसित भएको पाइन्छ ।

५. चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलन १९९५, वेइजिङ्ग - चीनको राजधानी वेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले पारित गरेको Bejing Plateform for Action जसमा नेपालले पनि प्रतिबद्धताजनाइसकेको छ । महिला विकास र सशक्तीकरणलाई ध्यान दिनुपर्ने सरोकारका विषय भनी १२ वटा क्षेत्र छुट्याइएको छ, जसअनुसार महिला र शिक्षा, महिलाविरुद्धको हिंसा, महिला रसशस्त्र विद्रोह, महिलाका लागि संस्थागत विकास, बालिका, महिला र सञ्चार, महिला र वातावरण तथा गरीबी र महिलाजस्ता क्षेत्रहरू रहेका छन् । यस सम्मेलनले महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा विशेष जोड दिएको देखिन्छ ।

६. सहस्राब्दी विकास लक्ष्य (Millenium Development Goal)मा लैङ्गिकता - MDGs का ८ वटा लक्ष्यहरूमध्ये लक्ष्य नं ३ लैङ्गिक समानता तथा महिला सशक्तीकरण र लक्ष्य नं ५ मातृ स्वास्थ्यमा सुधारजस्ता विषय प्रत्यक्षरूपमा महिला विकाससँग सम्बन्धित छन् ।

**७. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का प्रस्तावहरू :**

(क) प्रस्ताव न. १३२५: विश्वव्यापी रूपमा मौलाउँदै गएको युद्धलाई सम्बोधन गर्ने उद्देश्यले द्वन्द्वको व्यवस्थापन, द्वन्द्वको नियोजनजस्ता कुरामा महिलाले पनि भाग लिन सक्ने भनी सन २००४ मा यो प्रस्ताव पारित भएको थियो । त्यस्तै द्वन्द्व भएका देशमा पुनर्स्थापना, पुनर्वास र पुनः निर्माणजस्ता कार्ययोजनामा महिलाको सहभागितासम्बन्धी विषयहरू यस प्रस्तावमार्फत प्रस्तुत भएका थिए ।

(ख) प्रस्ताव न १८२०: यो प्रस्ताव १३२५ न. प्रस्तावलाई कार्यान्वयन गर्न सघाउ पुऱ्याउने उद्देश्यले पारित गरिएको थियो । यसमा युद्धकालीन अवस्थामा महिलाविरुद्ध हुने यौनजन्य हिंसाबाट जोगाउन सैनिक अनुशासनात्मक प्रावधान लागू गर्नेसहितका विभिन्न बुँदाहरू समेटिएका थिए । महिलाहरूको संरक्षण र विकासका लागि यो प्रस्ताव प्रशंसनीय मानियो र कार्यान्वयन पनि भयो ।

(ग) सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५

(घ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

(ङ) नागरिकता तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, र राजनीतिक अधिकार सम्बन्धी स्वैच्छिक प्रोटोकल १९९६

(च) वेश्यावृत्तिका लागि महिला तथा बालिकाको बेचबिखन नियन्त्रणसम्बन्धी सार्क महासन्धि, २००२

विगत ६० वर्षदेखि संयुक्त राष्ट्रसंघअन्तर्गतको महिला आयोगले निरन्तररूपमा महिला विकासको क्षेत्रमा काम गरिरहेको छ । महिला विकास तथा उत्थानको सन्दर्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयास तथा पहलबाट जे जस्ता योजना र ढाँचाहरू तयार भए तिनको कार्यान्वयनमा आयोगले भरमग्दुर प्रयास गरिरहेको छ । महिला अधिकारको पहिचान, महिलाका समस्याहरू, महिलामाथि हुने हिंसा, विकासका योजनाहरू र संवेदनशील क्षेत्रहरूको पहिचान गर्न आयोगलाई केही हदसम्म सफलता मिलेको छ ।

**लैङ्गिक मूलप्रवाहीकरणका लागि नेपालका प्रयासहरू :**

नेपालमा खासगरी प्रजातन्त्रको पुनर्स्थापना अर्थात् वि.स. २०४६ सालपश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापकरूपमा चर्चा परिचर्चा हुंदै केही सकारात्मक परिवर्तन पनि हुँदै आएको छ । यद्दपि त्यो परिवर्तन सन्तोष मान्ने खालको भने छैन । यसै सिलसिलामा महिला विकास र अधिकारका सम्बन्धमा नेपालले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौताहरू र महासन्धिमा हस्ताक्षर गरी आफ्नो प्रतिबद्धता जनाएको छ । ती सम्झौता र प्रतिबद्धताहरू अहिले राष्ट्रिय कानुनसरह लागू भइरहेका छन् ।

**१. नेपालको संविधान (२०७२) :**

आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष

अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, सङ्घीय संसद् र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने, प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एकजना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने, प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एकजना महिला हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभाको गठन हुने, राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने, सोका अध्यक्ष र सदस्यहरू महिलामात्र रहने समेतका महत्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ। स्थानीयतह निर्वाचन ऐन २०७३ अनुसार स्थानीय तह निर्वाचनमा मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय प्रमुख र उपप्रमुखमध्ये ५०% महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

**२. चौधौँ योजना (आ.व.२०७३/७४-२०७५/७६) :**

महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्गजस्ता वञ्चितीमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका भए तापनि यस्ता विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा निकै ठूलो अन्तर रहेकाले यस्तो अन्तरको अन्त्य गरी राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्ने व्यवस्थाका साथ यस योजनामा समावेशिकरण सम्बन्धी निम्न व्यवस्था गरिएको छ। यस प्रकारको व्यवस्था गरिएको छ :

**लक्ष्य :**

आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायहरूको मानव विकास सूचकाङ्क तथा सशक्तीकरण सूचकाङ्कमा सुधार गर्ने।

**उद्देश्य :**

आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट वञ्चितीमा परेका दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यका लागि मुलुकमा उपलब्ध साधन, स्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

**रणनीति :**

(क) मुलुकमा उपलब्ध स्रोत-साधनहरूमा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढाउने

(ख) राज्यका महत्वपूर्ण संरचनाहरूमा आरक्षणको माध्यमबाट महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने

(ग) सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने

(घ) आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने

**कार्यनीति :**

(क) मुलुकमा उपलब्ध स्रोत-साधनहरूमा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूको पहुँच बढाइनेछ

(ख) महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ

(ग) शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।

(घ) महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय,

अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, विपन्न एवम् कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका बालबलिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने

**यस योजनाले महिला सशक्तीकरणः**

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने लक्ष्य लिएको उद्देश्यहरू :

(क) सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्नु
(ख) लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु
(ग) राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक रसमान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु रहेका छन्

**त्यस्तैगरी, रणनीतिहरूमा :**

(क) लैङ्गिक मूलप्रवाहीकरण गर्दै शासन प्रणालीको प्रत्येक तह र विकास प्रक्रियाको सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्नेगरी अर्थपूर्ण सहभागिता बढाउने,
(ख) लैङ्गिक हिंसा, भेदभाव र बहिष्करणको अन्त्यका लागि निरोधात्मक न्यायमा पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने,
(ग) लक्षित तथा सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागिसंरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तीकरण गर्ने,
(घ) मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने कुरा समेटिएको छ ।

## ३. निर्वाचन आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (०७१/०७२-०७५/०७६) :

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरूमध्ये समावेशिता एउटा महत्वपूर्ण मार्गदर्शक सिद्धान्त रहेको छ । समावेशिताका दुई मुख्य आयामहरूले आयोगका कार्यहरूलाई पुष्टि गर्दछन् । प्रथमतः महिला, पिछडिएका क्षेत्र, सीमान्तकृत समूह, दलित र मधेशी समुदाय, अपाङ्गता

भएका व्यक्तिहरूका साथै संविधानमा परिभाषित अन्य लक्षित समूह एवम् समुदायहरूको निर्वाचनमा सहभागिता सुनिश्चित गर्ने । दोस्रोः आयोगको साङ्गठनिक स्वरूप तथा जनशक्ति व्यवस्थापन गर्ने आन्तरिक नीतिसमेत समावेशिताको सिद्धान्तबाट निर्देशित हुनुपर्दछ । यस अनुरूप निर्वाचन व्यवस्थापनका प्रत्येक चरण र आयोगको आन्तरिक व्यवस्थापनसमेत लैङ्गिकता र समावेशी सिद्धान्तबाट निर्देशित हुनुपर्दछ । निर्वाचन आयोगको लैङ्गिक तथा समावेशी नीति २०७० मा  निम्न कुरा समावेश गरिएका कुराहरू यस प्रकार छन्:

**परिलक्ष्य** (**Vision**) :

संवैधानिक व्यवस्था अनुरूप निर्वाचनमार्फत राज्यका सबै संरचनामा नागरिकको समानुपातिक तथा समावेशी प्रतिनिधित्व गराउने तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउनका लागि निर्वाचन आयोगलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट एउटा संवेदनशील संस्थाको रूपमा स्थापित गर्ने ।

**उद्देश्यहरू** (**Objectives**) :

(क) निर्वाचनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरण गर्ने

(ख) निर्वाचनसम्बन्धी सबै प्रक्रियामा समावेशी दृष्टिकोण समावेश गर्ने

(ग) निर्वाचन आयोगलाई लैङ्गिक संवेदनशील तथा समावेशी संस्थाको रूपमा विकास गर्ने

**नीतिहरू** (**Policies**) :

१. निर्वाचनसम्बन्धी सबै कानुन, नियम तथा निर्देशिकालाई लैङ्गिक दृष्टिकोण अनुरूप परिमार्जन गर्ने,

२. लैङ्गिक दृष्टिकोणले मतदाता तथा उम्मेदवारहरूको फरक आवश्यकता पहिचान गर्न आवश्यकतानुसार  अध्ययन अनुसन्धान गर्ने,

३. मतदाता नामावली तयार गर्दा लैङ्गिक दृष्टिले फरक आवश्यकता भएकाहरूको पहिचान गर्ने तथा मतदाताहरूको अभिलेखलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गर्ने,

४. मतदाता शिक्षा प्रदान गर्दा लैङ्गिक र अन्य विभिन्न वर्गको आवश्यकतालाई सम्बोधन गर्ने,

५. मतदान स्थललाई लैङ्गिकमैत्री बनाउनुका साथै मतदान प्रक्रियामा लैङ्गिक आवश्यकतालाई पर्याप्त ध्यान दिने,

६. महिला तथा तेस्रो लिङ्गी उम्मेदवारहरूको फरक-फरक आवश्यकतालाई नीति तथा कार्यक्रमबाटै सम्बोधन गर्ने,

७. निर्वाचनलाई लैङ्गिक दृष्टिकोणबाट समावेशी बनाउन विशेष व्यवस्था गर्ने

८. निर्वाचन सम्बन्धी सबै कानुन, नियम तथा निर्देशिकाहरूमा समावेशी नीति अनुरूप समावेशी विषयलाई समावेश गर्ने,

९. मतदाता नामावली सङ्कलन गर्न तथा मतदान प्रक्रियालाई समावेश गराउन समावेशी दृष्टिकोणले फरक आवश्यकता भएकाहरूका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

१०. समावेशी दृष्टिकोणले महिला, दलित, उत्पीडित जाति तथा आदिवासी जनजाति, पिछडिएका वर्ग क्षेत्र, मधेशी र अत्य अल्पसङ्ख्यक मतदाताहरूको खण्डीकृत अभिलेख तयार गर्ने,

११. मतदाता नामावली तयार गर्दाका बखत नै समावेशी दृष्टिले मतदाताहरूको विश्लेषण गरी कमी कमजोरीहरू क्रमशः सुधार गर्दै जाने,

१२. राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा तथा समानुपातिक उम्मेदवारको सूची तयार गर्दा लैङ्गिक तथा समावेशीकरणको सिद्धान्तलाई पालना गराउने,

१३. महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी र अन्य अल्पसङ्ख्यक नागरिकहरूलाई निर्वाचनमा सहभागी हुन, निर्वाचन शिक्षामार्फत प्रोत्साहन गर्ने,

१४. निर्वाचन आयोगमा पदाधिकारी र कर्मचारीहरू नियुक्त वा पदस्थापन गर्दा लैङ्गिक सन्तुलन र समावेशी बनाउन प्रयत्न गर्ने,

१५. सचिवालयको साङ्गठनिक संरचनामा हेरफेर गरी लैङ्गिकता र

समावेशीकरणसम्बन्धी विषयमा केन्द्रित हुन छुट्टै संरचना निर्माण गर्ने,

१६. निर्वाचन आयोगको वार्षिक तथा आवधिक कार्यक्रमको लैङ्गिक र समावेशी विश्लेषण गरी निरन्तर सुधारमा जोड दिने ।

**यी माथि उल्लिखित नीतिहरू कार्यान्वयनका लागि त्रिवर्षीय कार्ययोजना (०७३/०७४-०७५/०७६) निर्माण गरी अहिले कार्यान्वयन चरणमा छ । त्यस कार्ययोजनामा समावेश गरिएको छ :**

(क) निर्वाचनसम्बन्धी प्रक्रियामा सुधार गरी निर्वाचन प्रणालीमा लक्षित वर्गहरूको सहभागिता सुनिश्चित गर्ने,

(ख) हरेक तहको निर्वाचनमा महिला, दलित, जनजाति, मधेशी र अन्य समुदायहरूको प्रतिनिधित्व बढाउन स्थानीय तहमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ग) निर्वाचन आयोग र यसअन्तर्गतका कार्यालयहरूमा महिला कर्मचारीहरूको सङ्ख्या वृद्धि गर्न उपयुक्त वातावरण निर्माण गर्ने,

(घ) लैङ्गिक तथा समावेशी इकाईको सुदृढीकरण गर्ने,

(ङ) निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूसहित लक्षित समूहका मतदाताहरूको पहुँच र सहभागिता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने,

(च) स्थानीय तहमा महिला समूह, महिला सहकारी, वन उपभोक्ता समूह, स्वास्थ्य स्वयम्सेविका लगायतका सङ्गठित समूहलाई लक्षित गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

(छ) आयोगको वार्षिक बजेट र निर्वाचनसम्बन्धी बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन प्रयास गर्ने, आदि ।

## ४. केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ :

यस ऐनमा परिवर्तन गरिएका महिलासँग सम्बन्धित केही प्रावधानहरू तल उल्लेख गरिएको छ । यी प्रावधानहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिलामाथि गरिने अपमानजनक व्यवहारमा कानुनी रूपमै बन्देज लगाइएको छ जसले महिलाहरूको सशक्तीकरणका लागि योगदान दिने

विश्वास गरिएको छ ।

(क) नेपाल कानुन व्याख्यासम्बन्धी ऐन २०१० को दफा २ को खण्ड (च) मा रहेको 'धर्मपुत्र' भन्ने शब्दको सट्टा 'धर्मपुत्र' वा (धर्मपुत्री) भन्ने शब्दहरू राखिएको ।

(ख) प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपी त्यसमा लैङ्गिक हिंसा गरेमा भन्ने शब्द राखिएको ।

(ग) दफा ३९ को उपदफा (२) को खण्ड (घ) पछि खण्ड (घ१) र (घ२) थपिएका छन्: जसअनुसार (घ१) मा महिला तथा पुरुष प्रहरी कर्मचारीका लागि छुट्टा छुट्टै आवासगृह रहने बारे र (घ२) मा शिशु स्याहार केन्द्र बारे भन्ने शब्दहरू थपिएको ।

(घ) गाली बेइज्जती ऐन, २०१६ को दफा ८ को ठाउँ ठाउँमा रहेको "आईमाई" भन्ने शब्दको सट्टा 'महिला'भन्ने शव्द थपिएको ।

(ङ) केटाकेटी भन्ने शव्दको सट्टा 'बालबालिका' शब्द राखिएको ।

(च) कारागार ऐन २०१९ को दफा ६ को उपदफा (१) मा रहेको ' लोग्ने मानिस' भन्ने शव्दहरूको सट्टा 'पुरुष' भन्ने शब्द राखिएको र 'स्वास्नी मानिस' भन्ने शब्दको सट्टा 'महिला' शब्दको प्रयोग गरिएको ।

(छ) अविवाहिता छोरीको सट्टा 'एकासगोलका छोरी' भन्ने शव्द राखिएको, आदि ।

## ५. लैङ्गिकता र समावेशीकरणसम्बन्धी अन्य व्यवस्थाहरू:

**समावेशीकरणको नारालाई सार्थक बनाउन निम्नानुसारका ऐन तथा नीतिहरूमा संशोधन गरिएको छ :**

(क) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धमा बनेको ऐन, २०६४ मा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दशदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार देखि एक लाखसम्म जरिवाना, यससम्बन्धी मुद्दा बन्द इजलासमा मात्र हुने व्यवस्था ।

(ख) मुलुकी ऐनमा रहेको लैङ्गिक विभेदसम्बन्धी व्यवस्थामा संशोधन २०५९ मा बालविवाह, बहुविवाह, अनमेल विवाहजस्ता परम्परालाई निरुत्साहित गर्नका लागि दण्ड जरिवानाको व्यवस्था हुनु । सम्पत्ति कानुनमा भएको संशोधन जस्तैः महिलाको नाममा घरजग्गा रजिष्ट्रेशन गर्दा राजश्वमा छुट दिने प्रावधान गर्भपतनसम्बन्धी कानुनमा संशोधन; यौनजन्य हिंसासम्बन्धी कानुनमा संशोधन; विवाहवारी-सम्बन्धी कानुनमा संशोधन गरी कम्तीमा केटीको उमेर २० र केटाको उमेर २२ हुनुपर्ने व्यवस्था ।

(ग) घरेलु हिंसा कसुर र सजायँ ऐन, २०६६ मा पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियतसमेतलाई विचार गरी अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराईदिन सक्नेछ र उपचारको खर्च पीडकले व्यहोर्ने ।

(घ) महिलाविरुद्धका सबै भेदभाव, उन्मूलन गर्ने महासन्धि (Convention on Elimination of All Form of Discrimination Against Women (CEDAW),१९७९ पहिलो महत्वपूर्ण महासन्धि हो । भियनामा सम्पन्न महिलाहरूको मानव अधिकार संरक्षणको अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा रहेको यस महासन्धिलाई नेपालले सन् १९९१ मा अनुमोदन गरेको हो । अनुमोदनपश्चात् राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको छ साथै, CEDAW को आवधिक प्रतिवेदनसमेत नियमित रूपमा UN मा पेश गर्दै आएको छ । त्यसैगरी, यसको कार्यान्वयनपश्चात् महिलासँग सम्बन्धित असमान कानुन पुनरावलोकन र संशोधन गर्ने कार्य पनि निरन्तर रूपमा भइरहेको छ ।

(ङ) वेजिङ्ग घोषणा १९९५ः चीनको राजधानी वेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले पारित गरेको Bejing Plateform for Action मा नेपालले पनि प्रतिबद्धता जनाएको छ । महिला विकास र सशक्तीकरणलाई ध्यान दिनुपर्ने सरोकारका विषय भनी १२ वटा क्षेत्रहरूमा भएको प्रगतिसमेत पेश गर्दै सम्पन्न भएको Bejing + 5र Bejing + 10 मा समेत नेपालले सहभागिता जनाउँदै आएको छ ।

# सत्र ५. लोकतन्त्र र निर्वाचन

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ लोकतन्त्रको परिभाषा बताउन सक्नेछन् ।<br>≈ लोकतन्त्रमा निर्वाचनको महत्वका बारेमा जानकारी हुनेछ ।<br>≈ निर्वाचन प्रक्रिया र निर्वाचनमा महिला सहभागिताको महत्व बताउने सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop/Computer को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरणहरू सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस् ।<br>≈ ब्राउन पेपरमा तयार गरेको भए क्रम मिलाउनुहोस् ।<br>≈ प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तै चित्र, आदि सम्भव भएसम्म तयार गर्नुहोस् । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ मार्कर<br>≈ LCD, Laptop<br>≈ मास्किङ टेप<br>≈ मेटाकार्ड, ब्राउन पेपर |

| | |
|---|---|
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ लोकतन्त्र भनेको के हो ? सहभागीबाटै उत्तर खोज्नुहोस् । सहजीकरणको क्रममा राणा शासन, पञ्चायती शासन, वि.सं. २०४७ देखि २०६३ सम्मको प्रजातान्त्रिक समय र त्यसयताको सन्दर्भलाई जोड्दै फरक अनुभूतिबारे सहभागीबाट जवाफ लिने प्रयास गर्नुहोस् ।<br>≈ सहभागीहरूबाट आएका कुराहरू न्यूजप्रिन्टमा टिप्नुहोस् ।<br>≈ सहभागीहरूबाट आएका कुराहरू नपुग भएको भए नपुग भएको बिषयको बारेमा प्रस्तुतिकरण तथा छलफल गर्दै जानकारी गराउनुहोस् ।<br>≈ निर्वाचनको महत्वका बारेमा छलफल अघि बढाउनुहोस् ।<br>≈ नागरिकहरू (खासगरी महिलाहरूको) निर्वाचनमा सहभागिताको महत्व ।<br>≈ नबुझेका कुरा केही छन् भने स्पष्ट पार्नुहोस् ।<br>≈ अन्त्यमा मुख्य बुँदाहरू पुनः दोहोऱ्याउँदै सत्रको अन्त्य गर्नुहोस् । |

# ५. सन्दर्भ सामग्रीः लोकतन्त्र र निर्वाचन

**लोकतन्त्र (Democracy) :**

जनताले आवधिक रूपमा खुला प्रतिस्पर्धाका आधारमा स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत् आफ्नो प्रतिनिधि छान्न पाउने शासकीय व्यवस्था लोकतन्त्र हो। शासकीय अधिकार जनतामा निहीत हुने र आवधिक स्वतन्त्र निर्वाचनको माध्यमबाटछानिने प्रतिनिधित्व प्रणालीमार्फत जनताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सत्ता उपयोग गर्ने शासन पद्धतिनै लोकतान्त्रिक शासन हो (ब्रिटानिका संक्षिप्त विश्वकोष) । जनताद्वारा जनताका लागि गरिने शासन व्यवस्था अर्थात नागरिकले नागरिककै निमित्त शासन गर्ने व्यवस्था लोकतन्त्र हो भनेर अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनले सन १८६३ मा परिभाषित गरेका थिए । यसकारण लोकतन्त्रमा नागरिकनै सर्वेसर्वा वा अधिकार सम्पन्न हुन्छन् र उनीहरूले नै सरकार निर्माण गर्ने र विघटन गर्ने हैसियत राख्दछन् । सबै नागरिक एकै पटक सरकारमा सहभागी भई शासन सञ्चालन गर्ने कुरा असम्भव हुने भएकाले लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको माध्यमबाट नागरिकले आफ्ना प्रतिनिधिहरू छान्दछन् र तिनै प्रतिनिधिको माध्यमबाट मुलुकको शासन व्यवस्था चल्दछ ।

लोकतन्त्रमा नागरिकलाई राजनीतिक दल खोल्ने, दलको सदस्य वन्ने, सङ्गठन गर्ने, आफ्ना अभिमतहरू निर्वाध रूपमा व्यक्त गर्न पाउने, शान्तिपूर्ण प्रदर्शन गर्न पाउने आदि हक अधिकारहरू संविधानद्वारानै ग्यारेण्टी गरिएको हुन्छ । अतः लोकतन्त्र भनेकोः स्वतन्त्र र निष्पक्ष निर्वाचनका माध्यमबाट सरकार चयन र परिवर्तन गर्ने एउटा राजनीतिक प्रणाली, नागरिकलाई राजनीतिक र सामाजिक जीवनमा सक्रिय सहभागिता गराउने पद्धति, नागरिक हक वा मानवअधिकारको संरक्षण गर्ने प्रणाली र विधिको शासन (जसमा कानून र प्रक्रिया सबै नागरिकलाई बराबर लागू हुन्छ) पालना गर्ने/गराउने प्रणाली हो ।

**यसप्रकार लोकतन्त्रमा सामान्यत यस्ता विशेषताहरू पाइन्छन् :**

(क) विधिको शासन

(ख) आवधिक निर्वाचन र दलीय प्रतिस्पर्धा

(ग) वालिग मताधिकार

(घ) शक्तिको पृथकीकरण, सन्तुलन र नियन्त्रण

(ङ) स्वतन्त्र न्यायपालिका

(च) उदार राजनीति, उदारवादी अर्थ व्यवस्था र खुला समाज

(छ) मौलिक हकको संरक्षण र मानव अधिकार

**माथि उल्लिखीत विशेषताहरूको अनुभूति हुनका लागि वा लोकतान्त्रिक व्यवस्थाको सौन्दर्यका लागि पूर्वशर्तहरू हुनुपर्ने विश्वास गरिन्छ :**

(क) राजनीतिक दलमा उच्च नैतिकता र विश्वास

(ख) सचेत, शिक्षित र जागरुक नागरिक

(ग) आपसी विश्वास र सहकार्यता

(घ) सशक्त विचारसहितको नागरिक खबरदारी वा नागरिक समाज

(ङ) सार्वजनिक चासोका क्षेत्रमा नागरिकको उच्च संलग्नता

(च) नागरिकमा लोकतन्त्रप्रति विश्वास

(छ) कुशल नेतृत्व, सक्षम, पारदर्शी र जनमुखी प्रशासन

(ज) स्वतन्त्र प्रेश वा स्वच्छ पत्रकारिता

(झ) अधिकार सम्पन्न, क्षमतावान्, स्वतन्त्र र नागरिकप्रति जवाफदेही स्थानीय सरकार

(ञ) राज्य संयन्त्रमा सबै तह र वर्गका नागरिकको समान पहुँच र नियन्त्रण, एवम्

(ट) सबल अर्थतन्त्र, आदि

**लोकतन्त्रका फाईदाहरू :**

विश्वभरनै पछिल्ला दशकहरूमा लोकतान्त्रिकरणको लहर आएको छ । खासगरी एक्काइसौँ शताव्दीको सुरुवातसँगै लोकतन्त्रको अभ्यास गर्ने मुलुकहरूको सङ्ख्या बढेको छ । हुन त धेरै विद्धानले लोकतान्त्रिक व्यवस्थालाई धनीले गरीब माथि, बहुमतले अल्पमत माथि गर्ने शासन हो र लोकतन्त्रको नाममा छाडातन्त्रलाई प्रश्रय दिने व्यवस्था हो भनीआलोचना पनि गरेका छन् । आँफैमा यो पर्याप्त छैन र यसका पनि केही कमजोरीहरू छन् । यो कोमल व्यवस्था भएको र स्वतन्त्रताको अभ्यास गर्ने निहुँमा कहिलेकाहीँछाडातन्त्रको विकास हुनु यसको सवभन्दा ठूलो बिडम्बना हो । यसप्रकारको अनुभूति नेपालमै पनि विभिन्न क्षेत्रमा भइरहेको छ । तथापि अन्य उत्तम विकल्प पहिचान नहुन्जेलसम्म अहिलेसम्म अभ्यासमा भएका व्यवस्थाहरूमध्ये तुलनात्मक रूपमा राम्रो व्यवस्था मानिन्छ यो । यसका केही राम्रा पक्षहरू तल उल्लेख गरिएको छ ।

(क) लोकतान्त्रिक व्यवस्थामा जराधार तहसम्म जनताले अनुभव गर्न सक्ने गरी स्थानीय सरकार क्रियाशील भएको हुन्छ, उनैको माध्यमबाट सर्वसाधारणले दैनिक सेवा प्राप्त गर्ने र स्वायत्तताको अभ्यास गर्न पाउँदछन् ।

(ख) यसले स्वतन्त्र, निष्पक्ष र भयरहित प्रतिस्पर्धात्मक वातावरण सिर्जना गराउनुका साथै सामान्य वर्गका नागरिकहरूले पनि शासनमा सहभागिता जनाउन पाउँदछन् ।

(ग) लोकतन्त्रमा कसैले पनि आफू वञ्चितीमा परेको अनुभव गर्नुनपर्ने हुनालेशान्ति कायम गर्ने वातावरण बनाउँदछ ।

(घ) आवधिक निर्वाचनमार्फत छानिएका प्रतिनिधिहरू शासनमा सहभागी हुने भएकाले निर्णयहरू पारदर्शी र जनमुखी हुन्छन् अर्थात लोकतान्त्रिक व्यवस्थामा नेतृत्व जनताप्रति उत्तरदायी हुन्छ ।

(ङ) जनताका प्रतिनिधिलाई सुध्रने वा अझ जनमुखी काम गर्नका लागि मौका प्रदान गर्नुका साथै जनविरोधी काम गर्ने प्रतिनिधिलाई निर्वाचनको माध्यमबाट दण्डित पनि गर्न सकिन्छ ।

(च) स्वेच्छाचारिता वा मनपरितन्त्रको अन्त्य भई कानुनी शासनको अभ्यास हुन्छ र शक्तिको स्रोत नागरिक हुने भएकाले यसले नागरिक सवृद्धिमा बढोत्तरी ल्याउँदछ ।

**निर्वाचन भनेको के हो ?**

लोकतान्त्रिक व्यवस्थामा प्रतिनिधि छान्ने माध्यम वा प्रक्रिया हो निर्वाचन ।हुन त विश्वमा लोकतन्त्रको अभ्यास नभएका मुलुकले पनि निर्वाचन गर्ने गर्दछन तर सामान्यतः निर्वाचनको अभ्यास लोकतन्त्रको मर्म अनुरूप हुने गरेकाले लोकतन्त्र र निर्वाचन एक अर्काका पर्यायावाची हुनभन्दा पनि फरक पर्दैन । यसैको मद्दतबाट नागरिकहरूले आफ्नो प्रतिनिधि चयन गर्ने तथा कुनै राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रहको माध्यमबाट जनमत व्यक्त गरिन्छ । मतदाताको शासन प्रक्रियामा सहभागिताको माध्यम हो निर्वाचन । लोकतन्त्रमा निर्वाचन आवधिक रूपमा गरिने भएकाले सक्षम दल वा उम्मेदार चयन गर्ने माध्यम हुनुका साथै निर्वाचन भनेको जनताले आफू कसरी वा को मार्फत शासित हुने भनी मत अभिव्यक्त गर्ने प्रारम्भिक आधार पनि हो।निर्वाचन प्रक्रियामा जो सहभागी हुन्छ उसले मात्र लोकतन्त्रको महत्व अनुभूति गर्न पाउँदछ ।

**निर्वाचनको आवश्यकता :**

मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व चयन गर्नका लागि निर्वाचनको अभ्यास गरिने भएकाले यसलाई राजनीतिकप्रक्रिया वा राजनीतिक परिपाटीका लागि गरिने अभ्यासकारूपमा पनि लिइन्छ तर यसको अभ्यास अन्य गैर राजनीतिक संघ संस्थाको नेतृत्व चयन गर्नका लागि पनि गरिने भएकाले यसले सार्वजनिक जीवनमा महत्व पाएको छ । तलका बुँदाहरूमा यसको महत्वका बारेमा संक्षिप्त उल्लेख गरिएको छ :

(क) निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । यसैको माध्यमबाट आवधिक रूपमा नेतृत्व चयन गरिन्छ । नेतृत्वलाई  दण्डित र पुरस्कृत गर्ने लोकतान्त्रिक विधि हो निर्वाचन ।

(ख) जल्दाबल्दा वा अति महत्वपूर्ण राष्ट्रिय समस्याहरूको जनताले आफूमा निहित रहेको सार्वभौम अधिकारको उपयोग तथा जनमत सङ्ग्रहको माध्यमबाट विचार व्यक्त गरी राष्ट्रिय समस्याहरूको स्थायी समाधान खोज्ने माध्यम भएकाले मुलुकमा शान्ति र एक आपसमा विश्वास बढाउन यसले सघाउ पुऱ्याउँदछ ।

(ग) आवधिक निर्वाचनमा सामना गर्नुपर्ने भएकाले जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही हुन प्रेरित गर्दछ ।

(घ) लोकतान्त्रिक पद्धतिको सम्बर्द्धन र विकासमा सघाउ पुऱ्याउँदछ ।

(ङ) शान्तिपूर्ण तरिकाले सरकार वा सत्ताको परिवर्तन गर्न र विवाद समाधान गर्ने माध्यम हो ।

(च) जनतालाई उनैका प्रतिनिधिमार्फत् शासन सञ्चालनमा सहभागिता जनाउन प्रेरित गर्ने माध्यम ।

(छ) हभागितात्मक नीति निर्माणलाई सुनिश्चित गर्दै सरकारका क्रियाकलापमानागरिकको अपनत्व बढाउन ।

(ज) राजनीतिक दललाई आफ्ना मतदाताप्रति उत्तरदायी र जवाफदेही बनाउने माध्यम हो निर्वाचन ।

(झ) लोकतान्त्रिक शासन व्यवस्थाको सवलीकरण वा जनता र राज्यबीचको सम्बन्धको माध्यम हो निर्वाचन ।

**निष्पक्ष निर्वाचनका आधार वा पूर्वशर्तहरू :**

निर्वाचन सबैबेथितिको उपचार होइन तर प्रजातान्त्रिक व्यवस्थामा आवधिक

निर्वाचनको माध्यमबाट अधिकाँश समस्याहरूको प्रक्रियागत रूपमै समाधान हुने गर्दछ । त्यसका लागि केही पूर्वशर्तहरू आवश्यक मानिन्छन् तीयसप्रकार छन्:

(क) निर्वाचन तोकिएको अवधिमा सम्पन्न गरिनु पर्दछ वा आवधिक निर्वाचनको सुनिश्चितता हुनुपर्दछ ।

(ख) दबाबरहित र स्वतन्त्र मतदान तथा मतदानमा समान अधिकार ।

(ग) निर्वाचन सम्पन्न गर्ने सक्षम र स्वतन्त्र निकाय ।

(घ) दलीय स्वच्छ प्रतिस्पर्धा ।

(ङ) स्वतन्त्र सञ्चार र अभिव्यक्तिको स्वतन्त्रता ।

(च) गोप्य मतदानको व्यवस्था ।

(छ) बहुमतको शासन र अल्पमतको कदर वा प्रतिनिधित्वको सुनिश्चितता ।

(ज) अनिवार्य वा स्वेच्छिक मतदान र निर्वाचन प्रक्रियामा पूर्ण सहभागिता ।

**निर्वाचनमा नागरिकको सहभागिता किन ?**

लोकतन्त्र भनेको नागरिकले नागरिकका लागि गरिने शासन हो । लोकतन्त्रमा जति पनि गतिविधि हुन्छन्तीसबै नागरिकको चाहना अनुसार उनैको भलाइका लागि गरिन्छ । नागरिकले के चाहन्छन्, कस्तो परिपाटी चाहन्छन्, प्रतिनिधिमूलक व्यवस्थामा त झन कुन वा कस्तो खालको उम्मेदवार चाहन्छन् ? महिला प्रतिनिधि चाहन्छन् की पुरुष ? आदि नागरिकका भावनाहरूबुझ्न जरुरी हुन्छ एकातिर भने अर्कोतिर निर्वाचनको माध्यमबाट राज्यले जनताले के चाहन्छन् भनेर जनमत वुझ्न खोजिराखेको हुन्छ । शासकीय स्वरूपमा परिवर्तन, निर्वाचन पद्धतिमा परिवर्तन त्यसका लागि संविधान तथा कानुनमा परिवर्तनलगायतका विषयमा राज्यले निर्णय लिने भनेको जनभावनाको आधारमा हो जुनभावना निर्वाचनको माध्यमबाट व्यक्त भएको हुन्छ । निर्वाचनमा जति बढी नागरिकको सहभागिता हुन्छ त्यतिनै राज्यले नागरिकको भावना वुझ्न सजिलो हुन्छ । अतः निर्वाचनमा सक्रिय रूपले सहभागी हुनु नागरिकको राज्यप्रतिको दायित्व हो ।

निर्वाचनमा नागरिकको अधिकाधिक सहभागिता हुनु भनेको नागरिक सशक्तीकरणको सूचक वा शासन पद्धतिमा demand side strengthening को सूचक राम्रो देखिनु हो । जब demand side strengthen हुन्छ वा नागरिक सजग हुन्छन् निर्वाचनलगायत विभिन्न माध्यम बाट अभिमत व्यक्त गर्दछन् तब मात्र supply side वा शासन पनि जनमुखी हुन बाध्य हुन्छ । जहाँ नागरिकको

निष्क्रियता वढ्दछ त्यहाँ शासन जनमुखी हुन सक्दैन र अकर्मण्यता बढ्न जान्छ। अत: चाहे महिला होस वा पुरुष, शहरको होस वा ग्रामीण क्षेत्रको, हिमालको होस वा तराई मधेशको, पुर्वको होस वा पश्चिमको, उच्च वर्गको होस् वा पिछडिएको वर्गको होस्, जात जुनसुकै होस सबै किसिमका वालिग नागरिकको निर्वाचनमा सहभागिता हुने कुरा अधिकार मात्र नभएर समाज र मुलुकप्रतिको नागरिक दायित्व वा कर्तव्य पनि हो ।

**निर्वाचनमा महिला सहभागिताको महत्व :**

विकसित वा विकासशील सबै मुलुकमा महिलाप्रतिको लैङ्गिक दृष्टिकोण अहिलेसम्म पनि विभेदपूर्ण नै छ । रुवाण्डालगायतका केही अफ्रिकी राष्ट्रहरू र युरोपेली मुलुकहरूमा संसद्मा महिलाको उपस्थिति राम्रो देखिन्छ तर पनि औसतमा विश्वभर संसद्का सदस्यहरूमध्ये महिला झण्डै २३ प्रतिशत मात्र छन् (IDEA, 2014) ।

**तालिका २: संसद्मा महिलाको उपस्थिति**

| क्र.स. | देश | सहभागिता (%) | क्र.स. | देश | सहभागिता (%) |
|---|---|---|---|---|---|
| १ | संयुक्तराज्य अमेरिका | १८.५ | ६ | बंगलादेश | २० |
| २ | रुवाण्डा | ६३.८ | ७ | स्वीडेन | ४० |
| ३ | नेपाल | २९.९ | ८ | नर्वे | ३८ |
| ४ | चीन | २३.४ | ९ | डेनमार्क | ३४ |
| ५ | भारत | ११.४ | १० | फिनल्याण्ड | ३४ |

**स्रोत: IDEA,** २०१४

माथिको तालिका विश्वका विभिन्न १० वटा मुलुकका संसद्मा महिलाको उपस्थिति कस्तो छ भन्ने कुरा उल्लेख गरिएको छ। तालिका अनुसार अमेरिका, चीन, भारतजस्ता विश्वका शक्तिशाली मुलुकहरूमै महिला सहभागिता सन्तोषजनक छैन । महिलाको कमजोर सहभागिताले गर्दा ती मुलुकहरूमा पनि महिलाका मुद्दाहरूको उचित सुनुवाइ हुन नसकेको भन्ने विभिन्न अध्ययनहरूको निष्कर्ष रहेको छ ।

घरभित्रको काममा धेरै समय दिनुपर्ने, बाह्य जगत्मा पुरुषको तुलनामा कम सम्पर्क हुने, राजनीतिक गतिविधिमा सहभागिता कम हुने, शिक्षा र चेतनाको कमी, आमाले सार्वजनिक जीवनमा समय दिँदा बालबच्चाहरूले दुःख पाउँछन् भन्ने विश्वास आदि महिलाहरू राजनीतिक क्षेत्रमा कम सहभागी हुनुका जिम्मेवार कारण मानिन्छन् । जब राजनीतिक चासो कम हुन्छ तब मतदानमा सहभागिता पनि कमी नै हुन्छ । नेपाली समाजमा कतै-कतै "चुनाव नलाग्ने छोरो र रत्यौलीमा नरमाउने छोरी कमै हुन्छन्" भन्ने पनि गरिन्छ । यसको मतलब छोरीभन्दा छोराहरू चुनावी गतिविधिमा लाग्नु पर्दछ भनी छोरी राजनीतिमा लागिरहन जरुरी छैन भन्ने अर्थ दिन्छ । परिणाम स्वरूप राजनीतिक तहबाट हुने निर्णयहरू महिलामैत्री कमै हुने गर्दछन् ।

**निर्वाचनमा हुने महिला सहभागिताको अभिवृद्धिले स्वयम् व्यक्ति मात्र लाभान्वित नभई महिला हितका समग्र पक्षमा वकालत गर्ने जनमत पनि सिजना हुन गई समावेशी प्रजातान्त्रिक व्यवस्थाको स्वाद सबै वर्गले अनुभूति गर्न पाउने अवसर प्राप्त हुन्छ । निर्वाचनमा महिला सहभागिताको महत्वलाई तलका बुँदाहरूमा संक्षिप्त रूपमा व्याख्या गरिएको छ :**

### (क) महिला उम्मेदवार निर्वाचित हुने सम्भावना बढी हुन्छ ।

दलीय राजनीतिमा फरक विचार राख्ने दलको उम्मेद्वारलाई सामान्यत मत हालिँदैन तर मतदाताले स्वतन्त्र तरिकाले मतदान गर्न पाउने हो भने महिलाहरू महिलाप्रति नै सहानुभूति बढी राख्दछन् । यदि महिला उम्मेदवार सम्भाव्य विजयी उम्मेदवार हो र महिलाहरू मतदान प्रक्रियामा उल्लेख्य रूपमा सहभागी हुने हो भने महिला उम्मेदवारले नै जित्ने सम्भावना बढी हुने विश्वास गरिन्छ । जब ऐन, कानुन बनाउने स्थानमा महिलाको उल्लेख्य उपस्थिति हुन्छ तब महिलामैत्री ऐनहरू तथा नीतिहरू बन्ने सम्भावना हुन्छ र वास्तविक समावेशिताको अनुभव गर्न सकिन्छ ।

### (ख) महिला सशक्तीकरणको स्तरमा पनि वृद्धि हुन्छ ।

मतदान प्रक्रियामा वा निर्वाचनका हरेक चरणमा उल्लेख्य रूपमा महिला सहभागिता बढ्नुले महिलाको राजनीतिक चेतनाको स्तरमा पनि वढोत्तरी ल्याउँदछ । सामान्यतः नागरिकहरू राजनीतिक हिसाबले सचेत हुनु भनेको

उसले आफ्नो समाज तथा अर्थतन्त्रलाई बुझ्नु वा बुझ्न खोज्नु हो । अतः निर्वाचनमा महिलाको उल्लेख्य सहभागिताले उनीहरूको राजनीतिक मात्र नभई आर्थिक र सामाजिक सवलीकरणको तहमा पनि वृद्धि हुन्छ ।

**(ग) दोस्रो पुस्तालाई समेत फाइदा हुन्छ ।**

राजनीतिक गतिविधिमा हुने संलग्नताले मानिसमा आर्थिक, सामाजिक तथा राजनीतिकतर्क गर्ने, हरेक सवाललाई आफ्नो र आफू रहेको समाजसँग जोडेर हेर्ने, व्याख्या गर्ने र आफ्ना सरोकारका विषयमा सौदावाजी गर्न सक्ने आदि क्षमताको विकास हुन्छ । आमा सचेत हुनु भनेको त्यसको प्रत्यक्ष असर उसका सन्तानको शिक्षा, स्वास्थ्य तथा सामाजिकीरणमा रूपमा पर्ने भएकाले निर्वाचन प्रक्रियामा महिलाहरूको अधिकाधिक सहभागिताले दोस्रो पुस्ताको जीवनमा पनि सकारात्मक प्रभाव पार्दछ ।

**(घ) समावेशी लोकतन्त्रको नारा सार्थक बनाउन सघाउ पुर्‍याउँदछ ।**

"सशक्तीकरणविनाको समावेशीकरण अर्थ हिन हुन्छ" । यदि राजनीति अथवा निर्वाचन प्रक्रियामा बढी भन्दा बढी महिला तथा पिछडिएका वर्गको सहभागिता भयो भने उनीहरूकै वर्गको व्यक्ति उम्मेदवार हुने र जित्ने सम्भावना पनि रहन्छ । यस किसिमको अवस्थामा मात्र सार्थक समावेशी लोकतन्त्रको अनुभूति गर्न सकिन्छ । किनभने जुन वर्गको व्यक्ति नेतृत्वमा पुग्दछ उसले स्वाभाविक रूपमा आफ्ना व्यथाहरूलाई नै अगाडि सार्दछ । उसका आवाजहरूले स्थान पाउने भएकाले महिलाहरूको उल्लेख्य सहभागितामा बन्ने ऐनहरू महिलामैत्री हुने विश्वास गरिन्छ ।

**(ङ) निर्वाचनको वैधतामा वृद्धि हुन्छ ।**

निर्वाचनमा महिलाको सहभागिता बढ्नु भनेको मतदान प्रक्रियामा बढी नागरिकको सहभागिता हुनु हो । जति बढी नागरिक मतदानमा सहभागी हुन्छन् त्यति नै निर्वाचनको वैधतामा पनि वृद्धि हुन्छ । निर्वाचनको वैधतामा वृद्धि हुनु भनेको प्रजातान्त्रिक व्यवस्था सफल हुनु हो ।

**(च) समानुपातिक र सन्तुलित विकासमा सहयोग पुग्दछ ।**

जनसङ्ख्याको ठूलो हिस्सा राजनीतिक हिसाबमा निष्क्रिय भई रहँदा

सशक्तीकरणमा हुने कमी तथा चेतनास्तरमा समसामयिक सुधारको अभावमा एउटा वर्ग सधैं पिछडिएको अवस्थामा हुने र समानुपातिक तथा सन्तुलित विकासको अभियानले कहिल्यै पूर्णता पाउँदैन । अतः बहुमत सङ्ख्यामा रहेका नागरिक (महिलाहरू) राजनीति तथा निर्वाचन प्रक्रियामा उल्लेख्य रूपमा सहभागी हुनुले वर्गीय असन्तुलन कम गर्नमा सहयोग पुग्दछ ।

**(छ) नागरिक सन्तुष्टिको स्तरमा वृद्धि हुन्छ ।**

निर्वाचन प्रक्रियाबाट छनौट भई निर्णय लिने महत्वपूर्ण पदहरूमा महिलाहरू पुग्दा निर्वाचित महिलाको मात्र भई अन्य महिलाले पनि गौरवको अनुभूति गर्दछन् । महिलाको सशक्त उपस्थितिमा महिला मैत्री कानुन तथा नीतिहरू बन्ने सम्भावना बढी हुने भएकाले महिलाको आत्मविश्वास र आत्मसम्मानमा विकास हुन्छ । यसरी महिला लगायत पिछडिएका वर्गका नागरिकको सन्तुष्टिको तह वृद्धि हुनु भनेको मुलुकको राजनीतिक पद्धति सफल हुनु पनि हो ।

# सत्र ६: निर्वाचनका चरणहरूमा समावेशीकरण

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ निर्वाचनलाई समावेशी बनाउन सकिने आधार वा उपायहरू बताउन सक्नेछन् ।<br>≈ निर्वाचन चक्र र यसभित्र लैङ्गिग र समावेशी सम्बन्ध क्रियाकलाप<br>≈ समावेशी निर्वाचनको आवश्यकता वताउन सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्क मन्थन<br>≈ छलफल<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तैः न्यूजप्रिन्ट, मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तैः LCD, Laptop आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस् ।<br>≈ Transparency वा ब्राउन पेपरबाट प्रस्तुति गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस् ।<br>≈ प्रस्तुतिका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस् । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट, विभिन्न रङका मार्करहरू<br>≈ LCD<br>≈ Laptop<br>≈ ब्राउन पेपर तथा मास्किङ टेप<br>≈ मेटाकार्ड |

| | |
|---|---|
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ अघिल्लो सत्रमा छलफल गरिएको निर्वाचनको परिभाषालाई पुनरावलोकन गर्दै समावेशी निर्वाचन के हो भन्ने विषयमा छलफल चलाउनुहोस् ।<br>≈ निर्वाचन चक्रमा कसरी समावेशी बनाउन सकिन्छ भन्ने कुरामा समूह कार्य गर्न सकिन्छ । त्यसका लागि सहभागीको सङ्ख्याका आधारमा ३ समूह विभाजन गर्नुहोस् ।<br>≈ निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात समूहमा विभाजन गर्ने ।<br>≈ ३ समूहलाई प्रस्तुती गर्न लगाउने ।<br>≈ आफूले तयार पारेका सामग्रीहरू प्रस्तुति गर्दै छलफल लाई अगाडि बढाउनुहोस ।<br>≈ निर्वाचनका चरण भनेको के हो ? निर्वाचन प्रक्रियालाई विभिन्न चरणमा विभाजन गर्नुको आवश्यकता तथा महत्व स्पष्ट पार्नुहोस् ।<br>≈ अन्त्यमा मुख्य बुँदाहरू पुनः दोहोऱ्याउँदै सत्रको अन्त्य गर्नुहोस् । |

# ६. सन्दर्भ सामग्री : निर्वाचनका चरणहरूमा समावेशीकरण

**निर्वाचन र समावेशीकरण :**

निर्वाचनमा निर्वाध रूपमा सबै वर्ग समुदायका नागरिकहरूको सहभागिता भएको अवस्थाले निर्वाचनमा समावेशिता वृद्धि भएको पुष्टि हुन्छ । निर्वाचनमा मतदान मात्रै गर्ने नभई राजनीतिक क्रियाकलापमा सक्रिय हुने वा उम्मेदवार समेत भई समाज र मुलुकको सेवा गर्न तत्परता जनाउनु नागरिकको दायित्व वा कर्तव्य हो । निर्वाचन प्रक्रियामा विभिन्न वर्ग क्षेत्र समुदायका नागरिकको जति बढी सक्रियता वा संलग्नता हुन्छ त्यसले उम्मेदवारीमा समावेशिता देखिन्छ । उम्मेदवारीमाहुने समावेशिताले निर्वाचित हुने प्रतिनिधि पनि समावेशी प्रकृतिको हुने सम्भावना बढाउँदछ फलस्वरूप सबै वर्ग समुदायका नागरिकको प्रतिनिधित्व निर्णय लिने स्थानमा हुन जान्छ । त्यसैले जहाँ समावेशी भावनाको शासनको अपेक्षा गरिन्छ त्यहाँ निर्वाचनका प्रारम्भिक चरणदेखि नै निर्वाचनका सरोकारवालाहरूले समावेशिताप्रति सजगता अपनाउनु पर्दछ ।

समावेशिताभित्र केवल महिला र पुरुषको सवाल मात्र नभई अन्य पिछडिएका वर्गका नागरिकहरूको सहभागिताको कुरा पनि पर्दछ तर यहाँनेर महिला सहभागितालाई महत्व दिइएको छ। निर्वाचनमा महिलाहरूको सहभागिता वृद्धि गरी बढीभन्दा बढी समावेशी प्रकृतिको निर्वाचन गर्न वा निर्वाचनलाई समावेशी बनाउनका लागि निर्वाचनसम्बन्धी गतिविधिहरूमा महिलाहरू कम सहभागी हुनाका कारणहरू पहिचान गरी तिनीहरूको उचित सम्बोधन गरिनु पर्दछ। समाजको लैङ्गिक दृष्टिकोण यस सन्दर्भमा बढी जिम्मेवार मानिने भएकाले समावेशी निर्वाचनका लागि लैङ्गिक सशक्तीकरणको माध्यमबाट महिलाहरूलाई राजनीतिमा तथा निर्वाचन प्रक्रियाको मूलप्रवाहमा ल्याउन जरुरी हुन्छ ।

निर्वाचनबाट छानिने नेतृत्व एउटा निश्चित भौगोलिक क्षेत्रका आम नागरिकको प्रतिनिधि हो । पुरुष उम्मेदवार निर्वाचित भए पनि उ, महिला र पुरुष दुवैको प्रतिनिधि हो र महिला निर्वाचित भए पनि ती दुवै वर्गको प्रतिनिधि हुने भएकाले निर्वाचन वा मतदान प्रक्रियामा पनि दुवै (महिला र पुरुष) वर्गको अधिकाधिक सहभागिता हुनु आवश्यक छ । नीति निर्माणको तहमा जुन वर्गको उल्लेख्य उपस्थिति हुन्छ उसैको पक्षमा निर्णय हुने भएकाले पछि परेका वर्गका जनजातिको सहभागितामा वृद्धि गर्नु उपयुक्त हुन्छ । भारतको प्रान्तीय निर्वाचनहरूमा जहाँ महिला मुख्य मन्त्री हुन्छन् ती प्रान्तमा तत्काल भान्सामा

प्रयोग हुने सामानको मूल्यमा कमी र महिलाको क्षमता विकास हुने क्षेत्रमा लगानी बढाउने गरेका उदाहरणहरू भेटिन्छन् । यस किसिमको परिपाटीबाट निर्वाचनमा सकभर महिला उम्मेदवार बनाउन कोशिस गर्ने, महिलाले उम्मेदवारीको अवसर नपाउने अवस्थामा पनि महिलाका मुद्दाको सुनुवाइमा क्रियाशील हुने शर्तमा अन्य उम्मेदवारहरूलाई उल्लेख्य मत दिने गर्दा पनि महिला सशक्तीकरणमा सहयोग पुग्दछ ।

निर्वाचनमा महिला सहभागिता अपेक्षा गरे अनुरूप नहुनुमा विभिन्न पक्षहरू जिम्मेवार हुन सक्दछन् । ती कारक तत्वहरू सबै स्थानमा एकैनासका नभई समुदाय अनुसार फरक फरक पनि हुन सक्दछन् । तिनको पहिचान गरी योजनाबद्ध तरिकाले सम्बोधन गर्न सके मात्र सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको निर्वाचनमा सहभागिता बढ्न जान्छ र त्यो निर्वाचन समावेशी पनि हुन्छ ।

**निर्वाचनसम्बन्धी सवैधानिक व्यवस्था :**

वि.स.२०७२ मा जारी भएको नेपालको संविधानमा महिलालगायत पिछडिएका अन्य वर्गका नागरिकहरूको अधिकाधिक सहभागिताका लागि सह्रानीय व्यवस्थाहरू गरिएका छन् । राष्ट्रपति र उपराष्ट्रपतिले फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था संविधानमा गरिएको छ । यसका लागि निर्वाचक मण्डल जति बढी समावेशी हुन गयो त्यति नै उसले निर्वाचित गर्ने राष्ट्रपति र उपराष्ट्रपति पनि समावेशी स्वरूपको हुने विश्वास गरिन्छ ।

संघीय व्यवस्थापिकाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीको परिकल्पना गरिएको छ जसमा निर्वाचित हुने २७५ सदस्यहरूमध्ये ११० जना समानुपातिक प्रणालीबाट निर्वाचित हुने । समानुपातिकतर्फको निर्वाचनका लागि उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा महिला दलित,आदिवासी जनजाति, खस आर्य (क्षेत्री, ब्राह्मण, ठकुरी संन्यासी (दशनामी)) मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने गरी बन्दसूचीका आधारमा दिनुपर्ने । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ दलित, एक अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जनाका दरले जम्मा ५६ जना निर्वाचित हुने छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट कम्तीमा १ महिलासहित

३ जना मनोनीत हुने व्यवस्था छ । यसरी राष्ट्रिय सभामा जम्मा ५९ सस्दस्य हुन्छन् । संघीय व्यवस्थापिकाका सदस्यहरूमध्ये कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्थाले संघीय संसद् समावेशी बनाउन खोजिएको छ ।

सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एकजना महिला हुने, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने, प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एक जना महिला हुने प्रावधान राखिएको छ । प्रदेश सभाका सदस्यहरू पनि मिश्रित प्रणालीबाट (प्रत्यक्ष बाट ६० र समानुपातिकबाट ४० प्रतिशत सदस्य) निर्वाचन गरिने व्यवस्था संविधानले परिकल्पना गरेको छ । समानुपातिक प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा हुने कुराको सुनिश्चितता भएको छ ।

त्यस्तैगरी, गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्षहरू, गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चारजना महिला सदस्य, गाउँसभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुई जना सदस्य रहेको गाउँ कार्यपालिका गठन हुने व्यवस्था । नगरपालिकाको हकमा प्रमुख र उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्षहरू, नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीनजना सदस्य रहने व्यवस्था रहेको छ । जिल्ला सभाले आफूहरूमध्येबाट ९ सदस्यीय (तीनजना महिला र एकजना दलित वा अल्पसङ्ख्यक सहित) जिल्ला समन्वय समितिको निर्वाचन गर्ने, स्थानीय व्यवस्थापिकामा प्रत्येक वडामा वडाध्यक्ष र चारजना वडासदस्य रहने र वडासदस्यमध्ये कम्तीमा दुईजना महिला सदस्य रहने व्यवस्था नयाँ संविधानमा गरिएको छ ।

माथि उल्लिखित संवैधानिक व्यवस्थाका साथै गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाको प्रमख वा उपप्रमुखमा दलहरुले मनोनयन पत्र दर्ता गराउँदा ५० प्रतिशत महिला हुनुपर्ने व्यवस्था छ । यसले स्थानीय निर्वाचनलाई समावेशी बनाउन खोजिएको अनुभूति हुन्छ ।(यसको विस्तृत विवरण सन्दर्भ सामाग्री ८ मा उल्लेख छ ।)

**निर्वाचनमा समावेशीकरणका बाधक तत्वहरू :**

निर्वाचनलाई समावेशी बनाउन अथवा महिलालाई निर्वाचन प्रक्रियामा बढी भन्दा बढी सहभागी गराउने क्रममा बाधा पुऱ्याउने तत्वहरूका बारेमा पहिला ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। अन्यथा प्रयासहरू अर्थहीन हुन सक्दछन्। ती सम्भाव्य बाधक तत्वहरूका बारेमा तल चर्चा गरिएको छ :

**(क) सामाजिक सास्कृतिक मूल्य मान्यता :**

समाजमा प्रचलनमा रहेका कतिपय त्यस्ता प्रथा परम्परा जसले निर्वाचन मात्रै नभई अन्य सार्वजनिक समारोहमा समेत सहभागी हुन महिलालाई निरुत्साहित गर्दछ। जस्तैः छाउपडी प्रथा भएको सुदूर पश्चिममा महिनावारी भएको समय पऱ्यो भने त्यहाँका महिलाहरू मतदानमा सहभागी हुन पाउँदैनन्। त्यस्तै चलन सुदूर पश्चिममा मात्र नभएर अन्यत्र पनि छ। सुरु-सुरुमा महिनावारी भएको समयमा दाजुभाई, बाबा तथा काकाहरूसँग छोइन मात्र होइन देखिन पनि हुन्न भन्ने चलन अहिले पनि कतिपय सुमदायहरूमा जीवितै छन्। छुवाछूतको चलन कुनै सम्प्रदायमा जीवितै छ। भीडमा जाँदा छुन नहुने जातसँग छोइन्छ जान्न म त भनेर महिलाहरू तर्कन खोज्ने गर्दछन्। अतः सामाजिक साँस्कृतिक मूल्य मान्यता पनि केही हदसम्म वाधकको रूपमा रहेको छ। यसप्रकारको समस्यालाई कम गर्न वहराइन, इजिप्ट, कुवेत, लेवनन्,जोर्डन आदि देशहरूमा महिला र पुरुषका लागि अलग अलग मतदान केन्द्र र महिलाहरूले मात्र मतदान गर्न पाउने मतदान केन्द्रमा सबै महिला कर्मचारी रहने व्यवस्था गरेका छन्। त्यस्तैगरी, पाकिस्तानमा पनि कुनै स्थानमा महिलाका लागि भनेर अलग मतदान केन्द्र र कतै एउटै मतदान केन्द्रमा पनि छुट्टै स्थान वा अलग्गै मतपेटिकामा मत खसाल्न पाउने व्यवस्था गरिएको पाइन्छ। उपरोक्त मुलुकहरूमा घुम्ती मतदान केन्द्रको पनि अभ्यास हुने गरेको पाइन्छ जसले ज्येष्ठ नागरिक, विरामी तथा असक्तहरूलाई पनि मतदानमा सहभागी हुन सहयोग पुगेको र निर्वाचनमा समावेशिता कायम गर्न उल्लेख्य सहयोग गरेको संयुक्त राष्ट्रसंघ तथा IDEA ले गरेका अध्ययनहरूले पुष्टि गरेका छन् (IDEA २०१४, UNDP, and UN Women, २०१५)।

**(ख) परिचय खुल्ने उपयुक्त प्रमाणको कमी :**

ग्रामीण क्षेत्रमा अहिले पनि नागरिकता नहुने महिलाको सङ्ख्या उल्लेख्य छ । नागरिकताको अभावमा राज्यका तर्फबाट प्राप्तहुने अवसर तथा सुविधाहरूबाट वञ्चित हुनुपर्ने कुरामा धेरैलाई ज्ञान नभएकाले पनि त्यसो हुन गएको हो । विवाह दर्ता गर्ने चलन केही बढेको छ तर पनि अधिकाँश दम्पतिले समयमा विवाह दर्ता गराउने गर्दैनन् जसले गर्दा विवाहित महिला जसको बच्चा पनि भइसकेको छ तर विवाह दर्ता प्रमाणपत्रको अभावमा विवाहित हुनुपर्ने प्रावधान भएका सुविधाहरू लिनबाट उनीहरू वञ्चित हुन पुगेका छन् । कतिपय समुदाय तथा स्थानहरूमा अहिले पनि बालविवाहको प्रचलन कायमै छ । बालविवाह जहाँ हुन्छ त्यहाँ विवाह दर्ता गर्न डराउने भएकाले पनि विवाहपश्चात् नागरिकता बनाउने वा सच्याउने आदि कुरामा कमजोरीहरू हुन्छन् । जसका कारण विवाहित महिलाले विवाह भएर गएको ठाउँबाट पाउने मतदानलगायतका सुविधाहरू पाउन सक्दिनन् ।

**(ग) धार्मिक पोशाक लगाउने महिलाको फोटोसहितको परिचयमा समस्या :**

मतदाता नामावलीमा सूचीकृत हुनका लागि फोटोसहितको प्रमाण जरुरी पर्दछ जुन स्वाभाविक पनि हो मतको दुरूपयोग नहोस् भन्नका लागि तर मुस्लिम समुदायका महिलाहरू जो वुर्का लगाउँछन् तिनीहरूलाई कतिपय अवस्थामा पहिचानको समस्या पर्दछ । फोटो खिचाउने समयमा मात्र नभई सम्बन्धित व्यक्ति हो वा होइन भनेर मतदान केन्द्रमा चिन्ने आधार पनि नहुने भएकाले समस्या हुनेगरेका उदाहरणहरू पनि प्रशस्त छन् । यस्तो खालको समस्यालाई मध्यनजर गर्दै अफगानिस्तानमा मतदाता पहिचानका लागि फोटोको सट्टा finger prints को प्रयोग गर्न थालिएको छ भने अस्ट्रेलिया र वेलायतमा परिचय पत्र नम्बर र मतदाता नामावलीमा भएको नम्बर मेल खायो भने मतदान गर्न दिने व्यवस्था अभ्यासमा छ । त्यस्तैगरी, बंगलादेशमा मुस्लिम महिलाले अनुहार ढाक्नका लागि लगाउने गरेको वुर्का झिकेर फोटो खिचाउन सक्ने र मतदानको समयमा वुर्का निकाल्नुपर्ने व्यवस्था लागू गरिएको छ । यसबाट मतदानमा महिला सहभागिता बढ्न गएको र मतको दुरूपयोग गर्ने परिपाटी निरुत्साहित भएको बताइन्छ (OSCE, २०१४) ।

**(घ) महिला साक्षरता न्यून हुनु :**

गर्भावस्थादेखि नै छोरा र छोरीबीच विभेद सुरु हुन्छ । छोरा छोरीले पढ्ने विद्यालय तथा विषय अनि विभिन्न चेतनामूलक गतिविधिको पहुँचमा हुने फरकपन आदिले गर्दा बालिका अवस्थादेखि नै महिलाको चेतनाको स्तर साँगुरिन बाध्य हुन्छ । राजनीति तथा चुनावी अभियानमा हिँड्नका लागि जति पुरुषहरूलाई सहज हुन्छ पारिवारिक जिम्मेवारीहरूले गर्दा महिलालाई सजिलो छैन जसले गर्दा राजनीतिक गतिविधि तथा निर्वाचन अभियानमा सहभागी हुँदाको महत्व बुझ्न पाउँदैनन् । त्यसैले साक्षरता र चेतनामा हुने कमी पनि निर्वाचनमा महिला सहभागिताका बाधकमध्ये एक हो ।

**(ङ) मतदाता नामावली दर्ता गर्ने स्थानसम्म पहुँचमा कठिनाइ :**

एकातिर महिलाहरूले कुन समयमा कुन ठाउँमा गएर मतदाता नामावलीमा सूचीकृत हुने हो भन्ने थाहा पाएका हुँदैनन् अर्कातिर थाहा भए पनि सुरक्षा तथा अन्य कठिनाइका कारणले महिलाहरू एक्लै गएर नामावली दर्ता गराएर फर्किन हिच्किचाउँछन् । म एक जनाले मत नहालेर के होला र भनेर एकजना महिलाले धारणा बनाउँदा ठूलो सङ्ख्यामा महिलाहरूको अनुपस्थिति हुन जान्छ । यो खालको समस्या दुर्गम स्थानमा मात्र नभएर सुगम स्थानका महिलाहरूमा पनि छ । यसलाई समाधानका लागि Canada, Benin, Congo, Iraq लगायत विश्वका ३५ भन्दा बढी मुलुकले Mobile apps को माध्यमबाट घरमै बसी बसी मतदाता नामावलीमा नाम दर्ता गराउने वा तोकिएको अवधिमा अद्यावधिक गर्न सकिने व्यवस्था गरेका छन् (OSCE, २०१४) ।

**(च) कामकाजी सरकारी भाषामा कठिनाइ :**

कतिपय यस्ता समुदायहरू छन् जहाँका नागरिकले सरकारी कामकाजको भाषा बुझ्न सक्दैनन् र सेवा प्रवाह गर्ने निकायको अधिकारीले पनि स्थानीय भाषा नजानेको पर्‍यो भने दोहोरै समस्या पर्दछ । यस्तो कारणले पनि कहिलेकाहीँ महिलाको सहभागिता न्यून हुन जान्छ ।

यी माथि उल्लेख भएका कारणहरूका बारेमा ध्यान पुर्‍याउँदै ती समस्याहरूको समाधान पनि गर्दै जाने हो भने मात्र निर्वाचन प्रक्रियामा महिलाहरूको सहभागिता बढ्न सक्दछ ।

**निर्वाचनका चरणहरू :**

विश्वभर प्रजातान्त्रिक मुलुकहरूमा सामान्यत निर्वाचनका चरणहरू समान किसिमका अपनाउने गरेको पाइन्छ । निर्वाचनको अभ्यासलाई हेर्दा निर्वाचनसँग सम्बन्धित कार्यलाई विभिन्न तीन चरणहरूमा विभाजन गरी सम्पन्न गर्ने गरेको देखिन्छ । तीन चरणभित्रका क्रियाकलापहरू फरक-फरक हुन्छन् र ती क्रियाकलापहरूको कार्यान्वयनमा पनि भिन्नता हुन सक्दछ । निर्वाचनका लागि आर्थिक साधनको उपलब्धता, निर्वाचन गर्ने निकायको सीप तथा दक्षता, जनशक्तिको उपलब्धता, उपलब्ध समय आदिमा पनि क्रियाकलापहरू कसरी सम्पादन गरिन्छ भन्ने कुरा निर्भर गर्दछ । पहिलो चरणका कार्यहरू कुशलतापूर्वक सम्पन्न गर्नाले त्यसपछिका चरणहरूमा गरिने क्रियाकलापहरू पनि समावेशी प्रकृतिको हुने र प्रभावकारी पनि हुने भएकाले कुशल रूपमा निर्वाचन सम्पन्न गर्नका लागि हरेक चरण एक अर्कामा निर्भर हुन्छन् । विभिन्न चरणहरूमा गरिने क्रियाकलापहरूको सम्पादनमा महिला तथा पिछडिएका वर्गको सहभागिता सुनिश्चित हुने कुरामा सजगता अपनाउँदा निर्वाचन प्रक्रियालाई महिलामैत्री वा समावेशी बनाउन सकिन्छ । ती चरणहरू र सो अन्तर्गत सम्पादन गरिने मुख्य क्रियाकलापहरू तल उल्लेख गरिएको छः

**(क) निर्वाचन पूर्व :**

निर्वाचन पूर्वका चरणमा बजेट निर्माण र स्रोत व्यवस्थापन, निर्वाचन समय तालिका र सञ्चालन कार्ययोजनाको निर्माण, राजनीतिक दल दर्ता, राजनीतिक दलको खर्चको सीमा निर्धारण, मतदाता नामावली अद्यावधिक गर्ने, सामग्री व्यवस्था र सुरक्षा प्रबन्ध, आवश्यक जनशक्ति भर्ना, खरिद व्यवस्थापन, तालिम निर्देशिका तर्जुमा र तालिम सञ्चालन, मतदाता तथा निर्वाचनका सम्बन्धमा नागरिक शिक्षा, सरोकारवालाहरूसँग अन्तरसंवाद तथा पर्यवेक्षणको व्यवस्था आदि कामहरू गरिन्छ । तयारी चरणमा गरिने यी क्रियाकलापहरू जति कुशलतापूर्वक गर्न सकियो त्यति नै त्यसपछिका चरणहरू पनि प्रभावकारी बनाउन सहयोग पुग्ने भएकाले निर्वाचनमा महिला सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउने खालका क्रियाकलापहरू जस्तैः मतदाता नामावली अद्यावधिक गर्नका लागि सहज तरिकाहरू, मतदाताको सुरक्षा, महिलामैत्री निर्देशिकाहरू निर्माण तथा सो अनुसारका प्रचार सामग्री निर्माण वितरण आदि कुरामा सजगता अपनाउँदै कार्यक्रम र बजेट विनियोजन गर्नुपर्दछ ।

**(ख) निर्वाचन अवधि :**

तीनवटा चरणहरूमध्ये यो सबभन्दा बढी संवेदनशील चरण हो । यही चरणका क्रियाकलाप वा गतिविधि हेरेर निर्वाचन वा मतदान प्रक्रियालाई कसरी व्यवस्थापन गरियो भनेर आँकलन गर्ने गरिन्छ । निर्वाचन पूर्व गरिने तयारीमा पनि यो निर्भर गर्दछ तथापि अघिल्लो चरणको सफलता हुँदा हुँदै पनि यो चरणमा केही कमी कमजोरी देखिँदा समग्र निर्वाचन प्रक्रियामा नै कमजोरी भएको सर्वसाधारणले अनुभव गर्न सक्ने भएकाले यसलाई महत्वपूर्ण चरण मान्ने गरिन्छ। निर्वाचन अवधिभित्र गरिने क्रियाकलापहरूमा आचारसंहिता निर्माण, उम्मेदवारी दर्ता, मतपत्र छपाइ र वितरण, सञ्चार माध्यमको पहुँच स्थापना वा प्रचार प्रसार, विशेष वा बाह्य मतदान, मतदान र मतगणना, परिणाम तालिकाको निर्माण, आधिकारिक परिणाम, उजुरी सङ्कलन र विवाद निरूपण आदि क्रियाकलापहरू निर्वाचन अवधिमा सम्पन्न गरिन्छ । माथि उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा महिलाहरूलाई निर्वाचन अभियानमा कसरी बढीभन्दा बढी अग्रसर गराउन सकिन्छ भन्ने कुरामा ध्यान दिन सकिन्छ, जस्तैः प्रचार प्रसार सामग्रीमा महिलाको प्रयोग, साक्षरता अभियानमा महिलाको प्रयोग, महिलाका उजुरीलाई प्राथमिकतामा राखी सुनुवाइ गर्ने, मतगणना स्थल महिलामैत्री वा सुरक्षाका हिसाबले सबल हुनुपर्ने, पर्याप्त सङ्ख्यामा महिला सुरक्षाकर्मीको व्यवस्था आदि कुरामा ध्यान दिनु उपयुक्त हुन्छ ।

**(ग) निर्वाचनपश्चात्**

यो निर्वाचन व्यवस्थापनको अन्तिम चरण हो । निर्वाचनको अन्तिम परिणाम घोषणा भइसकेपछि यो चरणको काम प्रारम्भ हुन्छ । यसमा पनि निर्वाचनका अघिल्ला चरणहरूमा जस्तै केही महत्वपूर्ण क्रियाकलापहरू सम्पन्न गर्ने गरिन्छ । ती क्रियाकलापहरूमा परीक्षण, अभिलेखीकरण, अनुसन्धान तथा मूल्याङ्कन, कानुन सुधारका लागि मस्यौदाको तयारी, निर्वाचन प्रणाली एवम् निर्वाचन क्षेत्र निर्धारण, मतदाता नामावली अद्यावधिक, निर्वाचन आयोगको आन्तरिक सुधार, निर्वाचन सुधारका लागि सञ्जाल निर्माण, संस्थागत सवलीकरण तथा व्यावसायिक विकास आदि पर्दछन् । यी कामका साथै निर्वाचनको समग्र मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, निर्वाचन पर्यवेक्षण संस्थाहरूका प्रतिवेदनहरू प्राप्त गर्ने र आयोग स्वयम् तथा

पर्यवेक्षणमा संलग्न संस्थाहरूका प्रतिवेदनहरूसमेत विश्लेषण गरी देखिएका कमी कमजोरीहरू हटाउन रणनीतिक योजना निर्माणको आधार तयार पार्ने काम हुन्छ । यो चरण खासगरी निर्वाचनका समग्र पक्षको मूल्याङ्कन गर्ने चरण भएकाले महिलाहरूको सहभागिता कस्तो रह्यो ? महिला सहभागिता अपेक्षा गरे अनुरूप नभएको भए के कमजोरीहरू रहे ?कसरी तिनलाई समाधान गर्न सकिन्छ भन्ने विषयमा अलि बढी विश्लेषण गर्न सकियो भने पनि आगामी निर्वाचनमा महिला सहभागिता बढाउन सफलता मिल्दछ ।

## निर्वाचन चक्र



## १. निर्वाचन प्रणालीको निर्धारण :

मिश्रित (पहिलो हुने निर्वाचित हुने र समानुपातिक) निर्वाचन प्रणाली अपनाउँदा बढीभन्दाबढी समावेशी प्रकारको सहभागिता हुन सक्दछ । नेपालको संविधानको धारा ८४ र १७६ ले पनि यही परिकल्पना गरेको छ। नेपालमा विगतमा सम्पन्न भएका संविधान सभाको निर्वाचनमा पनि प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका वर्गका व्यक्तिहरूले समानुपातिक पद्धतिको माध्यमबाट संविधानसभामा सहभागी हुने अवसर पाएका थिए । वि.सं. २०५६ को निर्वाचनमा प्रतिनिधि सभामा केवल १२ जना (५.८५ प्रतिशत) महिलाहरूको सहभागिता थियो भने वि.स. २०७० मा सो बढेर संविधानसभामा झण्डै २५ प्रतिशत पुग्यो (निर्वाचन आयोग, २०७०)।

## २. निर्वाचन कानुन तथा निर्देशिका निर्माण, परिमार्जन र सुधार :

स्थानीय निर्वाचन सम्बन्धमा केही समय अगाडि व्यवस्थापिका संसद्ले पारित गरेको विधेयकमा स्थानीय तहको निर्वाचनमा प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एकजना महिला हुनुपर्ने व्यवस्था गरियो । समावेशितालाई संस्थागत गर्ने दिशामा यो राम्रो प्रयास हो। यसैगरी, कानुन तथा निर्देशिका निर्माण गर्दा समावेशी बनाउने मनसाय राखियो भने निर्वाचनलाई समावेशी बनाउन सकिन्छ।

## ३. निर्वाचन क्षेत्र निर्धारण :

सामान्य वर्गका नागरिकले माथिल्लो हैसियतका व्यक्तिसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । आर्थिक तथा सामाजिक विभिन्न कारणहरूले उनीहरूको सक्षमताको तह फरक हुन्छ । अतः निर्वाचन क्षेत्र निर्धारण गर्दा वा स्थानीय तहको सीमा निर्धारण गर्दा जनसङ्ख्या र भूगोलका अतिरिक्त एकै प्रकारका सामाजिक सांस्कृतिक सम्बन्ध भएका नागरिकहरूबीच नै प्रतिस्पर्धा हुने वातावरण बनाउन सके निर्वाचनलाई बढी प्रतिस्पर्धात्मक र समावेशी बनाउन सघाउ पुग्दछ। उदाहरणको रूपमा मकवानपुर जिल्लाको हाँडीखोला गाविसको वडा नं ७ को एउटा गाउँमा ८० जना जतिको सङ्ख्यामा लोपोन्मुख वनकरियाहरूका बसोबास रहेको छ । वनकरिया नेपालमा अन्यत्र कहीँ पनि छैनन् तर त्यस्तै अल्पसङ्ख्यकहरू धेरै छन्। वडा विभाजनको क्रममा कमसेकम त्यस्ता समुदायलाई दुई तीनतिर विभाजन

नगर्दा उनीहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुग्दछ ।

**४. निर्वाचन कार्य तालिका निर्माण :**

निर्वाचनसम्बन्धी समय तालिका निर्माण गर्दा सकभर सबै वर्ग, क्षेत्र, समुदायका नागरिकको सहभागिता सुनिश्चित हुने कुरामा ध्यान पुऱ्याउनु पर्दछ । वर्षाको समयमा किसानहरू बेफुर्सदी हुन्छन् ग्रामीण दुर्गम स्थानहरूमा आवत जावत गर्न कठिन हुन्छ । जाडो समयमा उच्च हिमाली भेकमा मतदाताहरू गाउँ बाहिर हुन्छन् । कुनै महत्वपूर्ण चाड वा पर्वको समयमा पनि सो समुदायले निर्वाचनमा सहभागिता जनाउँदैन । अतः माथि उल्लिखित कुराहरूमा विचार पुऱ्याई निर्वाचन कार्यतालिका बनाउँदा सबैको सहभागिता हुने विश्वास गरिन्छ ।

**५. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक :**

सबै समुदायका नागरिकले समान तहमा निर्वाचनको महत्व बुझेका हुँदैनन् । मतदाता नामावलीमा आफ्नो नाम सूचीकृत भए नभएको बारेमा चासो राख्दैनन् । फलस्वरूप महिला तथा पिछडिएका वर्गका नागरिकहरू मतदानबाट वञ्चित हुन पुग्दछन् । अतः मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काम कोही पनि नछुटून भन्ने मनसायले गरिनु पर्दछ ।

**६. निर्वाचनका सरोकारवालाहरूसँग छलफल, परामर्श तथा अन्तरक्रिया :**

निर्वाचनका सरोकारवालाहरू धेरै प्रकारका हुन्छन् । क्षमता र हैसियत फरक-फरक हुने भएकाले निर्वाचनमा तिनीहरूको भूमिका पनि फरक हुन्छ । जस्तै : महिलाहरू निर्वाचनमा बढीभन्दा बढी सहभागी होऊन् भन्ने चाहना राख्ने हो भने महिलासँग सम्बन्धित संस्थाहरू, समूहहरूसँगको निरन्तरको छलफल, परामर्श र अन्तर्क्रिया बढी फलदायी हुन सक्दछन् । त्यस्तैगरी, ग्रामीण समुदायमा मतदाता शिक्षाका लागि त्यहीँ क्रियाशील गैरसरकारी संस्थाहरू परिचालन गरिनु उचित हुन्छ । किनभने स्थानीय स्तरमा परिचित ती संस्थाहरूसँग सरकारी निकायको तुलनामा महिला तथा पिछडिएका वर्ग बढी खुल्न सक्दछन् । यसले पनि समावेशितालाई सुनिश्चित गर्न सघाउ पुऱ्याउँदछ ।

## ७. मतदान केन्द्रहरूको निर्धारण :

मतदान केन्द्र सकभर धेरैलाई पायक पर्ने वा अनुकूल हुने किसिमको हुनुपर्दछ ताकि धेरै मतदाता मतदानमा सहभागी हुन सकून् । महिला, दलित तथा अपाङ्गमैत्री हुँदा ती वर्गका नागरिकहरूको सहभागिता अलि सहज हुन्छ । मन्दिर परिसरलाई मतदान केन्द्र तोकियो भने ब्राह्मण क्षेत्री वा हिन्दु समुदायका महिलाहरू महिनावारी भएको समयमा प्रवेश गर्न मान्दैनन् जसले महिला सहभागिता कम हुन सक्दछ । अतः यो पक्षलाई पनि सूक्ष्म तरिकाले ध्यान दिनुपर्दछ ।

## ८. निर्वाचन सामग्री व्यवस्थापन :

निर्वाचन सामग्री निर्माण गर्दा महिलालाई निर्वाचनमा सहभागी हुन प्रेरणा मिल्ने खालका बनाउनु पर्दछ । स्थानीय भाषा, संस्कृति तथा प्रचलनलाई ध्यान दिँदै महिलालाई निर्वाचन सहभागी हुन उत्प्रेरणा जगाउने खालको र सर्वसाधारणले सजिलै बुझ्न र प्रयोग गर्न सक्ने गरी तयार गरियो भने निर्वाचनमा महिला सहभागिता बढाउन र निर्वाचन प्रक्रिया तथा परिणामलाई पनि समावेशी बनाउन सघाउ पुग्दछ ।

## ९. जनशक्ति आँकलन र परिचालन :

निर्वाचन तथा मतदान प्रक्रियालाई व्यवस्थित गर्नका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्दा उपयुक्त सङ्ख्यामा महिला कर्मचारी तथा सुरक्षाकर्मी परिचालन गर्नुपर्दछ जसले महिला मतदाताले मतदान केन्द्रमा आफू सुरक्षित भएको अनुभूति गरून् ।

## १०. निर्वाचन प्रशिक्षण :

प्रशिक्षण सामग्री विकास गर्दा वा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा स्थानीय सवालहरू जो निर्वाचनमा महिला सहभागिता बढाउन बाधक छन् तिनको प्रभावलाई कम गर्ने गरी तयारी र सञ्चालन गर्नुपर्दछ । जस्तैः राजनीति, निर्वाचन प्रक्रिया वा मतदानमा महिलाको सहभागिता न्यून हुनुमा लैङ्गिक सोच कारक हो भने सोही विषयमा प्रशिक्षणलाई केन्द्रित गर्नुपर्दछ ।

## ११. निर्वाचन र मतदाता शिक्षा कार्यक्रम :

मतदाता शिक्षा सबै स्थान, वर्ग वा लिङ्गका नागरिकलाई समान खालको जरुरी वा व्यावहारिक दुवै नहुन सक्दछ । मतदाताको शैक्षिक वा चेतनाको स्तर आदिलाई सोच विचार गरी मतदाता शिक्षा चलाउनु पर्दछ । यसका लागि माध्यम चयन गर्दा सबभन्दा प्रभावकारी के हुन्छ त्यसलाई प्रयोग गर्नुपर्दछ । महिलाहरू आमसभामा सहभागी हुन कठिनाइ हुने अवस्था रेडियो तथा टेलिभिजनबाट प्रसारण गरिने सामग्री उनीहरूका लागि व्यावहारिक हुन सक्दछ ।

## १२. निर्वाचन सुरक्षा व्यवस्था :

सुरक्षाकर्मी परिचालन गर्दा उपयुक्त सङ्ख्यामा महिला सुरक्षाकर्मीको व्यवस्था गरिनु पर्दछ जसले महिलाहरूलाई मतदान केन्द्रमा भोगेका सुरक्षासँग सम्बन्धित कठिनाइहरू व्यक्त गर्न सघाउ पुग्दछ र आफू सुरक्षित भएको अनुभूति गर्दछन् ।

## १३. निर्वाचन आचार संहिताको कार्यान्वयन :

निर्वाचनलाई स्वच्छ, सुरक्षित तथा पारदर्शी बनाउनका लागि निर्माण गरिने आचार संहिताको अनुभव गर्न सकिने गरी लागू गर्न सक्नुमा समावेशी निर्वाचन निर्भर गर्दछ । अशिक्षा र गरीबी व्यापक भएको समुदायमा कसैले मतदातालाई प्रलोभनमा पार्‍यो भने निर्वाचनको नतिजा अनपेक्षित हुन सक्दछ । अतः निर्वाचन आचार संहिताको कडाइका साथ लागू हुँदा धेरै रकम खर्च गर्न नसक्ने महिलाले पनि निर्वाचनमा उम्मेदवारी दिने तथा महिला मतदाता पनि मतदानमा सक्रिय हुने अवसर मिल्दछ ।

## १४. निर्वाचन पर्यवेक्षण र अनुगमन :

निर्वाचन मर्यादित होस् भन्नका लागि पर्यवेक्षणको व्यवस्था गरिन्छ । यसरी गरिने पर्यवेक्षण टोलीमा उल्लेख्य सङ्ख्यामा महिलाको सहभागिताले निर्वाचन व्यवस्थापनको सारा प्रक्रिया समावेशी बनाउनका लागि वातावरण बन्दछ । अतः समावेशी निर्वाचनका लागि यो पनि एउटा माध्यम हुन सक्दछ ।

**१५. मतदान केन्द्रको तयारी र मतदान :**

मतदान केन्द्र तोक्दा सकभर सबैलाई समान हिसाबले पायक पर्ने स्थान चयन गर्नुपर्दछ । त्यसैगरी, मतपेटिकाको सुरक्षा, विशेषगरी गर्भवती र बच्चासँगका महिलालाई लाइनमा बस्न अनुकूल हुने स्थानको चयन, महिला र पुरुषका लागि अलग-अलग शौचालय, होहल्लारहित वातावरण निर्माण गर्न सकेमा महिलाहरू सहज रूपमा निर्धक्क तरिकाले मतदानमा सरिक हुन्छन् अन्यथा मतदान गर्न नजान पनि सक्दछन् वा गएर पनि त्यसै फर्किन सक्दछन् ।

**१६. मतगणना र परिणाम घोषणा :**

मतगणना स्थल महिला उम्मेदवार, दल तथा उम्मेदवारका प्रतिनिधिका लागि उपयुक्त हुनुपर्दछ । सामान्यत मतपेटिका सङ्कलन भइसकेपछि मतगणना कार्य प्रारम्भ गर्नुपर्ने भएकाले रात दिन जुन समय भए पनि महिलाले सुरक्षाको अनुभूति हुने मतगणना स्थान चयन गरिनुपर्दछ जसले महिला सहभागिता बढाउन मद्दत गर्दछ ।

**१७. प्रतिवेदन र पृष्ठपोषण :**

निर्वाचन प्रक्रिया पूरा भएपछि निर्वाचनको समीक्षा गर्दै प्रतिवेदन तयारी गरिन्छ । सवल र दुर्वल पक्षहरूको विश्लेषण गरी तयार गरिने उक्त प्रतिवेदनमा आगामी निर्वाचन अझ बढी कसरी समावेशी बनाउन सकिन्छ वा महिलाहरूलाई निर्वाचनमा आकर्षित गर्न सकिन्छ भन्ने कुराको सुझाव वा पृष्ठपोषण प्राप्त हुन सके आगामी दिनमा हुने निर्वाचनलाई अझ बढी समावेशी बनाउन सघाउ पुग्ने विश्वास गरिन्छ ।

# सत्र ७: राजनीति र निर्वाचनमा महिला सहभागिता, वृद्धिका उपाय

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ सहभागिता के हो ? निर्वाचनमा महिला सहभागिताको अवस्था र महत्वका बारेमा बताउन सक्नेछन् ।<br>≈ निर्वाचनमा महिला सहभागिता वृद्धिका चुनौती तथा सवालहरू बताउन सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न र ङ्का), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop को व्यवस्था मिलाउनुहोस् ।<br>≈ आवश्यक पावरपइन्टस्लाइड्स् र विद्युतीय उपकरण जस्तैः LCD, Laptop/Computer आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस् ।<br>≈ ब्राउन पेपरबाट प्रस्तुति गर्ने भए त्यसको क्रम मिलाएर राख्नुहोस् ।<br>≈ प्रस्तुति वा प्रभावकारी सिकाइका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस् । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ विभिन्न रङ्गका मार्कर<br>≈ LCD |

| | |
|---|---|
| | ≈ Laptop<br>≈ मास्किङ टेप<br>≈ मेटाकार्ड तथा ब्राउन पेपरहरू |
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ सहभागिता शब्दको प्रयोग व्यापक हुने गर्दछ । के हो सहभागिता, कसरी वुझ्नु भएको छ भनेर सहभागीको विचार सुन्ने र सहभागीहरूबाट आएका कुराहरू न्यूजप्रिन्टमा टिप्ने गर्नुहोस् ।<br>≈ सहभागीबाट आएका विचारमा थप प्रस्ट पार्नुहोस् ।<br>≈ आयोजनाका क्रियाकलाप वा अन्य सरोकारका विषयमा लाभग्राहीको सहभागिताबाट के कस्ता फाइदा हुन्छ र सहभागितालाई कसरी विभाजन गर्न सकिन्छ भनेर सहभागीको धारणा बुझ्नुहोस् ।<br>≈ सहभागिताका प्रकारहरू वा तहहरू एक एक गरेर प्रस्ट पार्नुहोस ।<br>≈ नेपालमा राजनीति तथा निर्वाचनमा महिला सहभागिता उपाय र चुनौतिका बारेमा छलफल गर्नुहोस् ।<br>≈ अन्त्यमा मुख्य बुँदाहरू पुनः दोहोऱ्याउँदै सत्रको अन्त्य गर्नुहोस् । |

# ७. सन्दर्भ सामग्रीः राजनीति र निर्वाचनमा महिला सहभागिता, वृद्धिका उपाय

**सहभागिता :**

सहभागितालाई समय, सन्दर्भ, समुदाय वा आवश्यकता अनुसार फरक परक तरिकाले व्याख्या वा परिभाषा गर्न सकिन्छ, किनभने यसको परिभाषा निरपेक्ष हुन सक्दैन । एउटै व्यक्तिको जीवनमा पनि उमेर र समय अनुसार फरक-फरक किसिमको आवश्यकता पर्दछ जसको परिपूर्तिका लागि सोही किसिमको सहभागिताको पनि जरुरी पर्दछ । त्यसैले यसको परिभाषामा पनि एकरूपता पाउन सकिँदैन । आवश्यकतासंगै सहभागिताको स्वरूप पनि परिवर्तन हुँदै जाने गर्दछ ।

Economic Commission for Latin America ले सन् १९७३ मा गरेको परिभाषा अन्य विद्वान्हरूले गरेको परिभाषाभन्दा अलि सरल छ। उसका अनुसार सार्वजनिक कार्यक्रमहरूमा हुने स्थानीय नागरिकहरूको योगदानलाई सहभागिता भनिन्छ, त्यो सहभागिता सामग्री दिएर, श्रम दिएर, समय दिएर वा नगद दिएर पनि हुन सक्दछ। Cohen र Uphoff ले सन १९७७ मा सहभागिता भनेको निर्णयका हरेक चरणमा स्थानीय नागरिकको संलग्नता हो भनेका छन् । विश्व खाद्य तथा कृषि सङ्गठन (FAO) ले Cohen र Uphoff को यही परिभाषामा सहमति जनाउँदै नागरिकको आफ्नै सङ्गठनमार्फत स्वतस्फूर्त रूपमा निर्णयका हरेक चरणमा हुने संलग्नता सहभागिता हो भनेको छ। सहभागिताको सम्बन्ध प्रत्यक्ष रूपमा आवश्यकतासँग हुन्छ र सामाजिक जीवनमा मान्छेले सोही अनुरूपको संलग्नता जनाएको हुन्छ । अतः आफ्ना आवश्यकता सम्बोधनार्थ नागरिकहरू स्वतस्फुर्त रूपमा सङ्गठित भई सामाजिक, आर्थिक तथा राजनीतिक गतिविधिमा निरन्तर रूपमा हुने सक्रिय संलग्नता वा क्रियाशीलता नै सहभागिता हो ।

वर्तमान समयमा सहभागिता शब्दको प्रयोग अत्यधिक हुने गरेको छ । विश्वजगत्मा यसको अभ्यास सन् १९७० को दशकमा हुन थालेपछि नेपालमा पनि यसलाई अवलम्बन गर्न थालियो । खासगरी, विकेन्द्रीकरण ऐन २०३९ कार्यान्वयनमा आएपछि जनसहभागितामा आधारित विकासका लागि समूह अवधारणाको प्रयोग गरियो र विशेषत सामुदायिक वनको अवधारणा नेपालमा सहभागितात्मक विकासको अवधारणा अनुरूप आएको हो । केही हदसम्म

नेपालमा सामुदायिक वन अवधारणा सफल पनि मानिन्छ । अचेल विकास विषयमा केन्द्रदेखि गाउँ तहसम्म सहभागिता भन्ने शब्दले असाध्य महत्व पाएको छ । राज्यका हरेक गतिविधिमा अहिले नागरिकको सहभागिता उल्लेख्य रूपमा बढेको छ पनि भनिन्छ तर उक्त सहभागिताको प्रकृति तथा अवस्थाका बारेमा त्यति धेरै चर्चा हुने गरेको पाईंदैन ।

**निर्वाचनमा महिला सहभागिताको अवस्था :**

नेपालमा वि.सं. २००४ मा २ वटा र २००९ मा २ वटा गरी विभिन्न नगरपालिकाका लागि निर्वाचन भएको थियो तर वि.सं. २०१० साल भदौ १७ गते काठमाडौ नगरपालिकाको निर्वाचनमा मात्र महिलाहरूले मताधिकार पाएका थिए । उक्त निर्वाचनमा महिलाले मतदान मात्र नगरी उम्मेदवारी पनि दिएका थिए । फलस्वरूप काठमाडौ नगरपालिकाको वडा नं ८ को वडाध्यक्षमा साधनादेवी निर्वाचित भएकी थिइन् जो नेपालको पहिलो महिला जनप्रतिनिधिको इतिहास राख्न सफल भइन् (निर्वाचन आयोग, २०७३) । स्थानीय निकायको निर्वाचनले निरन्तरता पाएको भए अहिलेसम्म महिलाको राजनीतिक सहभागिता बढाउनमा सहयोग पुग्ने थियो ।

नेपालमा वि.सं. २०१५ सालमा संसद्का लागि सम्पन्न भएको पहिलो आम निर्वाचनमा १०९ जना सदस्यमध्ये एकजना मात्र महिला (द्वारीकादेवि ठकुरानी) निर्वाचित भएकी थिइन् । तत्पश्चात् पञ्चायती व्यवस्थामा हुने गरेका निर्वाचनमा पनि महिलाको सहभागिता नगण्य मात्र पाइन्छ। तालिका ३ अनुसार, राष्ट्रिय पञ्चायतमा राजाले मनोनीत गरेका सदस्यसमेत गणना गर्दा कुल सङ्ख्यामा केही राम्रो देखिए पनि निर्वाचित हुनेको सङ्ख्या कम छ ।

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् खुला राजनीतिक वातावरणमा महिलाहरूले न्यून रूपमा भए पनि खेल्ने अवसर पाएँ । कतिपय महिलाले राम्रै हैसियत पनि पाए र आफूलाई सक्षम पनि सावित गराए । स्वर्गीय मंगलादेवी सिंह, सहाना प्रधान, शैलजा आचार्यहरू २०४६ अघिदेखि नै चर्चामा रहेका थिए र तत्पश्चात् पनि उनीहरूको भूमिका मुलुकको राजनीतिमा उल्लेख्य रहन पुग्यो ।

वि.स. २०५४ मा भएको स्थानीय निकायहरूको निर्वाचनमा पनि निर्वाचित महिला पदाधिकारीको सङ्ख्यामा खासै सुधार भएको थिएन । उक्त निर्वाचनमा कुल ३९१३ जना गाविस अध्यक्षहरूमध्ये केवल २० जना अर्थात् ०.५१

प्रतिशत र उपाध्यक्षहरूमध्ये १४ जना अर्थात् ०.३६ प्रतिशत मात्र महिलाहरू निर्वाचित भएका थिए । यसैगरी, ३५,२१७ वडा अध्यक्षहरूमध्ये गाउँ विकास समितिमा केवल २४० जना अर्थात् ०.६८ प्रतिशत मात्र महिला निर्वाचित भएका थिए ।

नगरपालिकाको प्रमुख र उपप्रमुखमा त एक जना पनि महिला निर्वाचित भएका थिएनन् भने वडा अध्यक्षहरूमा केवल ३ जना अर्थात् ०.६९ प्रतिशत महिला निर्वाचित भएका थिए । जिल्ला विकास समितिका ७५ जना सभापतिहरूमध्ये एक जना पनि महिला सभापति थिएनन् । उपसभापतिहरूमध्ये केवल १ जना अर्थात् १.३ प्रतिशत महिला उपसभापति निर्वाचित भएका थिए । यसरी निर्वाचित हुनेमा जयन्ती राई भोजपुर थिईन् (निर्वाचन आयोग, २०७३) ।

पछिल्लो समयमा मुलुकको प्रमुख पदहरूमा महिलाहरू एकैसाथ पुग्ने संयोग पनि अहिले नेपालमा मिलेको छ। राज्य प्रमुख, न्यायलय प्रमुख र संसद्को प्रमुख पनि महिला नै भएको अवस्था छ। यसका अलावा अन्य केही महिलाहरू पनि राजनीतिमा अङ्ग्रणी स्थानमा छन् तथापि उनीहरूको सङ्ख्या असाध्य कम छ र क्षमता र भूमिका जुन रूपमा हुनुपर्थ्यो त्यो पनि हुन सकेको छैन् । नेपालमा पनि १० वर्षे विद्रोहपश्चात् मध्य तथा सुदूर पश्चिममा धेरै महिला राजनीतिमा देखिनु द्वन्द्वको सकारात्मक प्रभावको रूपमा लिन सकिन्छ। कतिपय महिलाहरू सहानुभूतिका आधारमा अघि आए भने धेरैले स्वयम् क्षमता विकास गरेर राजनीतिमा आए र केही हदसम्म सफल पनि भएका छन् । प्रशासनिक क्षेत्रमा पनि सहभागिताको सङ्ख्या बढेको छ ।

०६२/०६३ को लोकतान्त्रिक आन्दोलनपछिका संविधानसभाका निर्वाचनहरूमा मिश्रित प्रणाली अपनाएपछि महिला सहभागिता बढ्न गएको छ तर महिलाको सहभागितामा जति सुधार भएको छ त्यो सन्तोष मान्ने स्तरको भने छैन । आर्थिक, सामाजिकलगायतका विविध कारणहरूले गर्दा महिलाको राजनीतिक जीवन त्यति लामो र गुणात्मक हुन अझै सकेको छैन । त्यसैले सहभागिताका बारेमा छलफल गर्दा वा अध्ययन गर्दा खासगरी दुई वटा कुरामा बढी महत्व दिनुपर्दछ। राष्ट्रिय पञ्चायतको निर्वाचन, प्रतिनिधिसभा निर्वाचन र संविधानसभा निर्वाचनको महिला सहभागिताको विवरण तालिका ३ मा समावेश गरिएको छ ।

**तालिका ३: केन्द्रीय तहमा महिला महिला सहभागिताको अवस्था**

| निर्वाचन वर्ष | निकाय | कुल सदस्य | महिला प्रतिनीधित्व | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | | | जम्मा | प्रतिशत |
| | | | निर्वाचित | समानुपातिकमा | मनोनीत | | |
| २०३८ | राष्ट्रिय पञ्चायत | ७५ | २ | ० | ४ | ६ | ८.० |
| २०४३ | राष्ट्रिय पञ्चायत | ७५ | २ | ० | ५ | ७ | ९.३ |
| २०४८ | प्रतिनिधि सभा | २०५ | ८ | ० | ० | ८ | ३.९ |
| २०५१ | प्रतिनिधि सभा | २०५ | ९ | ० | ० | ९ | ४.४ |
| २०५६ | प्रतिनिधि सभा | २०५ | १२ | ० | ० | १२ | ५.९ |
| २०६४ | संविधान सभा | ६०१ | ३० | १६१ | ६ | १९७ | ३२.८ |
| २०७० | संविधान सभा | ६०१ | १२ | १६२ | ० | १७३ | २८.८ |

**स्रोत: निर्वाचन आयोग, २०७३**

वि.स. २०४६ को राजनीतिक परिवर्तनपश्चात् खुला राजनीतिक पद्धतिमा प्रवेश भएपछि राजनीति तथा सामाजिक जीवनका विभिन्न जिम्मेवारीमा महिलाको सहभागिता क्रमशः वढ्न गएको पाइन्छ । गाविस तथा नपाका वडाहरूमा कम्तीमा एकजना महिला सदस्य हुनुपर्ने भन्ने प्रावधानले गर्दा स्थानीय निकायमा महिलाको उपस्थिति केही बढ्न गयो । तलको तालिकामा वि.स.२०४७ पछिको संसद्मा महिलाको उपस्थिति प्रस्तुत गरिएको छ :

**तालिका ४: प्रतिनिधि सभा तथा अन्तरिम व्यवस्थापिका-संसदमा महिलाको प्रतिनिधित्व**

| वर्ष/अवधि | सङ्ख्या (जना) | प्रतिशत |
|---|---|---|
| २०४८ | ८ | ३.९ |
| २०५१ | ९ | ३.४ |
| २०५६ | १२ | ५.८५ |
| अन्तरिम व्यवस्थापिका-संसद् | ५७ | १७.२ |

**स्रोत: निर्वाचन आयोग, २०७०**

वि.सं. २०४८ र २०५१ का निर्वाचनमा भन्दा वि.स. २०५६ को निर्वाचनमा महिलाको सहभागिता केही बढेको छ तर उक्त सङ्ख्यामा उल्लेख्य सुधार अन्तरिम व्यवस्थापिका संसद्मा देखिन्छ । समानुपातिक निर्वाचन प्रणाली पनि अपनाइएकाले वि.सं. २०६३ पछिका निर्वाचनमा महिलाको सहभागिता बढेको छ । खासगरी, वि.सं. २०६३ जेठ ४ गतेको प्रतिनिधि सभाको घोषणपश्चात् राज्यका विभिन्न तहका निकायहरूमा महिलाको सहभागिता उल्लेख्य रूपमा बढेको पाइन्छ । राजनीतिक पार्टीका विभिन्न तहका समितिहरूमा, सरकारी तथा गैरसरकारी निकायहरूमा, विभिन्न समितिहरूमा, निजामती, शिक्षा, जङ्गी तथा अन्य सबै क्षेत्रमा तुलानात्मक रूपमा महिलाको सहभागिता बढी भएको तालिकामा उल्लिखित तथ्याङ्कहरूले पनि देखाउँदछ तर पनि राजनीतिक जीवनमा महिलाको सहभागिता सङ्ख्यात्मक रूपमा जसरी बढ्यो त्यही अनुपातमा गुणात्मक भने हुन सकेको छैन ।

महिला सहभागितासम्बन्धी समस्या नेपालमा मात्र होइन युरोपका सम्पन्न मुलुकमा पनि महिला सहभागिता र सशक्तीकरणमा समस्या छ । सन् १९९४ मा स्वीडेनको Social Democratic party ले "Every second on the list a woman" भन्ने सिद्धान्त व्यवहारमा लागू गऱ्यो । जसअन्तर्गत उम्मेदवारहरूको सूचिमा पहिलो पुरुष भए दोस्रो महिला र पहिलो महिला भए दोस्रो पुरुष हुने । यसले आधा सङ्ख्या महिलाका लागि सुनिश्चित त गऱ्यो तर क्षमताको कमीले महिलाको सहभागिता पुरुषको तुलनामा कमजोर हुन गयो वा जुन रूपमा सशक्त हुनुपर्थ्यो त्यो हुन सकेन (IDEA, २०१४) ।

**ताालिका ५: संविधान सभामा निर्वाचित हुने महिला**

| निर्वाचन वर्ष | पहिलो हुने | समानुपातिक | मनोनयन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| २०६४ | ३० | १६१ | ६ | १९७ | ३२.७ |
| २०७० | ११ | १६२ | - | १७३ | २८.८ |

**स्रोतः निर्वाचन आयोग, २०७०**

महिला सशक्तीकरणको क्षेत्रमा भएको प्रगतिको अवस्थालाई वि.स. २०७० सालको संविधान सभाको निर्वाचनको नतिजासँग सम्बन्धी तथ्याङ्कबाट पनि बुझ्न सकिन्छ ।

**तालिका ६: संविधान सभामा लैङ्गिक प्रतिनिधित्वको अवस्था**

| विवरण | उम्मेदवारी | | विजयी | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| पहिलो हुने निर्वाचन पद्धतिमा | ६६७ | ५४५९ | ११ | २२९ |
| समानुपातिकमा | ५२९१ | ५४१८ | १६२ | ४०३ |

**स्रोत: निर्वाचन आयोग, २०७०**

माथिको तालिकामा उल्लिखित नतिजा हेर्दा अहिले महिलाको सहभागिता न्यूनतम स्तरमा मात्र छ जुन रूपमा अपेक्षा गरिएको हो, त्यो अवस्था अझै आएको छैन । त्यस्तैगरी, निर्वाचन अधिकृत महिला २ र पुरुष २३८ जना मात्र परिचालन गरिएका थिए । राजनीति तथा निर्वाचनमा महिलाहरूको सहभागिता विस्तारै बढ्दै गएको भए पनि महिलाहरूको सहभागिताको स्तर अपेक्षित रूपमा बढ्न सकिराखेको भने छैन ।

एउटै परिवारभित्र पनि पुरुषको तुलनामा महिलाको गरीबीको अवस्था झन नाजुक हुनुमा त्यहाँका स्थानीय प्रजातान्त्रिक निकायहरू जहाँबाट नागरिकका दैनिक सरोकार वा जनजीविकाको विषयमा छलफल हुन्छ त्यहाँ महिलाको सहभागिता न्यून हुनु हो भन्ने क्यानडाको नगरपालिका संघले ठहर गर्‍यो । तत्पश्चात् नगरपालिका स्वयँ नै निर्वाचनमा महिलाहरूको सहभागिता बढाउने अभियानमा लागेको पाइन्छ । यसप्रकार, निर्वाचन प्रक्रिया तथा राजनीतिक गतिविधिमा महिलाको जति सहभागिता बढ्यो त्यति नै सशक्तीकरणको तहमा पनि वृद्धि हुन्छ र जीविकोपार्जन सुधारमा पनि सघाउ पुर्‍याउँदछ भन्ने विश्वासका साथ विभिन्न तरिकाबाट महिलाको सहभागिता बढाउने प्रयत्नहरू राजनीतिक दल, सरकार तथा गैरसरकारी तहबाट भएको बताइन्छ। नेपालमा पनि प्रयासहरू भएका छन् तर ती पर्याप्त भने हुन सकेका छैनन् ।

(क) कसको सहभागिता छ ?

(ख) कस्तो खालको सहभागिता छ ?

**यी दुवैका बारेमा यहाँ संक्षिप्त चर्चा गरिएको छ :**

### १. कसको सहभागिता ?

समाजमा विभिन्न तह र हैसियतका नागरिकहरूको बसोबास हुन्छ ।

छरिएर रहेको समूहलाई मिलाएर पछि  समूहको सहभागिताबढाउने कुरा चुनौतिपूर्ण छ । कुनै पनि समुदायको कुल जनसङ्ख्यालाई पेशा व्यवसाय, आर्थिक हैसियत, जग्गाको स्वामित्व, सामाजिक वा राजनीतिक अङ्गहरूमा हुने भूमिका, जात, धर्म, अवस्थिति आदि विभिन्न वर्ग वा श्रेणीमा विभाजन गर्न सकिन्छ । यी मध्ये पनि सजिलोका लागि सामान्यत यिनलाई तीन किसिममा विभाजन गरेर हेर्दा त्यहाँ (क) सामान्य नागरिक (ख) स्थानीय नेता तथा टाँठा बाठा र (ग) राज्यका विभिन्न सेवामा कार्यरत कर्मचारी वा राष्ट्रसेवकहरू हुन्छन् । पहिलो सामान्य नागरिकको वर्गमा महिला तथा पिछडिएका वर्गहरू पर्दछन् जसका लागि विकास कार्यक्रमहरू बढी लक्षित गरिएका हुन्छन् । दोस्रो वर्गमा स्थानीय नेता तथा समुदायका टाँठाबाठा व्यक्तिहरू पर्दछन् । नेता पनि दुई किसिमका हुन सक्दछन् राजनीतिक नेता र सामाजिक संघसंस्थाका नेता । कुनै राजनीतिक पार्टीको प्रतिनिधित्व गरेर समाजमा प्रभाव पारेका हुन्छन् भने कुनै सामुदायिक संस्था तथा अन्य संस्थाहरू जस्तैः विद्यालय, क्याम्पस, सामुदायिक वन, उद्योग वाणिज्य संघ, नागरिक समाजलगायत पेशागत समूह आदि । तेस्रो वर्ग नियमितरूपमा राज्यको सेवा सुविधा लिने र आफ्नो जिम्मेवारीको क्षेत्रमा क्रियाशील हुने भूमिका हुन्छ ।

सामान्यत स्थानीय विकास गतिविधिमा पछिल्ला दुई वर्गको साथ लिएर पहिलो वर्गमा रहेका व्यक्ति वा समूहहरूको सहभागिता वृद्धिको माध्यमबाट विकास गतिविधिहरू सञ्चालन गर्ने कार्यपद्धति अहिले अनुसरण गर्ने गरिन्छ । उनीहरूकै सहभागितालाई महत्व पनि दिइएको हुन्छ र गणितीय सहभागिता वढेको पनि छ तर सो वर्गका नागरिकको सहभागिता सार्थक र प्रभावकारी हुन भने सकिराखेको छैन ।राजनीतिक दलहरूका संरचनाहरू पनि अझै समावेशी बन्न सकिराखेका छैनन् । राजनीतिक दलका सङ्गठनहरूमा भएको आवद्धताले सजिलैसँग निर्वाचनको सहभागितालाई सुनिश्चित गर्ने भएकाले महिलाहरूलाई राजनीतिको मूलप्रवाहमा ल्याउनुपर्ने आवश्यकता महसुस भएको हो । Scandinavian मुलुकहरू (Denmark, Sweden, Finalnd, Norway and Iceland) मा विश्वका अन्य मुलुकमा भन्दा महिला सहभागिता सङ्ख्यात्मक र गुणात्मक रूपमा राम्रो भएको बताइन्छ । ती मुलुकका संसद्हरूमा क्रमशः ३४, ४०, ३४, ३८ र २५ प्रतिशत महिला सहभागिता छ (IDEA, २०१४) ।

## २. कस्तो सहभागिता ?

सहभागिताका विभिन्न चरण, स्तर तथा प्रकारहरू वा कसरी सर्वसाधारण नागरिकले स्थानीय विकास गतिविधि, राजनीति तथा निर्वाचन र जनसरोकारका अन्य क्षेत्रहरूमा सहभागिता जनाउने गर्दछन् भन्ने कुरा चर्चा गरिएको छः ।

## ३. निष्क्रिय सहभागिता :

यो चरणको सहभागितामा समाजका अगुवा वा बाह्य व्यक्तिहरूबाट अब समुदायमा के हुन गइरहेको छ र कसरी कसको अग्रसरतामा हुँदैछ भन्ने कुराको जानकारी गराउने काम हुन्छ र वास्तविक लाभग्राहीहरूले उपस्थिति जनाउने र शान्तपूर्वक सुन्ने काम गर्दछन् । अहिले पनि नेपालका ग्रामीण समुदायमा बस्ने महिलाहरूको निर्वाचनमा सहभागिता यही खालको अथवा निष्क्रिय प्रकारको छ ।

## ४. सूचना दिएर सहभागिता :

कुनै अनुसन्धान तथा विशेष आयोजनाको खाका तय गर्ने प्रयोजनका लागि स्थानीयस्तरमा राखिएको भेलामा नागरिकहरू सहभागी हुन्छन् र आफूले देखे, भोगेका र जानेका कुराहरूको जानकारी दिने काम गर्दछन् तर उक्त अनुसन्धानको findings वा आयोजनाको प्रारूप तय गर्ने वा क्रियाकलापहरूको प्राथमिकता गर्ने काममा प्रभाव पार्न सक्दैनन् । निर्वाचनमा मत माग्न आउनेका कुरा सुनिरहन्छन् तर उनीहरूसँग आफ्ना कुरा राख्न र खण्डन गर्न सक्दैनन् । फलस्वरूप मतको सहि सदुपयोग हुन पाउँदैन ।

## ५. सल्लाह दिएर सहभागिता :

माथि 'ख' मा उल्लेख गरिएको अवस्थाभन्दा अलि सुधारिएको सहभागिताको अवस्था हो यो । तर यसमा पनि तपाईको समुदायका विद्यमान चुनौति वा समस्या के हुन् र तिनको समाधानका उपायहरू के हुन सक्लान् भनेर लाभग्राहीहरूलाई सोध्ने, उनीहरूका सुझावहरू लिने गरिन्छ तर उनका धारणा वा सुझावलाई समावेश भने गरिँदैन र पनि लाभग्राहीले बिना आपत्ति स्वीकार्दछन् । निर्वाचनको क्रममा महिलाहरूले उम्मेदवारसँग आफ्ना सरोकारका विषयमा कुरा त राख्दछन् तर प्रस्ट पार्न, शर्त राख्न वा दबाब दिन भने सक्दैनन् ।

## ६. सामग्री दिएर सहभागिता :

यस किसिमको सहभागितामा नागरिकहरूले ज्याला लिएर श्रम गर्ने, सामग्रीहरू उपलब्ध गराउने, कुनै अनुसन्धान प्रयोजनका लागि किसानले आफ्नो जमिन पनि उपलब्ध गराउने गर्दछन् तर किन, कसरी, कसका लागि, यो गरेर मलाई अथवा हामीलाई के फाइदा हुन्छ भनेर प्रश्न राख्दैनन् र ईमान्दारिताका साथ सहयोग गर्दछन् । निर्वाचनको महत्व के हो ? मतदान गरेर के फाइदा हुन्छ ? यो अधिकार हो कि दायित्व वा दुवै के हो ? भन्ने बारेमा अनविज्ञता व्यक्त गर्दछन् तर मतदानमा भने सहभागी हुन्छन् । कसैले जित्नु र हार्नुमा उनीहरूले त्यति धेरै चासो भने राख्दैनन् ।

## ७. काममा सहभागिता :

समुदायका सदस्यहरू लक्षित पिछडिएका वर्गको हितका लागि तय गरेको आयोजनाको कार्यान्वयनमा समूह बनाएरै संलग्न हुने गर्दछन् तर उक्त आयोजनाका अघिल्ला चरणहरू जस्तैः वस्तुस्थिति विश्लेषण, आवश्यकता पहिचान तथा प्राथमिकीकरण, लक्ष्य निर्धारण, लक्ष्यमा पुग्ने क्रियाकलाप तय गर्ने कुरामा सहभागिता भएको हुँदैन । निर्वाचनको सन्दर्भमा कुरा गर्दा यस चरणमा महिला तथा पिछडिएका वर्गका नागरिकहरू केही सङ्ख्यामा भए पनि उम्मेदवार पनि बनेका हुन्छन्, मतदानमा पनि सहभागी हुन्छन्, निर्वाचित पनि हुन्छन् तर गुणात्मक उपस्थिति देखाउन भने सक्दैनन् ।


## ८. अन्तरक्रियात्मक सहभागिता :

यस तहमा योजना निर्माणमा जसले अगुवाइ गरेतापनि स्थानीय नागरिकहरू वा लक्षित वर्गहरू योजना तर्जुमाका हरेक चरणमा सहभागी भई उनीहरूकै भावना र चाहना अनुरूपको निर्णय लिन र निर्णय लिने निकायलाई प्रभावमा पार्न सक्षम हुन्छन् र योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र लाभको बाँडफाँडसमेतका हरेक चरणमा खुलेर सहभागी हुन्छन् । महिलाहरूले उम्मेवारीका लागि आफ्नो राजनीतिक दलमा दाबी गर्दछन् । दलीय वा स्वतन्त्ररूपमै भए पनि उम्मेदवारी दिन्छन् । निर्वाचित पनि हुन्छन् । निर्णय लिने स्थानमा आफ्ना कुरा खुलेर राख्दछन् र केही हदसम्म सफल मानिन्छन् ।

## ९. स्वपरिचालन :

यस चरणमा महिलाहरू आफ्ना हक अधिकारका बारेमा निर्धक्क साथ बोल्न सक्ने, कसैको सहारा विना अवसर खोज्ने, क्षमता बढाउने, नागरिकको दायित्वका बारेमा सजग हुने, सामाजिक जिम्मेवारीहरूमा खुलेर सहभागी हुने, आफ्नो छिमेकका महिलाहरूलाई जागरुक हुनका लागि प्रोत्साहित गर्ने, परिवार तथा समुदायस्तरका विवादहरू मिलाउनका लागि मध्यस्थकर्ताको भूमिका पनि निर्वाह गर्ने आदि काममा स्वतस्फूर्त रूपमा सक्रियता जनाउँदछन् । तलको चित्रमा महिला सहभागिताको तह वा स्तरलाई देखाउने प्रयास गरिएको छ ।

### चित्र ५: सहभागिताको तह वा स्तर




माथिको चित्र अनुसार, जब महिलाहरू जागरुक हुन्छन् र सहभागिताको स्तर निष्क्रियबाट स्वपरिचालनतर्फ बढ्दै जान्छ तब अन्य व्यक्तिहरूका नियन्त्रण पनि सोही अनुपातमा घट्दै जान्छ । त्यसको विपरीत जब महिलाको सहभागिता विस्तारै घट्दै जान्छ तब पुरुषहरूको नियन्त्रण हावी हुन्छ ।

राजनीति तथा निर्वाचनमा मात्र नभएर विकासका अन्य सवालमा पनि यो कुरा लागु हुन्छ । स्थानीयको सक्रिय सहभागितामा भएका विकास गतिविधिमा बजेट वा उपलब्ध स्रोतको उच्चतम उपयोग हुन्छ । काम प्रभावकारी रूपमा सम्पन्न हुन्छ र वाञ्छित नतिजा निकाल्न सघाउ पुग्दछ । परिवर्तनप्रति स्थानीयले गौरव गर्ने, अपनत्वको अनुभूति गर्ने, निर्माण भएका संरचनाको सुरक्षा गर्ने गर्दछन् । यसको माध्यमबाट वास्तविक स्थानीय आवश्यकताको सम्बोधन हुन गई समाजभित्र हुने खाने र हुँदा मात्र खाने वर्गका बीचको खाडल पुरिँदै जान्छ र दिगो विकासको लक्षमा पुग्नका लागि सहयोग पुग्दछ ।

विकासविद्हरूका अनुसार, आफ्ना सरोकारका विषयमा नागरिकहरूको सक्रिय सहभागिताले तत्काल परनिर्भरता त घटाउँदैन तर यसले नागरिकमा

चेतनाको स्तर बढाउँदछ, एकअर्कामा आत्मीयता बढाउनुको साथै आफ्ना सरोकारका विषयमा स्थानीयको नियन्त्रण पनि बढाउँदछ ।

**निर्वाचनमा महिला सहभागिताको महत्वका बारेमा सत्र ५ मा पनि केही बुँदाहरू उल्लेख गरिएको छ त्यसका अतिरिक्त यसबाट महिलालगायत समाज र मुलुकलाई हुने केही अन्य फाइदाहरू यहाँ समावेश गरिएको छ :**

**(क) निर्णय प्रक्रियामा सहभागी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउन :**

उम्मेदवारी दिएमा नै विजयी हुने पनि सम्भावना हुने हो । त्यसो भयो भने मात्र निर्णय लिने स्थानमा महिलाको उपस्थिति हुन्छ र महिला मैत्री निर्णय लिन सघाउ पुऱ्याउँछ ।

**(ख) समावेशी लोकतान्त्रिक प्रणाली सुदृढ गर्न :**

सबै वर्ग, समुदाय, लिङ्ग र क्षेत्रहरूमा सन्तुलित र न्यायोचित विकासका लागि समावेशी प्रकृतिको प्रतिनिधित्व हुनुपर्दछ तबमात्र लोकतन्त्रको स्वाद सबैले समानरूपमा उपयोग गर्न पाउँदछन् । त्यसैले निर्वाचनमा महिला अग्रसर हुनुपर्दछ ।

**(ग) लोकतन्त्रको संरक्षण र नागरिक दायित्वको भूमिका वहन गर्न :**

निर्वाचन लोकतान्त्रिक पद्धतिको अपरिहार्य शर्त वा अभ्यास हो । नियमित रूपमा निर्वाचन गरी जनचाहना अनुरूपको नेतृत्व चयन गर्नुमा नै लोकतान्त्रिक पद्धतिको सुन्दरता निर्भर रहने भएकाले महिलालगायत पिछडिएका वर्गका नागरिकको निर्वाचनमा हुने सहभागिताले लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्दछ ।

**(घ) राज्यप्रतिको दायित्व निर्वाह गर्न :**

जनचाहनालाई बुझ्नका लागि आवधिकरूपमा निर्वाचन गरिन्छ, जसका लागि निर्वाचन गरिन्छ निर्वाचनमा उसैको सहभागिता भएन भने त्यो अर्थहीन हुन्छ । निर्वाचनमा सहभागी हुनु भनेको अधिकारको अभ्यास मात्र होइन । राज्य वा आफू रहेको समाजप्रतिको दायित्व वहन गर्नु पनि हो ।

**(ङ) विकासको आकांक्षा सम्बोधन गर्न र सीमान्तकृत वर्गलाई विकासको प्रतिफल उपलब्ध गराउन :**

उचित सङ्ख्यामा महिलाको प्रतिनिधित्व नभएकाले महिलामैत्री निणर्यहरू जुन रूपमा हुनुपर्थ्यो त्यो हुन सकेको छैन । ठूलो सङ्ख्यामा रहेका तर पिछडिएको अवस्थामा रहन बाध्य भएका महिलाका आवश्यकताहरूको सम्बोधन गर्नका लागि पनि स्वयम् महिलाको उपस्थिति हुनु आवश्यक हुन्छ । त्यो कुरा निर्वाचनमा सहभागिताले मात्र सम्भव छ ।

**(च) पितृसत्तात्मक सोच, मूल्य मान्यता र व्यवहारमा परिवर्तन गर्न :**

महिलाका आवश्यकताको उचित सुनुवाइ नहुनु, समाजमा विद्यमान पुरातनवादी सोच र मूल्यमान्यता अझै पनि महिला विरोधी हुनुमा केही हदसम्म पितृसत्तात्मक सोच वाधक देखिन्छ । त्यो अवस्थालाई सुधार गर्नका लागि पनि अधिकाधिक सङ्ख्यामा महिलाको निर्वाचनमा सहभागिता जरुरी छ ।

**(छ) महिला तथा लक्षित समुदायको आवश्यकता पहिचान गरी सम्बोधन गर्न :**

महिलालाई परेको मर्का वा उनका आवश्यकता जति महिलालाई थाहा हुन्छ वा अनुभूति हुन्छ त्यति पुरुषलाई हुँदैन । त्यसैले महिलाहरूको आवश्यकताहरूको सुनुवाइ होस् भन्ने चाहना राख्ने महिलाले निर्वाचनमा सहभागिता जनाउनु पर्दछ तबमात्र महिलामैत्री विकासले तीव्रता लिने सम्भावना हुन्छ ।

**(ज) महिलाको आत्मविश्वास बढाउन :**

निर्णय लिने स्थानमा महिला निर्वाचित भई पुग्दा तत्काल आमनागरिकले अनुभूति गर्ने गरी केही सुधार गर्न नसके पनि अन्य महिलाहरूमा उनीप्रति भरोसा हुन्छ जसले आत्मविश्वास बढाउन मद्दत पुग्दछ । यसले आगामी निर्वाचनसमेत महिलाको पक्षमा बनाउन मद्दत पुग्दछ ।

**(झ) लैङ्गिक समानता र स्थानीय सुशासन कायम गर्न :**

महिला र पुरुषबीचको सशक्तीकरणको तहमा भएको भिन्नतालाई कम गर्नका लागि पनि राजनीति तथा निर्वाचनमा महिला सहभागिताले

सहयोग पुऱ्याउँदछ जसले लैङ्गिक समानता ल्याउनमा पनि सघाउ पुग्दछ ।

**विगत अढाई दशकदेखि प्रजातान्त्रिक राजनीतिक पद्धति अपनाउँदै आएको नेपालमा राजनीति तथा निर्वाचनमा महिला सहभागिता उल्लेख्य तथा प्रभावकारी हुन नसक्नुमा निम्न सवालहरू कारक मानिन्छन् :**

१. 'जबसम्म नागरिकले दाबी गर्दैनन् तबसम्म अधिकारहरू अर्थहीन हुन्छन्' भन्ने भनाइ छ। शिक्षा र चेतनाको स्तर कम भएका कारणले पनि संवैधानिक तथा कानुनी प्रावधानहरूको अनभिज्ञताले राजनीति र निर्वाचनमा महिलाको सहभागिता कमजोर हुन गएको हो ।

२. महिलालाई राजनीति र निर्वाचनमा बढीभन्दा बढी सहभागी गराउन राज्यका कानुन मात्र नभई राजनीतिक दलका विधान पनि उत्तिकै प्रभावकारी हुन्छन्। कतिपय राजनीतिक दलका विधानहरूराज्यका कानुनभन्दा पनि कम समावेशी प्रकृतिका हुनु राजनीति र निर्वाचनमा महिलाको सहभागिता न्यून हुनुमा जिम्मेवार मानिन्छ । वोलिभिया, वुर्किनोफासो, कोलम्बिया, फ्रान्स, जर्जिया, केन्या, पोर्चुगल, आयरलेण्डलगायतका मुलुकमा राज्यले महिलाका लागि भनी निर्धारण गरेको कोटा प्रणाली अनुसार महिला उम्मेदवार नउठाए राजनीतिक दलहरूलाई जरिवाना लगाउने व्यवस्था छ ।

३. अधिकांश समुदायमा महिलाहरू आर्थिक रूपमा परनिर्भर छन् । सामाजिक सांस्कृतिक सोच पनि महिलामैत्री अझै बन्न सकेका छैनन् । समाजको लैङ्गिक सोचमा आशातीत सुधार भएको छैन जसले गर्दा राजनीति र निर्वाचनमा महिलाको सहभागिता प्रभावकारी हुन सकेको छैन । सामाजिक सांस्कृतिक कारणले पछाडी परेका समुदायका नागरिकलाई मूलप्रवाहमा ल्याउनका लागि स्वीडेनमा "Every other one for the ladies" (हरेक एक पछि अर्को महिला) भन्ने परिपाटी छ । यसैअनुसार ग्रामीण क्षेत्रमा हुने साँस्कृतिक कार्यक्रम वा नृत्य प्रतियोगितामा समेत पुरुषपछि हरेक पटक महिला सहभागी हुनै पर्ने परिपाटी भएको र स्पेनमा महिला र पुरुष भन्ने शब्दको सट्टा लैङ्गिक हिसाबले तटस्थ शब्दहरूको प्रयोग जस्तैः under represented sex अर्थात् प्रतिनिधित्व हुन नसकेको लिङ्ग भन्ने भाषा प्रयोग गर्ने गरेको पाइन्छ ।

४. मतदान केन्द्रहरू महिलामैत्री बनाउने कुरामा केही सजगता अपनाइएको पाइन्छ । महिला कर्मचारी र सुरक्षाकर्मीको पनि व्यवस्था हुन थालेको छ तर ती सुधारहरू पर्याप्त नभएको महिलाको गुनासो छ । प्रचार प्रसार तथा चेतना विस्तारका लागि निर्माण गरिने सामग्रीहरू पनि पर्याप्त नहुनु र सबै तहका महिलाले बुझ्न गाह्रो हुने भएकाले सहभागिता अपेक्षित रूपमा बढ्न सकेको छैन ।

५. अधिकाँश नागरिकहरूको राजनीतिक चेतनाको स्तरमा खासै सुधार हुन सकेको छैन र चेतनाशील नागरिकमा पनि राजनीतिक गतिविधि प्रति वितृष्णा बढ्न जानुले महिलाको सहभागितामा सुधार हुन सकेको छैन । त्यस्तैगरी, निर्वाचन नियमित रूपमा नहुनुले नागरिकमा राजनीतिप्रति उदासिनता बढ्न गएको छ जसले महिला सहभागितालाई स्वाभाविक रूपमा प्रभाव पार्दछ ।

**चुनौतिहरू :**

**(क) महिला सहभागिता वा महिलाको सशक्तीकरण केवल महिलाको मात्रै सवाल हो भन्ने ठान्ने**

नेपाली समाजमा विभिन्न आर्थिक सामाजिक तथा राजनीतिक संरचनाहरूमा महिला सहभागिता केवल महिलालाई खुशी पार्नका लागि हो भनेर बुझ्ने र सोही अनुसारको अभिव्यक्ति र व्यवहारहरू पाइएका छन् । सहभागिताले महिलाको सशक्तीकरणको तह बढाउँदछ महिला सशक्त हुनु भनेको स्वयं परिवार र समाज नै सशक्त हुनु हो भनेर बुझ्नेको सङ्ख्या कमी छ र बुझेर पनि नबुझे जस्तो गर्नेको सङ्ख्या धेरै छ । महिला सशक्त हुनु भनेको पुरुष कमजोर हुने नभई झन सशक्त हुनु हो । यदि श्रीमती सक्षम भईन् भने उसका जिम्मेवारीमा पनि सहयोग पुग्दछ । सबै समुदायमा यो कुराको महसुस अझै हुन सकेको छैन ।

**(ख) राजनीतिक इच्छा शक्तिको कमी**

विभिन्न वर्ग, क्षेत्र, समुदाय तथा लिङ्गका नागरिकलाई राजनीतिको मूलप्रवाहमा ल्याउने बारेमा राजनीतिक दलका भनाइहरू जति आएका छन् व्यवहारमा ती लागू हुन अझै सकेका छैनन् । उदाहरणको रूपमा स्थानीय

निर्वाचनलाई लिन सकिन्छ । एउटा वडाबाट कम्तीमा पनि एकजना महिला निर्वाचित हुने व्यवस्था भएको स्थानीय निर्वाचन नियमित रूपमा भएको भए अहिलेसम्म कति महिलाहरूले उक्त अवसरलाई उपयोग गर्न सक्थे र राजनीतिक चेतनाको स्तर बढ्थ्यो तर राजनीतिक दलको प्राथमिकतामा स्थानीय निर्वाचन पर्न नसक्नाले राजनीतिमा महिलाको कम सहभागिता रहन गएको छ ।

### (ग) महिलाको भूमिकालाई गौण ठान्ने

स्वयम् सार्वजनिक पद सम्हालेका महिलाहरूलै नै मैले के जान्दछु र भनेर आफ्ना कुरा राख्न डराउने एउटा पाटो छ भने अर्कातिर महिलालाई समितिमा राखेपछि निर्णय लिन सजिलो हुन्छ । उनीहरूलाई धेरै कुरा थाहा नहुने भएकाले निर्णय लिने कुरामा बाधा अवरोध जनाउँदैनन् भनेर समितिमा महिलाहरू राख्नका लागि उद्दत हुने अर्को पक्ष छ । महिलालाई भूमिका दिनुपर्दछ उनीहरूलाई क्षमतावान् बनाउन विस्तारै सिकाउँदै पनि लानु पर्दछ भन्नुको सट्टा उनलाई समेटेर समावेशी संरचना बनाएको देख्नलाई राम्रो हुन्छ भन्ने बुझाई रहेको छ ।

### (घ) महिलाको क्षमता वा तत्परतामा शङ्का

महिलाले केही कुरा अघि ल्याउने प्रयत्न गरे भने पोथी बासेको राम्रो हुन्न वा शुभ हुन्न भनी हतोत्साही बनाउने । निर्धक्क साथ महिलाले निर्णय लिने स्थानमा आफ्ना कुरा राख्दा यसलाई कसले उचालेको छ र यी कुराहरू गरेकी छ । यसको पछाडि कसले साथ दिएको छ भनी शङ्का उपशङ्का गर्ने र चरित्रहत्यासम्म गर्न पछि नपर्ने प्रवृत्तिले गर्दा महिलाको क्षमतालाई कमजोर आँकलन गरिन्छ ।

### (ङ) समावेशिताको विषय राजनीति गर्ने माध्यम मात्र हुनु

पछिल्ला दुई दशकमा महिला तथा पिछडिएका वर्गको उत्थानका नाममा धेरै भाषण भए, आन्दोलन गरिए, राजनीतिक परिवर्तनहरू भए, यिनै मुद्दा लिएर सरकारहरू परिवर्तन भई रहे तर जसका लागि भाषण गरियो, आन्दोलन गरियो, जसका लागि भनेर संविधानसभा बन्यो, संविधान पनि बन्यो तर ती वर्गका नागरिकको हैसियतमा परिवर्तन हुने गुन्जायस केही

नदेखिनु ले समावेशिताको नारा केवल राजनीति गर्ने माध्यम मात्र बनेको छ ।

### (च) सामाजिक सांस्कृतिक सोच तथा चेतनास्तरमा न्यूनता

सङ्ख्यात्मक र केही मात्रामा गुणात्मक रूपमा पनि महिलाको सहभागिता बढेको छ जुन सन्तोष मान्ने अवस्थाको भने छैन । शिक्षा र चेतनाको स्तर कम भएका समुदायमा अहिले पनि महिला निर्वाचन अभियानमा लामो समय घर बाहिर रहँदा स्वयम् महिलाले नै अनेक शङ्का उपशङ्का गर्ने र हतोत्साही बनाउने प्रचलन तथा सामाजिक सांस्कृतिक सोचका कारण निर्वाचनमा खुलेर लाग्न चाहेर पनि महिला पछि सर्नुपर्ने बाध्यताको अवस्था चुनौतिको रूपमा रहेको छ ।

### विश्व राजनीतिमा महिला :

विश्वमा विगत २० वर्षमा संसद्मा महिलाको उपस्थिति दोब्बर भएको छ । सन् २०१६ को जुन महिनासम्मको आँकडा अनुसार संसद्मा महिलाको उपस्थिति झण्डै २३ प्रतिशत पुगेको छ । उक्त आँकडा सन १९९५ मा ११.३ प्रतिशत थियो भने अहिले २२.८ प्रतिशत पुगेको छ । सन् २०१६ को सेप्टेम्बर महिनासम्म विश्वमा १० जना महिला राज्य प्रमुख र ९ जना महिला सरकार प्रमुख छन् । विश्वमा जम्मा २ वटा देश छन् जहाँ ५० प्रतिशतभन्दा बढी महिला सांसदहरू छन् । रुवाण्डा त्यस्तो मुलुक हो, विश्वमा उसको संसद्को तल्लो सदनमा अहिले ६३.८ प्रतिशत महिलाहरू छन् भने बोलिभियामा ५३.१ प्रतिशत महिला छन् । विश्वभर अहिले पनि १० प्रतिशतभन्दा कम महिला संसद्मा प्रतिनिधित्व गराउने ३८ वटा मुलुक छन् भने ४ वटा मुलुकहरूमा एक जना पनि महिला संसद्मा छैनन् (UN Women, २०१६) ।

UN Women को सन २०१६ जुन महिनाको प्रतिवेदन अनुसार क्षेत्रीय हिसाबमा महिलाको राजनीतिमा उपस्थिति हेर्दा

| देश | प्रतिशत |
|---|---|
| नर्डिकबाहेक यूरोपियन देशहरूमा | २४.३ |
| नर्डिक देशहरू (Norway, Sweden, Finland, Iceland, Denmark) | ४१.१ |

| देश | प्रतिशत |
|---|---|
| अमेरिकी मुलुकहरूमा | २७.७ |
| अफ्रिकाको सहारा क्षेत्रमा | २३.१ |
| एशियामा | १९.२ |
| अरब क्षेत्रमा | १८.४ |

केन्द्र तहमा १८ प्रतिशत महिलाहरू सरकारमा पुगेका छन् । सरकारमा महिलाको उपस्थिति हेर्दा स्थानीय सरकारमा महिलाको उपस्थिति सामान्य छ । स्थानीय सरकारमा महिलाको उपस्थिति सामान्य भए पनि पछिल्ला वर्षहरूमा उपभोक्ता समितिहरूमा भने महिलाको संलग्नता निकै बढेको छ । भारतमा भएको अध्ययन अनुसार स्थानीय खानेपानीका आयोजनाहरूमा महिलाको सहभागिता ६२ प्रतिशत रहेको छ । नेपालमा पनि स्थानीय निकायले बनाउने उपभोक्ता समितिहरूमा महिला सहभागिता वढेको छ तर त्यो सहभागिता त्यति सशक्त हुन भने सकेको छैन ।

विश्व राजनीतिमा महिलाको सहभागिता बढ्दै गएको छ यद्दपि विभिन्न कारणहरूले गर्दा त्यो सहभागितागुणात्मक हुन भने सकेको छैन ।Angela Markel Germany, Hillary Clinton, US; Jullia Gilard, Australia ; Aung San Suu Kyi, Burma; Queen Elizabeth II, UK; Queen Renia Al Abdullah, Jordan; Yingluck Shinawatra, Thailand; Ellen Johnson-Sirleaf, Liberai; and Laura Chinchila, Costa Rica आदि विश्वका शक्तिशाली महिलाको सूचीमा छन् ।

माथि उल्लिखित तथ्याङ्कहरू हेर्दा महिला सहभागिता वा सशक्तीकरणको तहमा सुधार भएको छ तर यसबाट सन्तोष मान्ने अवस्था भने भइसकेको छैन । सहभागिताकै कुरा गर्दा रुवाण्डामा पुरुषको तुलनामा हरेक तहको राजनीतिमा महिलाका उल्लेख्य सहभागिता पाइन्छ। लामो समयको युद्धमा अधिकांश पुरुषहरू मारिएपछि त्यो अवस्था आएको हो र वोलिभियाको अवस्था पनि त्यही हो ।

**राजनीतिमा महिला सहभागिता वृद्धिका उपायहरू :**

सङ्ख्यात्मक रूपमा हेर्दा महिलाको सहभागिता हरेक क्षेत्रमा बढेको पाइन्छ तर त्यो गुणात्मक भइसकेको छैन । सरकारले सामाजिक जीवनका

हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउनका लागि निकै प्रयास गरेको छ, कानुनी व्यवस्थाहरू, संरचनाहरू बनाउने र स्रोत साधनको व्यवस्था पनि गरेको छ । गैरसरकारी तहबाट पनि निकै प्रयासहरू भएका छन् र केही सकारात्मक नतिजाहरू देखिएका छन् । नेपालको संविधानमा महिलासँग सम्बन्धित मौलिक हक अन्तर्गत:

(क) प्रत्येक महिलालाई लैंङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ,
(ख) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ,
(ग) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ,
(घ) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ,
(ङ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ, र
(च) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

**राजनीतिक, सामाजिक तथा आर्थिक गतिविधिहरूमा नेपाली महिलाको सहभागिता बढाउनका लागि गरिनुपर्ने कार्यहरू :**

**१. लैङ्गिक विभेदको अन्त्य :**

जैविक विशेषताका रूपमा केवल भाले वा पोथीको रूपमा रहेका महिला तथा पुरुषबीच समाजमा हुने गरेका फरक व्यवहारहरूबाट विभेदका सिर्जना हुन गयो । कहीँ ती विभेदका घाउहरू कम हुँदै गएका छन् भने कहीँ विभेद कायमै छन् । पिछडिएका समुदायमा बढी विभेद भएको आङ्कलन गरिन्छ तर विभेद सभ्रान्त मुलुक तथा परिवारहरूमा पनि पाइन्छ । महिलाहरू पछि पर्नका कारणहरूमा सबभन्दा सशक्त र परिवर्तनका लागि लामो समय लाग्ने कारण भनेको लैङ्गिक विभेद नै हो । यसका बारेमा विभिन्न खण्डमा धेरै चर्चा गरिसकिएको छ । सरकारी तहबाट मात्र नभएर स्वयम् व्यक्ति वा परिवारको तहबाट महिलालाई राजनीति र निर्वाचनमा अग्रसर हुनका लागि हौसला र उपयुक्त वातावरण दिने हो भने महिलाको क्षमता विकास

निर्वाचनमा सहभागिता सुनिश्चित छ । नेपालमै पनि ठूला र महत्वपूर्ण जिम्मेवारीमा अहिले महिलाहरू पुग्न सफल भएका छन् । उनीहरूको विगत सामान्य थियो । त्यसैले महिला स्वयम् पनि जागरुक हुने र वातावरण दिने हो भने लैङ्गिक विभेदमा कमी र महिला सशक्तीकरणको तहमा सुधार सम्भव छ । सशक्तीकरणको स्तरमा सुधार भएकै अनुपातमा राजनीतिमा महिला सहभागिता पनि बढ्दै जाने विश्वास गरिन्छ ।

अहिले कतिपय मुलुकमा महिला तथा पिछडिएका वर्गलाई राजनीति तथा निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागी बनाउनका लागि राजनीतिक दललाई नै राज्यका तर्फबाट सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था हुन थालेको छ भने निर्वाचन कानुन बमोजिम महिला सहभागितालाई प्रश्रय दिने कुरामा लापरवाही गरे ठूलै जरिवाना लगाउने व्यवस्था पनि छ । जस्तैः पनामामा राज्यका तर्फबाट राजनीतिक दललाई प्राप्त हुने अनुदानको ५० प्रतिशत रकम सदस्यको क्षमता विकासमा र कम्तीमा पनि १० प्रतिशत रकम महिलाको क्षमता विकासमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तैगरी, महिलाहरूको सहभागिताबढाउनका लागि निर्वाचन कानुनहरू महिलामैत्री बनाउन थालिएको छ । उक्त निर्वाचन कानुनको पालना नगर्ने राजनीतिक दललाई प्रतिस्पर्धामा अयोग्य ठहर गर्ने व्यवस्था छ । यसको उदाहरणको रूपमा किर्गिस्तान र जर्जियालाई लिन सकिन्छ । जर्जियाले त यो प्रावधानको सहि पालना गर्ने दललाई प्रोत्साहन स्वरूप अतिरिक्त बजेट दिने व्यवस्थासमेत गरेको छ ।

## २. विशेष कानुनी व्यवस्था :

समानता, स्वतन्त्रता र न्याय समाजका लागि अपरिहार्य एवम् लोकतान्त्रिक पद्धतिका आधारस्तम्भ हुन् । यसबाट नै मानव अधिकारको उद्घोषण र संरक्षणको मार्गप्रशस्त हुन्छ । विश्वको मानव इतिहास र वर्तमान स्थितिलाई हेर्दा समानता, स्वतन्त्रता र न्याय प्राप्ती कै लागि हिंसात्मक घटनाहरू हुने गरेको पाइन्छ । न्यायपूर्ण समाजको निर्माणमा कानुनको सर्वोपरिता र कानुनी राज्य अनिवार्य हुन्छ । सामाजिक न्यायको दृष्टिले पनि कुनै जाति, धर्म, भाषा वा लिङ्गको आधारमा सामाजिक सम्मान, स्रोत र साधनको पहुँचमा विभेद, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत आवश्यकताका वस्तुहरूबाट विमुख र देशको सामाजिक र कानुनी प्रणालीद्वारा विभेदको अवस्था सिर्जना हुनु शोभनीय हुँदैन । कानुनको अगाडि समानता

मात्र नभई विशेष कानुनी व्यवस्थाको माध्यम अपनाएर पनि वास्तविक समानता प्राप्त गर्न सकिन्छ । उदाहरणका रूपमा महिलालाई राजनीतिक गतिविधिमा आकर्षण गर्नका लागि कोटा प्रणाली उपयुक्त मानिन्छ । यो कुरा कानुनमा मात्र नभएर दलीय विधानमा पनि हुनु जरुरी छ । IDEA का अनुसार अहिलेसम्म विश्वका ५० भन्दा बढी मुलुकले महिलालाई राजनीतिको मूलप्रवाहमा ल्याउनका लागि कोटाप्रणाली लागू गरेका छन् । जस्तैः अल्वानियमा राजनीतिक दलले उम्मेदवारहरूको बहुनामावली तयार गरी हरेक तीन जनामा कम्तीमा एकजना फरक लिङ्गको व्यक्ति हुनुपर्ने व्यवस्थाका साथै त्यसो नगर्ने राजनीतिक दललाई त्यहाँको दस लाख अर्थात् ७१२० युरो जरिवाना गर्ने व्यवस्था छ भने वुर्किनोफासोमा ५०% ले सरकारी अनुदान कटौती गर्ने व्यवस्था छ । त्यस्तैगरी, आयरलैण्डमा राजनीतिक दलका उम्मेदवारहरूमध्ये कम्तीमा ३०% महिला र कम्तीमा ३०% पुरुष भएनन् भने अनुदानमा ५०% कटौती हुने व्यवस्था छ ।

उदाहरणको रूपमा माथि उल्लेख गरिएको व्यवस्थाअनुरूप कानुनी संरचनाहरू निर्माण गर्दा महिलालाई अधिकाधिक कसरी सहभागी गराउने भन्ने मनसाय राखियो भने अवश्य पनि महिला सहभागिता बढाउन वा यस सम्बन्धमा महिलाको हौसला बढाउन सकिन्छ । त्यसका लागि निम्न उपायहरू हुन सक्दछन्:

(क) मिश्रित निर्वाचन प्रणाली (समानुपातिक प्रतिनिधित्व र पहिलो हुने निर्वाचित हुने)

(ख) कुल मनोनीत उम्मेदवारमध्ये एक तिहाइ महिला हुने (समानुपातिक र पहिलो हुने निर्वाचित हुने दुवैतर्फ)

(ग) कोटा प्रणालीको माध्यमबाट पनि महिलालाई राजनीतिमा ल्याउन सकिन्छ । त्यसका लागि राज्यको कानुन तथा दलीय विधान दुवैमा कोटा प्रणालीको व्यवस्था हुनुपर्दछ

## ३. आर्थिक सशक्तीकरण :

समावेशीकरणको लहर चलेपछि सामाजिक संरचना तथा राजनीतिक दलका विभिन्न इकाईहरूमा महिलाहरूले भूमिका धेरै पाएका छन् । तर उनीहरूको राजनीतिक जीवन त्यति लामो देखिएन । आर्थिक हिसाबमा सबल महिलाहरू जो राजनीतिमा लागे तिनीहरूले निरन्तरता दिन सक्ने तर गरीब महिलाहरू पार्टीमा अडिन पनि गाह्रो र चुनाव जित्न त झनै कठिन

देखियो । त्यसैले समावेशीकरणलाई सार्थक बनाउनका लागि पनि महिलाको आर्थिक सशक्तीकरण जरुरी छ । स्थानीय निकायका उपभोक्ता समितिमा महिला रहनुपर्ने कानुनी व्यवस्था छ र अभ्यास पनि भएको छ तर तिनै महिला योजना सम्झौता गर्दा वा रकम लिन सदरमुकामसम्म जान चाहिने आवश्यक खर्चका लागि अरूको मुख हेर्नुपर्दछ। गाई, भैँसी, बाख्रापाठा पाल्ने काममा महिला अग्रणी हुन्छिन् तर उनले छोराछोरीसरह गरेर पालेको खसी श्रीमानले एक पटक पनि नसोधी बेच्दिने र पैसा छुन पनि नदिने चलन हाम्रो समाज छ । अतः दुःख गरे अनुरूप आम्दानीको खटन पटनमा पनि अवसर र कमाउने क्षमताको विकास महिला विकास वा महिलाको राजनीति वा निर्वाचन प्रक्रियामा सहभागी हुनका लागि आवश्यक छ ।

### ४. महिलामैत्री दलीय विधान तथा सशक्तीकरणमा जोड :

दलीय राजनीतिमा महिलाको संलग्नतालाई निरन्तरता दिनका लागि सर्वप्रथम राजनीतिक दलका विधानहरू महिलामैत्री हुनु जरुरी छ; जसले राजनीति र निर्वाचनमा महिलाको सहभागितामा वृद्धि गर्न सघाउ पुर्‍याउँदछ। अहिलेकै अवस्थामा महिलाहरू पुरुषसँग प्रतिस्पर्धा गर्न सक्षम नभएकाले सम्भव भएसम्म महिला महिलाबीच मात्र प्रतिस्पर्धा हुने वा महिलालाई विशेष सुविधा हुने आरक्षणको व्यवस्था हुन सके राजनीतिमा महिलालाई बढी सहभागि गराउन सकिन्छ । केन्द्रदेखि स्थानीय तहसम्म राजनीतिक दलका गतिविधीहरू समितिहरू बनाउने, बेला-बेलामा माथिल्लो तहले लाए अह्राएको निर्णय गर्ने कुरामा मात्र सीमित नरही पछाडि परेको वर्गको सवलीकरणको माध्यमबाट उनीहरूलाई राजनीति तथा समाज परिवर्तनको मूलधारमा ल्याउन जरुरी हुन्छ। जस्तैः जर्मनीको Green Party को विधानमा dual presidency अर्थात् दुईजना अध्यक्ष (फरक-फरक लिङ्गको) रहने व्यवस्था छ । त्यस्तैगरी, अमेरिकाका प्रमुख दुई पाटीहरू (Democratic र Republican) ले पनि आ-आफ्नो विधानमा electoral delegates हरूको सन्तुलित प्रतिनिधित्व हुने प्रावधान राखेका छन् । वेलायतको Labour party अनि नेपालमै पनि पछिल्ला वर्षहरूमा राजनीतिक दलहरूले विभिन्न तहका संरचनाहरूमा महिलाहरूको सहभागिताका लागि विशेष प्रावधान राखेका छन् । अतः समाज परिवर्तन र अर्थराजनीतिको चेतना दिने भूमिका भएका राजनीतिक दलहरूले पिछडिएको वर्गको राजनीतिक सहभागिता वृद्धिका साथै जीविकोपार्जनमा दिगो रूपमा सुधार कसरी ल्याउने भन्ने

अभियान चलाउने हो भने महिलाहरूको सशक्तीकरणमा योगदान पुग्ने विश्वास गरिन्छ । जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिमा महिला सहभागिताका लागि हौसला प्रदान गर्दछ ।

## ५. सामाजिक संरचनाहरूमा संलग्नता वा नेतृत्व विकास :

औपचारिक र अनौपचारिक रूपमा विभिन्न सामाजिक संरचनाहरू समाजको आवश्यकता परिपूर्ति गर्ने कार्यमा संलग्न छन् । कतिपय ती महिलाकै लागि क्रियाशील छन् भने कति सबै वर्गका लागि । ती समितिहरूमा महिलालाई अधिकाधिक सहभागिताको अवसरले पनि महिलाको क्षमता विकास हुने गर्दछ । माथि नै चर्चा गरियो भारतमा सञ्चालन हुँदै गरेका खानेपानीका आयोजनाहरूमा उल्लेख्य सङ्ख्यामा महिलाको संलग्नता छ । घानाको स्थानीय निकायसम्बन्धी महासंघको अध्ययनमा सेवाग्राही महिलाहरू पुरुषको तुलनामा महिला प्रतिनिधिसँग बढी खुलेर कुरा गर्न सक्ने भएकाले महिला सहभागितालाई जोड दिनुपर्दछ भन्ने निष्कर्ष निकालेको छ । त्यस्तैगरी, नेपालमा पनि सामुदायिक वन उपभोक्ता समितिहरूमा महिलाको संलग्नता राम्रै रहेको छ जसले महिला सशक्तीकरणमा योगदान पुऱ्याएको अध्ययनहरूले देखाएका छन् । अतः महिलाहरू जति बढी राजनीतिक तथा सामाजिक संरचनाहरूमा क्रियाशील हुन्छन् त्यति नै उनको नेतृत्वदायी क्षमता विकास हुने र यसले राजनीतिक गतिवीधि एवम् निर्वाचनका प्रक्रियाहरूमा पनि महिला सहभागिता बढ्ने विश्वास गरिन्छ ।

## ६. निर्वाचन र मतदाता शिक्षा,जागरण र सुरक्षा :

क्यानाडा तथा नर्वेजस्ता विश्वका नाम चलेका विकसित मुलुकहरूमा समेत राजनीतिमा महिला सहभागिता बढाउनका लागि अहिले पनि हरेक वर्ष लैङ्गिक सवालका सम्बन्धमा सरकारी तहबाटै शिविर (Campaign) हरू सञ्चालन गर्ने गरेको बताइन्छ । निर्वाचनमा महिला सहभागितासम्बन्धी चेतनामूलक सामग्री विकास गरेर महिला मतदाता तथा उम्मेदवार बीच पुऱ्याउँदा महिलाहरूको आत्मविश्वासमा विकास भई राजनीतिमा संलग्न हुन प्रेरणा मिल्ने र निरन्तरताका लागि पनि सहयोग पुगेको पाइयो । नेपालमा अधिकाँश ग्रामीण महिलाहरू चेतनाको कमी तथा असुरक्षाका

कारणले गर्दा भो म भोट हाल्न जान्न भन्ने गर्दछन् । मतदानको महत्वका बारेमा थाहा नभएर धेरैले त्यसो भन्ने गरेका हुन्छन् । मतदाता साक्षरता नीति २०६३ र २०६९ कार्यान्वयनमा आएपछि नेपालमा पनि संविधानसभाका निर्वाचनहरूमा महिला सहभागिता बढेको पाइन्छ । यस्तै, अभ्यासले गर्दा मलावी, पाकिस्तान, दक्षिण अफ्रिका, ट्युनिसिया आदि देशहरूमा पनि यसको राम्रो प्रभाव परेको संयुक्त राष्ट्रसंघका विभिन्न अध्ययनहरूले देखाएका छन् । यदि महिला तथा अन्य पिछडिएका समुदायका नागरिकहरूलाई निर्वाचन शिक्षा तथा अन्य जागरण ल्याउने तालिम वा सिप सिकाउने हो भने अरूलाई समेत मतदान गर्नका लागि प्रोत्साहित गर्दछन् ।

बढी भन्दा बढी महिला सहभागिताका लागी महिलालाई उत्प्रेरणा मिल्ने खालको चेतनामूलक सामग्रीहरू विभिन्न माध्यमबाट प्रवाह गर्नु पनि यस सम्बन्धमा लाभदायक मानिन्छ, जस्तैः वुरुण्डीमा "Vote and be elected", लेवनन्मा "Use your voice", Benin मा : "Women in parliament" "Stand up, women of Benin, your time has come ! The Nation Needs You"!!! जस्ता नाराहरूको प्रयोग गर्ने गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघले लागू गरेको दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १६ को ७ नम्बरमा निर्णय निर्माणका हरेक तहमा समावेशी प्रकृतिको प्रतिनिधित्व बढाउने भन्ने उल्लेख छ । अतः मतदाता साक्षरता र जागरण पनि निर्वाचनमा महिला सहभागिता बढाउने अर्को महत्वपूर्ण उपाय हो ।

### ७. छोरीलाई पनि छोरासरह शिक्षा :

छोरीहरूको शिक्षामा पहुँच बढी रहेको छ। हरेक विद्यालय तथा क्याम्पसमा हेर्दा छात्राहरूको सङ्ख्या नै धेरै देखिन्छ तर त्यसको गुणात्मकता हेर्दा अझै विभेद मेटिएको छैन । छोरी मान्छे बाबु आमा अथवा अभिभावकको नजरमा रहनु पर्दछ वा घरबाट टाढा पठाउनु/जानु हुँदैन भन्ने विश्वास अधिकांश नेपाली समुदायमा यद्दपि कायमै रहेको छ । फलस्वरूप छोरीलाई पायक पर्ने नजिकको विद्यालय/क्याम्पसमा पढाउने तर छोरालाई भने अलि टाढा पठाएर भए पनि राम्रो विषय पढ्ने अवसर दिने गर्नाले त्यहीँबाट उनीहरूको प्रतिस्पर्धात्मक क्षमता विकासमा विभेद हुन्छ, अनि उसले राम्रो रोजगारीलगायत अन्य आर्थिक सामाजिक तथा राजनीतिक लाभहरूबाट वञ्चित हुनुपर्दछ । शिक्षाको अवसरबाट बञ्चित महिलाहरू स्वभावैले

ज्ञान र चेतनाका दृष्टिले कमजोर हुने हुँदा आफ्नो अधिकार, दायित्व वा कर्तव्यको राम्रो ज्ञान नभएका कारण पुरुषहरूले सरह चुनौतीपुर्ण काममा आँट गर्न सक्दैनन् र निर्भरतामा बाँच्नुपर्ने अवस्था छ । अतः आधारभूत शिक्षाको तहबाटै सुरु भएको विभेदले गर्दा राजनीतिमा पनि महिलाले आफ्नो क्षमता प्रदर्शन गर्न कठिनाइ हुने भएकाले महिलालाई राजनीतिमा अगाडि बढाउनका लागि छोरासरह छोरीलाई पनि शिक्षामा लगानी गर्नु पर्दछ ।

# सत्र ८: स्थानीय तहको संरचना र नेतृत्व विकास

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्त्यमा सहभागीहरूले -<br>≈ राजनीतिमा महिला सहभागितासम्बन्धी विश्वस्तरका केही तथ्यहरू बताउन सक्नेछन् ।<br>≈ राजनीतिमा महिला सहभागिता बढाउने केही उपायहरू भन्न सक्नेछन् ।<br>≈ स्थानीय तहको संरचना र भूमिकाका बारेमा केही भन्न सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल, प्रश्नोत्तर, समूह कार्य आदि । |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop को व्यवस्था मिलाउनुहोस्<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तैः Overhead Projector, Laptop/Computer आदि सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस्<br>≈ प्रस्तुति गर्दा प्रयोग हुने सामग्रीहरू क्रम मिलाएर राख्नुहोस्<br>≈ सहभागितासँग सम्बन्धित विभिन्न खेल तथा सहयोगी सामग्रीका बारेमा पनि तयारी अवस्थामा रहनुहोस । |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट<br>≈ मार्कर कलमहरू विभिन्न रङ्गका<br>≈ LCD, Laptop<br>≈ मास्किङ टेप<br>≈ मेटाकार्ड, ब्राउन पेपर<br>≈ सान्दर्भिक फोटोहरू प्रस्तुत गर्दा सिकाइ प्रभावकारी हुन सक्दछ । |

| | |
|---|---|
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ सहभागीहरूले पनि धेरै विश्वस्तरका महिला नेतृ तथा अगुवाहरूको बारेमा सुनेका जानेका हुन सक्दछन् । त्यसैले विश्वका अहिले चर्चामा रहेका महिलाहरूको नाम भन्नुहोस् भनेर सोध्ने ।<br>≈ त्यस्तैगरी, नेपालमै पनि राजनीति तथा सामाजिक जीवनमा सफल ठहरिएका महिलाहरूको बारेमा भन्नुहोस् भनेर सहभागीलाई उत्प्रेरित गर्नुहोस् ।<br>≈ सहभागीबाट आएका नामहरू टिप्दै जानुहोस् र किन तिनीहरू सफल भए अरु किन हुन सकेनन् भन्ने कारण पनि सोध्नुहोस् ।<br>≈ त्यसपछि कसरी महिला सहभागितामा वृद्धि गर्न सकिन्छ भन्ने जिज्ञासा अघि सार्दै छलफलको दोस्रो चरणमा प्रवेश गर्ने र पहिलाजस्तै सहभागीबाट केही कुराहरू आएपछि मात्र आफूले तयारी गरेको सामग्री प्रस्तुत गर्नुहोस् ।<br>≈ स्थानीय तहको संरचनात्मक व्यवस्था र भूमिकाका बारेमा संक्षिप्त व्याख्या गर्नुहोस् ।<br>≈ सहभागिता वृद्धिका उपायहरूको बारेमा एक-एक गरेर छलफल चलाई सकेपछि सहभागीको सिकाई मुल्याङ्कन गर्दै यो सत्रलाई समापन गर्नुहोस् । |

# ८. सन्दर्भ सामग्रीः स्थानीय तहको संरचना र नेतृत्व विकास

विगतमा स्थानीय निकायहरू (गाविस, नगरपालिका र जिविस) का बारेमा संविधानमा कुनै व्यवस्था थिएन । तिनीहरू केवल स्थानीय स्वायत्त शासन ऐन २०५५ मार्फत निर्देशित थिए । लामो समयसम्म तिनीहरू कमजोर अवस्थाबाट गुज्रे । झण्डै दुई दशकसम्म ती निकायको निर्वाचन समेत हुन सकेन ।

नेपालको वर्तमान संविधानले तीन तह (संघीय, प्रादेशिक र स्थानीय) को शासकीय स्वरूपको परिकल्पना गरेको छ । जसअनुरूप सबभन्दा तल्लो तहमा स्थानीय तह रहने व्यवस्था छ । धारा २२२ अनुसार हरेक गाउँपालिकामा गठन हुने गाउँ सभामाः एकजना गाउँ कार्यपालिका अध्यक्ष, एक जना उपाध्यक्ष, हरेक वडामा एकजना वडाध्यक्ष र ४ जना सदस्यहरू (२ जना महिला सदस्य समेत) पहिलो हुने निर्वाचित हुने पद्धति वमोजिम निर्वाचित हुने छन् । नगर सभाको गठन (धारा २२३) पनि यहि प्रक्रियाद्वारा हुनेछ । त्यस्तैगरी, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू सबै तथा निर्वाचित महिला सदस्यहरूमध्येबाट ४ जना र दलित र अल्पसङ्ख्यकमध्ये २ जना सदस्यसमेत रहेको गाउँ कार्यपालिका गठन हुनेछ भने नगर कार्यपालिकाको संरचना पनि यही प्रकारको हुनेछ ।

स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्लासभा भन्ने बुझिन्छ । गाउँपालिका एक भौगोलिक एकाइ हो भने गाउँ कार्यपालिका त्यस एकाइको कार्यकारी अधिकार प्राप्त सयन्त्र हो । त्यसैगरी, गाउँसभा गाउँपालिकाको व्यवस्थापकीय अधिकार प्राप्त संयन्त्र हो । गाउँपालिका जस्तै नगरपालिका पनि एक भौगोलिक एकाई हो भने नगर कार्यपालिका त्यस एकाईको कार्यकारी अधिकारी प्राप्त संयन्त्र हो र नगर सभा त्यस एकाईको व्यवस्थापकीय अधिकार प्राप्त संयन्त्र हो ।


जिल्लाभित्र रहेका गाउँपालिका र नगरपालिकाबीच समन्वय कायम गर्नका लागि हरेक जिल्लामा एक जिल्ला सभा र एक जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ ।

२०७२ साल असोज ३ गते संविधानसभाबाट जारी भएको नेपालको संविधानले राज्यको शासन सञ्चालनका लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यलाई पुनसंरचना गर्ने व्यवस्था अनुसार २०७३ साल फागुन

२७ गतेदेखि नेपालमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेत ग री ७४४ वटा स्थानीय तह कार्यान्वयनमा आएका छन् ।

**नेपालको संविधानमा भएको व्यवस्था :**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ।
२. राज्यको शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने ।
३. स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने ।
४. गाउँपालिका र नगरपालिकामा रहने वडाको सङ्ख्या संघीय कानून बमोजिम हुने ।
५. संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने ।
६. स्थानीय तहको कार्यकारिणी अधिकारी यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ ।
७. गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशक, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ ।
८. संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ ।
९. गाउँ सभा र नगर सभाले स्थानीय तहको अधिकारको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउने सक्नेछ ।



**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग :**

नेपालको संविधानको धारा २५० मा प्राकृतिक स्रोतको बाँडफाँडका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठनको व्यवस्था रहेको छ । आयोगले प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्नेछ ।

**नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूची :**

१. नगर प्रहरी
२. सहकारी संस्था
३. एफ.एम. सञ्चालन
४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा, रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन
५. स्थानीय सेवाको व्यवस्थापन
६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन
७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू
८. आधारभूत र माध्यमिक शिक्षा
९. आधारभूत स्वास्थ्य र सरसफाइ
१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ
१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३. स्थानीय अभिलेख व्यवस्थापन
१४. घर जग्गा धनी पुर्जा वितरण
१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७. बेरोजगारको तथ्याङ्क सङ्कलन
१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०. विपद् व्यवस्थापन
२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**स्थानीय तह निर्वाचनको आवश्यकता :**

स्थानीय तह आम जनतासँग सिधा सम्पर्क राख्ने सरकारी संयन्त्र हो । स्थानीय तह निर्वाचनको स्थानीय लोकतन्त्रको अनुभूति प्रदान गर्दछ । यसले स्थानीय नेतृत्व विकास, जनआकांक्षाको तत्काल सम्बोधन हुने वातावरणको निर्माण, स्वच्छ, स्वतन्त्र प्रतिस्पर्धाले संस्कृति निर्माण गर्ने र समग्रमा सहभागितात्मक र उत्तरदायी सरकार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**स्थानीय तहको संरचना :**

स्थानीय तहको निर्वाचनले गाउँसभा र नगरसभाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख उपप्रमुख र सदस्यहरूको छनोट गर्दछ । गाउँसभा र नगरसभाको निर्माणपश्चात् गाउँ कार्यपालिका र नगर कार्यपालिका निर्माणको बाटो खुल्छ । गाउँपालिका र नगरपालिका निर्माण भएपश्चात् जिल्ला सभा र जिल्ला समन्वय समिति निर्माण हुन्छ ।

(क) गाउँपालिका
(ख) नगरपालिका
(ग) जिल्ला सभा

**स्थानीय तह (सरकार) का अङ्गहरू :**

१. कार्यकारिणी अङ्ग : गाउँ कार्यपालिका/नगर कार्यपालिका
२. व्यवस्थापकीय अङ्ग : गाउँसभा/नगरसभा
३. न्यायिक अङ्ग : गाउँ/नगर न्यायिक समिति

**गाउँपालिका :**

गाउँपालिकाको कार्यकारिणी कार्य गाउँ कार्यपालिकाले गर्दछ । गाउँ कार्यपालिकाको गठन देहाय बमोजिम हुन्छ :

१. प्रत्येक गाउँपालिकामा एकजना गाउँ कार्यपालिका अध्यक्ष हुनेछ र निजको अध्यक्षतामा गाउँ कार्यपालिकाको गठन हुन्छ ।
२. गाउँ कार्यपालिकामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित अध्यक्ष, गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चारजना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य रहन्छन् ।

## गाउँ कार्यपालिकाको गठन

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष |
|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष) |

\+

४ जना (गाउँसभाका सदस्यहरूले महिला वडासदस्यहरू मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य)

\+

सम्बन्धित गाउँसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक मध्येबाट २ जना

=

गाउँ कार्यपालिका

**गाउँ सभा :**

**गाउँपालिकाको व्यवस्थापिकीय कार्य गाउँ सभाले गर्नेछ, यस्तो कार्य गर्न प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ । गाउँ सभाको गठन देहायबमोजिम हुन्छ :**

१. गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष एक जना, उपाध्यक्ष एक जना, वडा अध्यक्षहरू, प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य, दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित दुई जना सदस्य रहन्छन् ।

२. गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ र महिला वडा सदस्य पदमा मनोनयन पत्र पेश गर्दा राजनीतिक दलले कम्तीमा एक जना दलित महिला हुने गरी पेश गर्नुपर्छ । कुनै दलले एक जना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा दलित महिलाको उम्मेदवारी अनिवार्य रहेको छैन ।

## गाउँ सभाको गठन

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | वडासदस्य |
|---|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष) | **४ जना प्रत्येक वडाबाट** (एक दलित महिलासहित दुई महिला र अन्य दुई गरी जम्मा चार जना सदस्य) |

\+

सम्बन्धित गाउँसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक मध्येबाट २ जना

=

गाउँसभा

**न्यायिक अङ्ग : गाउँ न्यायिक समिति**

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित गाउँसभाले आफूमध्येबाट निर्वाचित गरेका दुई सदस्यसहित तीन सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा व्यवस्था रहेको छ ।

**नगरपालिका:**

नगरपालिकाको कार्यकारिणी कार्य नगर कार्यपालिकाले गर्दछ । नगर कार्यपालिकाको गठन देहायबमोजिम हुन्छ :

१. प्रत्येक नगरपालिकाको एक जना नगर कार्यपालिका प्रमुख हुनेछ र निजको अध्यक्षतामा नगर कार्यपालिकाको गठन हुन्छ ।
२. नगर कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष, नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य रहन्छन् ।

**नगर कार्यपालिका**

| प्रमुख | उपप्रमुख | वडाअध्यक्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष) | + | ५ जना (नगरसभाका सदस्यहरूले महिला वडासदस्यहरूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य) | + | सम्बन्धित नगरसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक मध्येबाट ३ जना | = | नगर कार्यपालिका |

**नगरसभा :**

नगरपालिकाको व्यवस्थापिकीय कार्य नगर सभाले गर्नेछ, यस्तो कार्य गर्न प्रत्येक नगरपालिकामा एक नगर सभा रहन्छ । नगर सभाको गठन देहाय बमोजिम हुन्छ ।

१. नगर सभामा नगर कार्यपालिका प्रमुख एक जना, उपप्रमुख एक जना, वडा अध्यक्षहरू, प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित तीन जना सदस्य रहन्छन् ।

२. नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ र महिला वडा सदस्य पदमा मनोनयनपत्र पेश गर्दा राजनीतिक दलले कम्तीमा एकजना दलित महिला हुने गरी पेश गर्नुपर्छ ।

कुनै दलले एकजना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा दलित महिलाको उम्मेदवारी अनिवार्य रहेको छैन ।

**नगरसभा**

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | वडासदस्य | | सम्बन्धित गाउँसभाले निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक मध्येबाट ३ जना | | |
|---|---|---|---|---|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडा अध्यक्ष) | **४ जना प्रत्येक वडाबाट** (एक दलित महिलासहित दुई महिला र अन्य दुई गरी जम्मा चार जना सदस्य) | + | | = | नगरसभा |

**न्यायिक अङ्ग : नगर न्यायिक समिति :**

नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा सम्बन्धित नगरसभाले आफूमध्येबाट निर्वाचित गरेका २ सदस्यसहित ३ सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा व्यवस्था रहेको छ ।

**जिल्ला सभा :**

जिल्लाभित्र रहेका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय काय गर्नका लागि हरेक जिल्लामा एक जिल्ला सभा र एक जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ । जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहन्छन् । जिल्ला सभाका सदस्यहरूमध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीनजना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको गठन हुन्छ ।

**निर्वाचन प्रणाली :**

निर्वाचनमा राजनीतिक दल वा उम्मेदवारहरूले प्राप्त गरेको मतलाई राजनीतिक दल वा उम्मेदवारले प्राप्त गर्ने सिटमा रूपान्तरण गर्ने पद्वति नै निर्वाचन प्रणाली हो । प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्थाको सम्बर्द्धन र प्रवर्द्धनका लागि निर्वाचन प्रणालीको छनोट एक महत्वपूर्ण अङ्ग बनेको छ ।

**स्थानीय तहमा निर्वाचन प्रणाली :**

१. अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने/बढी मत निर्वाचन प्रणालीको प्रयोगद्वारा हरेक पदमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।

२. गाउँपालिका वा नगरपालिकाको वडा समितिका एकजना महिलासहित दुई महिला वडा सदस्य र अन्य दुई वडा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा प्रत्येक सदस्यका लागि दिइने एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचिति हुने/बढी मत निर्वाचन प्रणालीको प्रयोगद्वारा हरेक पदमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार क्रमशः विजयी हुनेछन् ।

३. गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यका लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफूमध्येबाट गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना निर्वाचित गर्ने ।

४. गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यका लागि सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजनालाई निर्वाचित गर्ने ।

५. सम्बन्धित जिल्ला सभाका सदस्यले सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरूमध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित

बढीमा ९ जना सदस्य रहेको पाँच वर्षे कार्यकालसहितको जिल्ला समन्वय समितिको गठन हुनेछ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँसभा वा नगरसभाको सदस्य पद स्वतः रिक्त हुनेछ ।

**स्थानीय तहमा समावेशीकरण :**

(क) स्थानीय तह निर्वाचनमा मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

(ख) गाउँपालिका वा नगरपालिकाको वडा समितिमा रहने ४ जना वडा सदस्यमध्ये कम्तीमा एक दलित महिलासहित दुई जना महिलाको प्रतिनिधित्व हुने ।

(ग) गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा मनोनयन पत्र पेश गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर दलले एकजना मात्र उम्मेदवारी दिएमा दलित महिलाको उम्मेदवारी अनिवार्य रहेको छैन ।

(घ) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाका मतदाता नामावली नाम भएका र उम्मेदवार हुन योग्यता पूरा युगेका दलित वा अल्पसङ्ख्यकमध्येबाट गाउँसभा वा नगरसभाले निर्वाचित गरेका गाउँ कार्यपालिकाको हकमा दुई जना र नगर कार्यापालिकाको हकमा तीन जना सदस्य हुनेछन् । सोही सदस्यहरू गाउँसभा र नगरसभामा पनि सदस्य रहने व्यवस्था रहेको छ ।

**तालिका ७: स्थानीय तहका विभिन्न संरचनामा हुने महिलाको न्यूनतमसहभागिता**

| निकाय र तह विवरण | निकाय र पद सङ्ख्या | न्यूनतम सङ्ख्या | महिलाको उपस्थिति (न्यूनतम) |
|---|---|---|---|
| जिल्लासभा र समन्वय समिति (प्रमुख र उपप्रमुख) | ७५ | १ | ७५ |
| जिल्ला सभा सदस्य | ७५ | ३ | २२५ |
| नगर प्रमुख र उपप्रमुख | २६३* | १ | २६३ |

| निकाय र तह विवरण | निकाय र पद सङ्ख्या | न्यूनतम सङ्ख्या | महिलाको उपस्थिति (न्यूनतम) |
|---|---|---|---|
| गाउँपालिकाका प्रमुख र उपप्रमुख | ४८१ | १ | ४८१ |
| नगरपालिका र गाउँपालिकाका वडासदस्य मध्ये | ६६८० | २ | १३३६० |
| जम्मा | | | १४,४०४ |

*महानगरपालिका ४ वटा, उपमहानगरपालिका १३ वटा र नगरपालिका २४६ वटा ।

**स्रोत**: नेपालको संविधान, स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण प्रतिवेदन, २०७३ र स्थानीय तह निर्वाचन ऐन, २०७३

माथिको तालिका अनुसार,कुल ७४४ वटा गाउँपालिका र नगरपालिका तथा ७५ जिल्ला समन्वय समितिमा गरी कम्तीमा १४,४०४ जना महिला अर्थात् गाउँपालिका र नगरपालिकाका कुल ६६८० वडामा कम्तीमा २ जनाका दरले १३,३६० जना, ७४४ वटा गाउँपालिका र नगरपालिका प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एकजनाका दरले ७४४ जना, जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये कम्तीमा ७५ जना, र जिल्ला समन्वय समितिका सदस्यमध्ये कम्तीमा ३ जनाका दरले हुन आउने सङ्ख्या २२५ महिला सहभागी हुने निश्चित भएको छ। यसका अतिरिक्त स्थानीय तह निर्वाचनसम्बन्धी ऐनले हरेक राजनीतिक दललाई समावेशी प्रकृतिको उम्मेदवारीका लागि बाध्य पारिनु र धरौटी रकममा महिलालाई ५० प्रतिशत छुट हुने व्यवस्थाले महिला उम्मेदवारीका लागि प्रोत्साहन मिलेको छ। स्थानीय तहका विभिन्न निकायहरूको गठन, निर्वाचन प्रणाली तथा उम्मेदवारी मनोनयनसँग सम्बन्धित विस्तृत विवरण अनुसूची चारमा समावेश गरिएको छ ।

भारतमा महिला मुख्यमन्त्री भएको राज्यमा महिलाको सुरक्षा व्यवस्थामा सुधार भई राजनीति तथा सामाजिक संस्थाहरूमा महिलाको संलग्नता बढ्ने गरेको IDEA को सन २०१४ को अध्ययनले देखाएको छ । नेपालमा पनि यदि स्थानीय तहको निर्वाचनमा नेतृत्वदायी पदमा महिला निर्वाचित हुन सक्ने हो भने लैङ्गिक उत्तरदायी स्थानीय विकास योजनाहरू बन्ने, महिलाको क्षमता विकासका गतिविधिहरू बढ्ने, आर्थिक सामाजिक गतिविधिहरूमा महिलाको सहभागिता बढाउनमा भूमिका प्रभावकारी हुने विश्वास गरिन्छ ।

**नेतृत्व (Leaderhip) :**

नेतृत्व कुनै पनि सङ्गठनको नेता, प्रमुख वा व्यवस्थापक हो चाहे उक्त सङ्गठन राजनीतिक, सामाजिक तथा  पेशागत होस् । प्राध्यापक वेनीन का अनुसार "नेता/व्यवस्थापक ती व्यक्तिहरू हुन् जसले असल काम गर्दछन्" उनका अनुसार असल काम गर्नेहरू मात्र नेता हुन सक्दछन् किनभने नेता हुन अनुयायी हुनुपर्दछ र सक्षम नेताहरूका अनुयायी पनि धेरै हुन्छन् । अतः नेता त्यस्तो व्यक्ति हो जसले उन्नत स्तरको परिवर्तन वा सकारात्मक रूपान्तरणको मार्ग पत्ता लगाउँदछ र धेरै अनुयायीलाई दिशानिर्देश गर्न र आफूले नेतृत्व गरेको निकायलाई प्रतिस्पर्धात्मकरूपमा अगाडि लान सफल हुन्छ ।

लामो समयदेखि स्थानीय निर्वाचन हुन नसकेको र स्थानीय निकायहरू अभिभावक विहीन भएको सन्दर्भमा उदाहरणको रूपमा स्थानीय सवालहरूको स्थायी समाधान गर्न नेतृत्वमा हुनुपर्ने गुणहरू संक्षिप्तरूपमा यहाँ उल्लेख गरिएको छ यद्यपि यहाँ उल्लिखित गुणहरू नेतृत्व गर्ने हरेक व्यक्तिलाई जरुरी छन् :

**(क) उच्च नैतिकता, धैर्य, ईमान्दारिता, आत्मविश्वास र दृढता :**

रामो कामका लागि समय पनि धेरै लाग्न सक्छ त्यसका लागि धैर्यधारण गर्न सक्ने । सुधार सम्भव छ भन्ने आत्मविश्वास । असल कामका लागि सहयोग र समर्थन पनि अवश्य मिल्दछ कसैले असहयोग गरिहालेमा पनि विचलित हुन्न भन्ने दृढता । सार्वजनिक जिम्मेवारीको बोध तथा बचनबद्धता नेतामा अपरिहार्य छ ।

**(ख) सक्षमता, निष्पक्षता, दूरदर्शिता र पारदर्शिता :**

परिवर्तनको नेतृत्व गर्नेलाई अधिकार दिइनुपर्दछ । अधिकार कार्यान्वयन गर्नका लागि स्वतन्त्रता चाहिन्छ तर अधिकार र स्वतन्त्रता मात्र नभएर अधिकारको अभ्यास गर्नसक्ने सक्षमता पनि नेतामा हुनुपर्दछ । यसका साथै आफ्नो निकायलाई कुन स्तरमा पुऱ्याउने भन्ने सपना देख्न सक्ने, निष्पक्ष र पारदर्शी व्यवहार पनि स्थानीयलगायत सबै तहका नेतामा हुनु जरुरी छ ।

**(ग) समाज, अर्थतन्त्र, भूराजनीति र संस्कृतिको जानकारी :**

जसले समाज बुझ्दैन उसले समाजका समस्या समाधानको नेतृत्व गर्न पनि सक्दैन । विगत दुई दशकमा सप्तरीको मानिसलाई हुम्लाको गाविस

अध्यक्ष बनाइयो । उसले कसरी योगदान गर्न सकोस् । एउटा नेतामा उसले नेतृत्व गरेको समाज, त्यहाँको भू तथा अर्थराजनीति अनि संस्कृतिको पनि गहन ज्ञान हुनु जरुरी पर्दछ तब मात्र स्थानीय सवालको स्थायी समाधानको नेतृत्व गर्न सक्दछ ।

**(घ) कानुनी शासन र नागरिक जवाफदेहिता (Downward accountability) प्रति संवेदनशील :**

अहिले पनि केन्द्रदेखि पञ्चायती शासनमा अभ्यास गरिने गरेको तोक आदेश पद्धति बढी प्रभावकारी छ । स्थानीय निकायलाई स्थानीय स्वायत्त शासन ऐनले केही हदसम्म स्वायत्त निकायको रूपमा स्थापित गरेको थियो तर ती निकायहरूले स्वायत्तताको अभ्यास गर्न सकेनन् । स्थानीय स्रोत पहिचान र परिचालनमा ध्यान नदिई केवल केन्द्रका पछि लाग्ने बानी हटेन । अतः कानुनले दिएको स्वतन्त्रताको हकको उपयोग गरी केन्द्रतिर नभई स्थानीय नागरिक अर्थात् आफ्ना मतदाताहरूप्रतिको जवाफदेहिताप्रति गम्भीर हुनु जरुरी हुन्छ ।

**(ङ) महिलालगायत अति गरीब र पिछडिएका वर्गका आवश्यकताप्रति गम्भीर :**

स्थानीय तहका समस्याहरूमध्ये महिलालगायत आर्थिक सामाजिक रूपमा पछि परेका समुदायका नागरिकका आवश्यकताप्रति सजग हुनुपर्ने आवश्यकता छ । किनभने विगतमा स्थानीय निकायले गरेका विकास प्रयास समावेशी हुन सकेनन् अथवा सन्तुलित विकास गर्न असक्षम भए । लक्षित वर्गका लागि भनेर उपलब्ध हुने गरेको रकमसमेत सडकमा खर्च गर्ने गर्दा यसले अपेक्षा गरेको नतिजा दिन सकेन । अतः कुशल नेता पिछडिएका वर्गप्रति संवेदनशील हुन जरुरी छ ।

**(च) जनभावनाको कदर अर्थात् दलगत स्वार्थमा भन्दा सार्वजनिक दायित्वप्रति सजग :**

दलीय व्यवस्थामा राजनीतिक दलको पनि भूमिका स्वाभाविक हुन्छ तर एउटा कुशल नेताका लागि उसलाई पार्टीले के गर्न भनेको छ भन्दा पनि नागरिकको चाहना के छ भन्ने कुरा महत्वपूर्ण हुन्छ त्यसको खँडेरी परेको वर्तमान सन्दर्भमा स्थानीय नेतृत्व नागरिकप्रति जवाफदेही र उनका चाहना वा सार्वजनिक दायित्वप्रति सजग हुनु जरुरी छ ।

**(छ) दिगो तथा प्रतिस्पर्धात्मक विकासका लागि स्पष्ट कार्यदिशा :**

केन्द्रले लाए अह्राएका कामहरू मात्र गर्न बानी परेका स्थानीय नेतृत्वमा नयाँ संविधानले तोकेका जिम्मेवारीहरू वहन गरी समान खालका अन्य निकायहरूको भन्दा राम्रो गर्ने क्षमताको विकास गर्न जरुरी छ। अतः आफ्नै स्पष्ट कार्यदिशा र प्रतिस्पर्धात्मक कुशलता स्थानीय तहका व्यवस्थापिका र कार्यपालिकाका सदस्यहरूमा हुन जरुरी छ।

यी माथि उल्लिखित गुण वा क्षमताहरू स्थानीय तहको नेतृत्वमा भएमा मात्र लैङ्गिकतालगायतका समस्याहरूको सम्बोधन हुने कुरामा विश्वास गर्न सकिन्छ।

**नेतृत्व सुसूचित–पूर्ण रुपमा ज्ञात :**

**राजनीतिक दलका नेताहरुसँग छलफल गरी एउटा सामान्य अवधारणाको निर्माण पनि गर्न सकिन्छ । यस प्रयोजनका लागि निम्न प्रश्नहरु सोध्न सकिन्छ :**

१. हाम्रा राजनीतिक दलले कसरी धेरै मानिसबाट केही उम्मेद्वारहरू छान्ने गर्दछन् ?

२. के महिला र पुरुषका लागि फरक फरक प्रक्रिया छन?

३. यदि आफूसँग एउटा मात्र कोटा भएमा, छनौट प्रक्रियामा महिला पक्षको भूमिका के रहन्छ ?

४. सर्टलिस्टिङबाट कुनै उम्मेद्वारहरु कसरी छानिन्छन् ?

५. उम्मेद्वारले कुनै पार्टीको टिकट पाउने सबभन्दा सजिलो तरिका के हो ?

६. राजनीतिक दलको कुन तहमा निर्णयहरु बनाइन्छ ?

७. के प्रत्यक्ष निर्वाचनका लागि र आरक्षित सिटमा फरक प्रक्रिया छ ?

**ईमान्दार, मेहेनती :**

तपाई कुनै पनि निर्वाचित प्रतिनिधि पुरुष अथवा पार्टी कार्यकर्ताभन्दा अझै बढी सक्रिय, ईमान्दार, साँचो र मेहेनती हुनु होस् र देखिनु पनि होस्। त्यसै क्रममा अरु महिला तथा पुरुषहरुले महिलालाई निर्वाचनमा लागेको भनी आलोचना गर्न सजिलो पनि ठान्न सक्दछन्। तपाई योग्य तथा अरुको विश्वास जित्न सक्ने बन्नु पर्दछ।

**असल चरित्र र इमान्दारिता निम्न गुणहरुबाट देखाउन सकिन्छ :**

(क) आफ्नो बोली अनुसारकै असल हुनु होस् ।

(ख) काम पनि बोली अनुसारको नै हुनु पर्दछ ।

(ग) बफादार हुनु पर्दछ। आफ्ना सहयात्री, संविधान र साथीप्रति सच्चा हुनुहोस्। अनि मात्र अरु पनि तपाई प्रति नरम नै हुने गर्दछन् । यही आफैं बेइमानी हुनु भयो भने अरुले पनि नराम्रो व्यवहार नै गर्दछन् ।

(घ) काम गर्ने तथा सहभागी हुने मानिसहरुका लागि सफा वातावरणको निर्माण गर्नुहोस् । यदि कसैले अरुको बारेमा पछाडि कुरा काट्ने तथा असन्तोष प्रकट गरेमा अरुले पनि तपाईलाई त्यस्तै नै गर्दछ । यो अविश्वास पनि हुनेछ ।

**आर्थिक पारदर्शी, पदको सदुपयोग :**

(क) आफ्नो तथा आफ्नो नातेदारको व्यक्तिगत फाइदा हुने काममा कुनै पनि सार्वजनिक वा दलको कोषको रकमको दुरुपयोग नगर्नुहोस् । व्यक्तिगत स्वार्थबाट माथिटाढा रहनु होस् ।

(ख) आफू सेवाभावनाले भरिएको सच्चा राजनीतिककर्मी भएको र आफ्ना लागि नभई अरुका लागि काम गर्ने कुरा देखाउन थप प्रयत्न गर्नुहोस् ।

**मौका तथा अवसरको सदुपयोग :**

(क) राष्ट्रिय, प्रादेशिक वा स्थानीय तहको जुनसुकै भएतापनि आफ्नो राजनीतिक दलको एउटा कुनै समितिमा सामेल हुनु होस तर सानो समितिबाट सुरु गरेको बाटोबाट पनि तपाई भविष्यमा त्यही पार्टीको उच्च तहका समितिहरुमा पुग्न सक्नुहुन्छ ।

(ख) जिम्मेवारीहरू र कठिन काम देखाउन उत्साहित रुपमा भित्री इच्छाका साथ स्वंयम्सेवकको रुपमा पनि काम गर्न सक्नु पर्दछ ।

(ग) अनुभवको आवश्यक पर्ने छ ।

**प्रचार प्रसार :**

तपाईको आफ्नो दल र मतदाताहरुलाई तपाई के काम गरिराख्नु भएको छ र समुदायका लागि के काम गरिसक्नु भएको छ भन्ने कुरा थाहा पाउने वातावरणको सिर्जना गर्नुहोस । आफ्नो उत्तरदायित्व देखाउनको लागि पनि

महत्वपूर्ण हुन सक्दछ । यसका साथै आफूलाई पदोन्नति गर्नका लागि र भरोसा जित्नका लागि यो महत्वपूर्ण हुन सक्दछ । आफ्नो उन्नतिको बारेमा अरुमा भर पर्नु पक्कै पनि राम्रो होइन तर अरु व्यक्तिहरु आफूमा भर पर्नु भने आफ्नोलागि फाइदाजनक कुरा हो ।

**संगठन विस्तार र सदस्यता :**

(क) यदि तपाईका राजनीतिक दलमा कुनै एउटा पनि महिला सङ्गठन छैन भने एउटा सुरु गर्नुहोस् । यसका लागि आफ्नो दलभित्रका महिलाहरुको एउटा सञ्जाल बनाएर तथा बैठकहरु गरेर सुरुवात गर्न सकिन्छ ।

(ख) आफ्नो राजनीतिक दलभित्र आवद्ध हुनका लागि अन्य महिलाहरुलाई पनि प्रोत्साहन गर्नुहोस् र तिनीहरु पनि समितिभित्र रहेका विभिन्न सिटहरु पाउन सहयोग गर्नुहोस् ।

**नया दृष्टिकोणको सिर्जना :**

(क) नेतृत्व गर्ने व्यक्ति हुनुहोस् प्रबन्धक बन्नु होस् ।

(ख) नेताभित्र राम्रो दृष्टिकोण हुनुपर्दछ र अरुलाई पनि अनुसरण गर्न प्रेरित गर्नु पर्दछ ।

(ग) नेता आफ्नो रणनीति र काममा केन्द्रित हुनु पर्दछ

(घ) नेताले सकारात्मक काम गर्दछ तर नकारात्मक प्रतिक्रिया जनाउने गर्दैन ।

**राजनीतिक गतिविधि :**

(क) आफूलाई आफ्नो राजनीतिक दलको महिला सङ्गठनको क्रियाकलापहरूमा मात्र सीमित नगर्नुहोस् । पार्टीको मुख्य निकायमा पनि सामेल हुनु होस् ।

(ख) पुरुषले दलको मुख्य पदहरु ओगट्दछन् ।

**यी बयानहरुमध्ये कुन ठीक छ र कुन बेठीक छ ?**

(क) दलको कामकाजमा महिलाहरु समावेश गर्दा महिला मतदाताहरुको पहुँच वृद्धि हुन्छ ।

(ख) पुरुषहरुले महिलालाई मतदान गर्न सिकाउँदछ र त्यसकारण राजनीतिक दलहरुले महिला समावेश गर्ने कुरा आवश्यक छैन ।

(घ) महिलाहरुले राजनीति बुझ्न सक्दैनन् र त्यसकारणले गर्दा राजनीतिक दलका सदस्य हुनु पर्दैन ।

(ङ) कुनै पनि राजनीतिक दल सफल हुनका लागि उनीहरुसँग महिला तथा समावेशी समुदायसँग सम्बन्धित कार्यक्रम तथा रणनीति हुन आवश्यक छ ।

(च) यदि एकजना महिला कुनै दलको कामकाजमा उत्साहित रुपमा लागेमा उनले घरभित्रका पुरुष, छरछिमेकलगायत अन्य मतदातालाई प्रभाव पार्न सक्दछन् ।

# सत्र ९: निर्वाचनका सरोकारवालाहरु र निर्वाचनमा तिनको भूमिका

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्तमा सहभागीहरूले -<br>≈ सरोकारवालाका वारेमा केहि भनाईहरु राख्न सक्नेछन् ।<br>≈ निर्वाचनका सरोकारवालाहरु को को हुन र कसको भूमिका के के हुन्छ वताउन सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल, समुह कार्य<br>≈ प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तैः न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop/Computer को व्यवस्था मिलाउनुहोस्<br>≈ आवश्यक पावरपइन्ट स्लाइड्स् र विद्युतीय उपकरण जस्तैः LCD, Laptop आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस्<br>≈ ब्राउन पेपरबाट प्रस्तुती गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस्<br>≈ प्रस्तुतीका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस् |
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिन्ट तथा फ्लिपचार्ट<br>≈ विभिन्न रङ्गका मार्करहरु<br>≈ LCD, Laptop<br>≈ मास्किङ टेप<br>≈ मेटाकार्ड तथा व्राउन पेपरहरु |

| | |
|---|---|
| **सत्र सञ्चालन क्रियाकलाप** | ≈ सहभागीहरुलाई सरोकारवाला भनेको के हो भन्ने प्रश्न राख्नुहोस ।<br>≈ यसमा केहि बेरको क्षलफल पश्चात निर्वाचनलाई कसरी समावेशी बनाउन सकिन्छ भन्ने प्रश्न सोध्नुहोस ।<br>≈ सहभागीका प्रतिक्रियाहरुलाई महत्व दिँदै समावेशी निर्वाचन के हो भन्ने विषयमा तयार गरिएका सामग्री प्रस्तुत गर्नुहोस ।<br>≈ समावेशी निर्वाचनका लागि सरोकारवालाहरु को को हुन सक्लान र कसको भूमिका के भन्ने विषयमा छलफल गर्नुहोस । सरोकारवालाहरुको भूमिकाका बारेमा समूह कार्य पनि गर्न सकिन्छ।<br>≈ कस्को भूमिका कस्तो वा कुन तहको भनेर गाढा र फिका रङ्गमा महत्व झल्काउने चित्र पनि देखाउन सकिन्छ ।<br>≈ संक्षिप्त रुपमा पुनरावलोकन गर्दै सत्रलाई समापन गर्नुहोस । |

# ९. सन्दर्भ सामग्रीः निर्वाचनका सरोकारवालाहरू, निर्वाचनमा तिनको भूमिका

**सरोकारवाला (Stakeholder)**:

सरल अर्थमा सरोकारवाला भन्नाले चासो राख्ने व्यक्ति वा निकाय भन्ने बुझिन्छ । अलि वृहत् अर्थमा यसलाई विश्लेषण गर्दा कुनै विषयगत क्षेत्रमा महत्व राख्ने र योगदान गर्न सक्ने क्षमता वा हैसियत भएको जिम्मेवार व्यक्ति, समूह वा सार्वजनिक निकाय बुझिन्छ, जसको संलग्नता वा सहयोगले कुनै निर्धारित काम सफलताका साथ सम्पन्न गर्न सघाउ पुग्दछ भने असहयोग हुँदा लक्षित उपलब्धि हांसिल गर्न कठिनाइ हुन्छ । विकासको क्षेत्रमा असाध्य बढी प्रयोग हुने गरेको सरोकारवाला शब्दको महत्व र भूमिका अचेल सार्वजनिक क्षेत्रमा निकै बढ्दै गएको छ । समावेशी सहभागिता, समावेशी निर्णय, समावेशी विकास, समावेशी बैकिङ्ग, समावेशी निर्वाचनलगायत विकासका हरेक सवालमा समावेशी शब्दसँगै जोडिएर आउने गरेको परिप्रेक्ष्यमा उक्त लक्ष्यमा पुग्नका लागि एउटै निकाय वा पक्षको भूमिका मात्रै सधैं पर्याप्त नहुने भएकाले कुनै एक विषयगत क्षेत्रको काममा अन्य धेरै पक्ष (व्यक्ति, समूह वा निकाय) हरूको सहभागिता र योगदानको अपेक्षा गरिएको हुन्छ जसले वाञ्छित नतिजा प्राप्तिमा सफलता मिल्दछ ।

सामाजिक समावेशीकरणले बञ्चितीमा परेका वर्गलाई मूलप्रवाहमा ल्याउनका लागि आईपर्ने अवरोधहरूलाई हटाई आर्थिक, सामाजिक विकास गतिविधिहरूमा सहभागी हुने वातावरण बनाउँदछ र यो सामूहिक प्रयासबाट मात्र सम्भव हुन्छ । यसले बञ्चितीमा परेका महिला वा पुरुषको अस्तित्वको स्वीकारोक्तिसँगै उनीहरूका आवश्यकता र सवाललाई सम्बोधन गर्दछ । सबै नागरिकको पहिचान, प्रतिनिधित्व वा सहभागिता र अधिकार सुनिश्चित गर्न उनीहरूलाई मूलप्रवाहमा ल्याई विभेद तथा द्वन्द्वको अन्त्य गर्न र सन्तुलित विकास प्राप्तिका लागि समावेशीकरणको आवश्यकता पर्दछ । जबसम्म समाजका सबै वर्ग एकैनाससँग मूलप्रवाहमा समाहित हुँदैनन् तबसम्म सन्तुलित विकास सम्भव हुँदैन । अतः सन्तुलित, समानुपातिक र समावेशी नतिजा प्राप्तिका लागि उक्त अभियानमा लाग्ने निकाय वा actorsहरूमा पनि समावेशिता हुनु उपयुक्त मानिन्छ । एउटै व्यक्ति वा निकायसँग सबै विषयको विज्ञता असम्भव हुने भएकाले कुनै महत्वपूर्ण काममा विभिन्न क्षेत्रको विज्ञता भएका निकायहरूको

संलग्नता अपेक्षित नतिजा निकाल्न सहयोग पुग्ने भएकाले सरोकारवालाहरूको भूमिका र महत्व बढाएको छ । विकासका अन्य गतिविधिमा जस्तै निर्वाचन अभियानमा पनि सरोकारवालाहरूको सक्रिय सहयोग र सहभागिताको महत्व रहेको छ ।

समावेशी निर्वाचन सुशासन र लोकतन्त्रको आधार भएकाले समावेशी सहभागिता र विकासका लागि निर्वाचनमा पनि समावेशिता हुनुपर्दछ भन्ने अवधारणाको विकास भयो । निर्वाचनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू जस्तैः मतदाता नामावली तयार गर्ने, मतदान गर्ने, उम्मेदवार बन्ने, निर्वाचित भई आफ्ना सरोकारका विषयमा निर्णय लिने स्थानमा पुग्ने आदि कार्यहरूमा समाजका हरेक वर्गको समान सहभागिता वा अवसरको सुनिश्चितता समावेशी निर्वाचनका लागि अपरिहार्य छ । सबै वर्ग,क्षेत्र र समुदायका नागरिकको चेतनाको स्तर समान छैन । आर्थिक, सामाजिक, साँस्कृतिकलगायत शिक्षा र चेतनाको स्तरमा भिन्नता भएका नागरिकहरूलाई निर्वाचनको महाअभियानमा समान तरिकाले सक्रिय बनाउन निर्वाचन आयोगका अभियानहरूमा सहयोग पुर्‍याउन आयोगले अन्य निकायहरू, व्यक्ति वा समूहहरूलाई सार्वजनिक रूपमा आह्वान गर्ने गर्दछ र धेरै निकायले विगतमा सहभागिता जनाउने गरेका पनि छन् ।

**निर्वाचनमा समावेशिता र सरोकारवाला :**

हरेक तहका निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोग नै प्रमुख जिम्मेवार निकाय हो । समावेशी निर्वाचनको माध्यमबाट बढीभन्दाबढी नागरिकको सहभागिता सुनिश्चितताका लागि यसले गरेका प्रयासहरू अनुकरणीय छन् । निर्वाचनलाई बढीभन्दा बढी समावेशी बनाउने अभिप्रायले निर्वाचन आयोगद्वारा नीति, निर्देशिका र कार्यक्रम निर्माण गर्दा लैङ्गिक दृष्टिकोणलाई मध्यनजर गरेको, मतदाता शिक्षा नीतिमा लैङ्गिक समावेशीकरणका लागि प्रावधानहरू राखिएको, मतदाता शिक्षाका लागि जनशक्ति परिचालन गर्दा र सामग्रीहरू प्रकाशन गर्दा लैङ्गिक पक्षलाई ध्यान दिइएको, लैङ्गिक तथा निर्वाचन विषयमा तालिमहरू प्रदान गरिएको, फोटोसहितको मतदाता नामावली तयार गर्दा महिला, पुरुष, तेस्रो लिंगी र अपाङ्गता भएका व्यक्तिको पहिचान् गरी दर्ता गर्ने गरेको, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तमा असर पर्न सक्ने सूचनाको प्रयोगमा रोक लगाइएको, मतदाता नामावली सङ्कलन प्रयोजनका लागि महिला सङ्कलकलाई प्राथमिकता दिइएको, मतदानको समयमा समेत महिला तथा पुरुष मतदाताको

अलग-अलग लाइनको व्यवस्था, मतदानको क्रममा महिलाको औंलामा मसी लगाउने जिम्मेवारी महिला कर्मचारीहरूलाई मात्र दिने व्यवस्था, लैङ्गिक तथा समावेशी नीति, २०७० निर्माण र कार्यान्वयन, कोही पनि नागरिकहरू नछुटून भन्ने उद्देश्यले मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने कामलाई पटक पटक स्थानीय स्तरमा पुऱ्याएको, निर्वाचनमा सबै क्षेत्र, वर्ग र लिङ्गको सहभागिता गराउन नयाँ नीति तथा निर्देशिका निर्माण भई कार्यान्वयन भएका छन् ।

यो प्रशिक्षण सामग्री पनि राजनीतिमा महिला सहभागिताको विकास तथा निर्वाचनलाई सकेसम्म समावेशी बनाउनका लागि गरिएको अर्को प्रयास हो । निर्वाचनमा सकभर धेरै महिला सहभागी गराई समावेशी निर्वाचन प्रवर्द्धनमा निर्वाचन आयोगका प्रयास मात्र पर्याप्त नहुन सक्दछन् । यसका लागि सरकारी तथा गैरसरकारी अन्य निकाय वा पक्षहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ । तलको चित्रमा निर्वाचनलाई समावेशी बनाउन विगतमा पनि भूमिका खेलेका र आगामी निर्वाचनहरूमा पनि योगदान गर्न सक्ने सरोकारवाला निकायहरू समावेश गरिएको छ । स्थान, परिवेश र क्षमताका आधारमा तिनीहरूको भूमिका फरक फरक हुन पनि सक्दछ । भूमिकाको गहनताका आधारमा तिनीहरूलाई फरक-फरक रङ्गमा देखाउने प्रयत्न गरिएको छ ।

**निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरू**



**सरोकारवाला :**

(क) सरोकारवाला भन्नाले चासो राख्ने व्यक्ति वा निकाय हुन ।

(ख) कुनै विषयगत क्षेत्रमा महत्व राख्ने र योगदान गर्न सक्ने क्षमता वा हैशियत भएको जिम्मेवार व्यक्ति, समुह वा सार्वजनिक निकाय वुझिन्छ, जसको संलग्नता वा सहयोगले कुनै निर्धारित काम सफलताका साथ सम्पन्न गर्न सघाउ पुग्दछ भने असहयाग हुदा लक्षित उपलव्धी हांसिल गर्न कठिनाई हुन्छ ।

**निर्वाचनका सरोकारवालाहरू र तिनको भूमिका :**

निर्वाचन प्रक्रिया र नतिजा समेतलाई समावेशी बनाउनका लागि निर्वाचन आयोगले खेलिरहेको भूमिका तथा योजनाका बारेमा माथि नै उल्लेख गरिसकिएकाले यस तालिकामा निर्वाचनलाई समावेशी बनाउनका लागि अन्य निकाय तथा सरोकारवालाहरूको भूमिका कस्तो हुन्छ भन्ने कुरा संक्षिप्त रूपमा समावेश गरिएको छ ।

**तालिका ५: निर्वाचनका सरोकारवाला र निर्वाचनको समावेशीकरणका लागि तिनीहरूको भूमिका**

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| १. | स्थानीय तह | ≈ मतदाता नामावली सङ्कलन गर्ने र यसमा सबै वर्गका नागरिकको सहभागिता सुनिश्चित गर्ने<br>≈ मतदाता नामावलीमा परेका उजुरी उपर छानबिन गर्ने र नामावली अद्यावधिक गर्ने<br>≈ प्रजातन्त्रको आधारभूत पाठशालाको रूपमा प्रजातान्त्रिक आचरण र कार्यशैलीका बारेमा सर्वसाधारणलाई अभ्यस्त बनाउने जसले महिला तथा अन्य पिछडिएका वर्गका नागरिकलाई निर्वाचनमा सहभागी हुन आकर्षित गरोस्<br>≈ निर्वाचनमा सहभागी हुनका लागि सर्वसाधारणलाई आह्वान वा प्रोत्साहन गर्ने र यसका लागि स्थानीयस्तरमा शिविर (campaign) चलाउने, |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| | | त्यस प्रकारका शिविरहरूमा महिला सहभागितालाई प्रोत्साहन गर्नका लागि सम्भव भएसम्म स्थानीय महिला समूहहरूलाई परिचालन गर्ने<br>≈ महिला तथा अपाङ्गहरूलाई अनुकूल हुने मतदान केन्द्रको निर्माणमा निर्वाचनमा खटिएको टोलीलाई आवश्यक सहयोग उपलब्ध गराउने |
| २. | राजनीतिक दलहरू | ≈ विभिन्न तहका आन्तरिक संरचनाहरूमा सकभर ठूलो सङ्ख्यामा महिला समावेश हुन सक्ने गरी नीति, नियम र विधानहरू निर्माण गर्ने<br>≈ महिला सदस्य तथा पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,<br>≈ राजनीतिक प्रशिक्षणका साथमा विपन्न महिला सदस्यहरूलाई लक्षित गरी आर्थिक विकासका गतिविधिहरू सञ्चालन गर्ने<br>≈ निर्वाचनमा बढीभन्दाबढी महिलालाई उम्मेदवारी दिन प्रोत्साहन गर्ने र प्रचार प्रसारलगायत मतदानको समयसम्म उनीहरूलाई आवश्यकता अनुसार साथ दिई रहने<br>≈ निर्वाचन आयोग तथा निर्वाचनमा खटिने कर्मचारीलाई सहयोग गरी निर्वाचन वा मतदानको उचित वातावरण बनाउन सहयोग पुऱ्याउने<br>≈ मन्त्रीहरू, संवैधानिक निकायका पदाधिकारीहरू तथा राजनीतिक नियुक्ति हुने महत्वपूर्ण पदहरूमा महिलालाई सिफारिस गर्ने<br>≈ महिला उम्मेद्वारको संख्या बढाउन<br>≈ दलहरूको नेत्तृत्व तहमा महिला सहभागितालाई प्रोत्साहन गर्ने<br>≈ लक्षित वर्ग विशेषगरी महिलालाई मतदाता शिक्षाका कार्यक्रमहरू संचालन गर्ने<br>≈ निर्वाचनमा हुने लैङ्गिक हिंसा न्यूनिकरण गर्ने |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| | | ≈ नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>≈ राजनीतिक दलको नवनिर्वाचित महिला सदस्यहरूलाई विशेष तालिम प्रदान गर्ने<br>≈ सीमान्तकृत समूहका लागि विशेष प्रतिनिधित्व हुने र सकारात्मक सुरुवातका ढाँचाहरू तयार गरी कार्यान्वयन गर्ने<br>≈ महिला राजनीतिज्ञहरू र नागरिक समाजका सङ्गठनहरूबीचमा रणनीतिक साझेदारी गर्ने<br>≈ निर्वाचन कार्यक्रमका दौरानमा महिला उम्मेदवार र महिला मतदातालाई सहयोग गर्ने<br>≈ राजनीतिक दलहरूको निर्णय प्रक्रिया तथा मुख्य राजनीतिक दलका समितिहरूमा महिला सहभागिता बढाउन<br>≈ लैङ्गिक समानताका बारेमा दलका सदस्यहरूलाई सचेत बनाउन<br>≈ मतदाता दर्ता प्रक्रियाको लेखाजोखा गरी महिला मतदाता दर्ता बढाउन विशेष पहलहरू गर्ने<br>≈ महिलाहरूमा केन्द्रित आमपहुँचका कार्यक्रमहरू संचालन गर्ने<br>≈ राजनीतिक दलका अभियानहरूमा महिला र पुरुषलाई फरक रुपमा असर पार्ने राजनीतिक मुद्दाहरू समावेश गर्ने<br>≈ सीमान्तकृत समुदायका मानिसहरूको उम्मेद्वार हरूलाई थप स्रोतहरूको ब्यवस्था मिलाउन<br>≈ नेतृत्वका पदहरूमा महिलाहरूलाई पुऱ्याउन तालिमहरू र राजनीतिक क्षेत्रहरूमा महिला पहुँच पुऱ्याउन<br>≈ महिला उम्मेद्वारहरूका लागि अनुदान सङ्कलनका क्षेत्रहरूबढाउन |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
| --- | --- | --- |
| | | ≈ कुनै पनि राजनीतिक दलहरूले महिलाहरूको राजनीतिक सहभागितालाई बलियो पार्ने नीति अवलम्बन गरेको वा नगरेको सुनिश्चित गर्ने |
| ३. | महिला समूहहरू | ≈ महिलाको नेतृत्व विकासमा अग्रसर हुने,<br>≈ आर्थिक तथा सामाजिक चेतना विस्तारका गतिविधिहरू सञ्चालन गर्ने वा त्यस्ता गतिविधिहरूमा सहभागिता जनाउने,<br>≈ महिलाविरुद्धका भेदभाव तथा हिंसा न्यूनीकरणमा क्रियाशील रहने,<br>≈ महिला लक्षित कार्यक्रम तोकिएकै क्षेत्रमा खर्च गर्नका लागि खबरदारी र सहयोग गर्ने जसले महिला सशक्तीकरणमा सहयोग पुर्‍याउँदछ,<br>≈ निर्वाचनमा उम्मेदवारी दिन र मतदानमा बढीभन्दा बढी महिला दिदी बहिनीहरूलाई सहभागी हुन प्रोत्साहित गर्ने र महिला उम्मेदवारलाई जिताउन दलगत स्वार्थभन्दा बाहिर रहेर आह्वान/सहयोग गर्ने ।<br>≈ दलहरूको नेतृत्व तहमा निर्वाचनमा महिला सहभागिता बढाउन वकालत गर्ने<br>≈ लक्षित वर्ग विशेष महिलालाई मतदाता शिक्षा पुगे नपुगेको कुरा एकिन गर्ने<br>≈ निर्वाचनमा हुने लैङ्गिग हिंसा न्यूनिकरण गर्न भूमिका निर्वाह गर्ने<br>≈ नागरिक समाजका सङ्गठनहरूबीचमा रणनीतिक साझेदारी गर्ने<br>≈ नेतृत्व तहको अभियानमा महिलालाई प्रोत्साहन गर्ने<br>≈ राजनीतिक संवादको सहजीकरण गर्ने<br>≈ निर्वाचन दिनमा सहयोग पुर्‍याउन |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| | | ≈ सम्भावित महिला उम्मेद्वारहरूलाई तालिम प्रदान गर्ने<br>≈ निर्वाचन अभियानका चरणहरूको समयमा महिलाहरू प्रत्यक्ष संलग्नताको सुनिश्चितता गर्ने<br>≈ महिलाहरूमा केन्द्रित आमपहुँचका कार्यक्रमहरू पुऱ्याउन<br>≈ महिलाहरूलाई गुनासो आयोगका सदस्य हुन प्रोत्साहन गर्ने तथा कमिटिमा नियुक्त गर्ने<br>≈ निर्वाचन व्यवस्थापन निकायका सबै चरणमा महिलाहरू भर्ती गरिएका तथा नियुक्ति गरिएका कुराहरूको सुनिश्चितता गर्ने<br>≈ विशेषत लैङ्गिक समानताका सवालहरूमा सहयोग पुऱ्याउने तथा दलहरूको नीतिहरूको मूलधारको बहसमा नै लैङ्गिक दृष्टिकोणको सुनिश्चित भए नभएको विषयमा वहस गर्ने<br>≈ महिला उम्मेद्वारहरूका लागि अनुदान सङ्कलनका क्षेत्रहरू बढाउन |
| ४. | निर्वाचन पर्यवेक्षक | ≈ पिछडिएका महिलाहरूको निर्वाचनमा सहभागिता कस्तो भन्नेबारे जानकारी लिने<br>≈ मतदाता दर्तामा र महिला सहभागितामा बाधा पुऱ्याउने सांस्कृतिक परम्परा उल्लेख गर्ने,<br>≈ जटिल शब्द र अपाच्य भाषणहरूको निरीक्षण गर्ने र सूचना दिने प्रणालीको निर्माण<br>≈ राजनीतिक अभियानहरूको लेखाजोखा गर्ने<br>≈ महिलाहरूका मत तान्नका लागि दलहरूले अपनाएका रणनीतिहरू अध्ययन गर्ने<br>≈ मतदान समयमा नै सुरु भएको तथा सबै प्रक्रिया पूर्णरूपमा पारदर्शी भएको नभएको भनी जाँच्ने<br>≈ राजनीतिक दलका अभियानहरूको अनुगमन गर्ने<br>≈ सम्भावित निर्वाचन सुधारका क्षेत्रहरूको बारेमा सुझाव |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| ५. | सुरक्षा निकाय | ≈ व्यक्तिगत असुरक्षाका कारणले पनि महिलाहरू निर्वाचनका गतिविधिहरूमा सहभागी हुन हिच्किचाउने हुँदा सुरक्षाको प्रत्याभूति गर्ने,<br>≈ महिला सुरक्षाकर्मीहरूको व्यवस्था मनग्य गर्ने,<br>≈ मतदान केन्द्र र मतपेटिकाको सुरक्षा गरी भयरहित वातावरण बनाउने,<br>≈ मतदाताहरू मतदान केन्द्रसम्म जाने आउने क्रममा हुन सक्ने सुरक्षा चुनौति प्रति सजगता अपनाउने ।<br>≈ सुरक्षित निर्वाचन प्रक्रियाको ग्यारेन्टी गर्नका लागि चाहिने बजेट वा स्रोतको व्यवस्था गर्ने<br>≈ राजनीतिक दलमा लग्ने<br>≈ मतपत्रहरू प्राप्त गर्न र गणना गर्नका लागि सुरक्षित मापदण्डहरूको अपनाउन<br>≈ सुरक्षाकर्मीबाहेकका निकायहरूलाई पनि सुरक्षा तालिम प्रदान गर्ने<br>≈ असुरक्षित समूहका मानिसहरूलाई सुरक्षा प्रदान गर्न |
| ६. | गैससहरू | ≈ सामाजिक सचेतनाको अभिवृद्धिमार्फत लैङ्गिक असमानतालगायत सामाजिक सोचमा परिवर्तन ल्याउन सक्रिय रहने,<br>≈ निर्वाचन शिक्षाको अभियानमा निर्वाचन आयोगलाई सहयोग गर्ने,<br>≈ आर्थिक सवलीकरणको माध्यमबाट महिलाको राजनीतिक जीवन दिगो बनाउन भूमिका खेल्ने,<br>≈ निर्वाचनको महत्व दर्शाउँदै महिलालाई निर्वाचनमा भाग लिन प्रोत्साहन गर्ने ।<br>≈ महिलाहरूका मत तान्नका लागि दलहरूले अपनाएका रणनीतिहरू जाँच्ने<br>≈ सीमान्तकृत समुदायका मानिसहरूको उम्मेद्वार हरूलाई थप स्रोतहरूको व्यवस्था मिलाउन सहयोग गर्ने |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| ७. | नागरिक समाज | ≈ लोकतन्त्र र निर्वाचनको महत्वका बारेमा जानकारी दिन अभियान सञ्चालन गरी महिला सहभागिता वृद्धिमा भूमिका खेल्ने,<br>≈ आवधिक निर्वाचनका लागि सरकारलाई खवरदारी गर्ने,<br>≈ निर्वाचन तथा मतदान प्रक्रियाको अनुगमन गर्ने ।<br>≈ पिछडिएका महिलाहरूको निर्वाचनमा सहभागिता छैन भन्ने कुराको सुनिश्चितता गर्न<br>≈ राजनीतिक संवादको सहजीकरण गर्न<br>≈ विभिन्न निकायहरूको बीचमा उत्पन्न हुन सक्ने तनावहरूमा मध्यस्थताको भूमिका निर्वाह गर्ने तथा निरीक्षण गर्ने<br>≈ गैर सरकारी संस्थाहरूको काममा कुन हदसम्म महिला सहभागिता बढेको छ भन्ने कुरा जाँच्न<br>≈ कानुनी सल्लाह दिन<br>≈ राजनीतिक अभियानहरूको लेखाजोखा गर्ने<br>≈ उम्मेदवारहरूको सूचना सङ्कलन गर्ने र सङ्गठित गर्ने<br>≈ निर्वाचनको वैधानिकता, अधिकार र मतदाताहरूको कर्तब्यहरूको बारेमा व्याख्या गर्न<br>≈ सम्भावित महिला उम्मेद्वारहरूलाई तालिम प्रदान गर्न<br>≈ महिलाहरूका मत तान्नका लागि दलहरूले अपनाएका रणनीतिहरू जाँच्ने<br>≈ मतदान कर्मचारी तथा सुरक्षाकर्मीहरूमा लैङ्गिक समानताको सुनिश्चितता गर्न<br>≈ मतदाता दर्ता प्रक्रियाको लेखाजोखा गर्ने<br>≈ विशेषत लैङ्गिक समानताका सवालहरूमा सहयोग पुऱ्याउने तथा दलहरूको नीतिहरूको मूलधारको बहसमा नै लैङ्गिक दृष्टिकोणको सुनिश्चित भए नभएको सुनिश्चित गर्ने |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| | | ≈ आन्दोलनमा महिला स्वतन्त्रता बाधा पुऱ्याउन कारक तत्वहरू पहिचान गर्ने तथा हटाउने<br>≈ राजनीतिक दलका अभियानहरूको अनुगमन गर्ने<br>≈ सीमान्तकृत समुदायका मानिसहरूको उम्मेदवार हरूलाई थप स्रोतहरूको व्यवस्था मिलाउन<br>≈ निर्वाचन अभियानका स्रोतहरूमा महिला तथा सीमान्तकृत समुदायका उम्मेदवारहरूका समान पहुँच पुगेको वा नपुगेको सुनिश्चितता गर्ने |
| ८. | सञ्चार माध्यम | ≈ महिलामैत्री निर्वाचन सामग्रीहरू प्रसारणमार्फत निर्वाचन शिक्षामा निर्वाचन आयोगलाई सहयोग गर्ने,<br>≈ भ्रमलाई निरुत्साहित गरी तथ्यपूर्ण जानकारीहरूमार्फत नागरिकलाई सुसूचित गर्ने,<br>≈ पारदर्शिता र निष्पक्षता कायम गर्ने गराउने कुरामा क्रियाशील रहने ।<br>≈ आचारसंहिता पालना भए नभएको हेर्ने<br>≈ लक्षित वर्ग विशेषगरी महिलालाई मतदाता शिक्षा पुगे नपुगेको हेर्ने<br>≈ मतदाताहरूको निर्वाचनको ज्ञान उकास्नका लागि सामाजिक मिडियाको मञ्च प्रयोग गर्ने<br>≈ निर्वाचन परिणाम र औचित्यताले ढाकेको क्षेत्रहरूको बारेमा विस्तृत ज्ञान दिने<br>≈ सञ्चार स्वामित्व र राजनीतिक सम्बन्धको बारेमा पारदर्शी हुने<br>≈ जटिल शब्द र अपाच्य भाषणहरूको निरीक्षण गर्ने र सूचना दिने प्रणालीको निर्माण<br>≈ अल्पसङ्ख्यक भाषीहरूका मानिसहरूमा पनि निर्वाचन सूचना पुऱ्याउन<br>≈ राजनीतिक अभियानहरूको लेखाजोखा गर्ने<br>≈ उम्मेद्वारहरूको सूचना सङ्कलन गर्ने र सम्प्रेषण गर्ने |

| क्र.सं. | सरोकारवालाहरू | अपेक्षित भूमिकाहरू |
|---|---|---|
| | | ≈ आन्तरिक अवलोकनकर्ताहरूलाई शिक्षित पार्न अनलाइन सञ्चारका स्रोतहरूको निर्माण गर्ने<br>≈ अशिक्षित तथा ग्रामीण समुदायहरूमा निर्वाचन सूचना संप्रेषण गर्न<br>≈ महिलाहरूमा केन्द्रित आमपहुँचका सूचनाहरू सम्प्रेषण गर्ने<br>≈ मतदान केन्द्रमा हुने अनियमितताहरूका बारेमा निरन्तर सूचना प्रदान गर्न<br>≈ उच्च तहका महिला केन्द्रित बहसहरू प्रसारण गर्न<br>≈ महिला उम्मेद्वारहरूका लागि अझ बढी सञ्चारका समय छुट्याउने<br>≈ कहिले, कसरी र कहाँ मतदान गर्ने सूचनाहरू आदान प्रदान गर्न<br>≈ सम्भावित निर्वाचनका सुधारका क्षेत्रहरूको बारेमा जानकारी दिन<br>≈ ठीक र संवेदनशील सञ्चारका सूचना सङ्कलनलाई प्रोत्साहन दिन |
| ९. | विकास साझेदारहरू | ≈ निर्वाचन गराउने तथा निर्वाचन शिक्षासँग सम्बन्धित कार्यमा संलग्न निकायहरूलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने,<br>≈ स्वच्छ तथा भयरहित निर्वाचनका लागि अनुगमनको व्यवस्था गर्ने, |

# सत्र १०: मानवअधिकार, न्यायमा महिलाको पहुँच र दिगो विकासका लक्ष्यहरू

| | |
|---|---|
| **उद्देश्य** | यस सत्रको अन्तमा सहभागीहरूले -<br>≈ मानवअधिकारको परिभाषा र विशेषताहरु बताउन सक्नेछन् ।<br>≈ न्यायमा पहुँच भनेको के हो ? यसका फाइदाहरु बताउन सक्नेछन् ।<br>≈ दिगो विकासको सामान्य अवधारणा वुझ्न सक्नेछन् ।<br>≈ दिगो विकासका विभिन्न १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य ५ मा पर्ने महिला तथा बालिका अन्तर्गतका सुचकहरू केहि भन्न सक्नेछन् । |
| **समयावधि** | १:३० घण्टा |
| **प्रशिक्षण विधि** | ≈ लघुप्रवचन<br>≈ मस्तिष्कमन्थन<br>≈ छलफल, प्रश्नोत्तर |
| **पूर्व तयारी** | ≈ सत्र सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै न्यूजप्रिन्ट, मार्कर, बोर्ड मार्कर (विभिन्न रङका), ह्वाइटबोर्ड, पावरपइन्ट स्लाइडस् र LCD, Laptop को व्यवस्था मिलाउनुहोस्<br>≈ आवश्यक स्लाइड्स् र विद्युतीय उपकरण जस्तै : LCD, Laptop आदिको सत्र सञ्चालन पूर्व परीक्षण गर्नुहोस्<br>≈ ब्राउन पेपरबाट प्रस्तुती गर्नुपर्ने भएमा त्यसको क्रम मिलाएर राख्नुहोस्<br>≈ प्रस्तुतीका लागि आवश्यक सहयोगी सामग्रीहरू जस्तैः चित्र, आदि तयार गर्नुहोस् |

| | |
|---|---|
| **प्रशिक्षण सामग्रीहरू** | ≈ ह्वाइट बोर्ड, न्यूजप्रिण्ट<br>≈ विभिन्न रङ्गका मार्करहरु<br>≈ LCD<br>≈ Laptop<br>≈ मास्किङ टेप, मेटाकार्ड आदि |
| **सत्र सञ्चालन क्रियाकलाप** | **चरण १ : विषय प्रवेश**<br>≈ सबभन्दा पहिला सहभागीहरुलाई के हो मानव अधिकार भनेको भनेर प्रश्न गर्नुहोस ।<br>≈ सहभागीका भनाईको उचित कदर गर्दै विभिन्न निकाय तथा विद्वानहरुले दिएका परिभाषा बताउँदै मानवअधिकारका बारेमा प्रष्ट पार्नुहोस ।<br>≈ मानवअधिकारका मुख्य-मुख्य विशेषताका वारेमा विस्तृत छलफल गर्नुहोस ।<br>≈ न्यायमा पहुँच भनेको के हो भन्ने जिज्ञासा राख्दै दोस्रो सवालमा प्रवेश गर्नुहोस । नागरिकलाई न्याय उपलब्ध गराउन संवैधानिक र कानुनी के कस्ता व्यवस्थाहरु छन भन्ने विषयमा छलफल गर्नुहोस ।<br>≈ गाउँपालिका वा नगरपालिका जस्ता अर्धन्यायिक निकायहरुबाट न्यायिक फैशला गर्दा हुने फाइदा तथा सशक्तिकरणमा त्यसको योगदानका बारेमा छलफल गर्नुहोस ।<br><br>**चरण २ : विषय प्रवेश**<br>≈ सहभागीलाई दिगो विकास के हो भनी प्रश्न गर्नुहोस । कसैले विस्तृतमा भन्न चाह्यो भने पनि समय दिनुहोस । |

| | |
|---|---|
| | ≈ सहभागीले बोली सकेपछि दिगो विकासलाई प्रष्ट पार्नका लागि तयार गरिएका सामग्रीका सहायताले सहजीकरण गर्नुहोस ।<br>≈ दिगो विकास अन्तर्गतका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य ५ लाई अलि विस्तृतमा यसका सुचक सहित व्याख्या गर्नुहोस ।<br>≈ सिकाईलाई पुनरावलोकन गर्न सहभागीहरु बीच संक्षिप्त हांजीरी जवाफ  सञ्चालन गर्न सकिन्छ ।<br>≈ पुरस्कारको पनि व्यवस्था गर्नुहोस ।<br>≈ हांजीर जवाफका लागि यहि प्रशिक्षण सामग्रीसँग मिल्दाजुल्दा सन्देशमुलक  सवालहरुलाई सरल प्रश्नको रुपमा समावेश गर्नु उपयुक्त हुन्छ ।<br>≈ सत्रको समिक्षा गर्दै प्रस्तुतिकरणलाई अन्त्य गर्नुहोस् । |

# १०. सन्दर्भ सामग्री: मानवअधिकार, न्यायमा महिलाको पहुँच र दिगो विकासका लक्ष्यहरू

**मानवअधिकार :**

सामान्य अर्थमा अधिकार भन्नाले कुनै व्यक्तिको कुनै वस्तु वा सेवामाथिको दाबी वा सरोकार हो । प्राविधिक अर्थमा कानुनद्वारामान्यता प्राप्त तथा संरक्षित स्वार्थ वा दाबीलाई अधिकारको संज्ञा दिइन्छ । अर्को शब्दमा कुनै वस्तुमा व्यक्तिको अधिकार हुनु भनेको सो वस्तुमा उक्त व्यक्तिको कानुनी हक लाग्नु हो । अधिकारसँग कर्तव्य सँगै गाँसिएर आएको हुन्छ । उदाहरणका लागि कुनै पनि नागरिकले उपयुक्त वातावरणमा जिउने तथा शिक्षा पाउने अधिकार राख्दछन् भने उपरोक्त कुराहरू पूरा गर्ने कर्तव्य तथा दायित्व राज्यको हुन्छ । त्यस्तै, राज्यका तर्फबाट उपलब्ध हुने सेवा सुविधाका बारेमा दाबी गर्ने अधिकार सर्वसाधारणलाई हुन्छ भने नागरिकले पनि राज्यका लागि गर्नुपर्ने नागरिक दायित्वहरू हुन्छन् । अधिकारको दायरा देशको ऐन, कानुनद्वारासिर्जना गरिएको हुन्छ । दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षहरूबीचको कानुनी सम्बन्धबाट अधिकारका दायराहरू सिर्जित हुन्छन् ।

मानवअधिकार सामान्य अर्थमा अन्य अधिकारभन्दा केही फरक र विशिष्ट अधिकार हो । मानव अधिकार व्यक्ति र राज्यबीचको अन्तरसम्बन्धको विषय हो । मानवअधिकारका सवालमा नागरिक दाबीकर्ता हो भने राज्य त्यसको परिपूर्ति गर्ने पक्ष हो । राज्यबाट नागरिकका न्यूनतम मानवीय मापदण्डसँग गाँसिएका सवालहरू जस्तै: पहिचान, सहभागिता र सुरक्षाको सम्बोधन गरिनु पर्दछ । मानव अधिकारका विषयमा विभिन्न विद्वानहरू तथा निकायहरूले आ-आफ्नै तरिकाले परिभाषा गरेका छन्, अहिलेसम्म कुनै एउटै परिभाषालाई सर्वमान्य मान्न नसकिए तापनि तलका परिभाषाहरूलाई बढी प्रयोग गर्ने गरेको पाइन्छ :

मानवअधिकार व्यक्ति व्यक्तिमा अन्तर्निहित विशेष अधिकार हो, त्यो अधिकार सरकारले दिने अनुदान जस्तो फेरि फिर्ता लिने वा रोक्का गर्न सकिने कुरा होइन । यो राज्यविरुद्ध नागरिकहरूको अधिकार हो यहाँ व्यक्ति अधिकारवाला र राज्य परिपालक हुन्छ ।

**(संयुक्त राष्ट्र संघका पूर्व महासचिव कोफी अन्नान)**

मानवअधिकार व्यक्तिको जीवनको स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान र अन्य प्रचलित कानुनद्वाराप्रदान गरिएका अधिकार तथा नेपाल पक्षराष्ट्र भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा निहित अधिकार हो ।

**(राष्ट्रिय मानवअधिकार आयोग ऐन २०५३ को दफा (२) च ।)**

मानवअधिकार अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएको मूल्य, मापदण्ड वा नियमहरू हुन जुन राज्यले आफ्ना नागरिकहरू तथा गैरनागरिकहरूबीच नियमन गरेका हुन्छन्, तिनीहरूसँग सम्बन्धित छ ।

**Peter Baehr**

माथि उल्लिखित परिभाषाहरूका आधारमा मानवले मानवोचित जीवन जिउनका लागि जन्मसिद्ध रूपमा प्राप्त गर्ने अधिकारलाई मानव अधिकार भनिन्छ । यो अधिकारलाई सर्वमान्य, नैसर्गिक, अविभाज्य, अपरिहार्य तथा प्राकृतिक अधिकार पनि भनिन्छ । मानवअधिकार कसैले दिने र कसैले लिने नभई जन्मसिद्ध रूपमा स्वतः प्राप्त गरिने कुरा हो । मानिसको रूपमा जन्मदा साथ उसलाई केही प्राकृतिक शाश्वत एवम् नैसर्गिक अधिकारहरूको आवश्यकता पर्दछ र बाँच्नका लागि नभई नहुने आवश्यकताको खाँचो पर्दछ । यी अधिकारहरूलाई समाज, परिवार वा राज्यले बेला-बेलामा दिने र फिर्ता गर्ने नभई निरन्तररूपमा अधिकार उपयोग गर्न पाउने वातावरण दिनु राज्यको दायित्व हो । त्यसैले, मानिसलाई मानवीयरूपमा निर्धक्कसँग बाँच्न पाउने अधिकारको प्रत्याभूति भई उसलाई आफ्नो व्यक्तित्व विकास गर्ने हक अधिकार तथा सो क्रममा प्राप्त गर्नुपर्ने स्वतन्त्रतासमेतका नैसर्गिक अधिकारहरूलाई मानव अधिकार भनिन्छ । राष्ट्रिय मानव अधिकार आयोगका अनुसार मूलभूत रूपमा मानवीय मूल्य र मर्यादालाई केन्द्रबिन्दु बनाई सोही मर्यादामा बाँच्नका लागि चाहिने अधिकार नै मानवअधिकार हो भनिएको छ । (आयोगका पाँच वर्ष, राष्ट्रिय मानवअधिकार आयोग, २०६२ पृष्ठ ३) ।

कुनै पनि व्यक्तिका लागि सबभन्दा ठूलो अधिकार जीउन पाउने अधिकार नै हो । यदि उसको जीवनको नै रक्षा हुँदैन भने अन्य अधिकारहरू अर्थहीन हुन्छन् । त्यसैगरी, मानिसलाई मानिसको रूपमा बाँच्नका लागि न्यूनतम रूपमा भए पनि आर्थिक सामाजिक र राजनीतिक अधिकारको खाँचो पर्दछ । त्यसैले मानवीय जीवनको रक्षा गर्दै उसलाई व्यक्तित्व विकास गर्न आवश्यक पर्ने

अधिकारहरूको समष्टिगत रूप नै मानवअधिकारहो । अतः जीवनको अधिकार (Right to life) देखि सुरु भई आदर्श बचाईका लागि आवश्यक पर्ने गास, बास, कपासको प्रत्याभूतिसम्मका अधिकारहरू मानवअधिकारभित्र पर्दछन् ।

**अतः** मानवअधिकार भनेको, मानव भएका नाताले प्राप्त गर्ने अधिकार हो । सबै नागरिकले, सधैंका लागि बराबर हिसाबमा पाउने अधिकार हो । यो त्यस्तो

≈ मानवअधिकार मानिसहरूको आफ्नो अधिकार हो जुन अधिकार मानव जातिका लागि मात्र हुन्छ र यसलाई मानव जातिको प्राकृतिक अधिकार पनि भनिन्छ ।

≈ मानवअधिकार किन्नु, कमाउनु वा प्राप्त गर्नुपर्ने विषय होइन यो स्वतःसिद्ध समानताका आधारमा सबैले उपभोग गर्न पाउने अहरणीय अधिकार हो ।

≈ देशका कानुनहरूले अधिकारको सम्मान वा सुरक्षा गरेका छैनन् भने पनि प्रत्येक नागरिकहरूको मानव अधिकार अन्तर्निर्भर रहेका हुन्छन् ।

मानव सभ्यतामा हरेक परिवारका हरेक सदस्यको मानवअधिकार र कर्तव्यहरू हुन्छन् । एकले अर्काको अधिकारको आदर र सम्मान गर्नुपर्दछ । अधिकारको संरक्षणको दायित्व सबैमा बराबर छ ।

आधारभूत मापदण्ड हो जसको अभावमा व्यक्तिले सम्मानित जीवन जिउन सक्दैन । मानवअधिकारको हनन् गर्नु भनेको व्यक्तिलाई मानवको रूपमा स्वीकार नगर्नु हो ।मानवअधिकारको बहस, पैरवी गर्नु भनेको मानवीय जीवनको सम्मान गर्नु हो ।

विश्वमा हाल विश्वव्यापीकरण, लोकतान्त्रीकरण र मानव अधिकारका वहसहरू धेरै हुने गरेका छन् । नागरिक अधिकारको स्थिति राम्रो भएका, लोकतान्त्रीकरणको प्रक्रिया तीव भएका स्थानमा विकासले पनि प्रश्रय पाउँछ । स्थानीय लोकतन्त्र फल्छ फुल्छ र स्थानीय स्वायत्त निकायहरू पनिसबल हुन्छन् । जुन मुलुकमा नागरिक स्वतन्त्रता र मानवअधिकारको सम्मान गरिएको हुन्छ त्यहाँ विकासको सम्भावना बढी हुन्छ । मानवअधिकारको स्थिति सबल र राम्रो भएको समाजमा नागरिकहरू स्थानीय विकासमा बढी सक्रिय हुने गर्दछन् र सहभागितामूलक तथा प्रतिनिधिमूलक प्रजातन्त्र दुबैले प्रश्रय पाउँछन् । नेपालमा

बहुमत सङ्ख्यामा रहेका महिलाहरूको अवस्था पुरुषको तुलनामा कमजोर छ। महिलाहरू आर्थिक, सामाजिक तथा राजनीतिक हिसाबमा कमजोर छन्। आर्थिक स्रोत साधनमा पहुँच र नियन्त्रण पुरुषसरह हुन नसकेकाले उनीहरू गरिब भए भने सामाजिक तथा राजनीतिक निकायहरूमा प्रवेश नपाउने वा लामो समय रहन नसक्ने विविध कारणहरूले गर्दा उनीहरूको राजनीतिक जीवन पनि लामो हुन सकेको छैन। यी सारा कुराको मुख्य कारक उपयुक्त अधिकारको व्यवस्था र अधिकार अभ्यासको वातावरण नदिइनुले हो।

पुरुषसरह महिला पनि समान ईज्जत र मर्यादाका साथ बाँच्न पाउने हक मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा राज्यको संविधानले स्थापित गर्दा गर्दै कतिपय समाजमा साक्षरता कम भएका वर्गले ती अधिकारको बारेमा थाहा नपाउने र आवश्यकता अनुसार दाबी गर्न पनि नसक्ने भएकाले कानुनी साक्षरताको जरुरी पर्दछ। "जबसम्म नागरिकले अधिकारको दाबीगर्दैन तबसम्म कानुनमा व्यवस्था गरेको अधिकारको उपयोगिता हुँदैन"अतः महिलाहरूको क्षमता विकासका लागि पनि मानवअधिकारको प्रत्यक्ष सम्बन्ध छ। केही वर्ष अघिसम्म अफगानी तथा इराकी महिलाहरूलाई मतदानको हक थिएन। यदि मतदान गर्ने समेत अवसर महिलालाई दिईंदैन भने उनीहरूको राजनीतिक सशक्तीकरण हुने कुरै भएन। हरेक वालिग नागरिक (महिला तथा पुरुष दुवै) लाई स्वतन्त्र रूपमा आफ्नो प्रतिनिधि छनौट गर्न पाउने अधिकारसम्म उपलब्ध नहुने स्थानमा महिलाले उम्मेदवारी दिने र निर्वाचित हुन पाउने कुरा कल्पना पनि गर्न सकिँदैन। अतः राजनीतिक सभा सम्मेलनमा, भाग लिने, राजनीतिक कुराहरू सुन्ने, ईच्छा लागेमा पार्टीको सदस्य बन्ने र प्रत्यक्ष रूपमा राजनीतिक गतिविधिमा संलग्न हुने, मतदान गर्ने, उम्मेदवार बन्ने, निर्वाचित हुने आदि क्रियाकलापबाट मात्र अर्थ राजनीति र समाजलाई बुझ्ने अवसर मिल्ने भएकाले महिलाको क्षमता विकासमा यसले महत्वपूर्ण स्थान पाउँदछ।

**मानवअधिकारका प्रमुख विशेषताहरू :**

सन १९९३ को जुनमा भियनामा भएको मानवअधिकारसम्बन्धी विश्व सम्मेलनपश्चात् मानव अधिकारका सन्दर्भमा उठाएका विषयवस्तुहरू नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई अलग गर्न नसकिने भन्ने कुरालाई विश्व समुदायले स्वीकार गरेको छ। यसैलाई आधार मान्दा मानवअधिकारका प्रमुख विशेषताहरू यस प्रकार छन् :

## १. विश्वव्यापी :

मानवअधिकारहरू प्रत्येक व्यक्ति र स्थानमा समान रूपले लागू हुने भएकाले यिनीहरू विश्वव्यापी सिद्धान्तमा आधारित हुन्छन् । विश्वभरका सबै मानिस जन्मजात स्वतन्त्र अर्थात् अधिकारका हिसाबले समान हुन्छन् । विगतमा मानवअधिकार केही अभिजात्य वर्गका व्यक्तिहरूका अधिकारका रूपमा लिने गरिन्थ्यो । विश्वस्तरमा हेर्ने हो भने कालाजाति, महिला, क्रिश्चियन इतर विश्वास राख्ने वर्गका व्यक्ति वा समुदायहरू मानवअधिकारबाट वञ्चित हुन्थे भने नेपालमा पनि महिलाहरू, विपन्न समुदाय तथा क्षेत्र, आदिवासीहरू अल्पसङ्ख्यकहरू मानवअधिकारका दृष्टिले वञ्चितीकरणमा थिए तर मानव अधिकारको क्षेत्रमा भएको विकासक्रमसँगै यो सबैका लागि समानरूपले विश्वव्यापी रूपमा सधैंका लागि लागू हुने विषय बन्यो । मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानव अधिकारका प्रावधानहरू अन्तर्राष्ट्रिय समुदायले विश्वव्यापी रूपमा उचित र समानपूर्वक उत्तिकै प्राथमिकताका साथ लागू गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

## २. अविभाज्य :

मानवअधिकारहरू अविभाज्य हुन्छन् । यस अन्तर्गतका सबै अधिकार हरूको स्तर र महत्व उत्तिकै छ । नागरिक अधिकार, आर्थिक अधिकार, राजनीतिक अधिकार, सामाजिक तथा सांस्कृतिक अधिकार कुनै पनि एक अधिकार अर्को भन्दा बढी महत्वपूर्ण छ भनेर वर्गीकरण गर्न सकिन्न । एउटा व्यक्तिको आत्मसम्मानका लागि सबै अधिकार उत्तिकै महत्वपूर्ण छन् भनेर विश्वव्यापी रूपमा स्वीकारिएको छ । अतः मर्यादित जीवन जिउनका लागि मानवअधिकारका विषयहरू अविभाज्य छन् ।

## ३. अन्तर्सम्बन्धित र अन्तरनिर्भर :

मानवअधिकारहरू एक आपसमा अन्योन्याश्रित तथा अन्तर्निभरतामा अडेका हुन्छन् । यसको अर्थ, एउटा अधिकारको हनन्ले अर्को अधिकारको उपभोग गर्ने कुरामा असर पुऱ्याउँदछ । उदाहरणका लागि स्वास्थ्यको अधिकार उपभोग गर्न नपाए व्यक्ति बाँच्न पाउने अधिकारबाट बञ्चित हुनुपर्दछ । त्यस्तैगरी, नागरिकताको अधिकार उपयोग गर्न पाएपछि अन्य

राजनीतिक सहभागिताका लागि बाटो खुल्ला हुन्छ वा मताधिकार वा निर्वाचनमा उम्मेद्वार हुन पाउने अधिकार सुरक्षित हुन्छ भने अर्कोतिर राजनीतिक सहभागिताको अधिकार पाउनलाई सूचना र बिचार अभिव्यक्त गर्न पाउने अधिकार उपभोग गर्न पाउनु पर्दछ ।

## ४. समानता :

मानवअधिकारको मूल मर्म भनेको सबै मानव जातिलाई समान नजरमा हेर्नु हो अर्थात् अवसरमा समान पहुँच स्थापना गर्नु हो । अतः समानता पनि मानवअधिकारको अर्को एउटा विशेषता हो । सबैलाई समानतामा पुऱ्याउनका लागि पिछडिएका वा राज्यले विशेष निगरानी गर्नुपर्ने वर्गका समूहहरूलाई केही समयका लागि विशेष सुविधाजनक व्यवस्था वा सकारात्मक विभेदको व्यवस्था राज्यहरूले गर्ने गर्दछन् जसले मानवअधिकारको बढोत्तरीमा सहयोग पुऱ्याउँदछ ।

## न्यायमा पहुँच :

न्यायमा पहुँच भन्नाले नागरिकले न्याय तथा आधारभूत मानवअधिकारको मापदण्डको आधारमा औपचारिक वा अनौपचारिक निकायबाट न्याय पाउन सक्ने अवस्थालाई बुझाएँछ । सरल भाषामा भन्दा अन्यायमा परेको कुनै पनि व्यक्ति वा कानुनी अधिकारको प्रचलनका लागि सरल, सर्वसुलभर सहज रूपमा औपचारिक वा अनौपचारिक न्यायिक संयन्त्रबाट न्यायको खोजी गर्ने र प्राप्त गर्न सकिने अवस्थालाई न्यायमा पहुँच भनिन्छ । न्याय पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो । आफूलाई परेको मर्काबाट मुक्ति पाउन न्यायको खोजी गर्ने अधिकार प्रत्येक व्यक्तिमा हुन्छ । त्यस्तो उपचार सक्षम निकायबाट प्राप्त गर्ने अधिकार पनि व्यक्तिको न्यायिक अधिकारभित्र समेटिएको हुन्छ । न्यायिक उपचार औपचारिक र अनौपचारिक दुवै निकायबाट प्रवाह गरिन्छ ।

व्यक्तिको न्यायमा पहुँच विशेष गरी आर्थिक तथा सामाजिकरूपले पछाडि परेका वर्गको न्याय प्राप्त गर्ने निकायसम्मको भौगोलिक दूरी, उक्त स्थानको लैङ्गिक, भाषिक एवम् सामाजिक वातावरणका साथै ती निकायबाट प्रदान गरिने सेवाको प्रभावकारिताबाट प्रभावित हुन्छ । न्यायमा पहुँच सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न तत्वहरूले भूमिका खेलेका हुन्छन् । ती तत्वहरूयस प्रकारछन् :

## १. उचित न्यायिक संयन्त्र :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले व्यक्तिलाई विभिन्न किसिमका अधिकार प्रदान गरेको हुन्छ। साथै ती अधिकार उल्लङ्घन भएको अवस्थामा उपचारको उचित व्यवस्थासमेत गरेको हुन्छ । त्यस्तो उपचार प्राप्त गर्ने कार्यविधि, प्रक्रिया र संयन्त्र कानुनद्वारा निर्धारण गरिएको हुन्छ। तसर्थ सबै व्यक्ति तथा नागरिकलाई उपचार प्राप्त गर्ने समान कानुनी व्यवस्था गरिएको हुनुपर्दछ। साथै त्यस्तो कानुनी संयन्त्रमा आम नागरिकको इच्छा वा चाहना अभिव्यक्ति भएको हुनुपर्दछ अर्थात् न्यायमा पहुँचको सुनिश्चितता गराउन विभिन्न समुदाय वा जातजातिका भावनालाई राज्यका कानुनले सम्बोधन गर्न सक्नुपर्दछ । कानुनी व्यवस्थाहरू आम नागरिकले बुझ्ने गरी सरल भाषामा तयार गरेको हुनुपर्दछ। किनभने कानुनको अनभिज्ञता क्षम्य हुँदैन।

## २. कानुनी साक्षरता :

समाजमा शान्ति र सुव्यवस्था कायम गर्न र न्यायपूर्ण समाजको निर्माण गर्नु कानुनको आवश्यकता वा औचित्य हो। कानुनले नै व्यक्तिका अधिकार सुनिश्चित गर्ने तथा अधिकार उल्लङ्घन भएको अवस्थामा उपचारको खोजी गर्ने र प्राप्त गर्ने अधिकारसमेत सुनिश्चित गर्ने भएकाले, त्यस्तो कानुनको बारेमा सबै नागरिकलाई जानकारी हुनु आवश्यक हुन्छ। व्यक्तिले गरेको काम, कारबाही तथा गल्तीका कारण कारवाही र सजायँ हुने भएकाले पनि कानुनको बारेमा जानकारी प्राप्त गर्नु उसको अधिकार हुन्छ। नेपालको संविधानमा न्यायिक हकलाई मौलिक हकभित्र समावेश गरिएको छ। साथै कुनै पनि व्यक्ति उपर कारबाहीको जानकारी प्राप्त गर्ने हक हुने व्यवस्था समेत गरेको छ । कानुनको बारेमा जानकारी पाउनुले आम नागरिकमा न्यायिक उपचारको खोजी गर्ने तथा सचेतनामा वृद्धि गर्ने भएकाले त्यस्तो जानकारी दिन र न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक हुन्छ।

## ३. प्रभावकारी न्याय प्रशासन :

भनिन्छ ढिलो न्याय दिनु न्याय दिन इन्कारी गर्नु हो । तसर्थ न्याय प्रदान गर्ने कार्य छिटो छरितो हुनुपर्दछ । कुनै सानोतिनो विवादमा वा अन्यायमा न्यायिक उपचारका लागि वर्षौं पर्खिनु पर्ने अवस्था आएमा व्यक्तिले स्वाभाविक रूपमा न्यायको खोजी नगरी अन्याय सहन नै उचित

ठान्दछ। साथै न्याय प्राप्त गर्ने प्रक्रिया जटिल र निर्णयमा ढिलासुस्ती भएमा व्यक्तिको न्यायमा पहुँच सुनिश्चित हुन सक्दैन ।

## ४. लैङ्गिकमैत्री वातावरण :

न्यायमा पहुँचको अर्को महत्वपूर्ण तत्व लैङ्गिकमैत्री वातावरण हो । न्याय प्रदान गर्ने संयन्त्रमा महिला र पुरुषको उपस्थिति, लैङ्गिक न्यायको अवलम्बन, महिला र पुरुष दुवैको आत्मसम्मान हुने भाषाको प्रयोग, सामान्यतया जबरजस्ती करणी, यौन दुर्व्यवहार, मानव बेचबिखन, घरेलु हिंसा अपराधमा महिला नै पीडित हुने भएकाले उनीहरू आफ्नो कुराहरू स्वतन्त्र र निर्भीक तवरबाट आफ्ना कुरा राख्न सक्नेलगायतको समग्र वातावरण लैङ्गिक वातावरण हो ।

## ५. फैसलाको कार्यान्वयन :

समग्र न्यायिक प्रक्रियाको अन्तिम र मूर्तरूप भनेको न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन हो । न्यायिक निकायले गरेका निर्णय कार्यान्वयन भएनन् भने त्यसको कुनै अर्थ रहँदैन । यदि कुनै विवादमा न्यायिक निकायबाट गरिएको फैसला कार्यान्वयन भएन भने त्यस्तो निकायप्रति जनविश्वाससमेत रहँदैन ।

नागरिकलाई छिटो छरितो तरिकाबाट सेवा प्रवाह गर्नका लागि सधैँ न्यायिक निकायहरूको सेवा मात्र पर्याप्त नहुन सक्दछ। झगडा वा मुद्दाको प्रकृतिका आधारमा सामान्य खालका उजुरी उपर अर्ध न्यायिक निकायले सुनुवाइ गर्ने व्यवस्था पनि छ। यसका लागि गाउँपालिका वा नगरपालिका उपयुक्त निकायहरू हुन सक्दछन् जो नागरिकको सहज पहुँचमा हुन्छन् । टाढा रहेका अदालतहरूमा गई उजुर गर्न असक्षम हुने महिलालगायतका पिछडिएका वर्गका लागि अर्धन्यायिक निकाय उत्तम माध्यम हुन सक्दछन् जसले छिटो र कम खर्चिलो माध्यमबाट न्याय प्राप्त गरी महिला सशक्तीकरणमा योगदान गर्ने विश्वास गरिन्छ। अर्धन्यायिक निकायबाट हुने न्यायिक निरूपणका अन्य फाईदाहरू यसप्रकार हुन सक्दछन् :

- छिटो छरितो रूपमा न्याय प्रदान हुने
- सरल कार्यविधिद्वारा न्याय सम्पादन हुने
- अदालती कार्य बोझमा कमी ल्याउने

- प्रशासनिक अङ्गमा जनताको सोझो सम्पर्क हुने
- समाजको चाहना र स्थानीय परिस्थिति अनुसार लचकदार निर्णय हुने
- कतिपय विवादलाई सिद्धान्त र व्यवहारले अदालतमा लैजान उचित नहुने
- मितव्ययी तरिकाद्वारा विवादको समाधान तथा न्याय सम्पादन हुने
- प्रशासकीय अधिकारीहरू दक्ष, अनुभवी र विज्ञ हुने
- निर्णय प्रक्रियामा जनताको सहज पहुँच हुने
- लोक कल्याणकारी राज्य स्थापनामा सहयोग पुऱ्याई जनआस्था अभिवृद्धि हुने

**दिगो विकासका लक्ष्यहरू :**

**दिगो विकासको परिप्रेक्ष्यमा महिला :**

विकास भनेको सामाजिक, भौतिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा साविकको अवस्थाबाट माथि उठ्ने प्रक्रिया हो । अर्थात् समुदायका विभिन्न पक्षहरूमा हुने उन्नत स्तरको सकारात्मक परिवर्तन नै विकास हो । जनता विकासको लक्ष्य र साधन दुवै हुन् । अर्थात् विकास गर्ने पनि उनै भोग्ने पनि उनै । समाजका केही वर्गहरूको उत्थानले मात्र वा आम्दानीमा भएको वृद्धिले औसतमा सूचकहरू राम्रा देखिन सक्छन् तर त्यो पर्याप्त हुँदैन । प्रसिद्ध अर्थशास्त्री अमर्त्यसेनले केवल व्यक्तिको आम्दानी बढ्नु र आर्थिक गरीबीमा कमी आउनुलाई मात्र विकास मान्न सकिन्न भनेका छन् । उनका अनुसार विकासका लागि आर्थिक गरीबी घट्नुका साथै सबै वर्गका नागरिकमा समान किसिमको स्वतन्त्रता पनि हुनु जरुरी हुन्छ ।

सन १९५० को दशकबाट विश्वयुद्धले बनाएका घाउहरू पुर्न वा पूनर्निमाणका लागि निकै धेरै प्रयत्न भए । विश्व बैंक, संयुक्त राष्ट्रसंघलगायतका बहुराष्ट्रिय निकाय तथा द्विपक्षीय निकायहरूको अग्रसरतामा पुनर्निर्माणले गति लियो । यसै क्रममा केही मुलुक जस्तैः जापान जहाँ दोस्रो विश्व युद्धमा सबभन्दा बढी मानवीय तथा भौतिक क्षति भएको थियो, त्यहाँ चमात्कारिक रूपमा परिवर्तनहरू भए । त्यसपछिका वर्षहरूमा विश्वमा विभिन्न किसिमका विकास अवधारणाहरू अभ्यासमा आए र सोहि अनुरूप मुलुकहरूले आर्थिक, सामाजिक उन्नति पनि गरे । संयुक्त राष्ट्रसंघले सन् २००० देखि २०१५ सम्मका लागि ८ वटा सहस्रव्दी विकास लक्ष्यहरू तय गरेको थियो भने सन २०१६ देखि लागू हुने गरी विभिन्न १७ वटा दिगो विकासका लक्ष्यहरू तय गरेको छ । ती १७

वटामध्ये लक्ष्य ५ मा "महिला तथा बालबालिकाको सशक्तीकरणका लागि लैङ्गिक समानता" भन्ने रहेको छ ।

विश्वमा सहस्रव्दी विकास लक्ष्यअन्तर्गत महिला सशक्तीकरण तथा प्राथमिक शिक्षामा छात्र तथा छात्राको समान पहुँच स्थापित गराउने कुरामा केहीउपलव्धिहरू हासिल गरे पनि अझै विश्वका अधिकाँश भागमा महिला र पुरुषका बीच विद्यालय उमेर समूहका बालबालिका वा छात्र वा छात्राहरूबीच विभेद कायम रहिरहँदा यो विषय विकासको जल्दोबल्दो सवालको रूपमा जीवितै छ । किनभने लैङ्गिक समानता केवल मानव अधिकारको बिषय मात्रै नभएर विश्वमा शान्ति, समृद्धि र दिगो विकासको आधारबन्दै गएको छ । महिलाको शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति, आर्थिक, सामाजिक,नीति निर्माण र निर्णय लिने तहमा हुने प्रतिनिधित्वले मानवीय खुवीको उचित सम्मान र उपयोग हुन गई समाज र अर्थतन्त्रको दिगो उत्थानमा समेत योगदान पुग्दछ ।

विश्वका दुई तिहाइ मुलुकमा प्राथमिक शिक्षामा छात्र र छात्राको समान पहुँच भएको छ भने दक्षिण एसियामा सन १९९० मा शतप्रतिशत छात्रहरू प्राथमिक शिक्षामा पहुँच हुँदा छात्राको ७४ प्रतिशत थियो । सन्२०१२ मा आइपुग्दा छात्र छात्राको पहुँच समान थियो । अफ्रिकाको सहारा क्षेत्र, ओसिनिया र पश्चिम एसियामा अहिले पनि छोराको तुलनामा छोरीलाई विद्यालयमा सहज पहुँच छैन । उत्तरी अफ्रिकामा गैर कृषि क्षेत्रमा महिलाको रोजगारी सन् १९९० मा ३५ प्रतिशत थियो भने सन् २०१५ को अन्त्यसम्ममा ४१ प्रतिशत पुगेको छ । विश्वका ४६ मुलुकमा महिलाले सरदर ३० प्रतिशत संसदीय सिट प्राप्त गर्न सफल भएका छन् जब की मतदाता सङ्ख्या महिलाकै बढीअर्थात् सरदर ५३ प्रतिशत छ । यसले महिलाको अवस्थामा सोचे जति प्रगति हुन भने अझै सकिराखेको छैन ।

**महिला तथा बालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्य** :

संयुक्त राष्ट्रसंघको अगुवाइमा सन् २०१६ देखि लागू भएका दिगो विकासका विभिन्न १७ वटा लक्ष्यहरूमध्ये लक्ष्य ५ मा "महिला तथा बालबालिकाको सशक्तीकरणका लागि लैङ्गिक समानता" भन्ने रहेको छ । सहस्रव्दी विकास लक्ष्यबाट प्राप्त उपलब्धिको निरन्तरता र दिगो विकासको क्षेत्रमा थप उचाई प्राप्त गर्नका लागि यी लक्ष्यहरू तय गरिएको हो । दिगो विकासको लक्ष्य ५ मा निम्न उपलब्धिहरूको अपेक्षा गरिएको छ :

१. सबै क्षेत्रमा भएको महिला तथा बालिकामा हुने गरेको विभेदको अन्त्य गर्ने,

२. बालविवाह, बहुविवाह, अनमेल विवाह अथवा बाध्य पारेर विवाह गर्ने जस्ता हानिकारक प्रथाहरूको अन्त्य गर्ने,

३. घरायसी काममा महिलाहरूले पुऱ्याएको योगदानको कदर गर्ने, महिलालाई सामाजिक सुरक्षाको उचित व्यवस्थाका साथै घरायसी जिम्मेवारीहरू परिवारका सदस्यहरूमा उचित बाँडफाँडमार्फत महिलाको कार्यबोझमा कमी ल्याउने,

४. राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका हरेक निर्णय लिने स्थान वा नेतृत्व तहमा महिलाहरूको पूर्ण तथा सक्रिय सहभागिताको सुनिश्चितता,

५. जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजना तथा बेइजिङ कार्ययोजनाको पुनरावलोकन दस्तावेजमा उल्लेख भए अनुरूप महिलाहरूको प्रजनन स्वास्थ्य तथा प्रजनन् अधिकारमा विश्वव्यापी पहुँचको सुनिश्चितता,

६. राष्ट्रिय कानुनमा व्यवस्था भए अनुरूप राज्यमा उपलब्ध हुने आर्थिक सेवा सुविधाहरू, पैत्रिक सम्पत्ति, जमिन लगायतका अन्य प्राकृतिक स्रोतहरूमा महिलाको समान अधिकार, समान पहुँच र नियन्त्रण कायम गर्ने,

७. सशक्तीकरणका लागि विभिन्न उपयोगी सूचना तथा सूचना प्रविधिका विभिन्न माध्यम महिलाहरूले पनि सहज रूपमा उपयोग गर्न सक्ने वातावरण बनाउने,

८. सबै वर्ग र समुदायका बालिका तथा महिलाहरूको सशक्तीकरण र लैङ्गिक समानताको प्रवर्द्धनका लागि उपयुक्त नीतिहरू अवलम्बन गर्ने र तिनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।

# सत्र ११ : स्थानीय तहको निर्वाचन प्रक्रिया, विवाद, निरूपण तथा नमुना मतदान

| | |
|---|---|
| सिकाइ उपलब्धि | सहभागीहरूले स्थानीय तह निर्वाचनमा उम्मेदवारी मनोनयन कहाँ र कसरी गर्ने भन्ने प्रक्रियाका सम्बन्धमा बताउन सक्नेछन् । |
| समय | १ घण्टा १० मि |
| सामग्री | ल्यापटप, पावरपोइन्ट, प्रोजेक्टर, फ्लिपचार्ट, मार्कर, मेटाकार्ड, ग्लुस्टिक, मास्किङ टेप नमूना मतपत्र लगायत । |
| क्रियाकलाप | **चरण १: विषय प्रवेश**<br>(क) सहजकर्ताले उम्मेदवारको योग्यता, उम्मेदवारको मनोनयन, मनोनयनपत्र दर्ता र मनोनयनपत्रको जाँच सम्बन्धमा पावरपोइन्टद्वारा प्रस्तुत गर्दै तत्सम्बन्धी छलफल गर्ने ।<br>(ख) सहजकर्ताले सहभागीहरूलाई उम्मेदवार मनोनयन प्रक्रियाका लागि आवश्यक कागजातहरू के-के हुन सक्छन् भनी मस्तिष्क मन्थन गरी छलफल गर्ने ।<br>सहभागीहरूबाट आएका उत्तरहरूलाई मिलान गर्दै पावरपोइन्टबाट प्रस्तुती गरी स्पष्ट पार्ने ।<br>(ग) सहजकर्ताले स्थानीय तह निर्वाचन २०७४ को मतदान प्रक्रियाको सम्बन्धमा सहभागीहरूलाई जानकारी गराउने ।<br>(घ) सहजकर्ताले निर्वाचनका सम्बन्धमा चित्त नबुझेका विषयमा उजुरी गर्ने प्रक्रिया, निकाय र अधिकारीका सम्बन्धमा गरिएको व्यवस्थालाई पावरपोइन्टद्वारा प्रस्तुत गर्दै तत्सम्बन्धी छलफल गर्ने । |

| | |
|---|---|
| | (ङ) निर्वाचन विवादको अवधारणात्मक पक्षबारे प्रकाश पार्दै त्यसअन्तर्गतका आधारभूत तत्वहरूको पावरपोइन्टबाट प्रस्तुत गरी स्पष्ट गर्ने ।<br>**चरण २: समूह कार्य (३० मि.)**<br>(च) सहभागीलाई चार समूहमा विभाजन गरी देहाय अनुसारको समूह कार्य गर्न अनुरोध गर्ने । समूह कार्यका लागि १० मिनेट समय उपलब्ध गराउने । बाँकी १० मिनेटमा प्रस्तुतीकरण गराई छलफल गर्ने ।<br>समूह क र ख : निर्वाचन अनुगमन प्रक्रियाका सम्बन्धमा<br>समूह ग र घ : विवाद निरुपणसम्बन्धी भएका व्यवस्थाका सम्बन्धमा<br>**चरण ३ : सत्रको संक्षेपीकरण (१० मि.)**<br>(छ) अन्त्यमा सहजकर्ताले यस सत्रमा गरिएको छलफलको संक्षेपीकरण गर्दै निर्वाचन सो उपर केही जिज्ञासा भए सहभागीहरूको जिज्ञासा माथि छलफल गर्दै सत्रको अन्त गर्ने । |

# ११. सन्दर्भ सामग्रीः स्थानीय तहको निर्वाचन प्रक्रिया, विवाद, निरूपण तथा नमुना मतदान

**उम्मेदवारको योग्यता :**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

**उम्मेदवारको अयोग्यता :**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ बमोजिम देहायको व्यक्ति स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

१. माथि उल्लिखित योग्यता नभएको

२. गैर नेपाली नागरिक

३. नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको

४. कुनै स्थानीय तह (तत्काल कायम रहेका गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति) वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको

५. निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको

६. भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार,

लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको

७. सङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको

८. जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको

९. यसमा उल्लिखित कसूरबाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

१०. प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर

११. कैदमा बसेकोमा कैद बसेको अवधिभर

१२. मानसिक सन्तुलन ठीक नभएको

१३. प्रचलित कानूनले अयोग्य भएको

**उम्मेदवारी मनोनयन :**

(क) राजनीतिक दलको तर्फबाट वा स्वतन्त्र गरी दुई तरिकाबाट उम्मेदवारी दिन सकिन्छ ।

(ख) अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुखको पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।

(ग) दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ तर दलले एकजना मात्र उम्मेदवारी दिएमा यो प्रावधान लागू हुने छैन ।

(घ) वडा अध्यक्ष र वडा सदस्यको पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।

(ङ) गाउँपालिका वा नगरपालिकाको वडा समितिका महिला वडा सदस्य पदमा

मनोनयनपत्र पेश गर्दा दलले कम्तीमा एक जना दलित महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ  तर दलले एक जना मात्र महिला वडा सदस्य पदमा उम्मेदवारी दिएमा यो प्रावधान लागू हुने छैन ।

**प्रस्तावक र समर्थक :**

१. गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष र वडा सदस्यको पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति,

२. अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति,

३. गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्य,

४. जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यका लागि सम्बन्धित जिल्ला सभाको सदस्य ।

५. कुनै व्यक्तिलाई मनोनयन गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी दस्तखत समेत गर्नु पर्नेछ ।

६. कुनै व्यक्तिलाई एउटा निर्वाचनका लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

७. मनोनयनपत्रमा एकजना प्रस्तावक र एकजना समर्थकले सही गरी प्रस्ताव र समर्थन गर्नुपर्छ ।

८. त्यस्तो प्रस्तावक र समर्थक सोही गाउँपालिका वा नगरपालिका वा वडाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति हुनुपर्छ ।

**अन्य व्यवस्था :**

(क) राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिनका लागि आफ्नो मनोनयनपत्र साथ दलले दिएको औपचारिक पत्र समेत पेश गर्नुपर्छ ।

(ख) उम्मेदवार वा निजको प्रतिनिधि वा प्रस्तावक वा समर्थकले उम्मेदवारीको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा दर्ता गराउनु पर्छ ।

(ग) एउटा निर्वाचन क्षेत्रमा एकजना उम्मेदवारले बढीमा दुई वटासम्म मनोनयन पत्रद्वारा आफ्नो उम्मेदवारी दर्ता गराउन सक्छन् ।

**उम्मेदवारी मनोनयन गर्दा पेश गर्नुपर्ने कागजात :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. वडा अध्यक्ष र वडा सदस्य पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
३. दलित महिला वडा सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
४. अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
५. गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदका लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा,
६. गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
७. गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,
८. जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदका लागि सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा ।

**धरौटी :**

(क) वडा सदस्यका लागि पाँच सय रूपियाँ,
(ख) वडा अध्यक्षका लागि एक हजार रूपिया
(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखका लागि एक हजार पाँच सय रूपियाँ,
(घ) महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा ५० प्रतिशत छुट हुने ।

**मनोनयन पत्र बदर :**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २१ मा मनोनयन पत्र बदर हुने व्यवस्था गरिएको सो बमोजिम देहायका अवस्थामा मनोनयनपत्र बदर हुनेछ :

- संविधान र स्थानीय तह निर्वाचन ऐन बमोजिम उम्मेदवारको योग्यता नभएमा,
- उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निजको वा निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,
- तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,
- उम्मेदवारको मनोनयन, प्रमाणीकरण तथा दर्ता दाखिला नभएमा,
- नियमानुसारको धरौटी नराखेमा,
- स्थानीय तह निर्वाचन ऐन बमोजिम रीत नपुगेकोमा ।

**उम्मेदवारको नामावली प्रकाशन, दावी विरोध र नाम फिर्ता :**

१. मनोनयन पत्र दर्ता भएको उम्मेदवारहरूको सूची निर्वाचन अधिकृतको कार्यालयमा मिति २०७४ वैशाख १६ गते अपरान्ह ५:३० बजे प्रकाशित हुन्छ ।

२. कुनै उम्मेदवारको योग्यताका सम्बन्धमा अर्को कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले प्रमाणसहित उजुरी दिन सक्छ, त्यस्तो उजुरी २०७४ साल वैशाख १७ गते बिहान १० देखि १ बजेभित्र दिनुपर्नेछ ।

३. निर्वाचन अधिकृतले मनोनयन पत्रको जाँच गरी कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारको नामावली तयारी गरी आफ्नो कार्यालयमा मिति २०७४ बैशाख १८ गते बिहान ११:३० देखि १:०० बजेसम्ममा प्रकाशित गर्नुपर्छ,

४. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २३ बमोजिम कुनै उम्मेदवारले चाहेमा आफ्नो नाम फिर्ता लिन मिति २०७४ वैशाख १८ गते दिउँसो १ बजेदेखि अपरान्ह ५ बजेसम्म पाउँछन्,

५. नाम फिर्ता तथा उजुरी उपर जाँचबुझ तथा छानबिन गरी निर्वाचन अधिकृतले उम्मेदवारको अन्तिम नामावली २०७४ साल वैशाख १९ गते बिहान १० देखि ११ बजेसम्ममा प्रकाशन हुनेछ ।

**मनोनयन पत्रको जाँच गर्ने :**

मनोनयनपत्र जाँच गर्ने निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार वा निजको प्रस्तावक, समर्थक वा निजले लिखित रूपमा अधिकार दिएको एकजना प्रतिनिधि उपस्थित हुनु पर्नेछ । निर्वाचन अधिकृतले सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नेछ । त्यसरी उपस्थित हुनुपर्ने कुनै उम्मेदवार वा निजको प्रस्तावक, समर्थक वा प्रतिनिधि उपस्थित नभएमा पनि निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गर्न र त्यस सम्बन्धमा कानून बमोजिम निर्णय गर्न सक्नेछ ।

**निर्वाचन चिह्न वितरण :**

१. उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारमध्ये व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै दलको उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न र अन्य दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेका चिह्नमध्येबाट निर्वाचन अधिकृतले निर्वाचन चिह्न वितरण गर्नुपर्छ ।

२. उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा सो निर्वाचन चिह्न परिवर्तन हुन सक्ने छैन । त्यस्तो उम्मेदवार निर्वाचित भएमा सम्बन्धित दलले प्रमाणसहित आयोगमा उजूरी दिएमा निजको सदस्यता खारेज हुनेछ ।

३. निर्वाचन चिह्न वितरण गर्दा आयोगमा दर्ता कायम रहेको दलको उम्मेदवारलाई आयोगबाट निर्वाचनको प्रयोजनका लागि वितरण गरिएको निर्वाचन चिह्न वितरण गरिन्छ । यसरी निर्वाचन चिह्न वितरण गर्दा कुनै गल्ती भएको वा फरक पर्न गएको भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिह्न परिवर्तन गर्न सक्नेछ ।

४. स्थानीय तह निर्वाचन २०७४ मा व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै दलका उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न वितरण गरिनेछ । यसरी वितरण गरिएको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा त्यस्तो दलले संविधान सभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिनेछ ।

**निर्विरोध निर्वाचन :**

उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पदका लागि जति जना निर्वाचित हुने हो त्यति नै जना वा सो भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी तोकिएबमोजिम घोषणा गर्नेछ ।

# निर्वाचन कार्यतालिका

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४/१/१६ | | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय, गाउँपालिका/ नगरपालिका केन्द्र | |
| २. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४/१/१६ | | | १७.३० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४/१/१७ | | १०.०० | १३.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र जाँच गर्ने | २०७४/१/१७ | २०७४/१/१८ | २०७४/१/१७ को १३.०० | २०७४/१/१८ को ११.३० | ऐ. ऐ. | |
| ५. | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४/१/१८ | २०७४/१/१८ | ११.३० | १३.३० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०७४/१/१८ | | १३.०० | १७.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारले अन्तिम नामावली प्रकाशन गर्ने | २०७४/१/१९ | | १०.०० | ११.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारले निर्वाचन चिह्न प्रदान गर्ने | २०७४/१/१९ | | ११.०० | १७.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४/१/३१ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |


**मतदान स्थल र केन्द्र :**

मतदान गर्ने प्रयोजनका लागि आयोगले तोकेको कुनै सार्वजनिक स्थानलाई (जस्तैः शिक्षण संस्था, सरकारी कलेज, विद्यालय, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, गाउँपालिका/ नगरपालिका वा वडा भवन आदि) मतदान स्थल भनिन्छ। मतदाताको सुविधा, सुरक्षाको प्रबन्ध र मतदान व्यवस्थापनको दृष्टिले उपयुक्त हुने सार्वजनिक तथा सरकारी भवनलाई मतदान स्थल तोकिएको हुन्छ। मतदान केन्द्र निर्वाचन व्यवस्थापनको आधारभूत एकाई हो । एउटा मतदान स्थल मतदाताको सङ्ख्याको अधारमा दुई वा सोभन्दा बढी मतदान केन्द्र रहन सक्छन्। मतदान स्थलमा अधिकतम ९०० मतदातालाई एउटा केन्द्र कायम हुने गरी मतदान केन्द्र तोक्ने व्यवस्था मिलाइएको छ। यो एकाईको प्रमुखको रूपमा मतदान अधिकृत रहने व्यवस्था मिलाइएको छ। मुलुकभर आगामी निर्वाचनमा करिब १० हजार मतदान स्थल र करिब २१ हजार मतदान केन्द्र रहने छन्।

# मतदान केन्द्रको ढाँचा



# मतदान र मतदान गर्ने तरिका :



१. उम्मेदवार तह निर्वाचनका लागि अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष र एक दलितसहित दुई महिला र अन्य २ गरी जम्मा ४ सदस्य समेत ७ पदका लागि मतदान गर्नुपर्ने हुन्छ ।

२. गाउँपालिका र नगरपालिकाको निर्वाचनका लागि अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य तथा अन्य दुई वडा सदस्यका लागि छ वटा मतपत्र एउटै पानामा व्यवस्था गरिएको हुन्छ । यस्तो मतपत्रमा सात वटा ठाडो लाइन रहेको हुन्छ र यसमा उम्मेदवारको निर्वाचन चिह्न राखिएको हुन्छ ।


३. गाउँपालिका र नगरपालिकाको निर्वाचनका लागि मतपत्रमा पहिलो लाइन अध्यक्ष वा प्रमुख, दोस्रो लाइन उपाध्यक्ष वा उपप्रमुख, तेस्रो लाइन वडा अध्यक्ष, चौथो लाइन महिला सदस्य, पाँचौं लाइन दलित महिला सदस्य तथा छैठौं र सातौं लाइन दुईजना अन्य वडा सदस्यका लागि रहेको हुन्छ ।

४. यस्तो मतपत्रमा मतदान गर्दा पहिलोदेखि पाँचौं ठाडो लाइनको कोठाहरूमा रहेका चिह्नहरूमध्ये प्रत्येक ठाडो लाइनको कुनै एक चिह्न गरी पाँच ठाउँमा तथा छैठौं र सातौं ठाडो लाइनको कोठा (कोलम भित्र) का कुनै दुई कोठामा मात्र मत सङ्केत गर्नु पर्दछ । यसरी स्थानीय तहको निर्वाचनमा एकजना मतदाताले बढी सात स्थानमा मतदान गर्नु पर्दछ ।

५. अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष पदका लागि एक पद, एक मतदान गर्ने, वडा सदस्यको हकमा एक दलितसहित दुई महिला र अन्य २ गरी बढीमा ४ सदस्यका लागि मतदान गर्ने ।

# मतदान गर्ने तरिका :

- पहिलो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्न मात्र स्वस्तिक छापबाट मत संकेत गरी अध्यक्ष वा प्रमुखको लागि मतदान गर्ने ।
- दोस्रो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापबाट मत संकेत गरी उपाध्यक्ष वा उपप्रमुखका लागि मतदान गर्ने ।
- तेस्रो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापबाट मत संकेत गरी वडाध्यक्षकोलागि मतदान गर्ने ।
- चौथो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापबाट मत संकेत गरी महिला वडाध्यक्षको लागि मतदान गर्ने ।
- पाँचौं ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापबाट मत संकेत गरी दलित महिला वडाध्यक्षको लागि मतदान गर्ने ।
- छैठौं र सातौ ठाडो वा तेस्रो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये कुनै दुई निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापबाट मत संकेत गरी अन्य दुई वडासदस्यहरूको लागि मतदान गर्ने ।



**कुन अवस्थामा मत बदर हुन्छ ?**

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औंठाछाप लगाई वा अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) उम्मेदवार नरहेको निर्वाचन चिह्न मात्र मत सङ्केत गरिएको,

(च) निर्वाचित गर्नुपर्ने सङ्ख्याभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,

(छ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,

(ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(झ) कुनै पनि उम्मेदवारको निर्वाचन चिह्न मत सङ्केत नगरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ठ) जाली मतपत्र, वा

(ड) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

**द्रष्टव्य**ः अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष, महिला सदस्य र दलित महिला सदस्यलाई छनोट गर्नुपर्ने ठाडो कोलममा एक भन्दा बढी कोठामा स्वस्तिक छाप लगाएमा तथा अन्य दुई वडा सदस्य भएको छैठौं र सातौं कोलम रहेका कोठामा दुई भन्दा बढी स्वस्तिक छाप लगाएमा दिइएको मत बदर हुन्छ तर आवश्यकताभन्दा बढी स्वस्तिक छाप लगाइएको कोठाको निर्वाचन चिह्न कुनै उम्मेदवारलाई वितरण नगरिएको भए सो मत बदर




आयोगले तोकेको मितिमा मतदान हुने दिन मतदान गर्ने समयभित्रै मतदाता नामावलीमा नाम भएको र तोकिएको आफ्नो वडा तथा टोलको मतदान केन्द्रमा गई मतदान गर्नु पर्दछ। मतदान केन्द्रमा गएर मतदान गर्दा मतदातले देहायका कुरामा ध्यान दिनुपर्दछ :

- मतदान गर्ने समयभित्र (बिहान ७ बजेदेखि अपरान्ह ५ बजे) मतदान केन्द्रमा पुगिसक्ने,
- मतदाता परिचयपत्र वा आयोगले तोकेको अन्य प्रमाण साथमा लैजाने,
- मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरुष भए पुरुषको छुट्टाछुट्टै लाइनमा उभिने,
- मतदान केन्द्रमा पुगेपछि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला, अशक्त तथा बिरामी भएका मतदाताहरूका लागि छुट्टै व्यवस्था गरिएको स्थानबाट




**स्वस्तिक छाप नचिनिने वा लत्पतिएको मतपत्र ।**




**मतपत्र १ देखि ५ मा एकै पदका एकभन्दा बढी उम्मेदवारलाई मत संकेत गरेको**





**एकै पदका दुई उम्मेदवारको निर्वाचन चिह्न वा कोठामा गर्ने गरी मत संकेत गरिएको ।**




**उम्मेदवारको चिह्न रहेको बाकस बाहिर मत संकेत गरिएको**

**मतदाताले मतदान केन्द्रमा ध्यान दिनुपर्ने कुरा :**






**आयोगले तोकेको मितिमा मतदान हुने दिन मतदान गर्ने समय भित्रै मतदाता नामावलीमा नाम भएको र तोकिएको आफ्नो वडा तथा टोलको मतदान केन्द्रमा गई मतदान गर्नु पर्दछ । मतदान केन्द्रमा गएर मतदान गर्दा मतदाताले देहायका कुरामा ध्यान दिनुपर्दछ :**

१. मतदान गर्ने समयभित्र (बिहान ७ बजेदेखि अपरान्ह ५ बजे) मतदान केन्द्रमा पुगिसक्ने,

२. मतदाता परिचयपत्र वा आयोगले तोकेको अन्य प्रमाण साथमा लैजाने,

३. मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरुष भए पुरुषको छुट्टाछुट्टै लाइनमा उभिने,

४. मतदान केन्द्रमा पुगेपछि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला, अशक्त तथा बिरामी भएका मतदाताहरूका लागि छुट्टै व्यवस्था गरिएको स्थानबाट जाने,

५. मतदान अधिकृत वा कर्मचारी भएको स्थानमा पुगेपछि आफ्नो नाम मतदाता नामावलीमा रूजु गराउने, औंलामा मसी लगाई माग्ने,

६. मतदान गर्न मतपत्र लिने,

७. मतपत्र बुझिलिँदा मतपत्रको पुछारमा मतदान अधिकृतले हस्ताक्षर गरे/नगरेको यकिन गरी हस्ताक्षर गरेको मतपत्र मात्र बुझिलिने,

८. हस्ताक्षर भएको मतपत्र लिएपछि स्वस्तिक छाप लिई गोप्य मतदान कक्षमा गई आफूले मन पराएको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष,

वडा सदस्यका लागि एक दलित महिलासहित दुई महिला गरी चार उम्मेदवारको चिह्न भएको कोठामा पर्ने गरी छाप लगाउने,

९. छाप लगाइसकेपछि मसी नलतपतिने गरी मतपत्र राम्रोसँग पट्याएर मतपेटिकामा मत खसाउने,

१०. मतदान गरेपछि तोकिएको मार्गबाट बाहिर जाने,

११. मतदान केन्द्रमा मतदातालाई कुनै द्विविधा भएमा मतदान अधिकृत, मतदान कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकको सहयोग लिने ।

**मतदानका लागि मतदाताले स्वस्तिक छापले नै मतसङ्केत गर्नुपर्दछ । मतदान केन्द्रमा मतसङ्केत गर्नका लागि राखिएका स्वस्तिक छापको दुवैतर्फ स्वस्तिक चिह्न हुन्छ । मतदाताले स्वस्तिक छाप उठाउँदा छापको स्वस्तिक चिह्न उप्के को छ कि ? सो समेत ख्याल गर्नुपर्दछ । अन्यथा स्वस्तिक चिह्न नभएको छाप लगाउँदा मत बदर हुन्छ ।**

(क) मतदान केन्द्र वरिपरिको बढीमा तीन सय मिटरसम्मको क्षेत्रलाई चार किल्ला खोली मतदान केन्द्र तोकेको सूचना,

(ख) मतदान केन्द्रको क्षेत्रभित्र ४८ घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म प्रचार प्रसार गर्न निषेध गरेको सूचना,

(ग) मतदान हुनुभन्दा ४८ घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवन गर्न निषेध गरेको सूचना। मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान केन्द्रमा उपलब्ध भएसम्मका नागरिक समाज, राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधहरू बोलाई मतदान कार्य सुचारुरूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्नुपर्दछ। उक्त बैठकमा स्थानीयस्तरका सुरक्षा निकायका प्रतिनिधिहरू, पर्यवेक्षकहरूसमेतलाई आमन्त्रण गरी मतदान प्रक्रियाका बारेमा जानकारी दिनुका साथै मतदान कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न, मतदान केन्द्रको सुरक्षा व्यवस्था मिलाउन आवश्यक समन्वय गर्नुपर्दछ।

यसै बैठकमा मतदान अधिकृतले मतदान कार्यमा राजनीतिक दल वा उम्मेदवारको तर्फबाट मतदान केन्द्रमा आउने मतदान प्रतिनिधि नियुक्ति

गर्न सक्ने व्यवस्था भएअनुसार प्रत्येक राजनीतिक दल वा उम्मेदवारले मतदान केन्द्रका लागि एकजना मतदान प्रतिनिधि नियुक्त गरी पठाउन अनुरोध गर्नुपर्दछ । मतदान अधिकृतले निर्वाचन आयोगबाट निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई निर्वाचन प्रक्रियाको पर्यवेक्षण गर्न दिनुपर्दछ । मतदान केन्द्रको अवस्था अनुसार मतदान क्षेत्रभित्र प्रवेश दिनुपर्दछ । तर मतदाताले मत सङ्केत गर्ने गोप्य कक्षमा भने प्रवेश दिनुहुँदैन । साथै सञ्चार माध्यमका प्रतिनिधिहरूलाई उनीहरूलाई पहिचानको आधारमा मतदान केन्द्रभन्दा बाहिरको सूचना सङ्कलन गर्न अनुमति दिनुपर्दछ ।

**मतदान केन्द्र सम्बन्धी :**

स्थानीय समेतको सहयोगमा मतदान अधिकृतले सकेसम्म अपाङ्गता भएका व्यक्ति, अशक्त, बिरामी तथा सबैको सहजता हुने गरी मतदान केन्द्रको निर्माण गर्दा सकेसम्म विश्राम गर्ने स्थान, ओत लाग्ने ठाउँ, अपाङ्गता तथा महिला मैत्री, महिला र पुरुषका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्थासमेत मिलाउनु पर्दछ ।

१. मतदान केन्द्रको प्रवेशद्वारमा मतदाताको सङ्ख्या उल्लेख भएको कार्डबोर्ड र लाम लाग्ने स्थानमा महिला र पुरुष लेखिएको अलग–अलग कार्डबोर्ड टाँसी मतदानका लागि महिला र पुरुषको छुट्टाछुट्टै लाइनको व्यवस्था मिलाउनु पर्छ ।

२. मतपेटिका, स्वस्तिक छाप र छापदानी मतदान अधिकृतले सजिलै देख्ने स्थानमा राख्नुपर्छ तर मतसङ्केत गर्ने कक्ष भने गोप्य हुनुपर्छ ।

३. मतदान केन्द्रमा मतदाताको प्रवेशपछि मतदाता नामावलीमा नाम रूजु गर्ने कर्मचारीसँगै तथ्याङ् भर्ने, मतदाताको औंलामा नउड्ने मसीको चिनो लगाउने र मतपत्र दिने र कर्मचारी बस्ने व्यवस्था मिलाइएको हुन्छ ।

४. कर्मचारीको पछाडि राजनीतिक दलका प्रतिनिधि राख्ने व्यवस्था गरिएको हुन्छ । यसरी प्रतिनिधिको व्यवस्था गर्दा उपलब्ध भएसम्म महिला र पुरुषको समान सहभागिता गराउन जोड दिनुपर्छ ।

५. मतदान केन्द्रको सम्पूर्ण गतिविधि देख्न सक्ने गरी सहायक मतदान अधिकृत र सहयोगी कर्मचारी रहने व्यवस्था मिलाइएको हुन्छ ।

६. अशक्त, गर्भवती, सुत्केरी बिरामी, किरियापुत्री, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि सजिलो हुने गरी मतदान व्यवस्थापन गरिएको हुन्छ ।

७. मतदान केन्द्र निर्माण भएपश्चात् मतदान व्यवस्थापन गरिएको हुन्छ ।

८. मतदान केन्द्र निर्माण भएपश्चात् मतदान कार्यमा खटिएका सहायक कर्मचारी, स्वयम्सेवक र सुरक्षाकर्मीहरूलाई मतदानको अघिल्लो दिन नै उनीहरूले पूरा गर्नुपर्ने जिम्मेवारी सम्बन्धमा मतदान अधिकृत र सहायक मतदान अधिकृतले अभिमुखीकरण गर्नुपर्दछ ।

**मतदान कार्यका लागि आवश्यक जनशक्ति :**

(क) मतदान अधिकृत

(ख) सहायक मतदान अधिकृत

(ग) नाम रूजु गर्ने कर्मचारी

(घ) मतदाताको नङमा मसी लगाउने कर्मचारी

(ङ) मतपत्र दिने कर्मचारी

(च) तथ्याङ्क फाराम भर्ने कर्मचारी

(छ) सुरक्षाकर्मी

(ज) स्वयंसेवक (महिला र पुरुष)

**आवश्यक सामग्री :**

(क) मतपेटिका (मतदान गर्ने बाकस)

(ख) मतपत्र

(ग) सुरक्षण सिल

(घ) स्वस्तिक चिह्न छाप र स्ट्याम्प प्याड

(ङ) मतसङ्केत गर्ने गोप्य कक्ष निर्माणका लागि आवश्यक कार्डबोर्ड वा कपडा

(च) लाइटर अथवा सलाई

(छ) आवश्यक सङ्ख्यामा टेबल/कुर्सी

(ज) लाहाछाप

(झ) अनुसूची फारामहरू

(ञ) सेतो कपडालगायतका ६० भन्दा बढी किसिमका निर्वाचन सामग्रीहरू ।

**मतदान अधिकृतले मतदान सुरू हुनुभन्दा अघि :**

१. मतदानको दिन मतदान सुरू हुनुभन्दा ठीक अगाडि मतदान प्रतिनिधिको रोहवरमा मतपत्रको सिलबन्दी प्याकेट खोली सोको मुचुल्का गर्नुपर्छ ।

२. मुचुल्का गरिसकेपछि मतदान अधिकृतले मतपत्रमा सही गर्नुपर्दछ ।

३. स्वस्तिक छापलाई मतदान प्रतिनिधिको रोहवरमा जाँच गर्नुपर्दछ ।

४. मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका राजनीतिक दलका प्रतिनिधि र उम्मेदवार वा निजका प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरूस्त तथा रितो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी बन्द गर्नुपर्छ ।

५ मतपेटिका बन्द गर्दा राजनीतिक दलका प्रतिनिधि र उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा सुरक्षण सिल लगाई बन्द गर्नुपर्छ ।

**मतदानको समयमा मतदाताका कार्यहरू :**

(क) मतदाता लाम लाग्न तोकिएको स्थानमा लामबद्ध भई आफ्नो पालोमा नाम रूजु गराउने,

(ख) नाम रूजु गराएपछि आफ्नो बायाँ हातका बूढी औंलाको नङ र मासुको जोर्नीमा नउड्ने मसीको चिनो लगाउन लगाउने,

(ग) यसपछि मतपत्र र मतसङ्केत गर्ने स्वस्तिक छाप लिई मत सङ्केत गर्ने गोप्य कक्षमा गई आफूले रोजेको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष तथा ४ जना वडा सदस्यका लागि मतदान गर्नुपर्दछ,

(घ) यसरी आफूले रोजेको उम्मेदवारको चिह्न भएको कोठामा छाप लगाई मत सङ्केत गर्ने,

(ङ) मतसङ्केत भएको मतपत्र पट्याई मतपेटिकामा खसाल्ने,

(च) मतदान कार्य समाप्त भएपछि तोकिएको ठाउँबाट बाहिर जाने ।

**मतदान कार्यको समाप्त भएपछि मतदान अधिकृतले गर्नुपर्ने कार्य :**

१. मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतपेटिकाको मतपत्र खसाल्ने प्वाल आयोगद्वारा निर्धारित तरिकाबमोजिम बन्द गरी सुरक्षण सिल लगाउनुपर्दछ ।

२. यस्तो सुरक्षण सिल लगाउँदा मतदान केन्द्रमा उपस्थित राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गरी गराई मुचुल्का तयार गर्नुपर्दछ ।

३. राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्दछ ।

४. मतदान कार्य समाप्त भएपछि मतदान अधिकृतले देहायको कागजात र सामग्रीहरूको विवरणसहितको मुचुल्का तयार गरी सुरक्षित राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछः

(क) प्रयोग नभएका मतपत्रहरू,

(ख) रद्द गरिएका मतपत्रहरू,

(ग) मतपेटिका बाहिर रहेका मतपत्रहरू,

(ङ) निविदा मतपत्रको लगत र निर्णय किताब,

(च) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नुपर्ने अन्य कागजातहरू ।

**निर्वाचन विवाद निरूपण :**

स्थानीय तह निर्वाचन, २०७४ का सन्दर्भमा निर्वाचन आयोग ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३ र सो ऐनहरूअन्तर्गत बनेका नियमावली वा आचार संहिताको उल्लङ्घन भएको भनी वा निर्वाचन (कसुर तथा सजायँ) ऐन, २०७३ बमोजिमका विवादलाई निर्वाचन विवाद भनिन्छ । निर्वाचनका क्रममा उत्पन्न हुने उल्लिखित विवादहरूको न्यायोचित समाधान गर्नु निर्वाचन विवाद निरूपण हो । निर्वाचन विवादको निरूपण विभिन्न निकायबाट हुने गर्दछ । नेपालको सन्दर्भमा स्थानीय तह निर्वाचन विवादको सम्बन्धमा उच्च अदालत, निर्वाचन आयोग, विवाद निरूपण समिति, निर्वाचन अधिकृत, मतदान अधिकृत र निर्वाचन अनुगमन टोलीसमेतलाई निर्वाचन विवादको निरूपण गर्ने अधिकार प्राप्त छ ।

**निर्वाचन विवाद समाधानका उपायहरू :**

निर्वाचन विवाद समाधानका लागि विभिन्न मुलुकमा विभिन्न नमुनाहरूो आधारमा विवाद समाधान गर्ने प्रचलन रहेको पाइन्छ । आ-आफ्नो

वस्तुस्थितिअनुसार सबैले आफू अनुकूलको नमुनालाई अनुशरण गर्ने गरेको पाइए तापनि प्रत्येक मुलुकमा देहायअनुसार दुई किसिमले विवाद न्यूनीकरण/निरूपण गर्ने गरिन्छ ।

१. **सुधारात्मक (Corrective)**: असङ्गत ऐन/नियम खारेजी एवम् परिमार्जन गर्दै निर्वाचनसम्बन्धी अधिकारको उपभोगको संरक्षण वा पुनर्स्थापना गरी निर्वाचनसम्बन्धी चुनौतीहरूलाई सामना गर्ने कुराहरूलाई सुधारात्मक पहलको रूपमा लिन सकिन्छ ।

२. **दण्डात्मक (Punitive)**: प्रचलित ऐन/नियमअनुसार कसूरको प्रकृति हेरी कसूरदार ठहरिएको व्यक्तिलाई दण्ड/सजाय तोक्ने प्रक्रियालाई दण्डात्मक उपायको रूपमा लिइन्छ ।

**निर्वाचनसम्बन्धी उजुरी वा कारबाही :**

स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि तत्सम्बन्धी उजुरी एवं विवादको निरूपणसम्बन्धी व्यवस्था गर्न निर्वाचनसम्बन्धी उजुरी र कारबाहीको व्यवस्था गरिएको छ ।

१. उजुरी दिँदा आयोग वा सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी वा अनुगमन टोलीसमक्ष त्यस्तो काम कारबाहीबारे प्रमाणसहित निवेदन दिनुपर्नेछ । (अनुसूची १ हेर्नुहोस्)

२. लिखित रूपमा उजुरी नदिई मौखिक वा टेलिफोनमार्फत उजुरी दिएकामा उक्त उजुरीलाई सम्बन्धित निकायले लिखित रूपमा अभिलेख गरी राख्नुपर्ने ।

३. कसैको उजुरी नपरे तापनि कुनै अधिकारीलाई कुनै स्रोतबाट निर्वाचनसम्बन्धी कानूनको उल्लङ्घन भएको जानकारी प्राप्त भएमा सम्बन्धित अधिकारीले आवश्यक कारबाही गर्न सक्ने ।

४. उजुरी वा जानकारी प्राप्त भएपछि सम्बन्धित निकायले त्यस्तो उजुरी वा जानकारीको अभिलेख सुरक्षित साथ राख्नु पर्ने ।

५. उजुरीकर्ताको नाम उल्लेख नगरी प्राप्त हुन आएको उजुरीलाई कैफियत जनाई अभिलेख गरी राख्नु पर्ने तर त्यस्तो उजुरीउपर कारबाही गर्नु पर्नेछैन ।

**मतदान केन्द्रमा प्रवेशसम्बन्धी व्यवस्था :**

(क) मतदान अधिकृतले मतदान केन्द्रमा मतदाता, उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक, आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति, महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक, दृष्टिविहीन वा शारीरिकरुपले अशक्त मतदाताको सहयोगका लागि साथमा आएको एकाघरको परिवारको सदस्यबाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन ।

(ख) कुनै प्रकारको हतियार साथ लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(ग) मतदाताको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैनन् ।

**नाम ढाँटी मतदान गर्न आएमा हुने उजुरी :**

१. कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नका लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको प्रतिनिधि वा सोही मतदान केन्द्रका मतदाताले एक सय रूपियाँ धरौटी राखी मतदान अधिकृतसमक्ष तोकिए बमोजिम विरोध गर्न सक्नेछ ।

२. विरोध भएमा मतदान अधिकतृले त्यस सम्बन्धमा आवश्यक कुरा बुझी तत्काल निर्णय गर्नुपर्नेछ र यसरी पर्न आएको विरोध र त्यसको निर्णय तोकिए बमोजिमको निर्णय किताब/पोल बुकमा तुरुन्त जनाउनु पर्नेछ । (अनुसूची २ हेर्नुहोस् ।)

३. विरोध ठीक ठहरेमा मतदान अधिकृतले त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ र विरोध ठीक ठहरेमा त्यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा ७ बमोजिम २५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने ।

**पटक-पटक मतदान गर्न नहुने :**

कसैले पनि एउटै निर्वाचनका लागि एकभन्दा बढी पटक मतदान गर्न हुँदैन । यसरी पटक–पटक मतदान गरेको ठहरेमा मतदान अधिकृतले २५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।

**मतदानको प्रक्रियाको उल्लङ्घन गर्न नहुने :**

कसैले पनि मतदान गर्दा मतदानसम्बन्धी प्रचलित सङ्घीय कानून वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गर्न हुँदैन । यस्तो कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले १५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।

**मतपत्रबाहेक अन्य वस्तु खसाल्न वा राख्न नहुने :**

कसैले पनि मतपत्रबाहेक अन्य कुनै वस्तु मतपेटिका भित्र खसाल्न वा राख्न हुँदैन । यस विपरीतको कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले १५ हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।

**मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने :**

कसैले पनि मतदाताले मतदान गरी मतपेटिका भित्र खसालेको मतपत्र बिगार्न वा नष्ट गर्न वा मतपत्र बिगार्ने वा नष्ट गराउने कुनै वस्तु वा पदार्थ मतपेटिका भित्र खसाल्न वा राख्न वा विद्युतीय उपकरण वा माध्यमद्वारा मत सङ्केत गरिएको अवस्थामा त्यस्तो मतपत्र वा मत सङ्केतलाई निकाल्न वा त्यस्तो मत सङ्केतलाई प्रभाव पार्न सक्ने गरी कुनै संयन्त्र, उपकरण वा विद्युतीय माध्यम बनाउन वा त्यसको प्रयोग गर्न वा त्यस्तो संयन्त्र वा उपकरण अन्य कसैलाई दिन हुँदैन । यस्तो कार्य गरेमा कार्य गर्ने व्यक्तिलाई एक लाख रूपियाँसम्म जरिवाना दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**मतदान गर्न बाधा गर्न नहुने :**

कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौंडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमको बाधा अवरोध गर्न वा गराउन हुँदैन । यस विपरीत कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृत वा अनुगमन वा अनुगमनकर्ताले पच्चीस हजार रूपियाँसम्म जरिवाना गर्न सक्नेछ ।

**गैर नेपाली नागरिकको मतदान गर्न नहुने :**

कुनै पनि गैर नेपाली नागरिकले निर्वाचनमा मतदान गर्न हुँदैन । यस विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**निविदा मतपत्र सम्बन्धी व्यवस्था :**

१. कसैको अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । यसरी निविदा मतपत्र दिएकामा त्यस्तो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली त्यसको प्रयोजनका लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ । (अनुसूची ३ हेर्नुहोस्)

२. मतगणना गर्दा छुट्टै खाममा राखिएका निविदा मतपत्रहरू त्यस समयमा गणना गरिने छैन । निर्वाचनसम्बन्धी उजुरी पर्न आई त्यस्तो उजुरीको निर्णय गर्नका लागि आवश्यक पर्ने भनी ठहर गरेमा अदालतले त्यस्तो अदालतले त्यस्तो निविदा मतपत्रहरूसमेत गणना गर्न सक्नेछ ।

**उजुरी एवं विवाद हेर्ने अधिकारी वा अदालत :**

(क) उच्च अदालत,

(ख) निर्वाचन आयोग,

(ग) निर्वाचन विवाद निरुपण समिति,

(घ) निर्वाचन अधिकृत,

(ङ) मतदान अधिकृत,

(च) अनुगमन टोली ।

उल्लिखित विषयहरूमा मतदान केन्द्रमै भएका घटनाका सम्बन्धमा मतदान अधिकृतसमक्ष उजुरी दिनुपर्नेछ । मतदान केन्द्रभन्दा बाहिर निर्वाचनसँग सम्बन्धित कसूरहरू भएमा अनुगमन टोली वा निर्वाचन अधिकृत वा मुख्य निर्वाचन अधिकृत वा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा उजुरी गर्न सकिने छ ।

# नमूना मतदान अभ्यास र मत गणना

## नमूना मतदानको अभ्यास : भूमिका अभिनय गराउने

**सहजकर्तालाई नोट** : अभ्यासपश्चात् अनुभवलाई साटासाट गर्न सहभागीबीच देहायका प्रश्न सोधी छलफल गराउनुहोस् :

(क) नमूना मतदान अभ्यासमा अपनाइएका चरणहरू के के हुन् ?

(ख) तपाईंले यो अभ्यासबाट के सिक्नु भयो ?

(ग) तपाईंलाई राम्रो लागेका कुराहरू बताउनुहोस् ?

(घ) तपाईंसँग सुधारका केही सुझाव छन् कि ?

**मतगणना प्रक्रिया :**

निर्वाचन अधिकृतले सर्वदलीय बैठकमा मतगणनाको क्रममा आइपर्न सक्ने गणना तथा व्यवस्थापनसम्बन्धी समस्याहरूको पूर्वानुमान गरी समाधानका लागि न्यूनतम समझदारी कायम गराई सबैको हस्ताक्षर गराई सहमति पत्र तयार गरी सोहिअनुसार काम कारबाही अगाडि बढाउनु पर्छ । निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भई मतगणना कार्य सुरू हुनुभन्दा अघिको अवस्थामा गर्नुपर्ने क्रियाकलापहरूको सूची तयार गरी सोको सिलसिलाबद्ध क्रम निर्धारण गरेमा मतगणनाको कार्यलाई सहजरूपले अघि बढाउन सकिन्छ । यसका लागि निर्वाचन अधिकृतले देहायबमोजिमको कार्य योजना तयार गरी सोही आधारमा काम कारबाही अघि बढाउनु उचित र व्यावहारिक हुन्छ :

**मतपेटिका प्राप्ति** : मतदान अधिकृतबाट मतपेटिका, मत सङ्केत गर्ने छाप, प्रयोग नभएको मतपत्र र खामबन्दीलगायतका कागजातहरू निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन गर्नुपर्छ ।

**मतगणना स्थल** : सबै मतदान केन्द्रहरूबाट मतपेटिकाहरू प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय तोक्नु पर्छ ।

**मतगणना कार्य लगातार गर्ने** : निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म त्यस्तो मतगणनाको कार्य लगातार गर्नुपर्दछ ।

**मतगणना स्थलमा प्रवेश पाउने व्यक्तिहरू** : निर्वाचन अधिकृतले अनुमति दिएका देहायका व्यक्तिले मतगणना स्थलमा प्रवेश पाउँछन् :

(क) राजनीतिक दल, उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ख) निर्वाचन कर्मचारी, मतगणनामा खटिएका सुरक्षाकर्मी र पर्यवेक्षकहरू ।

**मतगणना कार्यमा राजनीतिक दल वा उम्मेदवार वा निजका प्रतिनिधिले पालन गर्नुपर्ने कर्तव्यहरू:**

(क) मतगणना गर्न तोकिएको समयमा उपस्थित हुने,

(ख) मतगणना स्थलमा शान्तिपूर्ण वातावरण कायम राख्न सहयोग पुऱ्याउने,

(ग) निर्वाचन अधिकृतको आदेश र निर्णयहरू पालना गर्ने,

(घ) मतगणना सुरू भएको र समाप्त भएको मुचुल्कामा हस्ताक्षर गर्ने,

(ङ) मतगणना परिणाम स्वीकार गर्ने ।

द्रष्टव्य : राजनीतिक दल र उम्मेदवार वा निजको निर्वाचन/मतगणना प्रतिनिधि उपस्थित नभए पनि मतगणना कार्य भने रोकिने छैन ।

मतगणना गर्दा मतदाताले कसलाई मत दिएको थियो वा कुन टोलका मतदाताले कसलाई मत दिए भन्ने थाहा नपाउनका लागि दुई वा सो भन्दा बढी मतदान केन्द्रका मतपत्रहरू आपसमा मिसाएर मात्र मतगणना गरिन्छ । यसले मतदानको गोपनीयता कायम राख्न सहयोग पुग्छ । बढी मत/बहुमत निर्वाचन प्रणालीअन्तर्गत दुई वा दुईभन्दा बढी उम्मेदवारले प्राप्त गरेको कुल सदर मत बराबर भएमा निर्वाचन अधिकृतले सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवारबीच गोला हाली निर्णय गर्नुपर्छ ।

**निर्वाचन परिणामको घोषणा :**

मतगणना सकिएपछि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गरी निर्वाचन आयोगमा सोको सूचना पठाउनु पर्दछ । विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको प्रमाणपत्रसमेत प्रदान गर्नुपर्दछ ।

# अनुसूची एकः जिम्मेवारी बाँडफाँड (अभ्यास तालिका)

**महिला वा पुरुषमध्ये जसले बढी काम गर्दछ त्यो एउटामा मात्र चिह्न (√) लगाउनुहोस् ।**

| क्र.स. | काम | जिम्मेवारी | |
|---|---|---|---|
| | | महिला | पुरुष |
| १ | बिहानै आगो सल्काउने र घर बढार्ने | | |
| २ | गोवर फाल्ने | | |
| ३ | चिया पकाउने | | |
| ४ | गाई वस्तुलाई पानी खुवाउने | | |
| ५ | पानी भर्ने | | |
| ६ | खाना पकाउने | | |
| ७ | गाई भैंसी दुहुने | | |
| ८ | दूध वा तरकारी बेच्न जाने | | |
| ९ | पैसा उठाउन जाने | | |
| १० | मोही पार्ने | | |
| ११ | घाँस काट्ने | | |
| १२ | परिवारका अन्य सदस्यलाई खाना खान दिने | | |
| १३ | भांडा सफा गर्ने तथा कपडा धुने | | |
| १४ | समूहको बैठकमा सहभागी हुने | | |
| १५ | मिलमा रासन लिएर जाने | | |
| १६ | करेसाबारीमा काम गर्ने | | |
| १७ | खेतमा पानी लगाउने | | |
| १८ | खेताला खोज्ने | | |
| १९ | पसलमा सामान किन्न जाने | | |
| २० | डोका नाम्ला बुन्ने | | |
| २१ | घर छाउने | | |
| २२ | हलो जोत्ने | | |

| | | | |
|---|---|---|---|
| २३ | छोरा छोरीलाई नुहाईदिने | | |
| २४ | खेतबारीमा मल बोक्ने | | |
| २५ | रोजगारी / जागीरमा जाने | | |
| २६ | बैंकमा पैसा राख्न वा झिक्न जाने | | |
| २७ | गाई, बाख्रा चराउने | | |
| २८ | भूँई घाँस काट्ने | | |
| २९ | रुखको घाँस खसाल्ने | | |
| ३० | बिजुली, पानी तथा दूरसञ्चारको महसुल तिर्न जाने | | |
| ३१ | लिपपोत गर्ने | | |
| | **जम्मा** | | |